CC-0. Digitized by eGangotri and MIDF- Delhi

जैन दर्शन

आचार्य उमास्वामी / उमास्वाती प्रणीतम्

तत्त्वार्थसूत्रम्



प्रकाशकम्
जयतु संस्कृतम्
काष्ठमण्डपः, नेपालः, दूरभाषः ०१-४२३०३७१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम् संस्थाको सत्रौं पुष्प- १७

जैन दर्शन

आचार्य उमास्वामी / उमास्वाती प्रणीतम्

तत्त्वार्थसूत्रम्

व्याख्याता
डा. चन्द्रमणि नेपाल
सह प्राध्यापक
नेपाल सँस्कृत विश्वविद्यालय
पिण्डेश्वर विद्यापीठ, धरान-१४

प्रकाशकम्
जयतु संस्कृतम्
काष्ठमण्डपः नेपालः, दूरभाषः ०१-४२३०३७१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तक नाम	:	**जैन दर्शन** आचार्य उमास्वाती / उमास्वामी प्रणीतम् **तत्त्वार्थसूत्रम्**
प्रकाशक	:	जयतु संस्कृतम् (दूरभाषः ४-२३०३७१)
संस्करण	:	प्रथम
पुस्तक सङ्ख्या	:	५०० प्रति
प्रकाशनवर्ष	:	२०७३
पुनःप्रकाशनाधिकार	:	लेखक
अनुवादक तथा व्याख्याता	:	डा. चन्द्रमणि नेपाल
सम्पादक	:	सहप्राध्यापक : नवराज कट्टेल
मुद्रक	:	किशोर अफसेट प्रेस प्रा.लि. गल्कोपाखा, काठमाडौं
मूल्य	:	रू. २०५/-
ISBN	:	978-9937-8588-5-4

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

सँस्कृत र सँस्कृतसँग सम्वन्धित ज्ञान विज्ञानको प्रचारप्रसारबाट सँस्कृत वाङ्मय भित्रका विविध विधाहरूको समृद्धिका लागि नै उदयभएको जयतु सँस्कृतं संस्थाले सम्बन्धित विद्वान्हरूले लेखेका वा नलेखे पनि लेख्न लगाई तयार पारिएका ग्रन्थहरूलाई प्रकाशन गर्दै आइ रहेको छ। यस सम्बन्धमा सँस्कृत वाङ्मयका विभिन्न आस्तिक तथा नास्तिक दर्शनका मूल विषयवस्तुलाई प्रकाश गर्ने कतिपय ग्रन्थहरु यस सँस्थाले पहिले नै पाठकहरुका हातमा थमाइ सकेको छ। जयतु सँस्कृतं संस्था सँस्कृत वाङ्मयको उन्नयनमा सदैव समर्पित रहेकाले सँस्कृत भाषा भित्र रहेका कुनै पनि विषयलाई अनुवाद लेखन आदिका माध्यमद्वारा ज़नसाधारणमा पुऱ्याउन निरन्तर प्रयत्नशील रहदै गर्दा हालसम्म नेपालमा अनुवाद, पठन पाठन तथा ग्रन्थलेखन प्रकाशनका दृष्टिले सँस्कृत बाङ्मय भित्रकै भए पनि जैन धर्म दर्शन छायामा परेको महसुस गरी प्राचीन न्याय दर्शनका सह प्रा.डा.चन्द्रमणि नेपाललाई घच्घच्याएर लेख्ने उत्साह प्रदान गरी यो जैन दर्शनको ग्रन्थ प्रकाशन गर्न सँस्था सफल भएको छ। जैन विद्वान्हरूका दृष्टिमा जीवन र जगत् के हो ? मानवले आफ्नो जीवनलाई कसरी सच्चरित्रवान् निष्ठावान् कल्याणमय बनाई आध्यात्मिक सुखको अधिकारी बनाउनु पर्दछ भन्ने कुरा नै यस ग्रन्थका विषय वस्तुहरू हुन्, जसको अनुशीलनले मानवमात्रले आफ्नो यस धर्तीको आगमनलाई सार्थक बनाउन सक्षम बनोस्। यही अभिलाषाका साथ पाठकहरूका हातमा यो तत्वार्थ सूत्र सुम्पिएका छौं। यसमा विद्यमान सम्भावित त्रुटिहरूलाई कृपासाथ केलाउँदै सच्च्याई यथाशक्य ज्ञानोदयको पवित्र लाभ लिनुहुनेछ।

धन्यवाद।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभाशंसा

दर्शन भनेको जीवन र जगत् विषयक विश्लेषण हो, विचार हो, एक अभिमत हो। धर्म र दर्शन भिन्ना भिन्नै सिक्काका अलग अलग पाटा हुन् भन्न सकिन्छ। धर्मले व्यक्तिगत तथा सामाजिक चारित्रिक पक्षलाई विशेष जोड दिएको हुन्छ भने दर्शनले विश्वब्रह्माण्ड जस्ता भौतिक तथा आत्मा परमात्मा जस्ता आध्यात्मिक विषयलाई देखाउने चिनाउने काम गर्दछ। अर्थात् दर्शन ज्ञानप्रधान हो भने धर्म चरित्रप्रधान हो। यी दुई पाटा कुनै कुनै विषयमा सम्बन्धित पनि हुन सक्छन्। जस्तै न्यायवैशेषिक दर्शनले ईश्वर, आत्मा, पुनर्जन्म आदिका विषयमा तार्किक विश्लेषण गरेर वैदिक धर्मको पृष्टपोषण गर्ने काम गरेको छ। यी विषयहरूको दार्शनिक विश्लेषणलाई वैदिक धर्म सँग सम्बन्धित भन्न सकिन्छ। किन भने वैदिक धर्म सोही सिद्धान्तमा आधारित छ। प्रमाण, ज्ञान, परमाणु र तन्निर्मित ब्रह्माण्ड आदि पदार्थहरूको विषयमा न्यायवैशेषिक दर्शनले गरेको विश्लेषण सर्वदर्शन सामान्य हो र धर्मभन्दा नितान्त फरक भएकाले यी विषय सोझै धर्म सँग सम्वन्धित होइनन्।

धर्मको परिभाषा गर्ने सम्बन्धमा जैनधर्मका प्रमुख आधारस्तम्भ भगवान् महावीरले "वस्तुस्वभावो धर्मः! भनेर प्राणी मात्रको सदाचरणलाई मात्र धर्म न मानेर सम्पूर्ण वस्तुहरूको स्वभावलाई समेत समेट्तै आफ्नो अभिमत प्रकट गरेका छन्। यस अनुसार आगोको पोल्ने धर्म हो, पानीको चिस्याउने धर्म हो भने हावाको वहने धर्म हो। कसैबाट अधर्मकार्य नहोस् भनेर नै धार्मिक आचरणमा विशेष जोड दिइने भएकाले धर्मको विपरीत पाटामा अधर्म पनि रहने हुँदा मनुष्य बाहेक अन्य जीव र अजीव वस्तुमा अधर्मको पाटो न भएकाले यो परिभाषाले हाम्रो समाजमा प्रचलित मानवीय धर्ममा केन्द्रित नभएर सकलवस्तुको स्वभावलाई नै विशेष जोड दिएको कुरा बुझिन्छ। हाम्रा पूर्वाचार्यहरूले अनेक मानवीय पक्षलाई दृष्टिगत गर्दै विभिन्न प्रकारले धर्मको परिभाषा गरेका छन्, जसमा आचारलाई प्रमुख मान्यता दिँदै "आचारःपरमो धर्मः (स्मृति)" एवं अहिंसा, सत्य, अचौर्य आदिलाई प्रमुखता दिई 'अहिंसा सत्यमस्तेयमकामक्रोधलोभता, भूतप्रियहितेहा च धर्मोऽयं सार्ववर्णिकः(भागवत ११।१७।२१) इत्यादि भनेर मानवीय सद्गुणहरूलाई एवं अनुकरणीय आचारलाई धर्मको रूपमा प्रस्तुत गरेको पाइन्छ।

जैन दर्शन पनि जीवन र जगत् विषयमा व्यक्त भएको एक महत्त्वपूर्ण विचार हो र यो जैन धर्मका कतिपय विषयभन्दा अलग पनि र सम्बन्धित पनि छ। कुन कारिन्दाको बुद्धि विवेक र क्षमता कति छ र ऊ कसरी अह्राउदा काममा सरिक हुन्छ भनेर मालिकले तिनलाई काममा लगाए जस्तै परमात्माले पनि अधिकारीको बुद्धिविवेक र क्षमता विचार गरेर नै विभिन्न रूपमा प्रकट भई धार्मिक मार्गको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपदेश गरेको हुन्छ। जसले आफ्नो बुद्धिविवेकअनुसार जसरी त्यो उपदेशलाई बुझ्दछ त्यसबाट नै विभिन्न धर्मको प्रदुर्भाव हुन्छ। कसले कस्तो धर्म गर्ने भनेर विशेष वर्ण वा पेसा व्यवसायमा संलग्न व्यक्तिहरूका लागि पेसा अनुरूप वर्णधर्मको एवं अवस्थाविशेषलाई दृष्टिगत गरी आश्रमधर्मको उपदेश गरिएको हुन्छ। उपदेश जसका लागि गरिएको हो उसैले अवलम्बन गर्दा त्यो धर्म हुन्छ, अरुले अवलम्बन गर्दा त्यही नै अधर्म हुन्छ। पशुपक्षी कीटपतङ्गहरूलाई समेत परमात्माले एउटा नियममा लागि रहने बुद्धिविवेक दिएका हुन्छन्। मौरी, कमिला आदि कीटहरू स्वधर्मनिष्ठ रहेका कारणले नै उनीहरूको सामाजिक जीवन मर्यादित रूपमा चलेको हुन्छ। उनीहरू प्रकृतिप्रदत्त आफ्नो धर्मलाई छाडेर कदापि अधर्म या अन्यधर्ममा लाग्दैनन्।

वैदिक धर्म विश्वको सर्वप्राचीन र सर्वाङ्गपूर्ण धर्म हो र यसले धर्मका सबै पक्षलाई केलाएको छ। भारतीय उपमहाद्वीपका कतिपय धर्म वैदिक धर्मबाटै अलग्गिएका हुन्। भगवान् बुद्धले पञ्चशीललाई जोड दिँदै वैदिक धर्मबाट अलग्गिएर एक किसिमका अधिकारीहरूलाई उपदेश गरेका थिए भने जैन धर्म पनि एक नयाँ दर्शन लिएर वैदिक धर्मका ज्ञानकाण्ड, कर्मकाण्ड र उपासना काण्ड आदिलाई त्याग गरी अहिंसा, सत्य, अस्तेय आदि पञ्चमहाव्रतलाई मात्र प्रमुख मान्यता दिई अलग अस्तित्वमा आएको हो। पुराणप्रसिद्ध नाभिपुत्र परम वैरागी राजा ऋषभदेव नै यो धर्मका इष्टदेव हुन्। वेला वेलामा प्रकट भएका पार्श्वनाथ, महावीर जस्ता त्यागी सन्तहरूको प्रभावले यो धर्म क्रमशः मौलाएको देखिन्छ।

जैनदर्शनका सम्बन्धमा भन्नु पर्दा यो वस्तुहरूको विवेचनात्मक ज्ञानका लागि अति उपयोगी छ। ज्ञान नै हाम्रो ध्येय हो। यसमा ज्ञानको विश्लेषण र आत्मालाई हेर्ने दृष्टिकोण अन्य दर्शनको भन्दा विशेष फरक छ। जैन दर्शनमा मति, श्रुत, अवधि, मनःपर्याय र केवल गरेर पाँच प्रकारमा गरिएको ज्ञानको विभाजन र विश्लेषण अन्य दर्शनको भन्दा विलक्षणको छ। अन्य धेरै दर्शनको अभिमतमा जीवात्मा सर्वव्यापक छ तर जैन दर्शनको अभिमतमा शरीरव्यापी छ। जीवहरूको जन्मप्रकार, विभाजन प्रकार, देवलोक तथा देवका प्रकारहरू नितान्त भिन्न तरिकाबाट वर्णन गरिएको पाइन्छ।

ईश्वरका सम्बन्धमा जैनदर्शनका सूत्रमा मौनता रहेको देखिन्छ। महावीरका अभिमतमा जगत् सत्ताका दृष्टिले अनादि अनन्त अर्थात् शाश्वत् छ भने रूपान्तरणका दृष्टिले परिवर्तनशील छ। यही नै जैन दर्शनको अभिमत रहेको बुझिन्छ। कतिपय जैनविचारकको अभिमतमा ईश्वरको अस्तित्व छ तर त्यो जगत्कर्ता होइन। मुक्तात्मा मनुष्य सवै ईश्वर हुन्। त्यसैले जैनाभिमतमा ईश्वर एक होइन अनेक छन्। जीवले गरेका कर्महरू पुद्गल परमाणुका रूपमा परिणत भएर त्यस अनुसार जीवको विविध योनिमा जन्म हुन्छ। यसरी जैन दर्शनमा जे जस्ता विषयवस्तुहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विवेचना गरिएका छन् पूर्वपक्षका रूपमा मात्र नभएर जानकारीका लागि पनि ती पठनीय र मननीय छन् चाहे ती सिद्धान्तहरू हाम्रो परम्परा एवं मान्यता भिन्न हुन्। राजनीति लगायत कुनै पनि शास्त्रमा विपक्षको अस्तित्वलाई स्वीकार नगर्दा पनि हुन्छ तर दर्शनशास्त्रमा विपक्षको अस्तित्वलाई स्वीकार गरिएन भने त्यो दर्शन या त्यो विचार अपूर्ण अपार नै हुन्छ। तसर्थ वेदलाई प्रमाण आधार मानेर उब्जिएका दर्शनहरूले चार्वाक जस्ता अत्यन्त नास्तिक दर्शनलाई पनि स्वीकारेका छन्। जसले गर्दा दर्शनको उत्तरपक्ष या सिद्धान्तपक्ष सुसँस्कृत, तर्कपूर्ण एवं प्रमाणद्वारा खारिएको हुन्छ।

जैन धर्म अहिले श्वेताम्बर र दिगम्बर गरी दुई भागमा विभाजित छ तर दर्शन भने दुवै सम्प्रदायको एउटै छ। त्यसमा केही सूत्रहरू घटी बढी र भिन्न रूपका देखिन्छन् भने सूत्रकारको नाम श्वेताम्बर सम्प्रदायमा उमास्वाति र दिगम्बर सम्प्रदायमा उमास्वामी रहेको पाइन्छ तर यी दुई नाम भिन्न व्यक्तिका भने होइनन्। धर्ममा यी दुई सम्प्रदायको प्रादुर्भाव हुनमा समय समयमा उत्पन्न भएका जैन सम्प्रदायका साधु सन्त तीर्थङ्करहरूको गुणप्रभाव तथा चरित्रका आधारमा समयको अन्तरालमा आफ्से आफ भएको बुझिन्छ। जैनका प्रमुख गुरू महावीरका जीवनकाल सम्म पनि श्वेताम्बर र दिगम्बरको भेद थिएन, त्यस वेला एउटै समूहमा कोही दिगम्बर पनि थिए र कोही श्वेताम्बर पनि थिए। महावीर पनि पहिले श्वेताम्बर स्वीकार गर्ने गर्दथे तर पछि अधिकांश दिगम्बर नै रहेका थिए। महावीरभन्दा २५० वर्ष पूर्वका तीर्थङ्कर पार्श्वनाथको त्यागी र तपस्वी आदर्श व्यक्तित्वको प्रभावबाट मौलाउदै आएको जैनपरम्परा महावीरको अहिंसात्मक अनुकरणीय चारित्रिक प्रभावबाट झन् झाङ्गिदै जैनधर्म दर्शन समृद्ध भएको हो। यी दुबै तीर्थङ्करहरू श्वेताम्बर दिगम्बर दुबै सम्प्रदायका लागि विशिष्ट साझा सम्माननीय पुरुष हुन्।

साधु सन्त लगायत कुनै पनि विशिष्ट मानव मानवीयस्वभावका कारणले नै सर्वगुणसम्पन्न हुन सक्तैन तर उनीहरूमा जे जति गुणहरू हुन्छन् ती प्रभावकारी र अनुकरणीय हुन्छन्। श्रीमद् भागवतका अवधूतले चौबीस गुरूहरूबाट एक एक गुणहरू सिकेर आफ्नो जीवनलाई सार्थक तुल्याएका थिए। त्यस्तै जैन धर्मका अधिकांश साधु सन्त तीर्थङ्करहरूवाट हामी सबैले सिक्नु पर्ने गुण भनेको अहिंसा, त्याग र समर्पणको भाव हो। यी नै सद्गुणहरूले जैन धर्म बाँचेको छ। जैन दर्शनका नेपाली भाषी जिज्ञासुहरूका लागि डा. चन्द्रमणि नेपालद्वारा लिखित यो ग्रन्थ वस्तुविवेचन क्षेत्रमा कोसे ढुङ्गा सावित हुने छ भन्ने मैले ठानेको छु। इत्यलम्।

सह प्रा. पुरुषोत्तम भट्टराई

धरान-१४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखकीय मन्तव्य

म आफु दर्शन शास्त्रको विद्यार्थी भएकाले यस विषयमा वर र परको भावनाबाट मुक्त भएर विभिन्न दार्शनिकहरूका विचार विश्लेषण पढ्ने बुझ्ने गर्दछु। जैन दर्शन पनि मेरो अध्ययनको विषय थियो नै, तर ग्रन्थलेखनकै लागि प्रेरणा भने **"जयतु सँस्कृतम्"** सँस्थाबाट मिल्न गएको हो। जयतु सँस्कृतम् केन्द्रीय कार्यालयले अन्य कतिपय दर्शनका नेपाली सँस्करणहरू प्रकाशित गरि सकेको थियो। जैनदर्शनलाई नेपालीकरण गर्न बाँकी रहेछ। यस सँस्थाका केन्द्रीय सचिव प्रा. नवराज कट्टेलज्यू बाट सबै जैन सम्प्रदायद्वारा मान्य हुने गरी जैनदर्शनको व्याख्या नेपाली भाषामा गरिएमा सँस्थाले प्रकाशन गरि दिने वचनबद्धता प्राप्त भएकाले खोज्दै जाँदा सबै सम्प्रदायको मान्य भनेको उमास्वाती या उमास्वामी विरचित जैन दर्शनको तत्त्वार्थ सूत्रम् नै पाइयो। त्यसै कारण जैन दर्शनको अध्ययन गर्ने रहर र जयतु सँस्कृत सँस्थाको कर या प्रेरणाको संयुक्त प्रयासबाट यो ग्रन्थको प्रादुर्भाव भएको हो। म पनि जयतु सँस्कृतम् को एक कनिष्ठ कार्यकर्ता भएकाले सके सम्म यसरी ओझेल जस्तोमा परेका विषयवस्तुलाई जनसाधारणको दृष्टिसम्म पुऱ्याउनु मेरो पनि कर्तव्य हो। हितचिन्तकले अझ होप्टेमा हैंसे गरि दिंदा अझ न तम्सिने त कुरै भएन। यस प्रकारका ग्रन्थले तत्तत् शास्त्रका विषयवस्तुको सामान्य ज्ञान मात्र गराउने हो। विशिष्ट ज्ञान गर्न चाहनेहरूका लागि मूल ग्रन्थहरूकै अध्ययन गर्नु पर्ने हुन्छ। त्यसका लागि यो ग्रन्थ विषयवस्तुको सामान्य जानकारीका लागि मार्गदर्शक अवश्य बन्ने छ। जैन तथा बौद्धका धर्म एवं दर्शनका अधिकांश मूल ग्रन्थहरू सँस्कृत भाषामा नै भएकाले यी ग्रन्थहरूको विशिष्ट अध्ययनका लागि पनि सँस्कृत भाषाको ज्ञान हुनु अनिवार्य नै हुन्छ। उक्त सम्प्रदायका कतिपय ग्रन्थहरू पाली तथा प्राकृत भाषामा पनि निबद्ध छन्। यी भाषाहरू पनि सँस्कृत भाषासँग सम्बन्धित भएकाले सँस्कृत भाषाका विज्ञहरूलाई उक्त भाषा बुझ्न सरल हुन्छ। त्यसैले प्राकृत, पाली भाषाको जानकारीका लागि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि सँस्कृत भाषाको अध्ययन गर्नु जरूरी छ। पूर्वीय वाङ्मयको मूल आधारस्तम्भ भनेको सँस्कृत भाषा नै हो। यसर्थमा अनुवाद आदिका माध्यमद्वारा सँस्कृत भाषाको अध्ययन गर्ने प्रेरणाका दृष्टिले जयतु सँस्कृतम्को उद्घोष सार्थक छ र मेरो यो प्रयास पनि यसै सँग सम्बन्धित छ भन्ने मलाई लाग्दछ। यो ग्रन्थ कुनै एक ग्रन्थको अनुवाद होइन, यसका लागि जैन दर्शनका धेरै ग्रन्थहरूको अध्ययन गरी विषयवस्तुलाई छाँटकाँट र सुबोध्य बनाउने प्रयत्न गरिएको छ। त्यसैले जैनदर्शनको जानकारीका लागि यो ग्रन्थ सक्षम छ भन्ने मलाई लाग्दछ। दर्शनका विषयवस्तु तथा भाषा शैली अत्यन्त गम्भीर र दुरूह अवश्य हुन्छन् ता पनि यथा सम्भव तिनलाई सरलीकृत गरेर प्रष्ट्याउने प्रयत्न गरिएकाले यो प्रयास सफल होला भन्ने आशा गर्दछु। इत्यलम्।

डा. चन्द्रमणि नेपाल
सहप्राध्यापक
२०७१।१२।२६
पिण्डेश्वर विद्यापीठ, धरान- १४
हालः सँस्कृत विद्यपीठ, धरान- १४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयसूची

प्रथम अध्याय (ज्ञान)

मोक्षका साधन ३ धर्म १
सम्यग्दर्शनको लक्षण २
सम्यग्दर्शनको कारण २
सात प्रकारका तत्त्व ३
प्रमाण र नय ४
पदार्थको ज्ञान गर्ने तरिका ४
सम्यग्ज्ञानको भेद ६
परोक्ष र प्रत्यक्ष प्रमाण ७
मतिज्ञानका पर्याय ७
मतिज्ञानको लक्षण ८
मतिज्ञानको भेद ८
मतिज्ञानको उपभेद ९
२८८प्रकारका मतिज्ञान ९
मतिज्ञानका विषय १०
अवग्रहको भेद १०
३३६ प्रकारका मतिज्ञान ११
श्रुतज्ञानको लक्षण र भेद १२
अङ्गप्रविष्ट र अङ्गवाह्य शास्त्र १२
अवधि ज्ञानको भेद १३
भवप्रत्यय-गुणप्रत्यय १३
६ प्रकारको अवधि ज्ञान १४
मनःपर्याय ज्ञानको भेद र स्वरुप १४
अवधिज्ञान र मनःपर्यायज्ञानमा भेद १५
प्रत्येक ज्ञानका विषय १६
मति र श्रुतज्ञानका विषय १६
मति र श्रुतज्ञानमा भेद १६
अवधिज्ञानको विषय १६
मनःपर्याय ज्ञानको विषय १६
केवलज्ञानको विषय १७
ज्ञानको सहवर्तन १७
विपर्यय (मिथ्या) ज्ञान १८
मिथ्याज्ञानका कारण १८
नयको भेद र कार्य १९
द्रव्यार्थिक र पर्यायार्थिक नय २०
नयका सात भेद २०

द्वितीय अध्याय (जीव)

जीवका औपशमिक आदि ५ अवस्था र स्वरूप २३
औपशमिक अवस्थाका दुई भेद २४
क्षायिक भावका नौ भेद २४
क्षायोपशमका १८ भेद २५
औदयिक भावका २१ भेद २५
पारिणामिक भावका ३ भेद २६
जीवको लक्षण २६
उपयोगका भेद र प्रभेद २७
साकार उपयोगका ८ भेद २७
अनाकार उपयोगका ४ भेद २७
जीवको भेद र प्रभेद २८
प्रकारान्तरले जीवका भेद २८
स्थावर जीव २८
भौतिक तत्त्वलाई सजीव मान्ने आधार ३०
त्रस जीव ३०
इन्द्रियका भेद र विषय ३२
मनका ग्राह्यविषय ३३
जीवका एकेन्द्रिय आदि भेद ३३
मनका आधारमा जीव ३४
अन्तराल गति सम्वन्धमा ५ प्रश्न ३५
विग्रह गति ३५
अनुश्रेणि गति ३५
अविग्रह गति ३६
संसारी जीवका गति ३६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गतिको कालमान ३६
जीवको अनाहारक स्थिति ३७
जन्मका प्रकार ३८
जीवहरूका योनि ३८
जन्मका प्रभेद ३९
गर्भज प्राणी ३९
उपपादजन्य प्राणी ३९
सम्मूर्च्छनजन्य प्राणी ४०
शरीरका प्रकार र विशेषता ४०
उपयोगमा सक्षम शरीर ४२
जन्मसिद्ध र कृत्रिम शरीर ४३
पूर्वधरको आहारक शरीर ४४
नपुंसक जीव ४४
नपुंसक नहुँने जीव ४४
३ वेद(लिङ्ग)का विकार ४५
जीवको आयु ४५

तृतीय अध्याय (अधो लोक-मध्यलोक)

सात नरक ४७
नरकहरूको स्वरूप ४८
प्रथम चार नरक़हरूको यातना ४९
नारकीय जीवहरूको उत्कृष्ट स्थिति ५०
नरक जाने जीव ५०
द्वीप र समुद्र ५१
द्वीप र समुद्रहरूको स्वरूप ५१
जम्बूद्वीपका सात वर्ष ५१
सात क्षेत्रका वर्षधर पर्वत ५२
कुलपर्वतहरूको स्वरूप ५२
कुलपर्वतका जलाशय ५३
प्रथम पद्म पोखरी ५३
अन्य पोखरीहरूको स्वरूप ५३
पोखरीका देवीहरू ५३
भारत आदि क्षेत्रका नदीहरू ५३
गङ्गा आदि नदीहरूका शाखा नदीहरू ५४
हिमवत् आदि पर्वत र हैमवत आदि वर्षहरूको स्वरुप ५४
मनुष्यहरूको भोग र आयु ५५
धातकी खण्डका पर्वत र क्षेत्र ५५
पुष्करार्धका क्षेत्र र पर्वत ५५
मनुष्यहरूको निवासस्थान ५५
मनुष्यको भेद र कर्मभूमि ५६
मनुष्यको स्थिति (आयु) ५६
तिर्यक्को स्थिति ५७

चतुर्थ अध्याय (देव तथा देवलोक)

देवताहरूको प्रकार ५८
देवताका लेश्या ५८
देवताहरूको अन्तर्भेद ५९
देवनिकायका इन्द्र ५९
देवताहरूले भोग्ने सुख ६०
भवनवासी देवको दश भेद ६१
व्यन्तर देवका आठ भेद ६२
व्यन्तर देवका प्रभेद ६२
ज्योतिष्क देवनिकायको भेद ६२
ज्योतिष्क देवको भ्रमण ६३
ज्योतिष्कवाट कालविभाग ६३
ज्योतिष्कको क्षेत्र ६३
वैमानिक देव ६३
वैमानिकको स्वरुप ६४
देवलोकको प्रकार ६४
देवगणको विशेषता ६५
देवहरूको लेश्या ६६
कल्पको अवस्थिति ६७
लोकान्तिकको स्थान ६७
लोकान्तिकको प्रकार ६७
विजयादि देवको मनुष्यमा जन्म ६८
देव र नारकको तिर्यक् योनि ६८
भवनपतिको उत्कृष्ट स्थिति ६९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असुरकुमारका इन्द्रको आयु	६९	पुद्गलको लक्षण	७८
सौधर्म र ऐशानको आयु	६९	पुद्गलका कार्य	७८
सनत्कुमारको आयु	७०	जीवको कर्तव्यपरक लक्षण	७९
ब्रह्मलोकदेखि अच्युतलोक सम्मको स्थिति	७०	कालको लक्षण	७९
		पुद्गलका पर्याय	८०
नारकीय जीवको जघन्य स्थिति	७१	स्पर्शादि गुणको प्रभेद	८०
प्रथम नरकभूमिको जघन्य स्थिति	७१	पुदगलका अन्य पर्याय	८०
भवन वासी देवको जघन्य स्थिति	७१	शब्दादि पुद्गल पर्यायका प्रभेद	८१
व्यन्तरदेवको जघन्य स्थिति	७१	स्कन्धको उत्पत्ति	८२
व्यन्तरदेवको उत्कष्ट स्थिति	७२	अणुको अस्तित्वमा कारण	८२
ज्योतिष्कको दुवै स्थिति	७२	चाक्षुष हुनमा कारण	८३
ग्रहहरूको उत्कृष्ट स्थिति	७२	द्रव्यको लक्षण	८३
नक्षत्रहरूको उत्कृष्ट स्थिति	७२	सत्को स्वरूप	८३
ताराहरूको उत्कृष्ट स्थिति	७२	नित्यत्वको लक्षण	८४
नक्षत्र र ताराको जघन्य स्थिति	७२	आत्माको स्वरूप	८५
सूर्यचन्द्रको जघन्य स्थिति	७२	स्याद्वाद	८६
पञ्चम अध्याय (अजीव)		परमाणुसंयोगमा कारण	८६
अजीव तत्त्व	७३	द्रव्यको पुनर्लक्षण	८८
द्रव्यहरू-द्रव्यको साधर्म्य	७४	अकाल अतिरिक्त द्रव्य होइन	८८
पुद्गल	७४	गुणको लक्षण-परिणामको स्वरुप	८९
धर्माधर्माकाशको साधर्म्य	७५	परिणामको भेद	८९
मूर्त र अमूर्त	७५	आदिमान् परिणाम	८९
धर्माधर्मका प्रदेशहरू	७५	अनादिमान् परिणाम	८९
जीवका प्रदेशहरू	७५	**षष्ठ अध्याय (आस्रव)**	
आकाशका प्रदेश	७५	योगको स्वरुप	९१
पुद्गलका प्रदेश	७५	आस्रव नै योग	९१
प्रदेशहीन अणु	७६	कर्मका भेद	९१
द्रव्यहरूको आधार	७६	साम्परायिक र इर्यापथ कर्मवन्धको हेतु	९२
धर्माधर्मको आधार	७६	साम्परायिक कर्मका प्रभेद	९२
पुद्गलको आधार	७६	कर्मबन्धका भेद	९३
जीवको आधार	७७	कर्मबन्धको विशेषक अधिकरण	९४
जीवको स्वरुप	७७	जीवको १०८ अवस्था	९४
आकाशको लक्षण	७८	कर्मबन्धका अजीवाधिकरण	९५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मबन्धका प्रवृत्ति ९५
असातावेदनीय आस्रव ९६
सातावेदनीय आस्रव ९७
दर्शनमोहनीय आस्रव ९७
चारित्रमोहनीयका आस्रव ९७
नरक आयुकर्मका आस्रव ९८
तिर्यगायुकर्मका आस्रव ९८
मनुष्ययोनिको आस्रव ९८
नरकादिका सामान्य आस्रव ९८
देवयोनिका आस्रव ९९
अशुभ नामकर्मको आस्रव ९९
शुभनामकर्मको आस्रव ९९
तीर्थङ्कर नामकर्मका आस्रव ९९
नीचगोत्रका आस्रव १००
उच्च गोत्रका आस्रव १००
अन्तरायकर्मका आस्रव १००

सप्तम अध्याय (व्रत या शुभ कर्म)

व्रतको स्वरूप १०१
व्रतको प्रकार १०१
व्रतस्थिरताका लागि ५ भावना १०२
अन्य भावना १०३
दोषदर्शन १०३
अनासक्ति र वैराग्यको आवश्यकता १०३
हिंसादि ५ दोषको स्वरूप १०४
व्रतीको योग्यता १०५
व्रतीको भेद १०५
उत्तर व्रत १०६
संलेखना व्रत १०७
सम्यग्दर्शनका अतिचार (विघ्न) १०७
व्रतका अतिचार १०८
अहिंसा आदि ५ व्रतका अतिचार १०८
दिग्विरति आदि शीलव्रतका अतिचार ११०
सामायिक व्रतका विघ्नहरू १११
पौषधोपवासका अतिचार १११
भोगोपभोग व्रतका अतिचार १११
अतिथिसंविभाग व्रतका अतिचार ११२
संलेखना व्रतका अतिचार ११२
दानको परिभाषा ११३
दानको विशेषता ११३

अष्ठम अध्याय (बन्ध)

बन्धको परिभाषा ११४
वन्धका प्रमुख हेतु ११४
वन्धको स्वरूप ११५
वन्धका प्रकार ११५
प्रथम प्रकृतिवन्धको प्रकार ११६
९७ प्रकारका प्रकृतिवन्ध ११७
ज्ञानावरण प्रकृतिका ५ भेद ११७
दर्शनावरण प्रकृतिका ९ भेद ११८
वेदनीय प्रकृतिका २ भेद ११९
मोहनीय प्रकृतिका २८ भेद ११९
दर्शनमोहनीयका ३ भेद ११९
चारित्रमोहनीयका २ भेद कषाय
नोक़षाय ११९
कषायका १६ भेद ११९
नोकषायका ९ भेद १२०
आयुष्क प्रकृतिका ४ भेद १२०
नामकर्म प्रकृतिका ४२ भेद १२०
गोत्र प्रकृतिका २ भेद उच्च र नीच १२२
अन्तराय कर्मका ५ प्रकृति १२२
स्थितिवन्धका प्रकार १२२
ज्ञानावरण, दर्शनावरण, वेदनीय र
अन्तरायको उत्कृष्ट स्थिति १२३
मोहनीय कर्मको उत्कृष्ट स्थिति १२३
नामगोत्रको उत्कृष्ट स्थिति १२३
आयुष्क कर्मको उत्कृष्ट स्थिति १२३
वेदनीय कर्मको जघन्य स्थिति १२३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाम र गोत्र कर्मको जघन्य स्थिति १२३
अन्य कर्मको जघन्य स्थिति १२३
अनुभाव बन्धको परिभाषा १२३
कर्मविपाकको निर्जरा काल १२३
आत्मा सँग कर्मको सम्बन्ध १२४
कर्मपुद्‌गलका पुण्य तथा पाप प्रकृति १२५
नवम अध्याय (सम्वर र निर्जरा)
सम्वरको परिभाषा १२६
सम्वर प्राप्त गर्ने उपाय १२६
गुप्तिको स्वरूप १२७
समिति उपायको परिचय १२७
धर्मको भेद १२८
अनुप्रेक्षाको भेद १२९
परिषहको लक्षण १३१
परिषहको भेद १३१
नग्नत्व परिषह १३१
कसमा कति परिषह ? १३२
जिनमा विद्यमान परिषह १३२
वादर सम्परायमा विद्यमान परिषह १३३
परिषहका कारणहरू १३३
अदर्शन र अलाभका कारण १३३
चारित्रमोहवाट उत्पन्न परिषह १३३
वेदनीय कर्मजन्य परिषह १३३
आत्मामा सहवृत्ति परिषह १३४
चारित्रको भेद १३४
वाह्यतपका भेद १३५
आन्तरिक तपका भेद १३६
आन्तरिक तपका प्रभेद १३६
प्रायश्चित्तका ९ भेद १३७
विनयका ४ भेद १३७
वैयावृत्यका १० भेद १३७
स्वाध्यायका ५ भेद १३८
व्युत्सर्गका २ भेद १३८
ध्यानको परिभाषा १३८
ध्यानको स्थिति १३९
ध्यानको भेद र प्रयोजन १३९
आर्तध्यानको स्वरुप १४०
आर्तध्यानको प्रभेद १४०
आर्तध्यानको अधिकारी १४१
रौद्रध्यानको स्वरुप १४१
धर्मध्यानको परिचय १४१
धर्मध्यानको अधिकारी १४१
शुक्लध्यानको स्वरूप र अधिकारी १४३
शुक्लध्यानको भेद १४३
शुक्लध्यानका ४ भेदको स्वरूप १४३
शुक्लध्यानको अन्य अधिकारी १४३
शुक्लध्यानका प्रभेदको स्वरूप १४३
मोक्षमार्गमा अभिमुख व्यक्ति १४४
मोक्षाभिमुखको स्वरूप १४४
निर्ग्रन्थको सामान्य स्वरूप १४५
प्रत्येक निर्ग्रन्थको स्वरूप १४५
निर्ग्रन्थ मुनिका विशेषताका द्योतक १४६
दशम अध्याय (मोक्ष)
कैवल्यको हेतु १४८
कर्मको आत्यन्तिक क्षयका उपाय १४८
मोक्षको स्वरूप १४९
मोक्षका अन्य हेतु १४९
द्रव्यकर्म र भावकर्म १४९
मुक्तजीवको गति १४९
ऊर्ध्वगमनमा ४ हेतु १५०
लोकान्त वाहिर जीव नजानुमा कारण १५१
मुक्त जीवका १२ विशेषता १५१
उक्त ८ विशेषताका स्वरूप १५२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्त्वार्थ सूत्रम्

प्रथम अध्याय

ज्ञान

संसारमा जीवहरू अनेक प्रकारका छन्। ती चाहे मनुष्य हुन् चाहे मनुष्येतर हुन् सबैको लक्ष्य एउटै हुन्छ सुख प्राप्ति। प्राणी अनुसार विषयका आधारमा सुखलाई पनि २ भागमा बाड्न सकिन्छ- भौतिक सुख र आध्यात्मिक सुख। भौतिक विषयवस्तुबाट हुने सुख बाह्य साधन सँग सम्बन्धित भएकोले त्यही साधनको अधीनमा हुन्छन् र त्यसलाई पराधीन भन्न सकिन्छ। यो सुख आत्यन्तिक पनि हुँदैन। किनकि भौतिक विषयहरू नाशवान् हुन्छन् र तिनको अभावमा पुनः सुखको अभाव हुन्छ। आध्यात्मिक सुख यस्तो सुख हो जो आध्यात्मिक गुण र अवस्था विशेषमा उत्पन्न हुन्छ र यो अवस्था शाश्वत् हुने हुँदा यसबाट हुने सुख पनि शाश्वत् याने नित्य हुन्छ। अत एव यो स्वाधीन हुन्छ। मनुष्येतर प्राणीमा यो सुख सम्भव छैन। जैन दर्शन अनुसार यही सुख नै जीवहरूको विशेष गरी मनुष्यको परं लक्ष्य भएको हुँदा यही नै पुरुषार्थ हो। अतः पुरुषार्थ २ किसिमका हुन्छन्- बाह्यविषयक पुरुषार्थ र आन्तरिकविषयक पुरुषार्थ। बाह्यविषयक पुरुषार्थ काम (इच्छापूर्ति) हो भने आन्तरिक विषयक पुरुषार्थ मोक्ष हो। अन्य दर्शनले समेत मानेका धर्म र अर्थ रूप पुरुषार्थ चाहिँ वास्तविक पुरुषार्थ न भएर काम र मोक्ष रूप पुरुषार्थका साधन मात्र हुन्। त्यसमा अर्थ कामको साधन हो भने धर्म मोक्षको साधन हो।

यो शास्त्रको मुख्य प्रतिपाद्य विषय पनि मोक्ष नै भएकाले मोक्षको साधन धर्मको विवेचनाका लागि सूत्रकार उमास्वाति, यो दशाध्यायी सूत्र ग्रन्थ रचना गर्दछन्। जैनशास्त्र अनुसार मोक्ष भनेको आत्यन्तिक सुखानुभूति हो।

प्रथम अध्यायको यो प्रथम सूत्रमा धर्मलाई ३ भागमा विभाजन गर्दै मोक्षका साधनको निर्देश गरिएको छ।

-सम्यग्दर्शन-ज्ञान-चारित्राणि मोक्षमार्गः। १-१

सम्यग्दर्शन, सम्यग्ज्ञान, सम्यक्चारित्र यी ३ तत्त्व समग्र रूपमा मोक्षका साधन हुन्छन्। बन्ध र बन्धको कारणको अभावबाट हुने आत्मिक विकास अर्थात् ज्ञान र वीतरागताको पराकाष्ठा नै मोक्ष हो, जुन अवस्थामा मात्र नित्य निरतिशय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आनन्दको अनुभूति हुन्छ। यी तीन साधनहरूको सामान्य परिचय निम्नानुसार रहेको छ।

सम्यग्दर्शन- मोक्षका उपयोगी तत्त्वका विषयमा श्रद्धा विश्वास, या तत्त्वको ज्ञान गर्ने प्रेरणा नै सम्यग्दर्शन हो। अर्थात् जसबाट हेय (त्याग गर्न योग्य) र उपादेय, (स्वीकार गर्न योग्य) तत्त्वको यथार्थ विवेक उत्पन्न हुन्छ त्यो नै सम्यग्दर्शन हो।

सम्यग्ज्ञानः- नय र प्रमाणद्वारा हुने जीव आदि सात तत्त्वको यथार्थ बोध नै सम्यग्ज्ञान हो, जसबाट आध्यात्मिक विकास हुन्छ।

सम्यक्चारित्रः- राग, द्वेष अनि मानसिक, वाचिक र कायिक क्रिया रूप योगको निवृत्तिद्वारा हिंसादि दोषको परित्याग र अहिंसा आदि महाव्रतको अनुष्ठान नै सम्यक् चारित्र हो।

सम्यग्दर्शन र सम्यग्ज्ञानका लागि ज्ञान गर्न लायक तत्त्वहरू जीव, अजीव, आस्रव, बन्ध, सम्बर, निर्जरा र मोक्षको विवेचना अगाडि आउने छ।

सम्यग्दर्शनको लक्षण-

-तत्त्वार्थश्रद्धानं सम्यग्दर्शनम्-१।२

यथार्थ रूपले तत्त्वज्ञानका लागि मनमा अनुकूल श्रद्धा या अभिरुचि जाग्नु नै सम्यग्दर्शन हो। सम्यग्दर्शन उत्पत्ति हुनमा दुईवटा कारणहरू हुन्छन्। त्यो अगाडि प्रस्तुत सूत्रबाट अवगत हुने छ।

-तन्निसर्गादधिगमाद् वा- १।३

निसर्ग र अधिगमबाट तत्त्वको सम्यग्दर्शन हुन्छ। यहाँ निसर्ग भन्नाले स्वतस्फुर्त आत्मिक या आन्तरिक प्रेरणालाई लिन खोजिएको छ। त्यो प्रेरणाको परिणाम भने मोक्ष नै हुनु पर्दछ। किनकि प्रेरणा सांसारिक र आत्मिक गरी दुई किसिमको हुन्छ। पद प्रतिष्ठा तथा धन जागिर आदि प्राप्त गर्ने अभिलाषाले तत्त्व जिज्ञासामा अभिरुचि जागेको छ भने त्यो सांसारिक प्रेरणा हो। त्यसको परिणाम मोक्ष हुन नसक्ने हुँदा त्यो सम्यग्दर्शन हुन सक्तैन। परन्तु आत्मतृप्तिका लागि तत्त्वज्ञान प्रति अभिरुचि जागेको छ भने त्यो आत्मिक प्रेरणा हो। त्यसको परिमाण मोक्ष हुने भएकाले त्यो सम्यग्दर्शन हो। यो सम्यग्दर्शनको आन्तरिक निमित्त हो।

पदार्थज्ञान गर्ने प्रेरणा गुरूपदेश, प्रतिमादर्शन, शास्त्राध्ययन, तथा सत्सङ्ग आदि कुनै पनि बाह्य निमित्तबाट जागेको छ भने त्यसलाई अधिगम भनिन्छ। व्यवहारमा पनि देखिन्छ कि कुनै व्यक्तिलाई केही कला सीप शिक्षकको मद्दतबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

या अन्य कुनै बाह्य कारणबाट सिक्नु पर्ने हुन्छ भने कोही व्यक्ति आफैं पनि सिक्न सक्छन् या स्वतःस्फूर्त ज्ञान उनीहरूमा हुन सक्छ। पदार्थविषयक सम्यग्दर्शनका सम्बन्धमा पनि यही कुरा हो। यसरी उत्पादक हेतुका आधारमा सम्यग्दर्शनका २ भेद हुन्छन्- १- निसर्ग सम्यग्दर्शन, २- अधिगम सम्यग्दर्शन।

यो व्यक्तिलाई पदार्थ विषयक जिज्ञासा पलाउन थालेछ भन्ने बोधका लागि पाँच प्रकारका लिङ्ग (हेतु) हुन्छन्। ती हुन्- प्रशम, संवेग, निर्वेद, अनुकम्पा र आस्तिक्य। त्यसमा मानसिक दोषको उपशम(निवृत्ति) प्रशम हो भने सांसारिक बन्धन प्रतिको भय संवेग हो। विषयासक्ति कम हुनु निर्वेद हो भने दुःखी दरिद्रीहरूको दुःख हटाउने इच्छा जाग्नु अनुकम्पा हो। आत्मा आदि प्रमाणसिद्ध पदार्थलाई स्वीकार गर्नु नै आस्तिक्य हो।

दुई साधन सम्यग्ज्ञान र सम्यक्चारित्र समेतको कारण हुनुका साथै मोक्षका लागि प्रमुख साधन समेत भएकाले सम्यग्दर्शनलाई प्रमुख मान्यता दिई त्यसको लक्षण एवं भेद देखाई सूत्रकार तत्त्वज्ञानको विषय जैनाभिमत जगत्का प्रमुख पदार्थहरूको नाम निर्देश गर्दछन्-

जीवाजीवास्रव -बन्ध- संवर-निर्जरा-मोक्षास्तत्त्वम् -१।४

जीव, अजीव, आस्रव, बन्ध, संवर, निर्जरा र मोक्ष यी मोक्षका निमित्त सम्यग्ज्ञान गर्ने तत्त्व (पदार्थ)हरू हुन्।

मोक्षाधिकारी चेतन नै जीव हो। जीवहरू १४ गुणस्थानमा पाइन्छन्। गुणस्थान भन्नाले जीवहरूको ज्ञान तथा योग्यताको तरतमभाव हो। ती १४ गुणस्थान निम्नानुसार छन्।

१. मिथ्यादृष्टि २. सासादनसम्यग्दृष्टि ३. सम्यग् मिथ्यादृष्टि ४.असंयत सम्यग्दृष्टि ५. देशसंयत ६. प्रमत्तसंयत ७. अप्रमत्तसंयत ८. अपूर्वकरण ९. अनिवृत्तिकरण १०. सूक्ष्मसंपराय ११. उपशान्तकषाय १२. क्षीणकषाय १३. संयोगकेवली १४. अयोगकेवली।

निम्नलिखित १४ मार्गणाका आधारमा जीवहरूलाई १४ गुणस्थानमा हेर्ने गरिन्छ। १. गति २. इन्द्रिय ३. काय ४. योग ५. वेद ६. कषाय ७. ज्ञान ८. संयम ९. दर्शन १०. लेश्या ११. भव्यत्व १२. सम्यक्त्व १३. संज्ञा १४. आहार। आगामी विभिन्न सूत्रहरूको व्याख्याका सिलसिलामा यी गुणस्थानको विवरण आउने छ।

जड तत्त्व जो मोक्षको अधिकारी हुन सक्तैन त्यो अजीव हो। मोक्षको विरोधी भाव अर्थात् संसारको कारण नै बन्ध हो भने बन्धको कारण आस्रव हो। मोक्षको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारण नै संवर हो भने मोक्षको क्रम निर्जरा हो। नित्य निरतिशय आत्मिक सुख नै मोक्ष हो।

उक्त सम्यग्दर्शन आदि साधन र जीव अजीव आदि पदार्थको अर्थसामान्यका आधारमा विभाग गर्दछन् सूत्रकार उमा स्वामी -

-नाम-स्थापना-द्रव्य-भावतस्तन्यासः -१।५

समस्त व्यवहार तथा ज्ञानको आदान प्रदान गर्ने काम भाषाबाटै हुन्छ। भाषा सार्थक शब्दसंयोजनबाट बन्दछ। प्रत्येक शब्दका कम्तीमा पनि ४ अर्थ हुन्छन् ती नै ४ अर्थहरू त्यो शब्दका अर्थसामान्यबाट भएका ४ विभागहरू हुन्। ती विभागहरू हुन्- नाम, स्थापना, द्रव्य र भाव। यिनलाई नै ४ न्यास या निक्षेप भनिन्छ र यिनीहरूको ज्ञानबाट नै वक्ताको तात्पर्य बुझ्न सरल हुन्छ। यहाँ पनि सम्यग्दर्शन आदि मोक्षमार्ग र जीव अजीव आदि तत्त्वहरूको यही प्रकारवाट अर्थ बुझ्नु पर्दछ अन्य प्रकारवाट होइन भन्ने बुझाउन सूत्रकारले अर्थन्यासको उल्लेख गरेका हुन्।

यसमा जुन अर्थ व्युत्पत्तिलभ्य नभएर कसैको संकेतका आधारमा बुझिन्छ भने त्यो नामन्यास (रुढी) हो। जस्तै गौ, गृह आदि। कुनै वस्तुको स्वरूप, चित्र, मूर्ति या प्रतिकृति नै स्थापनान्यास हो। अर्थात् वस्तु स्वयंको सक्कली रूप नै एक अर्थ हो। जुन वस्तु पहिले या पछि व्युत्पत्ति सिद्ध (यौगिक) थियो वा हुनेछ त्यसलाई द्रव्यन्यास भनिन्छ। जस्तै कोही व्यक्ति पहिले सेवा गर्दथ्यो वा पछि सेवा गर्ने छ त्यो सेवक हो। जसको व्युत्पत्ति सिद्ध अर्थ घटित हुन्छ त्यो भाव न्यास या यौगिक भनिन्छ। जस्तै पाचक, कुम्भकार आदि। प्रस्तुत प्रकरणमा सम्यग्दर्शन आदि शब्दहरूको र जीव अजीव आदिको भने भावन्यास (यौगिक) नै ग्राह्य छ।

तत्त्वहरूको ज्ञान कसरी गर्ने ? यसको उत्तर निम्न सूत्रबाट पाउन सकिन्छ।

-प्रमाण-नयैरधिगमः। १।६

प्रमाण र नयवाट पदार्थहरूको ज्ञान हुन्छ। प्रमाण र नय दुवै स्वयम् नै ज्ञान हुन्। ती मध्ये कुनै पनि विषयको सर्वांशज्ञापक ज्ञान प्रमाण हो भने एकांशेन ज्ञापक ज्ञान नय हो। पदार्थमा अनेक धर्म हुन्छन्। कुनै एक धर्मद्वारा पनि पदार्थको सामान्य ज्ञान हुन सक्छ र अनेक धर्मको ज्ञानबाट पनि त्यसको विशेष ज्ञान हुन सक्छ। जस्तै नित्यत्व धर्मको ज्ञानद्वारा आत्मा नित्य छ भन्ने ज्ञान नयसाध्य ज्ञान हो भने नित्यत्व, अनेकत्व आदि अनेक धर्मको ज्ञानबाट आत्मा नित्य र अनेक छ भन्ने ज्ञान प्रमाण साध्य ज्ञान हो। प्रमाणद्वारा यो यो अर्थ हो भनेर जानेका वस्तुको एकदेशको ज्ञान नयद्वारा हुन्छ भने सर्वांशको ज्ञान प्रमाणद्वारा हुन्छ। तसर्थ प्रमाण सकलादेशी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ भने नय विकलादेशी हुन्छ। नय दुई प्रकारको हुन्छ- द्रव्यार्थिक र पर्यायार्थिक। त्यसमा नाम, स्थापना र निक्षेप यी तीन न्यास प्रमाणका विषय हुन् भने भावन्यास पर्यायार्थिक नयको विषय हो।

कुन दृष्टिले ज्ञान गर्दा पदार्थहरूको पूर्ण ज्ञान हुन सक्छ भन्ने कुरा प्रस्तुत सूत्रमा वताइन्छ -

-निर्देशस्वामित्व-साधनाधिकरण-स्थितिविधानतः। १-७

-सत्संख्या-क्षेत्र-स्पर्शन-कालान्तर-भावाल्पबहुत्वैश्च। १-८

निर्देश, स्वामित्व, साधन, अधिकरण, स्थिति, विधान अनि सत्, संख्या, क्षेत्र, स्पर्शन, काल, अन्तर, भाव तथा अल्पवहुत्वबाट सम्यग्दर्शन आदि विषयको ज्ञान गर्न सकिन्छ।

जिज्ञासुव्यक्तिले कुनै पनि नयाँ विषय देख्ने वित्तिकै उसलाई विभिन्न दृष्टिकोणले बुझ्न चाहन्छ र विभिन्न प्रश्न गर्दछ कि त्यसको गुण, स्वभाव, रूपरङ्ग, स्वामित्व, राख्ने स्थान, टिकाउ आदि के कस्तो छ आदि। ठीक यहाँ पनि मोक्षको जिज्ञासु व्यक्ति मोक्षमार्ग सँग सम्वन्धित हेय उपादेय आदि आध्यात्मिक तत्त्वका विषयमा सुनेर तत्सम्वन्धी विभिन्न प्रश्नहरूद्वारा ज्ञान बढाउने कोसिस गर्दछ। यहाँ उपर्युक्त दुई सूत्रद्वारा देखाइएका निर्देश आदि १४ प्रश्नहरूवाट जीव आदि तत्त्वहरूको विषयमा सम्यग्दर्शन रूप ज्ञान गर्न उपाय वताइएको हो। जस्तै- निर्देश- सामान्य तत्त्वदर्शन या वोध। सम्यग्दर्शनको स्वरूप के हो भन्ने कुराको वोध। स्वामित्व- अधिकारित्व। अधिक्रारी को हो भन्ने कुरामा सम्यग्दर्शनको अधिकारी जीव हो। साधन- सम्यग्दर्शनको आन्तरिक र वाह्य साधन के हो ? कर्मको उपशम आदि आन्तरिक साधन र शास्त्रज्ञान आदि वाह्य साधन हुन्। अधिकरण-सम्यग्दर्शन आदिको आधार। सम्यग्दर्शनको अधिकरण पनि जीव नै हो। किनकि सम्यग्दर्शन ज्ञान भएकोले ज्ञान जीवमा हुने हुँदा जीव अधिकरण हो। स्थिति- अवस्थिति, सम्यग्दर्शन आदि उत्पन्न भएर कुन अवस्था सम्म रहन्छन् भन्ने कुरा स्थितिले देखाउछ। विधान- प्रकार। सम्यग्दर्शन, सम्यक्ज्ञान र सम्यक्चारित्र यी तीनवटै सम्यक्त्व *औपशमिक, क्षायोपशमिक तथा क्षायिक गरी ३ प्रकारका हुन्छन्।*

सत्- सत्ता। सम्यक्त्वको सत्ता गुणको रूपमा कुनै न कुनै मात्रामा सवै जीवमा विद्यमान हुन्छ तर भव्य (मोक्षाधिकारी) जीवमा मात्र मोक्षोपयोगी सम्यक्त्वको आविर्भाव हुन्छ। संख्या- गणना। सम्यक्त्व कति भए र कति हुने छन् ? यसको गणना गर्न असम्भव नै छ। तसर्थ यसको संख्या अनन्त छ मात्र भन्न सकिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आज सम्म कति जीवले सम्यक्त्व लाभ गरि सके र भविष्यमा कतिले गर्ने छन्। क्षेत्र- एरिया। सम्यक्त्व आदिको एरिया लोकाकाश हो। सम्यक्त्व कति जीवमा हुन्छ भन्ने प्रश्नमा यो सकल जीवमा हुन सक्तैन। अर्थात् सकल लोकाकाश सम्यक्त्वको क्षेत्र हुन सक्तैन। तसर्थ अनन्त जीवलाई आधार मानेर भन्ने हो भने यसको क्षेत्र लोकको असंख्यात भाग हो भन्न सकिन्छ। स्पार्शन- छुनु। सम्यक्त्व तत्त्वले आफ्नो क्षेत्र वरिपरिका वस्तुहरूलाई स्पर्श गर्न सक्छ। काल-समय। सम्यक्त्व जीवमा हुने भएकाले जीव अनुसार यो सादि, सान्त र अनादि अनन्त पनि हुन सक्तछ। अन्तर - विरह या नाश काल। एक जीवलाई लिएर सम्यग्दर्शनको नाशकाल अत्यन्त कम हुन्छ। किनकि एक पटक सम्यक्त्वको नाश भयो भने पनि पुनः तुरून्त नै अन्तर्मुहूर्तमा प्राप्त हुन सक्छ। नाना जीवको अपेक्षामा भन्ने हो भने त सम्यग्दर्शन को नाशकाल नभए बराबर नै हुन्छ। किनकि नाना जीवमा कसै न कसैमा सम्यग्दर्शन रहेकै हुन्छ। भाव- अवस्था। सम्यक्त्व औपशमिक, क्षायोपशमिक र क्षायिक गरी ३ अवस्थामा रहेको पाइन्छ। यसको विस्तृत परिचय दोस्रो अध्यायमा आउने छ।

अल्पबहुत्व- कमबेसी। पूर्वोक्त ३ प्रकारका सम्यक्त्वमा जीवमा औपशमिक सम्यक्त्व सवैभन्दा कम र उत्तरोत्तर सम्यक्त्व अधिक मात्रामा पाइन्छन्। किनकि औपशमिक सम्यक्त्ववाला जीव अन्य प्रकारका भन्दा अपेक्षाकृत रूपले कम हुन्छन्। क्षायिक सम्यक्त्व अनन्त गुणा हुन्छन्, कारण यो मुक्त जीवमा हुने हुनाले मुक्त जीव अनन्त हुन्छन्।

अगाडिको सूत्रमा सम्यक्ज्ञानको भेद बताइन्छ।

-मति-श्रुता-वधि-मनःपर्याय-केवलानि ज्ञानम्।१।९

मति, श्रुत, अवधि, मनःपर्याय र केबल यी पाँच सम्यक्ज्ञान हुन्। कुनै पनि जीव सम्यग्दर्शन रहित हुन सक्छ तर ज्ञान रहित हुन सक्तैन। किनकि जीवमा कुनै न कुनै ज्ञान अवश्य रहन्छ। त्यही ज्ञानमा सम्यक्त्वको उदय हुने बित्तिकै त्यही सम्यक्ज्ञान हुन्छ। अन्यथा मिथ्या ज्ञान हुन्छ।

सम्यक्ज्ञान ५ प्रकारको हुन्छ। जसमा घ्राण, रसन आदि पाँच बाह्य इन्द्रिय र अन्तस्करण मनद्वारा जो ज्ञान हुन्छ त्यो मतिज्ञान हो। मतिज्ञानद्वारा जानेका विषयलाई विशेष रूपले जान्नु श्रुतज्ञान हो। श्रूयते यत्तत् श्रुतम् , यस व्युत्पत्तिद्वारा सुनेको या शास्त्रज्ञान नै श्रुतज्ञान हो भन्ने कुरा स्पष्ट हुन्छ। इन्द्रिय र मनको सहायता विना भएको रूपवान् पदार्थ समेतको ज्ञान अवधि ज्ञान हो। अवधि ज्ञानबाट तल बढी र माथि कम दूरीका पदार्थहरूको ज्ञान हुन्छ। देवताहरू अवधि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञानले तल ७ नरक सम्म र माथि आफ्नो विमानको ध्वजा पर्यन्त ज्ञान गर्दछन्। अरुका मनको कुराको ज्ञान मनपर्यायज्ञान हो। यो ज्ञान पनि कतिपय सन्त महायोगीजनहरूमा हुन्छ। सम्पूर्ण द्रव्य तथा त्रिकालवर्ती पर्यायहरूको कुनै साधनविना नै हुने ज्ञान केवलज्ञान हो। कतिपय जनहरू यही ज्ञान प्राप्तिका लागि वाह्य तथा आन्तरिक तप गर्दछन्।

कोही सन्निकर्षलाई प्रमाण मान्दछन् भने कोही इन्द्रियलाई र कोही ज्ञानलाई प्रमाण मान्दछन्। प्रमाणको फल ज्ञान हो। यदि इन्द्रिय र अर्थको सन्निकर्ष प्रमाण हो भने त्यसको फल ज्ञान पनि इन्दिय र अर्थ दुवैमा रहनु पर्दछ। यसो हुँदा घटादि विषयमा पनि ज्ञान हुने प्रसङ्ग आउँछ। अत एव इन्द्रिय प्रमाण हुन सक्तैन। नैयायिकहरूका मतमा इन्द्रिय र ज्ञान प्रमाण हुन्छन् भने जैनमतमा ज्ञान मात्र प्रमाण हुन्छ। ज्ञानलाई नै प्रमाण मान्दा पनि फलको अभावको आपत्ति आउदैन। अर्थको ज्ञान भए पछि आत्मामा उत्पत्ति हुने एक प्रकारको प्रीति, खुसी या अज्ञाननाश नै फल हो। तसर्थ सम्यक्ज्ञान प्रमाणरूप हुन्छ। उक्त कुरा निम्नसूत्रमा प्रस्तुत गरिएको छ।

- **तत् प्रमाणे। १।१०**
- **आद्ये परोक्षम्। १।११**
- **प्रत्यक्षमन्यत्। १।१२**

उपर्युक्त मति आदि सम्यक्ज्ञान दुई किसिमका प्रमाणरूप हुन्छन्- परोक्षप्रमाण र प्रत्यक्ष प्रमाण। नैयायिकहरूको अभिमत अनुसार इन्द्रियजन्य ज्ञान प्रत्यक्ष ज्ञान हो। तर जैनमतमा यसको ठीक विपरीत जुन ज्ञान इन्द्रिय र मनको सहयोग विना केवल आत्माको योग्यताबाट उत्पन्न हुन्छ। त्यो प्रत्यक्षज्ञान हो र जो इन्द्रिय र मनको सहायताबाट उत्पन्न हुन्छ त्यो परोक्षज्ञान हो। उपर्युक्त ५ किसिमका ज्ञानमा मतिज्ञान र श्रुतज्ञान परोक्षज्ञान हुन् र अवधि,मन:पर्याय र केवल यी तीन ज्ञान प्रत्यक्ष ज्ञान हुन्।

यहाँ परोक्ष र प्रत्यक्ष शब्दको अर्थ अन्य दर्शनमा भन्दा भिन्न छ। इन्द्रिय, मन, प्रकाश, गुरूपदेश आदिलाई यहाँ पर भनिएको छ। परको सहायताबाट जो ज्ञान हुन्छ त्यो परोक्षज्ञान हो। अक्षशब्दले आत्मालाई बुझाइएको छ। जुन ज्ञान इन्द्रिय आदिको सहायता विना केवल आत्माको सहायताबाट उत्पन्न हुन्छ त्यो ज्ञान प्रत्यक्ष हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाँच सम्यक्ज्ञान मध्ये मतिज्ञान भनेको के हो ?यस प्रश्नमा अगाडिको सूत्रमा सूत्रकार भन्छन्-

-मति-स्मृति-संज्ञा चिन्ताऽभिनिबोध इत्यनर्थान्तरम्। १।१३

मति, स्मृति, संज्ञा, चिन्ता, अभिनिबोध यी सबै मति ज्ञानका पर्यायबाची शब्द हुन्।

यी ५ किसिमका ज्ञान ज्ञानत्वेन रूपेण सबै मतिज्ञान हुन् ता पनि यिनीहरूमा विशेषरूपले भेद छ। त्यसमा वर्तमान विषयक ज्ञान मतिज्ञान हो भने अतीत विषयक ज्ञान स्मृति हो। यो उही देवदत्त हो, जस्ता अतीत र वर्तमान विषयक ज्ञान संज्ञा (प्रत्यभिज्ञा) हो भने भावी वस्तुहरूको विचार चिन्ता हो। चिन्ता शब्दले यहाँ तर्कलाई पनि बुझाइएको छ जो दुई पदार्थका बीच कार्यकारणसम्वन्धको ज्ञान हो। अभिनिबोधको अर्थ सामान्य रूपले ज्ञान हो। यहाँ सामान्य र विशेषमा भेद विवक्षा नगरी यसलाई पनि मति आदिको पर्यायवाची शब्द मानिएको हो। तर अभिनिबोध शब्दले यहाँ अनुमानलाई पनि बुझाउन खोजिएको छ। अनुमान भनेको प्रत्यक्षपदार्थ देखेर अप्रत्यक्ष सम्वन्धी पदार्थको ज्ञान गर्नु हो। जस्तै धूमको प्रत्यक्षवाट अप्रत्यक्ष वह्निको ज्ञान। त्यस्तै प्रतिभा, बुद्धि, मेधा आदि पनि मतिज्ञान नै हुन्। स्वतः प्रतिभासित ज्ञान प्रतिभा हो भने विविध अर्थलाई ग्रहण गर्ने विशिष्ट शक्ति बुद्धि हो। पाठ ग्रहण गर्न सक्ने शक्ति मेधा हो।

मतिज्ञानको अझै स्पष्टताका लागि सूत्रकार यसको लक्षण वताउछन्-

-तदिन्द्रियाऽनिन्द्रियनिमित्तम्। १।१४

मतिज्ञान इन्द्रिय र अनिन्द्रिय (मन) का निमित्तबाट उत्पन्न हुन्छ। अर्थात् प्राण आदि बाह्य इन्द्रिय तथा मनवाट उत्पन्न हुने ज्ञान नै मतिज्ञान हो।

मतिज्ञान कति प्रकारको हुन्छ भन्ने कुरा निम्न सूत्रमा बताइएको छ।

-अवग्रहेहावायधारणाः। १।१५

यो इन्द्रियजन्य मतिज्ञान इन्द्रियका आधारमा स्पार्शन, रासन, घ्राणज, चाक्षुष, श्रौत्र, र मानस गरी ६ किसिमको हुन्छ भने प्रकारान्तरले यो ज्ञानका ४।४ भेद हुन्छन्- अवग्रह, ईहा, अवाय, धारणा। कुनै पनि विषयको इन्द्रियजन्य ज्ञान यी नै ४ क्रमले हुन्छ। त्यसमा विषय र इन्द्रियको सम्वन्ध पछि नाम, जाति आदिको कल्पना रहित पदार्थको सामान्य मात्रको ज्ञानलाई अवग्रह भनिन्छ, जस्तै -यो केही वस्तु हो। जसलाई न्याय शास्त्रमा निर्विकल्प ज्ञान भनिएको छ। जस्तो अन्धकारमा कुनै चिज छोइयो भने त्यसको स्पार्शन ज्ञान त भयो तर प्रथम क्षणमै कुन विषयको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञान भयो यसको किटान हुन्न। यसरी सामान्य ज्ञान भएका विषयको विशेष ज्ञान गर्ने जिज्ञासा हुन्छ त्यो ईहा हो। जस्तो- अन्धकारमा रज्जुको स्पर्श भएको हुनु पर्छ, सर्पको होइन, किनकि सर्पको स्पर्श भएको भए त चिसो अनुभव हुनु पर्ने हो । यसरी भएको ईहात्मक ज्ञानविषयको अझ विशेष रूपले निश्चय गर्नु अवाय हो। जस्तो- त्यो रज्जुको नै स्पर्श हो ! यसरी विशेष निश्चय गरिएको ज्ञान संस्कारको रूपमा स्मृतिको हेतु बन्नु धारणा हो। अर्थात् स्मृतिको हेतु नै धारणा हो। यसरी कुनै पनि अर्थको ज्ञान गर्ने क्रम धारणामा गएर टुङ्गिन्छ।

यी अवग्रह आदि ४ किसिमका ज्ञान पनि निम्न किसिमले १२। १२ प्रकारका हुन्छन्-

-बहु-बहुविध-क्षिप्रा-निश्रिता-संदिग्ध-ध्रुवाणां सेतराणाम्। १।१६

६ इन्द्रियका आधारमा हुने ६ किसिमका मतिज्ञान अवग्रह आदिका भेदले चौबीस प्रकारका भए। अब ती प्रत्येक ज्ञानहरू क्षयोपशम तथा विषयका आधारमा विपरीत भाव सहित बहु-बहुविध अर्थात् -बहुग्राही, अल्पग्राही, बहुविधग्राही, एकविधग्राही, क्षिप्रग्राही, अक्षिप्रग्राही, अनिश्रितग्राही, निश्रितग्राही, असन्दिग्धग्राही, सन्दिग्धग्राही, ध्रुवग्राही, अध्रुवग्राही आदिका भेदले १२।१२ प्रकारको हुन्छ। यस हिसाबले मतिज्ञान जम्मा २८८ प्रकारको हुन्छ।

दुई या दुई भन्दा बढी विषयको ग्रहण गर्ने बहुग्राही अवग्रह, बहुग्राही ईहा, बहुग्राही अवाय, बहुग्राही धारणा भनिन्छ। त्यस्तै एक विषयक मतिज्ञान अल्पग्राही अवग्रह आदि भनिन्छ। बहुविध अर्थात् अनेक प्रकारले र एकविध अर्थात् एक प्रकारले भएको मतिज्ञान। जस्तै आकार-प्रकार, रूपरङ्ग, मोटाइ आदि विविध प्रकारले कुनै पुस्तकको ज्ञान क्रमश बहुविधग्राही अवग्रह, बहुविधग्राही ईहा आदि ज्ञान हो। एक किसिमले या मोटाइका हिसाबले मात्र भएको पुस्तकको ज्ञान एकविधग्राही अवग्रह आदि हुन्छ।

क्षयोपशमका (प्रारब्ध कर्मको अनुदय र क्षयका कारण भएको आत्मिक शुद्धताजन्य) पटुताका कारण कुनै व्यक्ति कुनै विषयको शीघ्र ज्ञान गर्दछ, त्यो क्षिप्रग्राही अवग्रह आदि र क्षयोपशमका मन्दताका कारण कोही कुनै विषयको विलम्बले ज्ञान गर्दछ, त्यो अक्षिप्रग्राही हो। त्यस्तै हेतुद्वारा असिद्ध ज्ञान अनिश्रित र हेतुसिद्ध ज्ञान निश्रित। जस्तै पूर्वानुभूत शीत, कोमल र स्निग्ध स्पर्शरूप हेतुद्वारा यो फूल जुही हो, भन्ने ज्ञान निश्रितग्राही अवग्रह आदि र विना हेतु उक्त फूलको ज्ञान अनिश्रितग्राही अवग्रह आदि हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निश्चयात्मक ज्ञान निश्चितग्राही अवग्रह आदि र सन्देहात्मक ज्ञान अनिश्चितग्राही अवग्रह हो। जस्तै, यो चन्दनको नै स्पर्श हो, भन्ने ज्ञान निश्चित ग्राही र यो चन्दनको स्पर्श हो कि फूलको स्पर्श हो, भन्ने सन्देहात्मक चार किसिमकै ज्ञान अनिश्चित ग्राही ज्ञान हो।

ध्रुवग्राही र अध्रुवग्राही- ज्ञानका सम्पूर्ण सामग्रीहरू जुट्दा कुनै मनुष्यलाई विषयको ज्ञान हुन्छ, त्यो ध्रुवग्राही या अवश्यम्भावी ज्ञान मानिन्छ भने उक्त सामग्रीहरू समान हुँदा पनि अर्को मनुष्यलाई क्षयोपशमको मन्दताको कारण त्यही विषयको ज्ञान कहिले हुने र कहिले नहुँने हुन्छ, त्यो अध्रुवग्राही अवग्रह आदि हो।

उपर्युक्त १२ प्रकारका ज्ञान मध्ये बहुग्राही, अल्पग्राही, बहुविधग्राही र अल्पविधग्राही यी चार प्रकारका ज्ञान विषयका विविधताका कारण हुन्छन् भने बाँकी क्षिप्र, अक्षिप्र, अनिश्रित, निश्रित, असन्दिग्ध, सन्दिग्ध, ध्रुव, अध्रुव यी ८ ज्ञानहरू क्षयोपशमका मन्दताका कारण हुन्छन्।

यसरी ज्ञानका ६ इन्द्रिय; अवग्रह आदि ४ भेद; बहुबहुविध आदि १२ भेद गरी जम्मा २८८ भेद हुन्छन्।

अवग्रह, ईहा, अवाय, धारणा यी चार चरणबाट मतिज्ञानले के कस्ता विषयको ग्रहण गर्दछन् त भन्ने कुरा निम्नप्रस्तुत सूत्रले स्पष्ट पारेको छ।

-अर्थस्य- १।१७

स्थिर तथा स्थूलरूप चक्षु आदि इन्द्रियहरूको बाह्य विषय नै अर्थ हो। यसलाई द्रव्य पनि भनिन्छ। बहु-बहुविध आदि विशेषणविशिष्ट अर्थको अवग्रह आदि क्रमले मतिज्ञान हुन्छ।

अर्थ पनि द्रव्यरूप र पर्यायरूप गरी दुई प्रकारको हुन्छ। जस्तो आँपको दाना सर्वाङ्गमा एक द्रव्य हो भने उसको अंश रूप, रस, गन्ध, स्पर्श चाहि पर्याय हुन्। इन्द्रिय र मनले सर्वप्रथम पर्यायको ग्रहण गर्दछन् र पर्यायको ग्रहण मार्फत द्रव्यको ग्रहण गर्दछन्। कुनै पनि इन्द्रियले एक अंशको मात्र ग्रहण गर्दछ। जस्तै चक्षुले रूपको, रसनाले रसको, घ्राणले गन्धको, त्वक्ले स्पर्शको र श्रोत्रले शब्दको मात्र ग्रहण गर्दछ। मन पनि कुनै वस्तुको एक अंश मात्र ग्रहण गर्दछ। यसरी सबै इन्द्रियहरू मुख्यतया पर्यायको ग्रहण गर्दछन् र त्यसबाट मात्र द्रव्यको ग्रहण हुन्छ।

इन्द्रियद्वारा अर्थको ज्ञान हुने पद्धतिको भिन्नताका कारण अवग्रहमा पनि अवान्तर भेद हुन्छ। यो कुरा निम्न सूत्रले देखाउन खोजेको छ-

-व्यञ्जनस्यावग्रहः ।१।१८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इन्द्रियको विषयका साथ हुने सम्वन्ध या त्यसबाट हुने जो ज्ञान हो त्यसलाई व्यञ्जन भनिएको छ। त्यस्ता विषयको अवग्रह अत्यन्त मन्द क्रमले हुन्छ। कुनै इन्द्रियको विषयका साथ संयोग (व्यञ्जन) हुनासाथ सुरुमा ज्ञानको मात्रा अत्यन्त अल्प हुन्छ कि -यो केही हो, भन्ने सामान्य वोध पनि हुँदैन। यस्तो अव्यक्तग्रहणलाई व्यञ्जनावग्रह भनिन्छ। जति जति विषयका साथमा इन्द्रियको संयोग दृढ या पुष्ट हुँदै जान्छ त्यति अवग्रह ज्ञानको मात्रा पनि बढ्दै जान्छ र -यो केही हो, को सामान्य ज्ञान हुन्छ। यस्तो व्यक्तग्रहणलाई अर्थावग्रह भनिन्छ। व्यञ्जनावग्रह नै यसरी अव्यक्ततम, अव्यक्ततर, अव्यक्त आदिका क्रमले अर्थावग्रहको रूपमा व्यक्त हुन आउछ र पनि त्यो यति अल्प हुन्छ कि सामान्य बोध पनि हो कि होइन को अवस्था हुन्छ। त्यो सामान्यरूपले ज्ञान भएका विषयको विशेष रूपले जिज्ञासा हुन्छ। त्यस पछि विषयको निश्चय, अनि सँस्कार र सँस्कार जन्य स्मृति, यो क्रमले हुने सब ज्ञानव्यापार नै ईहा, अवाय, धारणाको रूपमा आउछ। यो ज्ञानव्यापारमा अर्थावग्रह मन्द क्रमले हुन्छ। तर यो अवस्था सवै इन्द्रियले अर्थको ज्ञान गर्दा हुने होइन। जुन इन्द्रियले विषयको ज्ञान गर्न विषय संयोग (व्यञ्जन) को अपेक्षा लिन्छ ती इन्द्रियवाट जन्य ज्ञान मात्र यो मन्द क्रमले हुन्छ। त्यस्ता इन्द्रिय भनेका चक्षु र मन बाहेकका अन्य इन्द्रिय घ्राण, रसन, त्वक्, श्रोत्रहरू हुन्। किनकि यी इन्द्रियहरू प्राप्यकारी (विषयको संयोग अपेक्षा गर्ने) हुनाले विषयको संयोगका क्रममा ज्ञान पुष्ट हुँदै जान्छ। तर जुन् इन्द्रियहरू अप्राप्यकारी छन् ती इन्द्रियवाट जन्य ज्ञानमा व्यञ्जन (संयोग) को अपेक्षा न हुने भएकाले ज्ञान उत्पादनको मन्दक्रम नभएर पटुक्रम नै हुन्छ। त्यसैले 'व्यञ्जनस्यावग्रहः', सूत्रले व्यञ्जनको अवग्रह मात्र हुन्छ, अर्थात् इन्द्रिय सन्निकर्ष हुने विषयको अवग्रह (अव्यक्त) ज्ञान हुन्छ, ईहा आदिमा हुदैन भन्ने कुरा व्यक्त गर्दछ।

अघिल्लो सूत्रमा अप्राप्यकारी इन्द्रिय चक्षु र मन द्वारा ज्ञान गर्दा अवग्रहमा यो मन्दक्रम नहुने कुरा बताइएको छ -

-न चक्षुरनिन्द्रियाभ्याम्- १।१९

चक्षु इन्द्रिय र अनिन्द्रिय (मन) द्वारा व्यञ्जन (संयोग) को अपेक्षा न हुने भएकाले विषयको पटुक्रमले ज्ञान हुन्छ। चक्षुले दूर रहेका वृक्ष, पर्वत आदिको ज्ञान हुने र मनले पनि टाढा रहेका विषयको चिन्तन गर्ने भएकाले यी इन्द्रियले कुनै विषयको ग्रहण गर्ना साथ अर्थावग्रह नै हुन्छ, व्यन्जनको अपेक्षा न हुने भएकाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यञ्जनावग्रह हुँदैन। त्यस पछि ईहा, अवाय आदि ज्ञान पूर्वोक्त मन्दक्रम अनुसार नै हुन्छ।

यसरी पटुक्रममा इन्द्रियका साथ ग्राह्य विषयको संयोग बिना नै ज्ञान धाराको आविर्भाव हुन्छ र जसको प्रथम रूप अर्थावग्रह र अन्तिम रूप स्मृतिहेतु धारणा हो भने मन्दक्रममा इन्द्रियको ग्राह्यविषयका साथ संयोग भएर मात्र ज्ञानधाराको आविर्भाव हुने हुँदा संयोगको पुष्टताका आधारमा ज्ञान पुष्ट हुँदै जान्छ र जसको प्रथम रूप अव्यक्ततम, अव्यक्ततर रूप व्यञ्जनावग्रह र अन्तिम रूप धारणा हो। त्यसैले चक्षु र मनले व्यञ्जनावग्रह हुँदैन।

यस प्रकार मतिज्ञानको भेद ६इन्द्रियX४अवग्रहादि=२४+४ प्राप्यकारी इन्द्रियका ४ व्यञ्जनावग्रहले=२८X बहु बहुविध आदि १२ प्रकारले=३३६ भेद हुन्छन्।

-मति-श्रुता-वधि-मनपर्याय-केवलानि ज्ञानम्, (१।९) भनेर सम्यक् ज्ञानका ५ भेद देखाइएकोमा पहिलो मतिज्ञानको विश्लेषण गरियो। अब दोस्रो श्रुतज्ञानको विश्लेषणका लागि सूत्रकार बताउछन् कि -

-श्रुतं मतिपूर्वं द्व्यनेकद्वादशभेदम् - १।२०

शास्त्रज्ञान नै श्रुतज्ञान हो। श्रुतज्ञान मतिज्ञान पूर्वक हुन्छ र त्यो अङ्गबाह्य र अङ्गप्रविष्ट गरी २ प्रकारको र अङ्गबाह्य उत्कालिक, कालिक आदिका भेदले अनेक प्रकारको हुन्छ भने अङ्गप्रविष्ट चाहिँ आचाराङ्ग, सूत्रकृताङ्ग आदि १२ प्रकारको हुन्छ।

श्रुतज्ञान मतिज्ञानपूर्वक हुन्छ। भनाइको मतलव यो हो कि- मतिज्ञानबाट श्रुतज्ञान उत्पन्न हुन्छ। तर मतिज्ञान श्रुतज्ञानको कारण भएता पनि बहिरङ्ग कारण मात्र हो। अन्तरङ्ग कारण त श्रुतज्ञानावरण क्षयोपशम हो। किन कि कुनै विषयको मतिज्ञान भए पनि क्षयोपशम भएन भने श्रुतज्ञान उत्पन्न हुँदैन।

मतिज्ञान र श्रुतज्ञानको परिभाषा यो छ कि -वर्तमान विषयक ज्ञान मतिज्ञान हो भने त्रैकालिक विषयकज्ञान श्रुतज्ञान हो। इन्द्रियजन्य या मनोजन्य भएर जुन ज्ञान शब्दोल्लेख रहित हुन्छ भने त्यो मतिज्ञान हो भने शब्दोल्लेख्य ज्ञान श्रुतज्ञान हो। अर्को शब्दमा भन्ने हो भने मन र इन्द्रियबाट जन्य अपरिपक्व प्राथमिकज्ञान मतिज्ञान हो भने परिपक्व ज्ञान श्रुतज्ञान हो।

श्रुतज्ञानमा उपदेशकको भेदका कारण नै अङ्गप्रविष्ट र अङ्गबाह्य रूप दुई भेद हुन्छ। तीर्थङ्करहरूद्वारा प्रकाशित ज्ञानको उनका शिश्यहरूले साक्षात् रूपले ग्रहण गरेर द्वादशाङ्गी रूपमा सूत्रबद्ध गरे, त्यो अङ्ग प्रविष्ट र बुद्धि, बल र आयुमा कमी भएका सर्वसाधारणहरूको हितमा द्वादशाङ्गी अन्तर्गतका भिन्न भिन्न विषयहरूलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पश्चाद्वर्ती आचार्यहरूद्वारा बनाइएको शास्त्र अङ्गबाह्य हो। अर्थात् जुन शास्त्रका रचयिता गणधर हुन् ती अङ्गप्रविष्ट श्रुत हुन् भने अन्य आचार्यद्वारा रचित शास्त्र अङ्गबाह्या श्रुत हुन्। १२ वटा अंग प्रविष्ट श्रुत भनेका- आचार, सूत्रकृत, स्थान, समवाय, व्याख्याप्रज्ञप्ति (भगवती सूत्र), ज्ञाताधर्मकथा, उपासक दश, अन्तकृद्दश, अनुत्तरोपपातिकदश, प्रश्नव्याकरण, विपाक, दृष्टिवाद हुन् भने सामायिक, चतुर्विंशतिस्तव, वन्दनक, प्रतिक्रमण कार्योत्सर्ग, प्रत्याख्यान, आदि र दशवैकालिक, उत्तराध्ययन, दशाश्रुतस्कन्ध, कल्पव्यवहार, निशीथ र ऋषिभाषित आदि शास्त्र अङ्गबाह्य हुन्। दिगम्वरी सम्प्रदायको व्याख्या अनुसार सामायिक, स्तव, वन्दना, प्रतिक्रमण, वैनयिक, कृतिकर्म, दशवैकालिक, उत्तराध्ययन, कल्पव्यवहार, कल्पाकल्प, महाकल्प, पुण्डरीक, महापुण्डरीक, अशीतिका यी १४ अङ्गबाह्यका भेद हुन्। जैन दर्शनका यी प्रमुख शास्त्र हुन्। यस्ता अङ्गबाह्यमा परिगणित अन्य पनि विविध शास्त्रहरू छन् र अन्य कतिपय बनाइदै जान्छन् पनि। त्यसैले अङ्गबाह्या श्रुत अनेक हुन्छन्।

अब तेस्रो अवधिज्ञानको भेद प्रस्तुत गरिन्छ।

-द्विविधोऽवधि- १।२१

अवधिज्ञान २ किसिमको हुन्छ- भवप्रत्यय र यथोक्तनिमित्त (गुणप्रत्यय)।

-तत्र भवप्रत्ययो नारकदेवानाम्- १।२२

कुनै वाह्य निमित्तको अपेक्षा न हुने जन्म सिद्ध ज्ञान नै भवप्रत्यय हो। यस्तो ज्ञान नारकीय प्राणी र देवताहरूलाई हुने गर्छ। आयु, नाम, कर्मका निमित्तबाट हुने जीवको पर्याय(अवस्था) लाई भव भनिन्छ। त्यसबाट हुने ज्ञान भवप्रत्यय हो।

-यथोक्तनिमित्तः षड्विकल्पः शेषाणाम्। १।२३

जुन अवधिज्ञान जन्म पछि कुनै निमित्त या कुनै व्रत, नियम तपस्या आदि गुणको अनुष्ठानबाट हुन्छ त्यो यथोक्तनिमित्त अर्थात् गुणप्रत्यय ज्ञान हो र त्यो ज्ञान नारकीय र देवता देखि भिन्न मनुष्य आदि प्राणीमा हुन्छ।

भवप्रत्यय र गुणप्रत्यय दुबै ज्ञान क्षयोपशमबाट उत्पन्न हुन्छन्। कुनै प्राणीलाई अवधिज्ञानयोग्य क्षयोपशमका लागि तप आदि व्रत गर्नु पर्दैन। न्यूनाधिकरूपमा जन्मसिद्ध अवधिज्ञान अवश्य हुन्छ र त्यो उनीहरूको जीवनावधि सम्म रहन्छ। तर कुनै प्राणी यस्ता हुन्छन् जसलाई जन्मसिद्ध अवधिज्ञान हुँदैन र त्यस्ता प्राणीले अवधिज्ञानयोग्य क्षयोपशमका लागि विभिन्न व्रत, तप आदि गर्नु पर्ने हुन्छ। तसर्थ दुबै अवधिज्ञानको अन्तरङ्ग कारण क्षयोपशम नै भएता पनि कुनै प्राणी जातिलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसबाट ज्ञान हुनका लागि अन्य कारणको अपेक्षा हुँदैन भने कसैलाई गुणको अपेक्षा हुन्छ। जस्तै पक्षीहरू जन्मसिद्ध रूपले आकाशमा उड्छन् भने मनुष्य आदिले उड्नका लागि विमान आदिको सहारा लिनु पर्दछ। कुकुर, गाई, भैसीहरूमा पानीमा पौडनका लागि जन्मसिद्ध ज्ञान हुन्छ भने अरु कतिपय प्राणीमा त्यो ज्ञान हुँदैन।

जैन दर्शनमा ४ प्रकारका प्राणी हुन्छन्- नारक, देव, तिर्यञ्च, मनुष्य। त्यसमा नारक र देवमा जति ज्ञान हुन्छ सबै नै भवप्रत्यय हुन्छ भने तिर्यञ्च र मनुष्यमा चाहिँ केही अवधिज्ञान भवप्रत्यय पनि हुन्छ र धेरै जसो गुणप्रत्यय हुन्छ।

तिर्यञ्च र मनुष्यको अवधिज्ञान ६ प्रकारको हुन्छ-
आनुगामिक, अनानुगामिक, वर्धमान, हीयमान, अवस्थित, अनवस्थित।

१) कसैको अवधिज्ञान व्यक्ति सँग सँगै जान्छ भने त्यो अनुगामी अवधिज्ञान हो। हामी जहाँ गए पनि हाम्रो ज्ञान सँगै रहेको हुन्छ।
२) कसैको ज्ञान उत्पत्ति स्थानलाई छोडेर अन्य स्थानमा रहदैन भने त्यो अनुगामी हो। जस्तो कुनै ज्योतिषीले निश्चित ठाउँमा मात्र प्रश्नको ठिक उत्तर बताउन सक्तछ, जहाँ तहाँ जवाफ आउन सक्तैन।
३) जसरी आगोको सानो झिल्का एउटा सुखा दाउरामा क्रमशः बढदै जान्छ, त्यसरी नै कुनै अवधिज्ञान उत्पत्तिकालमा अल्पविषयक भए पनि परिणाम शुद्धि बढ्दै जादा क्रमसः बढ्दै गएर अधिकाधिक विषयक हुँदै जान्छ त्यो वर्धमान अवधिज्ञान हो।
४) जसरी कुनै तृण आदि न पाँउदा ठूलो आगो पनि क्रमश ह्रास हुँदै जान्छ त्यसै गरी परिणाम शुद्धि घट्दै जाँदा अवधि ज्ञान पनि अल्प अल्प हुँदै जान्छ, त्यो हीयमान ज्ञान भनिन्छ।
५) कसैको ज्ञान बाल्यवस्था देखिको भए पनि जीवन भर रहन्छ या अर्को जन्म सम्म अथवा केवल ज्ञान हुँदा सम्म रहन्छ भने त्यो अवस्थित अवधिज्ञान हो।
६) जल तरर झैँ कुनै ज्ञान कहिले घट्ने कहिले बढ्ने, कहिले आविर्भूत हुने कहिले तिरोहित हुने हुन्छ त्यो अनवस्तित ज्ञान हो।

चौथो मनःपर्याय ज्ञानको भेद तथा तिनमा अन्तर बताइन्छ-

-ऋजुमति र विपुलमति गरी मनःपर्यायज्ञान २ किसिमको हुन्छ। विषयको सामान्य ज्ञान ऋजुमति हो भने विशेषज्ञान विपुलमति हो। मन भएका प्राणीहरू कुनै विषय वा पदार्थको चिन्तन मनद्वारा नै गर्दछन्। चिन्तनीय वस्तुको भिन्नताको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारण चिन्तनमा प्रवृत्त मनको आकृतिमा पनि भिन्नता आउछ। यो मनको आकृति नै मन:पर्याय हो र यस किसिमको मानसिक आकृतिलाई साक्षात् जान्ने ज्ञान नै मन:पर्याय ज्ञान हो। यसबाट चिन्तनीय विषयको होइन चिन्तन गर्ने मनको ज्ञान हुन्छ।

मन:पर्यायबाट चिन्तनीय विषयको पनि ज्ञान त हुन्छ तर त्यो प्रत्यक्षबाट होइन अनुमानबाट मात्र हुन्छ। जसरी कुनै मनोवैज्ञानिक कसैको चेहरा या हावभाव देखेर अनुमानबाट उस व्यक्तिको मनोभाव वुझ्दछ, त्यसै गरी मन:पर्यायज्ञानी मन:पर्यायज्ञानबाट कसैको मन, वचन, कर्मको स्थितिलाई प्रत्यक्ष देखेर यो व्यक्तिले यस विषयको चिन्तन गरेको हो भनेर अनुमान गर्दछ।

निम्न सूत्रमा मन:पर्यायको भेद ऋजुमति र विपुलमतिमा अन्तर बताइएको छ-

-विशुध्यप्रतिपाताभ्यां तद्विशेषः। १-२५

मन:पर्यायज्ञानको क्षयोपशमबाट हुने आत्मपरिणामको निर्मलतालाई विशुद्धि र शंयमबाट पतित नहुनु अप्रतिपात हो। विशुद्धि र पतनको अभावका कारण ऋजुमति र विपुलमति मन:पर्याय ज्ञानमा फरक हुन्छ। त्यसमा ऋजुमतिको अपेक्षा विपुलमति मन:पर्याय ज्ञान विशेष शुद्धतर हुन्छ। किनकि यो ज्ञान सूक्ष्मतर र विषयलाई अधिक स्पष्टतया जान्न सक्ने हुन्छ भने ऋजुमतिमा यो विशेषता पाइदैन। पुनः ऋजुमति ज्ञान उत्पन्न भएर केही समय पछि नाश हुन पनि सक्छ भने विपुलमति केवलज्ञान उत्पत्ति हुन्जेल रहि रहन्छ।

अवधि र मन:पर्याय ज्ञानमा के फरक छ भन्ने कुरा निम्न सूत्रमा देखाइएको छ-

-विशुद्धिक्षेत्रस्वामिविषयेभ्योऽवधिमन:पर्याययोः। १।२६

विशुद्धि, क्षेत्र, स्वामी र विषयको अन्तरले गर्दा अवधिज्ञान र मन:पर्याय ज्ञानमा अन्तर हुन्छ। यद्यपि अवधि र मन:पर्याय ज्ञानमा प्रत्यक्षतः त्यति अन्तर देखिदैन, तथापि उपर्युक्त विशेष कारणले गर्दा केही अन्तर हुन्छ। जस्तै अवधिज्ञानको अपेक्षामा मन:पर्याय ज्ञानबाट विषयको अत्यन्त सूक्ष्म रूपमा बोध हुन्छ। यसर्थमा मन:पर्याय विशुद्धतर छ।

अवधिज्ञानको क्षेत्र अणुदेखि लिएर ब्रह्माण्डतक नै हुन्छ भने मन:पर्यायको क्षेत्र मानसिक विषयमात्र हुन्छ।

अवधिज्ञानको स्वामी सवै व्यक्ति (देव, नारक, तिर्यञ्च र मनुष्य यी चार गति वाला) हुन सक्छन् भने मन:पर्यायको स्वामी संयत व्यक्ति मात्र हुन सक्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवधिज्ञानको विषय सारा रूपवान् द्रव्य हुन् भने मनःपर्यायको विषय केवल मनोद्रव्य मात्र हुन्छ।

मति, श्रुत, अवधि, मनःपर्याय र केवल गरेर ज्ञान ५ प्रकारका बताइयो। यी ज्ञानका विषयहरू निम्न सूत्रमा देखाइएको छ।

-मतिश्रुतयोर्निबन्धःसर्वद्रव्येष्वसर्बपर्यायेषु। १।२७

मतिज्ञान र श्रुतज्ञानको प्रवृत्ति (ग्राह्य विषय) सर्वपर्याय रहित अर्थात् परिमितपर्याय युक्त सर्वद्रव्य हुन्छ।

मतिज्ञान र श्रुतज्ञानवाट रूपवान् तथा रूपरहित सबै द्रव्य जान्न सकिन्छ। तर ती द्रव्यका सबै पर्याय जान्न सकिदैन, केही पर्याय मात्र यसबाट ज्ञात हुन्छन्। यसरी मतिज्ञान तथा श्रुतज्ञानका विषयमा द्रव्यरूप ग्राह्यका अपेक्षावाट कम बेसी हुदैन ता पनि पर्यायरूप ग्राह्यका अपेक्षामा विषयगत न्यूनाधिकता अवश्य हुन्छ। यी दुई ज्ञानमा समानता भनेको यो हो- दुवैबाट द्रव्यका परिमित पर्यायलाई बुझ्न सकिन्छ। मतिज्ञान वर्तमान विषय ग्राही भएकाले इन्द्रियहरूको शक्ति र आत्माको योग्यता अनुरूप द्रव्यका कुनै कुनै पर्यायहरूको मात्र ग्रहण गर्दछ भने श्रुतज्ञान त्रिकालग्राही हुनाले त्रिकालिक पर्यायहरू कुनै न कुनै रूपमा ग्रहण गर्दछ।

जसरी इन्द्रियद्वारा मतिज्ञान हुन्छ त्यस्तै मनद्वारा पनि हुन्छ। इन्द्रियहरू मूर्तद्रव्यको मात्र ज्ञान गर्दछन् भने मन स्वानुभूत मूर्त अमूर्त सबै द्रव्यको चिन्तन गर्न सक्तछ। अत मनोजन्य मतिज्ञानका लागि सबै द्रव्यहरू ग्राह्य हुन्।

. स्वानुभूत विषय होस् या शास्त्रश्रुत विषय दुवैमा मनद्वारा मतिज्ञान र श्रुतज्ञान हुन्छ भने यी दुई ज्ञानमा के अन्तर हुन्छ त भन्दा त्यो ज्ञान यदि शब्दोल्लेख सहित छ भने श्रुतज्ञान हो र शब्दोल्लेख रहित छ भने मतिज्ञान हो भनेर वुझ्नु पर्ने हुन्छ।

अव अवधिज्ञानको विषय वताइन्छ-

-रूपिष्ववधेः १।२८

अवधिज्ञानका ग्राह्यविषय सर्वपर्याय रहित रूपी द्रव्यहरू हुन्, अर्थात् अवधिज्ञानवाट रूपवान् द्रव्यहरूको ज्ञान हुन्छ ता पनि ती द्रव्यका सबै पर्यायको ज्ञान हुन सक्तैन । एक त अवधिज्ञान मूर्त द्रव्यको मात्र ज्ञान गर्न सक्तछ, अमूर्तको होइन, मूर्त द्रव्यमा पनि सबै पर्यायको ज्ञान गर्न सक्तैन। जो रूपवान् छन् उनीहरूको मात्र ज्ञान हुन्छ।

-मनःपर्यायको ग्राह्य विषय निम्न सूत्रमा बताइएको छ-

-तदनन्तभागे मनःपर्यायस्य। १।२९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनःपर्यायज्ञानको प्रवृत्ति रूपीद्रव्यको सर्वपर्याय रहित अनन्त भागमा हुन्छ।

अवधिज्ञानद्वारा सवै प्रकारका रूपी पुद्गल द्रव्यको ज्ञान हुन सक्छ तर मनःपर्यायद्वारा केवल मनोरूप पुद्गलहरूको र त्यसमा पनि केवल मानुषोत्तर क्षेत्र (मानवदेखि माथि देवादितक) अन्तर्गतका विषयहरूको ग्रहण गर्दछ। तसर्थ मनःपर्यायज्ञानको विषय अवधिज्ञानको विषयका अपेक्षामा अनन्त भाग हो। मनःपर्यायज्ञानद्वारा चिन्तन योग्य मूर्त मनको साक्षात्कारका साथै अनुमानद्वारा चिन्तन गरिएका मूर्त अमूर्त सवै द्रव्यहरूको ज्ञान हुन्छ।

निम्न सूत्रमा केवलज्ञानको विषय वताइएको छ-

-सर्वद्रव्यपर्यायेषु केवलस्य। १।३०

केवल ज्ञानको प्रवृत्ति सवै द्रव्य र सवै पर्यायमा हुन्छ। अर्थात् केवलज्ञानवाट जीव आदि सवै विषयहरूका सवै पर्यायहरूको ज्ञान हुन्छ। मति आदि चार किसिमका ज्ञानहरू जतिसुकै विशुद्ध (सूक्ष्म) भएपनि चेतन शक्तिको अल्प विकसित स्वरूपका कारण कुनै पनि एक वस्तुको समग्र भाग जान्न असमर्थ नै हुन्छन्। नियम यो हुन्छ कि जो ज्ञान कुनै एक वस्तुको समग्रभाव जान्न समर्थ हुन्छ भने त्यो समग्र वस्तुको सम्पूर्ण भावहरूलाई जान्न सक्छ। त्यही ज्ञान पूर्णज्ञान हो र त्यो ज्ञान भनेको केवलज्ञान हो। यो ज्ञान चेतन शक्ति पूर्ण विकसित भए पछि प्रकट हुन्छ। यस्तो कुनै पनि वस्तु छैन कि केवलज्ञानवाट जसको प्रत्यक्ष ज्ञान हुँदैन। त्यसैले केवलज्ञानद्वारा सम्पूर्ण द्रव्य तथा सम्पूर्ण पर्यायहरूको ज्ञान हुन्छ।

यी सवै ज्ञानहरू आत्मामा रहन्छन् र त्यहाँ रँहदा कुन कुन ज्ञान एक साथ रहन्छन् भन्ने कुरा निम्न सूत्रमा देखाइएको छ-

-एकादीनि भाज्यानि युगपदेकस्मिन्नाचतुर्भ्यः। १।३१

एक आत्मामा अथवा जीवमा एक देखि चारौं सम्मका ज्ञानहरू मति, श्रुत, अवधि र मनःपर्याय मात्र एकै साथ रहन सक्छन्, पाँचौ केवलज्ञान अन्यज्ञान सँग रहन सक्तैन।

कुनै आत्मामा एक, कुनैमा दुई, कुनैमा तीन र कुनैमा चार ज्ञान मात्र एकै समयमा रहेका हुन्छन् तर पाँचौ केवल ज्ञानका साथमा अन्य ज्ञान एकै समयमा रहँदैनन्, किनकि केवलज्ञान पूर्णज्ञान हो भने अन्य अपूर्ण ज्ञान हुन्। जव पूर्ण ज्ञान छ भने ज्योतिका साथमा अन्धकार नरहे झैँ अन्य अपूर्ण ज्ञानहरू रहँदैनन्। यद्यपि आत्मामा सवै ज्ञानशक्ति हुन्छ ता पनि कुनै एक ज्ञान विषयग्रहणमा प्रवृत्त हुँदा अन्य ज्ञानशक्ति निष्क्रिय हुन्छन्। जस्तै मति र श्रुतज्ञान भएको आत्मामा मतिज्ञान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रवृत्त भएको समयमा श्रुतज्ञान निष्क्रिय हुन्छ। मति, श्रुत, अवधि र मनःपर्याय रहेको अवस्थामा श्रुत प्रवृत्त हुँदा अन्य निष्क्रिय हुने, अवधि प्रवृत्त हुँदा अन्य निष्क्रिय हुने र मनःपर्याय प्रवृत्त हुँदा अन्य ज्ञान निष्क्रिय हुने हुन्छन्।

केवलज्ञान भएका वेला पनि अन्य ज्ञानको शक्ति हुन्छ ता पनि ती पूर्ण निष्क्रिय हुन्छन् भन्ने एक मत पाइन्छ भने अर्को मतमा केवलज्ञान भएका वेला अन्य ज्ञानशक्ति नै हुँदैन। मति आदि चार ज्ञान कर्मक्षयोपशमरूप (कर्म सापेक्ष) भएकाले औपाधिक हुन्। अतः ज्ञानावरणीय कर्मको सर्वथा अभाव हुँदा स्वाभाविक रूपले केवलज्ञानको उदय हुन्छ र त्यो वेला अन्य औपाधिक ज्ञानहरू हुँदैनन्।

मति आदि ज्ञानहरू सम्यक्ज्ञान मात्र हुँदैनन् मिथ्यारूपका ज्ञान पनि हुन्छन्। यो कुरा निम्न सूत्रमा देखाइएको छ।

-मतिश्रुतावधयो विपर्ययश्च। १।३२

सम्यक् दृष्टि र मिथ्या दृष्टिका कारण मति, श्रुत र अवधि यी तीन ज्ञान ज्ञानरूपमात्र नभएर विपर्यय (अज्ञान या मिथ्याज्ञान) रूप पनि हुन्छन्। मिथ्याज्ञानद्वारा जीव कुनै पनि पदार्थहरूको विपरीत रूपले ज्ञान गर्दछ। यस्ता ज्ञानलाई कुमति, कुश्रुत र कुअवधि ज्ञान भन्न सकिन्छ।

कसरी ती ज्ञानहरू विपरीत ज्ञान हुन सक्छन् त भन्ने कुरा निम्नसूत्रमा देखाइएको छ।

-सदसतो रविशेषाद् यदृच्छोपलब्धेरून्मत्तवत्। १।३३

सत् र असत्को अन्तर नजान्नाले यदृच्छोपलब्धि (विचारशून्य उपलब्धि) का कारण उन्मत्त व्यक्तिलाई झैँ ज्ञान पनि अज्ञानरूपको हुन्छ। ज्ञान भन्नु नै चेतनाशक्ति हो र यसको काम विषयहरूलाई प्रकाशित गर्नु हो। मति, श्रुत र अवधि यी तीन ज्ञान ज्ञानरूप र अज्ञानरूपका हुन्छन्। यी तीन ज्ञान लौकिक दृष्टिले त ज्ञान नै हुन् तर अलौकिक या आध्यात्मिक दृष्टिका आधारमा ज्ञान पनि हुन् र अज्ञान पनि हुन्। सम्यग् दृष्टिले ज्ञान हुन् भने मिथ्या दृष्टिले अज्ञान हुन्। मिथ्यादृष्टिको उदयबाट जीवात्मामा पदार्थका प्रति कारणविपर्यय, भेदाभेदविपर्यय र स्वरूपविपर्यय हुन्छ। जस्तै वेदान्तीहरू एक मात्र ब्रह्मलाई संसारको मूलकारण मान्दछन्। साङ्ख्य प्रकृतिलाई, नैयायिक परमाणुलाई र बौद्धहरू ४ भूत र ४गुणको समष्टिरूप अष्ठक परमाणुलाई कारण मान्दछन् । यो कारणविपर्यय हो। त्यस्तै नैयायिकहरूले कार्यकारणमा भेद मान्नु र साङ्ख्य आदिले अभेद मान्नु कारणविपर्यय हो। रूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि गुणहरूलाई बौद्धहरूले ज्ञानको आकार मान्नु र नैयायिक आदिले तिनीहरूको छुट्टै सत्ता मान्नु स्वरूपविपर्यय हो। यी नै कारणबाट ज्ञान पनि अज्ञान हुन जान्छ।

अध्यात्म शास्त्रको आधार भनेकै आध्यात्मिक दृष्टि हो। जीव दुई प्रकारका हुन्छन्- मोक्षाभिमुख र संसाराभिमुख। मोक्षाभिमुख जीवात्मामा समभाव (सबै प्राणीमा समानदृष्टि राख्नु) तथा आत्मविवेक हुन्छ र त्यसले गर्दा उसले जति ज्ञान गर्दछ त्यो सबै समभावकै पुष्टिका लागि उपयोग गर्दछ, सांसारिक विषयवासनाको पुष्टिका लागि होइन। लौकिक दृष्टिले कसैको ज्ञान जतिसुकै होस् त्यो ज्ञान भए पनि आध्यात्मिक दृष्टिले त्यो समभावको पोषक नभएकाले अज्ञान नै हुन्छ। कुनै उन्मत्त मनुष्यमा जति सुकै गुणहरू रहुन्, ज्ञान पनि अधिक होस् तर त्यसले उसको उन्मादलाई नै बढाउछ। यस्तै मिथ्या दृष्टिवाला आत्मामा जति सुकै ज्ञानराशि होस् त्यो सबै ज्ञान उसले रागद्वेषका कारण सांसारिक वासनाको परिपोषणमा उपयोग गर्दछ। यसका विपरीत सम्यग्दृष्टिवाला आत्मामा रागद्वेषमा कमी र आत्मज्ञानको आधिक्य हुनाले आफ्नो थोरै पनि ज्ञान उसले आध्यात्मिक तृप्तिमा उपयोग गर्दछ।

-प्रमाणनयैरधिगमः भनेर पहिले (१।६) पदार्थहरूको ज्ञान प्रमाण र नयवाट हुने कुरा बताइएको थियो। त्यसमा प्रमाणका वारेमा बताइ सकियो भने अव निम्न सूत्रमा नयको भेद वताइन्छ-

-नैगम-संग्रह-व्यवहारर्जुसूत्रशब्दा नयाः। १।३४

नैगम, संग्रह, व्यवहार, ऋजुसूत्र र शब्द यी ५ नय हुन्।

-आद्यशब्दौ द्वित्रिभेदौ। १।३५

आद्य अर्थात् नैगम नयका २ भेद र अन्तिम शब्द नयका ३ भेद छन्। जैन दर्शनको एक परम्परामा यी ५ नय बाहेक अरु दुई समभिरुढ र एवंभूत गरी ७ नय मानिएको छ भने अर्को सिद्धसेन दिवाकरको परम्परामा नैगमलाई छोडेर ६ नय छन्। तेस्रो परम्परा यही सूत्र अनुसारको हो, जसमा ५ नय भनिएको छ। यसमा प्रथम नैगमका देशपरिक्षेपी र सर्वपरिक्षेपी गरी २ भेद र पाँचौ शब्दनयका सांप्रत, समभिरुढ र एवंभूत गरी ३ भेद छन्।

कुनै एक विषयमा भएको विशेष मतमतान्तर, विचार आदिको समीक्षा नै नय हो, तर त्यो विचार परस्पर विरूद्ध देखिनु पर्दछ र जसबाट एक मध्यस्थ विचार निकाल्नु नै नयवादको प्रयोजन हो। अर्थात् परस्पर विरूद्ध जस्ता देखिने विचारहरूमा वास्तविक अविरोधको बीज गवेषणा गरी उक्त विचारहरूमा समन्वय गर्नु नै नय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शास्त्रको कार्य हो। जस्तै आत्मा एक छ र आत्मा अनेक छन् भन्ने यी दुबै विचारमा यसरी नयको समन्वयात्मक प्रवृत्ति हुन्छ कि- शुद्ध चैतन्यका दृष्टिले हेर्ने हो भने आत्मा एक छ र व्यक्तिरूपले हेर्ने हो भने आत्मा अनेक छन्। त्यस्तै नित्यत्व, अनित्यत्व, कर्तृत्व, अकर्तृत्व आदि परस्पर विरुद्ध जस्ता देखिने मतमा एक समन्वयको बाटो खोज्नु नयको कार्य हो।

श्रुत र नय दुबै विचारात्मक ज्ञान हुन्। यसर्थमा नय नै श्रुत हो र श्रुत भनेको शास्त्र (आगम) प्रमाण हो, तर पनि श्रुत र नयमा यो अन्तर हुन्छ कि कुनै विषयलाई सर्वांशरूपले छुनेलाई श्रुत भनिन्छ भने एकांशको स्पर्श गर्नेलाई नय भनिन्छ। एकांशको मात्र अध्ययन गर्ने भएकाले नयलाई स्वतन्त्र प्रमाण नमानिएको हो तर पनि यसमा प्रमाणधर्म भने हुन्छ। त्यसैले कुनै पनि विषयको सापेक्ष निरूपण गर्ने विचार नै नय हो। अत नयवादलाई सापेक्षवाद पनि भनिन्छ।

<u>नयमा भेद</u>

सामान्यतः नयका द्रव्यार्थिक र पर्यायार्थिक गरी २ भेद छन्। कुनै पनि विषयको सामान्य अंशको बुद्धि- विचार द्रव्यार्थिक हो र त्यसै विषयको विशेष विचार पर्यायार्थिक नय हो। जस्तै कसैले गरेको समुद्रको अध्ययनमा केवल जल र छाल सम्वन्धको मात्र दृष्टि द्रव्यार्थिक नय हो भने समुद्री जलको गहिराइ, स्वाद, रङ आदि समेतको विशेष दृष्टि पर्यायार्थिक नय हो।

यो सामान्य र विशेष दृष्टिमा विद्यमान केही न केही अन्तरका कारण द्रव्यार्थिक र पर्यायार्थिक नयमा पनि विशेष भेद हुन्छ। अत नैगम, संग्रह र व्यवहार यी द्रव्यार्थिक नयका ३ र ऋजुसूत्र, शब्द, समभिरुढ र एवंभूत समेत पर्यायार्थिक नयका ४ भेद गरी जम्मा ७ प्रकारमा नय प्रस्तुत सूत्रमा देखाइएको हो।

नयको स्वरूप र उदाहरण

१) जुन विचार लौकिक रुढी या सँस्कारको अनुसरणबाट पैदा हुन्छ त्यो नैगमनय हो। त्यो पनि देशपरिक्षेपी र सर्वपरिक्षेपी गरी २ भेदको हुन्छ। त्यसमा घट-पट जस्ता लौकिक विषयको विचार देशपरिक्षेपी र विषयको सर्वांशविषयक विचार सर्वपरिक्षेपी नैगम हो।

रुढीको आधारमा भएको दृष्टि नैगमनय हो। जस्तै खोलामा खेत, भन्दा तात्पर्यले खोलाको किनारमा खेत भन्ने बुझ्नु, जातपात छोडी सन्यासी, भिक्षु या श्रमण भएको व्यक्तिलाई पूर्ववृत्तको आधारमा परिचय गराउदा पनि श्रमणको रूपमा नै चिन्नु, कुनै समुदाय विशेष युद्ध गर्दा लड्दा नेपाल लड्दैछ, हिन्दुस्तान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लड्दैछ भनेर बुझ्नु आदि लोकरुढी सँस्कारद्वारा कुरा बुझेर आउने विचार नैगमनय हो।

२) जुन विचारले भिन्न भिन्न प्रकारका वस्तुहरू या अनेक व्यक्तिहरूलाई सामान्य तात्त्विकरूपमा ग्रहण गर्दछ त्यो विचार संग्रहनय हो। जस्तै सकल प्राणीहरूलाई एक जीवतत्त्वका रूपमा ग्रहण गर्नु संग्रह नय हो।

३) जुन विचारले सामान्यरूपमा संग्रहीत वस्तुहरूलाई व्यवहारिक प्रयोजनका अनुसार बुझ्नका लागि पृथककरण गर्दछ त्यो व्यवहार नय हो। जस्तै पशुहरूलाई वन्य र घरपालुवाको रूपमा पृथककरण गरी विचार गर्नु व्यवहार नय हो। यी ३ नय द्रव्यार्थिक भए।

४) जुन विचार भूतकाल र भविष्यत्कालमा ध्यान नदिएर केवल वर्तमान विषयका पर्यायमा केन्द्रित हुन्छ त्यो ऋजुसूत्र नय हो। यद्यपि मनुष्यको व्यवहार भूत र भविष्यलाई उपेक्षा गरेर चल्दैन, तथापि कसैको यस्तो विचार हुन्छ कि जो उपस्थित छ त्यो मात्र सत्य हो, त्यही कार्यकारी हो। भूत र भविष्यत्कालीन वस्तु वर्तमानमा कार्यसाधक नभएकाले ती सुखसाधन न हुँनाले शून्यवत् हुन्। जुन पुत्र वर्तमानमा उपस्थित छ र माता पिताको सेवा गर्छ त्यो पुत्र नै पुत्र हो। अतीत र अनागत पुत्रको के प्रयोजन । यो विचार ऋजुसूत्रनय हो।

५) जुन विचार शब्दिक धर्म तिर झुकेर तदनुसार अर्थभेदको कल्पना गर्छ यस्तो शब्दप्रधान नय शब्दनय हो। शाब्दिक धर्मका आधारमा अर्थ भेदका अनेक मान्यताहरू प्रचलित हुन्छन्। सामान्य रूपले एउटै अर्थवाचक शब्दमा भिन्न भिन्न काल, लिङ्ग, संख्या, कारक, पुरुष र उपसर्ग आदिको प्रयोगले त्यसको अर्थमा केही भिन्नता मान्नु पर्ने हुन्छ। जस्तै गाग्रो (न पुं.) ले माटोको र गाग्री (स्त्री) ले धातुको घडालाई बुझिन्छ। तारा र नक्षत्रले भिन्नै अर्थ बुझ्नु पर्ने हुन्छ। एवं संस्थान, प्रस्थान, उपस्थान, आराम, विराम आदि उपसर्गको प्रयोगले पनि अर्थ भेद हुन्छ। कुनै नगर थियो, भन्ने सामान्य भूतकालको प्रयोगले त्यो अहिले छैन भन्ने कुरा बुझिन्छ। यस किसिमको शाब्दिक धर्मको भेदले अर्थभेद केलाएर एक विचारको निर्णयमा पुग्नु शब्द नय हो।

सूत्रकारद्वारा देखाएका यी ५ नय मध्ये अन्तिमको यो शब्दनयलाई ३ भाग गरिएको पाइन्छ- साम्प्रत, समभिरुढ र एवंभूत। तर साम्प्रतनयको अर्थमा शब्दनय नै रुढ भएकाले अरु दुई मात्र यहाँ प्रस्तुत गरिएको हो। त्यसैले-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६-समभिरुढनय- जुन विचार शब्दको व्युत्पत्तिका आधारमा अर्थ भेदको कल्पना गर्दछ त्यो विचार समभिरुढ नय हो। जस्तै राजा, नृप, भूपाल आदि पर्यायवाची शब्दमा व्युत्पत्तिबाट अर्थभेद देखाउनु समभिरुढ नय हो। जस्तै राजते शोभते इति राजा= शोभायमान अर्थात् सुन्दर व्यक्ति। नृन् पालयतीति नृप= मनुष्यलाई पालन संरक्षण गर्ने व्यक्ति। भुवं पालयतीति भूपाल= पृथ्वीलाई पालन संरक्षण गर्ने व्यक्ति।
७) जुन विचार व्युत्पत्तिलभ्य अर्थको अपेक्षा नगरी शब्दबाट फलित हुने रुढ अर्थलाई नै मान्यता दिन्छ त्यो एवंभूत नय हो। शब्द केलाएर या व्युत्पत्तिबाट अर्थ निकालेर पनि यदि त्यो अर्थ व्यवहारमा घटित हुँदैन भने त्यो कार्य पनि व्यर्थ हो। जस्तै शोभायमान भएर मात्रै अथवा मनुष्यको रक्षा गरेर मात्रै राजदण्ड श्रीपेच नलगाएको या त्यसको अनधिकारी व्यक्ति हाम्रो समाजमा राजा कहलिन सक्तैन। तसर्थ राजा, नृप, भूपाल आदि शब्दले व्युत्पत्तिगत जे अर्थ दिए पनि त्यसको प्रयोजन हुँदैन र ती सबै शब्दको एउटै अर्थ श्रीपेच र राजदण्डको आधिकारिक व्यक्ति नै हुन्छ। यो विचार एवंभूतनय हो।

ज्ञानविवेचनात्मक प्रथमाध्याय समाप्त।

◆◆◆

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ द्वितीय अध्याय

जीव

प्रथम अध्यायमा जीव, अजीव, आस्रब, बन्ध, संवर, निर्जरा र मोक्ष गरी ७ पदार्थहरूको नाम निर्देशन गरिएको थियो। अगाडिका अध्यायमा यी नै ७ पदार्थहरूको विवेचना गरिन्छ। यस दोस्रो अध्यायमा अब जीव अथवा आत्माको बारेमा विवेचना गरिन्छ।

जीवका ५ भाव (अवस्था) हरू हुन्छन् जो अगाडिको सूत्रमा देखाइएको छ-

-औपशमिक-क्षायिकौ भावौ मिश्रश्च जीवस्य स्वतत्त्वमौदयिकपरिणामिकौ च। २।१

जीव अर्थात् आत्माका औपशमिक, क्षायिक, मिश्र (क्षायोपशमिक) औदयिक र परिणामिक गरी ५ भाग या स्वरूप हुन्छन्।

जीव भन्नाले यहाँ आत्मालाई बुझाउन खोजिएको छ। दर्शनहरूमा आत्माको विषयमा मतभेद पाइन्छ। सांख्य, वेदान्त, न्याय, वैशेषिकहरू केही आवान्तर मतभेदका वावजुद आत्मालाई नित्य अपरिणामी मान्दछन्। त्यसमा न्याय वैशेषिकहरू आत्मालाई ज्ञान आदि विशेष गुणवान् मान्दछन् भने सांख्य, वेदान्त ती गुणलाई प्रकृति या अविद्याको परिणाम मान्दछन्। बौद्ध दर्शनमा आत्मालाई एकान्त क्षणिक या निरन्वय परिणामको प्रवाह मानिएको छ, तर जैन दर्शनमा आत्मा न त अपरिणामी कुटस्थ नित्य हो न त एकान्त क्षणिक नै हो, किन्तु परिणामी नित्य हो। तसर्थ ज्ञान, सुख, दुःख आदि आत्माकै गुणहरू हुन्। आत्माका सबै पर्याय (स्वरूप) एकै अवस्थाका हुँदैनन्। केही पर्याय कुनै अवस्थाका र कुनै अर्कै अवस्थाका हुन्छन्। पदार्थको त्यो भिन्न भिन्न अवस्थालाई भाव भनिन्छ र ती नै भाव उपर्न्युक्त ५ प्रकारका हुन्।

भावहरूको स्वरूप

१) औपशमिक भाव- कर्मको उपशम(निवृत्ति)बाट हुने भाव औपशमिक भाव हो। जब सत्तागतकर्मको उदय रोकिन्छ तब आत्मामा औपशमिक विशुद्धिको प्रादुर्भाव हुन्छ। जस्तै पानीको मैला थिग्रियो भने पानी सङ्लो हुन्छ।

२) क्षायिक भाव- क्षायिक भाव कर्मको क्षयबाट उत्पन्न हुन्छ। यो क्षायिकभाव आत्माको यस्तो परम विशुद्ध रूप हो जो आत्मनिहित कर्मको सम्वन्ध टुटे पछि उत्पन्न हुन्छ। जस्तै मैला सर्वत्र हटे पछि पानी स्वच्छ हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३) क्षायोपशमिक- यो क्षय र उपशम दुवैबाट उत्पन्न हुने आत्मिक विशुद्धि हो। जहाँ कर्मको एक अंशको उदय सर्वथा रोकिन्छ र दोस्रो अंशको क्षय हुँदै गएको हुन्छ। यसमा एक अंश कर्मको उपशम र क्षय भएको हुन्छ तर अन्य कर्म रहेकै अवस्थामा हुन्छन्। जस्तो कुनै वस्तुलाई अलि अलि मात्र धोइयो भने त्यसको केही मैला मात्र गएर वस्तु केही स्वच्छ हुन्छ।

४) औदयिकभाव- यो कर्मको उदयबाट हुने आत्मिक भाव हो जसमा कर्मको विपाक वृद्धिबाट आत्मा मलिन हुन्छ। जस्तो मैला मिलेपछि जल मैला हुन्छ।

५) पारिणामिक भाव- यो द्रव्यको स्वभाविक परिणामबाट उत्पन्न हुन्छ। यो भाव द्रव्यको अस्तित्वकै कारण स्वभाविक रूपले हुने स्वरूपपरिणमन हो। संसारी या मुक्त आत्मा यी कुनै न कुनै भाववाला हुन्छन् भने अजीवमा यी कुनै पनि भाव हुँदैनन्। जीवमा पनि यी सबै भाव एकै साथ हुँदैनन्। मुक्त जीवमा क्षायिक र पारिणामिक भाव हुन्छन् भने संसारी जीव कुनैमा ३ भाव कुनैमा ४ भाव त कुनैमा ५ भाव हुन्छन् तर २ भाव मात्र संसारी जीवमा हुँदैनन्।

यी ५ भावका पनि कर्मका आधारमा ५३ प्रकारका विभिन्न अवान्तर भेदहरू हुन्छन्। जो अधिल्लो सूत्रमा देखाइएको छ।

-द्वि-नवा-ष्टादशैकविंशति-त्रिभेदा यथाक्रमम्। २।२

त्यसमा क्रमशः औपशमिक २ प्रकारको, क्षायिक ९ प्रकारको, क्षायोपशमिक १८ प्रकारको, औदयिक २१ प्रकारको र पारिणामिक भाव ३ भेदको हुन्छ। त्यसमा प्रथम औपशमिक भावको भेद निम्न सूत्रमा देखाइएको छ-

-संम्यक्त्व-चारित्रे। २।३

दर्शनमोहनीय कर्म (तत्त्वजिज्ञासाको बाधक कर्म)को उपशमबाट सम्यक्त्वको र चारित्रमोहनीय कर्म (व्रतानुष्ठानमा बाधक कर्म)को उपशमबाट चारित्रको आविर्भाव हुन्छ। तसर्थ औपशमिक भावका सम्यक्त्व र चारित्र २ पर्याय हुन्छन्। दोस्रो क्षायिक भावमा पनि यी सम्यक्त्व र चारित्र पर्याय हुन्छन्। यस भावका जम्मा नौ पर्यायमा बाँकी ७ पर्याय निम्नसूत्रमा देखाइएको छः-

-ज्ञान-दर्शन-दान-लाभ-भोगो-पभोग-वीर्याणि च। २।४

क्षायिक भावका ज्ञान, दर्शन, दान, लाभ, भोग, उपभोग, वीर्य र -च शब्दले देखाइएका पूर्वसूत्रनिर्दिष्ट सम्यक्त्व र चारित्र गरी जम्मा ९ पर्याय हुन्छन्। त्यसमा केवलज्ञानावरण (केवलज्ञानमा बाधक) कर्मको क्षयबाट केवलज्ञान, केवलदर्शनावरणको क्षयबाट केवल दर्शन, पञ्चविध अन्तरायमा दानान्तराय क्षयबाट क्षायिक अभयदान,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाभान्तरायक्षयबाट क्षायिक लाभ, भोगान्तरायक्षयबाट क्षायिक अनन्त भोग, उपभोगान्तरायको क्षयबाट क्षायिक अनन्त उपभोग र वीर्यान्तरायक्षयबाट क्षायिक अनन्त वीर्य, यस प्रकारले दान, लाभ, भोग, उपभोग र वीर्य गरी ५ लब्धि दर्शनमोहनीय र चारित्रमोहनीय कर्मको क्षयबाट हुने सम्यक्त्व र चारित्रको आविर्भाव समेत जम्मा ९ पर्याय क्षायिक भावका हुन्छन्।

तेस्रो क्षायोपशमका १८ भेद निम्न सूत्रमा देखाइएको छ -

-ज्ञाना-ज्ञान-दर्शन-दानादिलब्धयश्चतुस्त्रि-त्रि-पञ्च भेदाः यथाक्रमं सम्यक्त्व-चारित्र-संयमा-संयमाश्च। २।५

सूत्रमा चतुः+ त्रि+त्रि+पञ्च भेदा, भनेर देखाइए अनुसार मति, श्रुत, अवधि र मनःपर्याय रूप ज्ञानावरणको क्षयोपशमबाट ४ ज्ञान, अनि मतिअज्ञान, श्रुतअज्ञान र विभङ्गज्ञान रूप आवरणको क्षयोपशमबाट हुने मतिअज्ञान, श्रुतअज्ञान र विभङ्गज्ञान गरी ३ अज्ञान, त्यस्तै चक्षुर्दर्शनावरण, अचक्षुर्दर्शनावरण, अवधिदर्शनावरणको क्षयोपशमबाट हुने चक्षुदर्शन, अचक्षुदर्शन र अवधिदर्शन गरी ३ दर्शन, पूर्वोक्त पञ्चविध अन्तरायको क्षायोपशमबाट हुने दान, लाभ, भोग, उपभोग र वीर्य गरी ५ लब्धिहरूको योगले १५ भेद, एवं अनन्तानुवन्धीचतुष्क अनन्तानुवन्धी, अप्रत्याख्यान, प्रत्याख्यान र सञ्ज्वलन अनि दर्शन मोहनीयको क्षयोपशमबाट जन्य सम्यक्त्व, अनन्तानुवन्धी, अप्रत्याख्यान र प्रत्याख्यान रूपका क्रोध, मान, माया र लोभ जस्ता १२ प्रकारका कषायको उपशमबाट हुने चारित्र (सर्वविरति) को आविर्भावले १७ भेद एवं अनन्तानुवन्धी आदि अष्टविध कषायको क्षायोपशसबाट हुने संयमासंयम (देश विरति) को आविर्भावले जम्मा १८ वटा पर्याय क्षयोपशमिकका छन्। यी कषाय आदिको विशेष विवेचन आठौं अध्यायमा गरिएको छ।

औदयिक भावका २१ पर्यायहरू निम्न सूत्रमा देखाइएका छन्-

-गति-कषाय-लिङ्ग-मिथ्यादर्शना-ज्ञाना-संयता-सिद्धत्व-लेश्या श्चतुश्चतु स्त्र्येकैकैकैकषड्भेदाः। २।६

४ गति, ४ कषाय, ३ लिङ्ग, मिथ्यादर्शन, अज्ञान, असंयतत्व, असिद्धत्व अनि ६ प्रकारका लेश्या समेत गरी जम्मा २१ भेद औदयिक भावका रहेका छन्।

नाम कर्मका उदयको फल नारक, तिर्यञ्च, मनुष्य र देव रूपका ४ गति हुन्छन्। कषाय मोहनीयको उदयबाट प्रकट हुने क्रोध, मान, माया, लोभ यी ४ कषाय हुन्। लिङ्ग (वेद) मोहनीयको उदयबाट हुने स्त्री, पुरुष र नपुंसक रूपका लिङ्गका ३ भेद हुन्। मिथ्यात्व मोहनीय कर्मको उदयबाट हुने मिथ्यादर्शन (तत्त्वको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अश्रद्धान) हो भने ज्ञानावरणीय कर्मका उदयको फललाई असंयतत्त्व (विरतिको सर्वथा अभाव) भनिन्छ। वेदनीय, आयु, नाम र गोत्रानुकूल कर्मको उदयको परिणाम असिद्धत्व (शरीर धारण) हो। कषायोदयरञ्जित योगको परिणामलाई लेश्या भनिन्छ र त्यसका कृष्ण, नील, कपोत, तेज, पद्म र शुक्ल यी ६ भेद मानिएका छन् । यी जम्मा २१ भेद (पर्याय) आत्माका औदयिक भावका हुन्। यहाँ जुन् ६ प्रकारका लेश्याको कुरा गरियो, अन्य कतिपय दर्शनले सत्त्व, रज र तम भने झैँ पुद्गल द्रव्यको संसर्गबाट हुने जीवको अध्यवसाय, परिणाम र विचार आदिले आत्मामा आइ पर्ने असर नै यहाँ लेश्या हो।

पारिणामिक भावका ३ भेद निम्न सूत्रमा प्रस्ट्याइएको छ-

-जीव-भव्या-भव्यत्त्वादीनि च। २।७

आत्मा अथवा जीवको पारिणामिक भावका पर्यायहरू जीवत्त्व (चैतन्य), भव्यत्व (मुक्तिको लागि योग्यत्व), अभव्यत्व (मुक्तिका लागि अयोग्यता) यी तीन हुन्। यी तीन भाव भनेका स्वाभाविक भाव हुन्। ती भावहरू न त कुनै कर्मको उदयबाट हुन्छ, न त उपशमबाट, क्षयबाट वा क्षयोपशमबाट नै हुन सक्छ। यी अनादिसिद्ध आत्मद्रव्यको अस्तित्वबाट सिद्ध पर्यायहरू हुन्।

यहाँ जीवका भावहरू भनेर जति बताइए, यी सबै असाधारण भाव हुन्। यी बाहेक जीव, अजीव सबैको साधरण भावहरू जस्तै- अस्तित्व, अन्यत्व, कर्तृत्व, भोक्तृत्व, गुणत्व, प्रदेशत्व, असंख्यात प्रदेशत्व, असर्वगतत्व, अरुपत्व आदि अनेक हुन सक्दछन्। यहाँ जीवको स्वरूपकथन नै अभीष्ट भएकाले ती साधारण भावहरू न बताइएको हो। सूत्रकारले यस सूत्रको अन्तमा प्रयोग गरेको आदि शब्दले यही साधारण भावहरूलाई देखाउन खोजेका हुन्।

अव सूत्रकार निम्न सूत्रबाट जीवको लक्षण बताउछन्।

-उपयोगो लक्षणम् । २।८

उपयोग नै जीवको लक्षण हो। उपयोग भनेको बोध क्रिया हो जो जीवमा चेतनशक्तिका कारण रहेको हुन्छ। त्यसैले जसमा स्वभावैले चेतनशक्ति या ज्ञान रहेको हुन्छ त्यो जीव हो भन्न सकिन्छ। आत्मामा अनेक गुणका पर्यायहरू रहेका हुन्छन् तर तिनमा उपयोग गुण प्रमुख हो। उपयोग स्व-परप्रकाशक हो। जसले गर्दा आफ्नो र अन्यको ज्ञान गर्न सम्भव हुन्छ। आत्मा हरेक विषयका सम्बन्धमा अस्ति नास्ति जान्दछ, ननु न च गर्छ, सुख दुःखको अनुभव गर्छ, त्यो सब उपयोगकै कारण हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मालाई जीव या चेतन पनि भनिन्छ। यो अरुपी द्रव्य भएकाले इन्द्रियबाट गम्य न भए पनि स्वसंवेदन, प्रत्यक्ष (अवधि आदि) तथा अनुमानबाट ज्ञान हुन सक्छ। तथापि सामान्य जिज्ञासुहरूलाई यो लक्षणबाट पनि जीव विषयमा जानकारी हुन सक्छ। उपयोग नै आत्माको त्रैकालिक अथवा नित्य स्वरूप हो। अन्य भावहरू कादाचित्क (कहिले हुने कहिले नहुने) भएका कारण लक्षण हुन सक्तैनन्।

निम्न सूत्रमा उपयोगको भेद बताइन्छ -

-स द्विविधोष्टचतुर्भेदः। २।९

उपयोग सामान्यरूपले २ प्रकारको हुन्छ- साकार अनाकार। त्यसमा साकार ८ प्रकारको र अनाकार ४ प्रकारको हुन्छ। ज्ञान साकार र दर्शन अनाकार हुन्छ। अतः ज्ञानोपयोग र दर्शनोपयोग गरी उपयोगलाई २ प्रकारको भन्न सकिन्छ।

चेतन समान भए पनि वोधव्यापार या उपयोग सव आत्मामा समान हुँदैन। उपयोगको यो विविधता बाह्य र आभ्यन्तर कारणकलापको विविधतामा निर्भर हुन्छ। विषयभेद, इन्द्रियभेद, देशकालभेद आदि विविधता बाह्य सामग्रीको हो र आवरणको तीव्रता मन्दतारूप तारतम्य आन्तरिक सामग्रीको विविधता हो। यी नै सामग्रीको तारतम्यबाट एक आत्मा भिन्न भिन्न समयमा र अनेक आत्मा एक समयमा भिन्न भिन्न प्रकारका वोधव्यापार गर्न सक्षम हुन्छन्। वोधको यो विविधता अनुभवगम्य छ। यही विविधतालाई उपरोक्त भेदद्वारा प्रष्ट पार्न खोजिएको छ।

साकार र अनाकार रूप उपयोगमा साकारका ८ भेद- मतिज्ञान, श्रुत ज्ञान, अवधि ज्ञान, मनःपर्याय ज्ञान, केवल ज्ञान तथा मति अज्ञान, श्रुत अज्ञान, विभङ्ग ज्ञान (अवधि अज्ञान) हुन् भने अनाकार उपयोगका ४ भेद- चक्षु दर्शन, अचक्षु दर्शन, अवधि दर्शन र केवल दर्शन। यी उपयोगहरूलाई विशेष रूपले बुझ्न खोज्दा यो भन्न सकिन्छ कि- ग्राह्य वस्तुलाई विशेष रूपले जान्ने बोधव्यापार साकार हो र जसलाई ज्ञान या सविकल्पक भनिन्छ भने सामान्य रूपले जान्ने उपयोग अनाकार हो र यसलाई दर्शन या निर्विकल्पक वोध भनिन्छ। साकार उपयोगका ८ भेद पहिले बताइएयो भने अनाकारका ४ भेदमा नेत्रजन्य सामान्य वोध चक्षुदर्शन हो भने अन्य इन्द्रियबाट जन्य ज्ञान अचक्षु दर्शन, अवधिलब्धिबाट मूर्तपदार्थको सामान्य वोध अवधिदर्शन हो भने केवललब्धिजन्य समस्त पदार्थको सामान्य बोध केवलदर्शन हो। मनःपर्याय, केवलज्ञान र केवलदर्शन सम्यक्त्व विना नहुने हुनाले प्रतिपक्ष (विपरीत रूप) हुँदैन र बाकी ३ दर्शन सम्यक्त्व विना पनि हुनाले प्रतिपक्ष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त हुन्छ तर यो सामान्य ज्ञान भएका कारण यिनको पक्ष-प्रतिपक्षमा भेद बताउन सकिदैन।

निम्न सूत्रमा जीवको भेद बताइन्छ-

संसारिणो मुक्ताश्च। २।१०

संसारी र मुक्त गरेर जीव २ प्रकारका हुन्छन्। जीव अनन्त छन् र चैतन्य रूपले सबै समान हुन्छन्, तर पर्यायविशेषको सद्भाव र असद्भावका अपेक्षाले २ भेद गरिएको हो। संसाररूप पर्याय सहित संसारी र संसाररूप पर्याय रहित जीव मुक्त हुन्। संसार भनेको द्रव्यबन्ध र भावबन्ध हो। कर्मदलको विशिष्ट सम्बन्ध द्रव्यबन्ध हो भने राग, द्वेष आदि वासनाको सम्बन्ध भावबन्ध हो।

अव निम्न सूत्रमा संसारी जीवको भेद प्रभेद बताइन्छ।

-समनस्काऽमनस्काः। २।११

मनका आधारमा संसारी जीव समनस्क (मन सहितका) र अमनस्क (मन रहितका) हुन्छन्। जैन दर्शनमा मन पनि २ प्रकारको हुन्छ- भावमन र द्रव्यमन। विचार गर्न सोच्न सक्ने आत्मिक शक्ति भावमन हो भने त्यसको सहयोगी सूक्ष्म परमाणु द्रव्यमन हो। भावमन सबै जीवमा हुन्छ, तर द्रव्य मन सबैमा नहुने हुँदा त्यसका आधारमा यो समनस्क र अमनस्क भेद गरिएको हो।

प्रकारान्तरले पनि जीवका २ भेद नै हुन्छन्। जुन कुरा निम्नसूत्रमा देखाइएको छ।

-संसारिणस्त्रसस्थावराः। २।१२

संसारी जीव गतिका आधारमा त्रस (जङ्गम) र स्थावर गरी २ प्रकारका नै हुन्छन्। उद्देश्य पूर्वक एक स्थानबाट अर्को स्थानमा जान सक्ने योग्यता भएका जीव त्रस (जङ्गम) र त्यो शक्ति न भएका जीव स्थावर हुन्। त्रस केही समनस्क र केही अमनस्क हुन्छन् भने स्थावर सबै अमनस्क हुन्छन्। दुःख त्यागने र सुख प्राप्त गर्ने प्रवृत्ति त्रस नाम-कर्म हो। त्यो त्रसजीवमा हुन्छ भने त्यसको विपरीत स्थावर नाम कर्मको उदय स्थावरमा हुन्छ र जसमा दुःख त्यागने एवं सुख प्राप्त गर्ने प्रवृत्ति सम्भव हुँदैन।

स्थावरका प्रकार निम्न सूत्रमा देखाइएको छ -

-पृथिव्यम्बुवनस्पतयःस्थावराः। २।१३ - पृथिव्यप्तेजोवायुवनस्पतयः स्थावराः (दिगम्बर)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थावर जीवका पृथिवीकायिक, जलकायिक र वनस्पतिकायिक गरी ३ भेद हुन्छन्। दिगम्बरसंप्रदाय अनुसार यी बाहेक तेजस्कायिक र वायुकायिक समेत गरी स्थावर जीव ५ प्रकारका हुन्छन्।

प्रत्येक स्थावरलाई जैन दर्शनमा ४।४ भागमा छुट्याएर विश्लेषण गरिएको पाइन्छ। जस्तै- पृथिवी, पृथिवीकाय, पृथिवीकायिक र पृथिवीजीव। जल, जलकाय, जलकायिक र जलजीव। त्यस्तै तेज, तेजस्काय, तेजस्कायिक र तेजोजीव। एवं वायु, वायुकाय, वायुकायिक अनि वायुजीव र वनस्पति, वनस्पतिकाय, वनस्पतिकायिक र वनस्पतिजीव।

धुलो, माटो आदि पृथिवी हुन्, जसलाई जैनदर्शनमा ३६ अवान्तर भेदमा विभाजित गरिएको छ। जस्तै- माटो, बालुवा, गिट्टी, पत्थर (गोला ढुङ्गा), शिला, नुन, फलाम, ताँबा, राँङ, सिसा, चाँदी, सुन, हीरा, हरिताल, हिङ, मनःशिला, गेरु, तुथो, प्रवाल, अभ्रख, गोमेद, राजवर्तमणि, पुलकमणि, स्फटिकमणि, पद्मरागमणि, वैदुर्यमणि, चन्द्रकान्तमणि, जलकान्तमणि, सूर्यकान्तमणि, गैरिकमणि, चन्दनमणि, मरकतमणि, पुष्परागमणि, नीलमणि, विद्रुममणि आदि। न्यायदर्शनमा फलाम आदि धातुहरूलाई तैजस पदार्थ माने पनि जैनदर्शनमा तिनलाई पनि पृथिवीतत्त्व नै मानेको पाइन्छ।

ढुङ्गो माटोबाट निर्मित ईंटा आदि वस्तु पृथिवीकाय हुन्। जसको पृथिवीकाय विद्यमान छ त्यो पृथिवीकायिक हो। अनि जसको पृथिवी नामकर्मको उदय छ तर त्यसले पृथिवीकाय प्राप्त गरेको छैन र त्यो विग्रहगति (पुनर्जन्मको गति)मा भड्कि रहेको छ, कुनै दिन त्यसले पृथिवीकाय प्राप्त गर्ने छ त्यो पृथिवी जीव हो। यस्तो जीव पृथिवीमा आजसम्म न जन्मिएकाले अहिले यसको उदाहरण नै छैन।

पोखरीको या नदी-समुद्रको तरल पदार्थ जल हो। जलकायिक जीवले संग्रहित गरेको या तताएको जल जलकाय हो। जसको जलकाय छ ऊ जलकायिक र जसले जलकाय प्राप्त गरेको छैन तर प्राप्त गर्न विग्रहगतिमा गैरहेको छ त्यो जलजीव हो।

त्यस्तै झार पात तथा लताहरू वनस्पति हुन्। सुकेका निर्जीव वनस्पति वनस्पतिकाय हो भने सजीव वृक्ष आदि वनस्पतिकायिक हुन्। जसको वनस्पति नामकर्मको उदय छ तर विग्रहगतिमा भड्कि रहेका छन् ती वनस्पतिजीव हुन्।

दिगम्बर सम्प्रदाय अनुसार तेज र वायुको पनि यही प्रकारले व्याख्या गर्न सकिन्छ। यी स्थावरका प्रभेदहरूमा प्रथम र दोस्रा निर्जीव हुन् भने तेस्रो र चौथो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रभेद सजीवको हो र वास्तविक स्थावर यी मात्र हुन्। यी स्थावरजीवहरूको केवल एउटा स्पार्शन(त्वक्) इन्द्रिय मात्र हुन्छ। वैदिक बाहेकका हिन्दुदर्शनमा पृथिवी आदि भौतिक पदार्थहरूलाई देवनिकायको रूपमा मानेको छ ता पनि कतिपय वैदिकदर्शनहरूले भने तिनलाई जीवका रूपमा महत्त्व दिएर खासै विश्लेषण गरेको पाइन्न र वनस्पतिविशेषलाई मात्र स्थावर जीवको रूपमा महत्त्व दिएको पाइन्छ भने पृथिवी आदिलाई समेत स्थावरजीवको रूपमा मान्नु जैनदर्शनको एक पृथक् विशेषता हो। यी भौतिकतत्त्वहरूलाई सजीव मान्ने निम्नलिखित आधारहरू हुन् -

१) सजीव मनुष्य शरीरमा समानजातीय मांसाङ्कुर पैदा हुन्छ, त्यस्तै पृथिवीमा पनि समानजातीय अङ्कुरहरू पैदा हुन्छन्।

२) प्रचण्ड अग्निले दाह भएको माटोमा अङ्कुर पैदा नहुँनाले त्यो पृथिवी (माटो)को मृत्यु भएको स्पष्ट हुन्छ।

३) अण्डाको प्रवाही रस सजीव हुन्छ, त्यस्तै जल पनि प्रवाही भएकाले सजीव हो।

४) जुनकिरीको प्रकाश र मनुष्य आदिका शरीरमा रहेको ताप जीवसंयोगी हो, तिनको मृतावस्थामा त्यो प्रकाश र ताप हुँदैन, त्यसैले अग्निको प्रकाश र ताप पनि जीवसंयोगी हो।

५) अरु जीवलाई झै अग्निलाई पनि इन्धन आदि आहार र हावा (अक्सिजन) को आवश्यकता पर्दछ।

६) अन्यजीवमा झै हावामा पनि स्वप्रेरित गति हुन्छ।

यसरी स्थावरजीवका बारे त जानकारी भयो तर त्रस भनेका के कस्ता जीव हुन् ? यस बारे जानकारी दिन सूत्रकार उमास्वाति निम्नसूत्रमा भन्दछन् कि -

-तेजोवायू द्वीन्द्रियादयश्च त्रसाः। २।१४

त्रस जीवका तेजकाय, वायुकाय यी २ भेद र द्वीन्द्रिय, त्रीन्द्रिय, चतुरिन्द्रिय र पञ्चेन्द्रिय रूपका ४ भेद गरी जम्मा ६ भेद हुन्छन्। दुःख त्याग र सुख प्राप्तिका आधारमा हेर्दा तेजकाय र वायुकाय जीव स्थावर नै हुन्, दिगम्बर सम्प्रदायमा तिनीहरूलाई स्थावरकै पंक्तिमा राखेको छ, तर यहाँ गतिको सादृश्यले मात्र या गतिशील भएका कारण यिनलाई त्रस भनिएको हो। यसर्थमा त्रस २ प्रकारका हुन्छन् भन्न सकिन्छ- लब्धि त्रस र गति त्रस। त्रस नाम कर्मको उदय हुने लब्धि त्रस नै द्वीन्द्रियदेखि पञ्चेन्द्रिय सम्मका मुख्य त्रस हुन्। स्थावर नामकर्मको उदय भए पनि गतिसादृश्यका कारण त्रस जस्ता देखिने तेजकाय र वायुकाय गति त्रस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्। ती उपचारमात्रले त्रस हुन् प्रमुखत होइनन्। अत पृथिवीकाय, जलकाय, तेजकाय र वायुकाय प्रमुखतः स्थावर नै हुन् भने अन्य द्वीन्द्रिय आदि त्रस हुन्।

दिगम्बर संप्रदायको सूत्रग्रन्थमा -**द्वीन्द्रियादयस्त्रसाः** यो सूत्र अधिक रूपमा पाइन्छ। स्पर्शन र रसन मात्र दुई इन्द्रिय भएका प्राणी शङ्ख, सिपी, जुका आदि हुन्। स्पर्शन, रसन र घ्राण यी तीन इन्द्रिय भएका प्राणीहरू कमिला, विच्छी आदि हुन् र स्पर्शन, रसन, घ्राण र चक्षु यी चार मात्र इन्द्रिय भएका प्राणीहरू भिँगा, पुतली, मौरी, भमरा आदि हुन्। पक्षी आदि अण्डायिक, जरायु नामक भिल्लीले वेरिएको अवस्थामा जन्मिने मानव आदि जरायिक र भिल्ली विनाका बिरालो आदि पोताइक नामका प्राणी स्पर्शन, रसन, घ्राण, चक्षु र श्रोत्र पाँचवटै इन्द्रिय वाला हुन्।

अब सूत्रकार निम्नसूत्रमा इन्द्रियहरूको भेद बताउछन् कति छन् त ती इन्द्रिय-

-पञ्चेन्द्रियाणि। २।१५

इन्द्रियहरू पाँच प्रकारका छन्। यद्यपि सांख्य आदि शास्त्रमा ५ कर्मेन्द्रिय समेत स्वीकार गरेर दश इन्द्रिय मानिएको छ। जसवाट मुख्यतया जीवनयापनोपयोगी ज्ञान हुन्छ त्यो ज्ञानेन्द्रिय र जसवाट जीवनोपयोगी आहार विहार आदि क्रिया हुन्छ ती कर्मेन्द्रिय हुन्। इन्द्रियका आधारमा जीवहरूको भेद बुझाउन यहाँ इन्द्रियहरूको भेद दिइएको हो।

प्रत्येक इन्द्रियहरूका दुई दुई भेद हुन्छन्-

-द्विविधानि। २।१६

इन्द्रियहरू द्रव्येन्द्रिय र भावेन्द्रिय गरी २ प्रकारका हुन्छन्। पुद्गलमय जड इन्द्रिय जसको हामी आकार प्रकार देख्तछौं ती द्रव्येन्द्रिय र आत्मिक परिणाम रूप इन्द्रिय जो ज्ञानशक्ति-कर्मशक्तिको रूपमा हुन्छ ती भावेन्द्रिय हुन्।

-निर्वृत्युपकरणे द्रव्येन्द्रियम्। २।१७

द्रव्येन्द्रिय निर्वृत्ति र उपकरणरूप २ प्रकारका हुन्छन्। शरीरमा देखिने इन्द्रियहरूको पुद्गलस्कन्धको विशिष्ट रचनाको रूपमा रहेको छाला, जिभ्रो आदि आकृति निर्वृत्ति इन्द्रिय भनिन्छ भने त्यसैको बाहिरी र भित्री पौद्गलिक शक्तिलाई उपकरणेन्द्रिय भनिन्छ। उपकरणेन्द्रिय विना निर्वृतीन्द्रिय ज्ञान पैदा गराउन असमर्थ हुन्छन्। जस्तै कसैका आँखा र कान बाहिरबाट सही सलामत देखिए पनि तिनीहरूबाट देख्ने र सुन्ने काम हुँदैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-लब्ध्युपयोगौ भावेन्द्रियम्। २।१८

भावेन्द्रिय पनि लब्धि र उपयोग गरी २ प्रकारका हुन्छन्। मतिज्ञानावरणीय कर्म आदिको क्षयोपशमबाट हुने आत्मिक परिणाम (अर्थग्रहण गर्ने शक्ति) लब्धीन्द्रिय हो भने लब्धि, निर्वृत्ति तथा उपकरण यी तीन नै इन्दिय मिलेर भएको रूपादि विषयहरूको सामान्य र विशेष बोध नै उपयोगेन्द्रिय हो, जो मतिज्ञान रूप तथा चक्षु दर्शन, अचक्षु दर्शन रूप हुन्छ।

बुझ्नु पर्ने कुरा यो छ कि- यहाँ प्रत्येक इन्द्रियका निवृत्ति, उपकरण, लब्धि र उपयोगको क्रममा ४।४ रूप बताइयो। तर विषयप्राप्तिका आधारमा यिनलाई लब्धि, निर्वृत्ति, उपकरण र उपयोगको क्रममा राख्नु पर्ने हुन्छ। किनकि आत्मामा अर्थग्रहण गर्ने शक्ति, अनि इन्द्रिय, इन्द्रियशक्ति र यस पछि अन्तमा उपयोग रूप ज्ञानको समष्टिबाट नै स्पर्शादि विषयको विशेष बोध हुन्छ।

यी इन्द्रियहरूको काम के हो भन्ने कुरा निम्नसूत्रमा बताइएको छ।

-उपयोगः स्पर्शादिषु। २।१९

उक्त इन्द्रियहरूको स्पर्श आदि विषयमा उपयोग (ज्ञानका लागि प्रयोग) हुन्छ। अर्थात् उपर्युक्त इन्द्रियहरू मिलेर स्पर्श रस, गन्ध, रूप र शब्द आदि विषयको ज्ञान हुन्छ।

पाँच इन्द्रियहरू के के हुन् ? यो निम्नसूत्रले प्रस्ट्याएको छ-

-स्पर्शन-रसन-घ्राण-चक्षु-श्रोत्राणि। २।२०

पूर्वोक्त ५ इन्द्रियहरूका नाम-स्पर्शनेन्द्रिय (छाला), रसनेन्द्रिय (जिभ्रो), घ्राणेन्द्रिय (नाक), चक्षुरिन्द्रिय (आँखा) र श्रोत्रेन्द्रिय (कान) हुन्।

प्रत्येक इन्द्रियका चार स्वरूप मध्ये अन्तिम हो उपयोग, जो मतिज्ञान रूप तथा चक्षु-अचक्षु दर्शन रूप भएकाले ज्ञान नै हो। तसर्थ ज्ञान त इन्द्रियहरूको फल हुनु पर्नेमा कसरी इन्द्रिय नै हो ? यो शंका सही छ। किनकि लब्धि, निर्वृति र उपकरण यी तीनको समष्टिबाट नै उपयोगरूप कार्य उत्पन्न हुन्छ। तथापि उपचारबाट अर्थात् कार्यमा कारणको आरोप गरेर उपयोगलाई इन्द्रियको स्वरूप मानिएको हो। इन्द्रियहरूले ग्रहण गर्ने विषयहरू के र कति छन् भन्ने कुरा निम्न सूत्रमा देखाइएको छ -

-स्पर्श-रस-गन्ध-वर्ण-शब्दास्तेषामर्थाः। २।२१

तातो, चिसो आदि स्पर्श, गुलियो, अमिलो आदि रस, सुगन्ध, दुर्गन्ध जस्ता गन्ध, सेतो, कालो आदि वर्ण र ध्वनि-वर्णात्मक शब्द आदि अर्थहरू नै इन्द्रियहरूका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञेय विषयहरू हुन्। संसारमा मूर्त, अमूर्त आदि अनेक पदार्थहरू हुन्छन्। जसमा स्पर्श आदि अंश (पर्याय या गुण)हरू हुन्छन् ती मूर्त र स्पर्श आदि जुन पदार्थमा हुँदैनन् ती चाँहि अमूर्त हुन्। यी मूर्त अमूर्त पदार्थहरू नै वाह्य इन्द्रियद्वारा ग्राह्य हुन्छन्। प्रत्येक मूर्त पदार्थमा स्पर्श आदि पर्यायहरू उत्कट र अनुत्कट रूपमा हुन्छन्। प्रत्येक इन्द्रियहरू ती आ-आफ्ना उत्कट विषयहरूको ज्ञान गर्दछन्। लड्डुका ५ पर्यायहरूलाई इन्द्रियहरू आ-आफ्ना शक्ति अनुसार ग्रहण गर्दछन्। जस्तै हातले उसको तातो-चिसोको अनुभव गर्छ भने जिभ्रोले गुलियो-अमिलो आदि ग्रहण गरेको हुन्छ। नाकले त्यसको गन्ध थाहा पाइ रहेको हुन्छ भने आँखाले रूप-रङ्ग देखि रहेको हुन्छ र कानले चपाएको शब्द सुनि रहेको हुन्छ। कतै विषयको अनुत्कटताका कारण र कतै इन्द्रियकै मन्दताका कारण विद्यमान विषयको ग्रहण हुँदैन।

यी भए बाह्य इन्द्रियका विषय। मनका विषयहरू के हुन् भन्ने कुरा निम्नसूत्रले प्रस्ट पारेको छ-

-श्रुतमनिन्द्रियस्य। २।२२

अनिन्द्रिय (मन) को विषय श्रुत हो। यद्यपि मन पनि इन्द्रिय नै हो तथापि वाह्य विषयमा प्रवृत्त हुनका लागि उसलाई बाह्य इन्द्रियहरूको सहायता चाहिने हुनाले यही पराधीनताका कारण मनलाई अनिन्द्रिय भनिएको हो। मन मूर्त अमूर्त सवै विषयको ग्रहण गर्दछ। यसर्थमा शरीरका विभिन्न स्थानमा रहेका इन्द्रियहरू सँग सम्वन्ध हुने हुनाले मन शरीरको सवै भागमा रहन्छ भन्ने स्वतः सिद्ध हुन्छ।

मनको. विषय श्रुत हो। विचार गर्नु, सोच्नु, कल्पना गर्नु आदिलाई श्रुत भनिन्छ। तसर्थ श्रुतज्ञान मनोजन्य हो र पनि मतिज्ञानमा पनि मनको योगदान रहेकै हुन्छ। मनद्वारा ज्ञात भएको शब्दार्थसम्वन्ध, पौर्वापर्य श्रृङ्खला, विकल्परूप विशेषता नभएको कुनै पनि विषयको सामान्य ज्ञान नै मतिज्ञान हो। त्यस पछिको उक्त विशेषतायुक्त विचारधारा नै श्रुतज्ञान हो। यो भन्न सकिन्छ कि - मनोजन्य ज्ञानव्यापारको धारामा प्राथमिक अल्प अंश मतिज्ञान हो भने पछिको अधिक अंश श्रुतज्ञान हो। अतः स्पर्शन आदि इन्द्रियबाट मतिज्ञान हुन्छ भने मनबाट मतिज्ञान र श्रुतज्ञान दुवै हुन्छन् तर मतिको अपेक्षामा श्रुतको प्रधानता भएकाले यहाँ मनको विषय श्रुत भनिएको हो।

कुन कुन प्राणीका कति कति इन्द्रिय हुन्छन्, निम्न सूत्रमा वताइन्छ-

-वाय्वन्तानामेकम्। २।२३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथ्वीकाय, जलकाय, वनस्पतिकाय, तेजकाय र वायुकाय जीवहरूका एक स्पार्शन इन्द्रिय मात्र हुन्छ।

-कृमि-पिपीलिका-भ्रमर- मनुष्यादीनामेकैकवृद्धानि। २।२४

कृमि (किरा), कमिलो, भ्रमर र मनुष्य आदिको क्रमश एक एक इन्द्रिय अधिक हुन्छन्। कृमि भनेका ससाना कीराहरू, जुका आदिका स्पर्शन र रसन दुई इन्द्रिय हुन्छन्। कमिला, उडुस आदिका ३ इन्द्रिय स्पर्शन, रसन र घ्राण हुन्छन्। भ्रमरा, झिँगा, विच्छी, मच्छर आदिका स्पर्शन, रसन, घ्राण र नेत्र गरी ४ इन्द्रियहरू हुन्छन्। मनुष्य, पशु-पक्षी, देव र नारकीय जीवका श्रोत्र समेत गरी ५ इन्द्रियहरू हुन्छन्। यी इन्द्रियहरू द्रव्येन्द्रिय हुन्। भावेन्द्रिय सबै प्राणीमा सबै नै हुन्छन्। त्यसैले सबैले काम त चलाएकै हुन्छन्। द्रव्येद्रिय न हुनाले अविद्यमान द्रव्येन्द्रियका विषय ग्रहण गर्न न सके पनि विद्यमान इन्द्रियको पटुताका कारण उनीहरूको जीवन चलेको हुन्छ।

पहिले जीवको भेद देखाउने प्रसङ्गमा जीव समनस्क र अमनस्क गरी दुई भेद बताइएको थियो। त्यसमा समनस्क भनेका कस्ता जीव हुन् ? यो कुरा निम्न सूत्रमा देखाइएको छ -

-संज्ञिनः समनस्काः। २।२५

संज्ञी जीव मनवाला हुन्छन्। संज्ञी भनेको आहार, भय आदि चेतनशील या चेष्टात्मक वृत्ति हो। तर यहाँ संज्ञी शव्दले देहयापनोपयोगी साधारण वृत्तिलाई मात्र न बताएर अधिक विचार गर्न सक्ने या अझै पूर्वजन्मको स्मरण. समेत गर्न सक्ने विशिष्ट वृत्तिलाई बताउन खोजेको छ र यस्तो वृत्ति भनेको गुण- दोषको विचारणा हो, जसबाट हितको प्राप्ति र अहितको परिहार हुन सकोस्। यस विशिष्ट वृत्तिलाई जैन शास्त्रमा -संप्रधारण संज्ञा ! भनिएको छ। यस्तो संज्ञावाला जीव नै संज्ञी हुन् र तिनमा मात्र मन हुन्छ, अन्यमा हुँदैन भनिएको हो। यसर्थमा पृथिवीकाय आदि स्थावरदेखि चतुरिन्द्रिय पर्यन्तका जीवमा मन हुँदैन। पाँच इन्द्रिय वाला जीवमा पनि सबैमा मन हुँदैन। पाँच इन्द्रिय वाला जीव देव, नारक, मनुष्य, तिर्यञ्च गरी चार प्रकार हुन्छन् र सबै देव र सबै नारकमा मन हुन्छ तर मनुष्य र तिर्यञ्चमा समेत सबैमा मन हुँदैन। किनकि गर्भोत्पन्न र सम्मूर्छिम गरी मनुष्य र तिर्यञ्च २।२ प्रकारका हुन्छन्। त्यसमा गर्भोत्पन्नमा मात्र मन हुन्छ सम्मूर्छिममा हुँदैन। माता-पिताको सम्बन्ध विना औदारिक पुद्गललाई शरीर रूपमा परिणत गर्ने प्राणी नै सम्मूर्छिम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो। अतः सारांशमा भन्न सकिन्छ कि पञ्चेन्द्रिय वाला प्राणीमा देव, नारक, गर्भज, मनुष्य र गर्भज तिर्यञ्चमा मात्र मन हुन्छ, अरुमा हुँदैन।

पुनर्जन्म मान्ने जुनसुकै दर्शनका अगाडि अन्तराल गति (परलोक यात्रा) सम्बन्धी निम्नानुसारका पाँच प्रश्न उपस्थित हुन्छन्-

१) जीव स्थूलशरीर त्यागेर पूर्वजन्म या मोक्षानुकूल गतिका लागि कसरी प्रयत्न गर्दछ ?

२) गतिशील पदार्थ या जीव कुन नियमबाट गतिक्रिया (परलोकको यात्रा) गर्दछ?

३) गतिशील जीवको परलोक जाने बाटो वक्र या ऋजु कुन प्रकारको हुन्छ र यसबाट कसरी गति गर्दछ ?

४) अन्तराल गतिको जघन्य (न्यूनतम) या उत्कृष्ट (अधिकतम) कालमान कति हो र त्यो कुन नियममा आधारित हुन्छ ?

५) अन्तराल गतिमा जीव आहार गर्छ कि गर्दैन ? गर्दैन भने जघन्य वा उत्कृष्ट कतिकाल सम्म गर्दैन र त्यो कालमान कुन नियममा आधारित हुन्छ ?

देहव्यापी आत्मवादी जैनदर्शनका लागि मात्र होइन, विभुआत्मवादीहरूले पनि परलोकयात्राका लागि सूक्ष्मशरीर स्वीकारेर यी प्रश्नको समाधान गरेका छन्।

यस सम्वन्धमा जैन दर्शनको के अभिमत छ ? सूत्रकारले निम्नसूत्रमा यी नै प्रश्नका उत्तर दिएका छन्-

-विग्रहगतौ कर्मयोगः। २।२६

विग्रह (वक्र)गतिमा कर्मयोग(जीवका.प्रयत्नको अपेक्षा) हुन्छ।

अन्तराल (परलोकको यात्रा गर्ने) गति ऋजु र वक्र २ प्रकारको हुन्छ र ऋजु गति धनुषबाट छुटेको बाँणको गति झैं सोझो हुन्छ भने बक्र गतिमा मोड (घुमाइ) हुन्छ। ऋजु गतिमा स्थूल शरीरको संस्कारबाट जीवलाई गति प्राप्त हुन्छ, ऊ आफूले कुनै प्रयत्न गर्नु पर्दैन। तर वक्र गतिका लागि जुन मोडबाट मार्ग घुम्ने हो त्यहाँ बाट जीव या सूक्ष्मशरीरको प्रयत्न अपेक्षित हुन्छ। यही सूक्ष्मशरीरजन्य प्रयत्नलाई कर्मयोग भनिन्छ। अतः वक्रगतिबाट जानेवाला जीव केवल पूर्वशरीरजन्य क्रियाबाट लक्षित स्थानमा पुग्दैन। त्यसलाई सूक्ष्मशरीरजन्य नयाँ प्रयत्न अपेक्षित हुन्छ। त्यही नै कर्मयोग या कार्मण योग हो।

-अनुश्रेणि गतिः। २।२७

जीवको गति अनुश्रेणि (सरल रेखा) अनुसार हुन्छ। जैन दर्शनमा गतिशील पदार्थ २ वटा छन्- जीव र पुद्‌गल। यिनको स्वाभाविक गति सरल नै हुन्छ तर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाह्य उपाधि या प्रतिबन्धकबाट भने वक्र पनि हुन सक्छ। स्वाभाविक सरल गति अनुसार गतिशील पदार्थ आकाश क्षेत्रमा उच्च, नीच र तिर्यक् (तेर्सो) रूपमा गतिक्रिया गर्दछ। अर्थात् पदार्थ उँभो पनि जान सक्तछ, उँधो पनि जान सक्तछ र तेर्सो पनि जान सक्तछ। जाँदा उसको स्वाभाविक गति सरल या इषुगति नै हुन्छ।

मुक्तिका लागि गतिशील जीव ऋृजु या वक्र कुन् गतिबाट गतिशील हुन्छ ? भन्ने कुरा निम्नसूत्रमा प्रस्ट पारिएको छ-

-अविग्रहा जीवस्य। २।२८

मुच्यमान जीवको गति विग्रह रहित (सोझो) हुन्छ। यहाँ विग्रह शब्दको अर्थ वक्र (बाङ्गो) हो। मुच्यमान र संसारी २ किसिमका जीवको दुवै नियमले अन्तराल गति हुन्छ। मुच्यमान जीव स्थूल सूक्ष्म दुवै शरीर छोडेर ऋृजु गतिमा मोक्षदेश प्राप्त गर्दछ भने संसारी जीव पूर्व स्थूल शरीर छोडे पछि सूक्ष्म शरीरले वेष्टित हुन्छ र कालक्रममा केही ऋृजु र केही वक्र गतिमा पुर्नजन्मस्थानमा पुगी स्थूल शरीर लिन्छ। अगाडिको सूत्रमा संसारी जीवको गतिका बारे उल्लेख गरेकाले प्रस्तुत सूत्रको तात्पर्य मुच्यमान जीवसँग सम्वन्धित छ। निष्कर्षमा भन्न सकिन्छ- मुच्यमान जीव अशरीर ऋृजुमार्गले गतिशील हुन्छ भने संसारी जीव सशरीर (सूक्ष्म शरीरद्वारा) ऋृजु वक्र दुवै मार्गमा गतिशील हुन्छन्।

वक्र गति ३ प्रकारका हुन्छन्। १, पाणिमुक्ता- एक पटक मोडिनु पर्ने। २, लाङ्गलिका- दुई पटक मोडिनु पर्ने र ३, गोमूत्रिका- तीन पटक मोडिनु पर्ने। अधिकमा यी तीन मोडमा जुन सुकै संसारी जीव पुनर्जन्म स्थानमा पुग्छ।

संसारी जीवको गति बारे सूत्रकार निम्न सूत्रमा स्पष्ट पार्दछन्।

-विग्रहवती च संसारिणः प्राक् चतुर्भ्यः। २।२९

संसारी जीवको गति विग्रहवती र अविग्रहवती हुन्छ। यहाँ विग्रहको अर्थ शरीर होइन मोड हो। विग्रह या मोड चार भन्दा कम अर्थात् ३ वटा मात्र हुन्छ यो कुरा पहिले नै स्पष्ट पारिएको छ।

अन्तराल गतिको कालमान कति हो भन्ने कुरामा निम्न सूत्र हेरौं-

-एकसमयोऽविग्रहः। २।३०

विग्रहको अभाव एकसमय परिमित छ। अर्थात् अविग्रह भन्नाले वक्रता (मोड) हो र मोड रहितको गतिका लागि एक समय भनिन्छ। समयको निर्धारण अन्तराल गतिको वक्रतामा आधारित हुन्छ। कुनै संसारीको प्रथम मोड सम्मको ऋृजु गतिका लागि एक समय लाग्छ। एक वक्र (मोड) भएको मार्गका लागि २ समय, २ मोड

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएकोलाई ३ समय र ३ मोड भएको मार्गका लागि ४ समय लाग्छ। पछिल्लो सूत्र (२।२९) मा प्रयुक्त- प्राक् चतुर्भ्यः शब्दले यो ३ मोडलाई जनाएको छ र ३ मोड भएको मार्गमा अवश्य ४ ऋजुमार्ग हुन्छन्। यसरी प्रति सरलमार्गका लागि १ समय लाग्ने हुन्छ। समय भन्नाले यहाँ बिसाउनी भनेर बुझ्दा स्पष्ट हुन्छ।

स्थूल शरीरको त्याग पछि जीवको आयु, कर्म आदिको अवस्था के कस्तो हुन्छ भन्ने कुरामा जैनदर्शनको अभिमत छ कि- ऋजु गतिले स्थानान्तरण हुने जीवको आयु, गति, कर्मको उदय स्थूलशरीर त्यागे पछि नै हुन्छ भने वक्र गतिवाला जीवको आयु, गति र कर्मको उदय प्रथम वक्र स्थानबाट मात्र सुरु हुन्छ।

गतिशील जीव अन्तराल गति (यात्रा)का समयमा आहार गर्छ कि गर्दैन भन्ने कुरामा निम्न सूत्रले स्पष्ट पारेको छ-

-एकं द्वौ वाऽनाहारकः। २।३१, एकं द्वौ त्रीन्वाऽनाहारकः। (दिगम्बर)

जीव एक वा दुई समय सम्म अनाहारक रहन्छन्। मुच्यमान जीवको गति केवल एक समयको मात्र हुने भएकाले ऊ आहार गर्दैन। तसर्थ यो प्रश्न केवल संसारी जीवको विषयमा हुन्छ। आहार भनेको स्थूल शरीरका लागि योग्य पुद्गल ग्रहण गर्नु हो। यो आहार संसारी जीवका लागि प्राप्त हुन पनि सक्छ नहुन पनि सक्छ। पूर्व र उत्तर स्थूलशरीर सँग सम्बन्धित समयमा जीव आहारक हुन्छ भने अन्य समयमा अनाहारक हुन्छ। जस्तै एक विग्रह भएको मार्गमा २ समय (सरल मार्ग) हुन्छन्। ती दुबै समय पूर्वोत्तर शरीर सँग सम्बन्धित हुने हुँदा यो अवस्थामा जीव आहारक हुन्छ। दुई वक्रता भएको मार्गमा बिचको एक समय र तीन वक्रता भएको मार्गमा बिचका दुई समयमा जीव अनाहारक हुन्छ।

दिगम्बरी वृत्तिकारको मतमा भने मोड भएको मार्गमा उत्तरशरीर सँग सम्बन्धित समयमा मात्र जीव आहार युक्त हुन्छ, ऋजु मार्गमा र अन्य समयमा अनाहार नै हुन्छ। अतः निष्कर्षमा भन्न सकिन्छ कि- ऋजुमार्गमा अनाहार, एक वक्र मार्गमा पूर्व समय अनाहार, द्वि वक्र मार्गमा पूर्वका दुई समय अनाहार, त्रि वक्र मार्गमा पूर्वका तीन समय अनाहार हुन्छ। यही भाव दिगम्बर सम्प्रदायको -एकं द्वौ त्रीन्वाऽनाहारकः भन्ने सूत्रमा देखाइएको हो।

जीवको अन्तराल गतिका सन्दर्भमा हुने आहारको दृष्टान्तमा सन्तप्त वाणलाई लिन सकिन्छ। वर्षा भइ रहेको वेला तताइएको गतिशील वाणले जसरी आफूमा परेका पानीका छिटा सोस्तै सोस्तै जान्छ, यही हालत जीवको अन्तराल गतिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ। प्रारब्धवश मार्गमा उसलाई प्राप्त हुने पुद्गलहरू नै परलोक यात्राका क्रममा जीवले आहारका रूपमा ग्रहण गर्नु पर्ने हुन्छ।

जीवले शरीर ग्रहण गर्नु नै जन्म हो। जन्म लिने प्रकारहरू के कस्ता छन् भन्ने कुराको जानकारीका लागि सूत्रकार निम्न सूत्रमा जन्मका भेदहरू देखाउँछन्।

-सम्मूर्छन-गर्भो-पपाता(दा)जन्म। २।३२

सम्मूर्छन, गर्भ र उपपात यी तीन जन्मका प्रकार हुन्छन्। पूर्व शरीर त्यागेर अन्तराल गतिका साथ जीव कार्मणशरीरको सहारामा पुनर्जन्मस्थानमा पुग्दछ र उपर्युक्त मध्ये कुनै एक प्रकारले शरीर धारण गर्दछ। योग्य स्थूल शरीरका लागि योग्य पुद्गलको ग्रहण गर्नु जन्म हो। त्यसमा माता-पिताको सम्बन्धविना नै औदारिक (गर्भ सम्वन्धी) पुद्गललाई शरीररूपमा ग्रहण गर्नु सम्मूर्छन जन्म हो। यसलाई न्याय आदि दर्शनमा स्वेदज भनिएको छ। राल सिँगान, दाँतको फोहोर र अन्य फोहोर मैलामा सम्मूर्छनबाट कीटादि प्राणी जन्मन्छन्। जैन दर्शन अनुसार मच्छड, जुम्रा आदि कीट मात्र नभएर सर्प, मुसा, मनुष्य आदि पनि सम्मूर्छनबाट जन्मन्छन्।

शुक्र-शोणितको सम्बन्धबाट मातृगर्भमा वृद्धि भई जरायु (झिल्ली) ले बेरिएको अवस्थामा योग्य समयमा जन्मने गाई, भैँसी, मनुष्य आदिको जन्म गर्भबाट हुन्छ र जसलाई जरायुज भनिन्छ। उत्पत्तिस्थानमा रहेको वैक्रिय पुद्गलहरूलाई एकाएक शरीरको रूपमा परिणत गरेर जन्मनु उपपात या उपपाद जन्म हो, जुन प्रक्रियाबाट नारकीय प्राणी र देवताहरूको जन्म हुन्छ। पुण्य र पापको परिणतिको कारण भएको कर्मभेदको विपाकले प्राणीहरू यी विविध प्रकारबाट जन्मन्छन्।

निम्न सूत्रमा प्राणीजन्मको आधारयोनिका सम्बन्धमा प्रष्ट्याइएको छ-

-सचित्त-शीत-संवृत्ताः सेतरा मिश्राश्चैकशस्तद्योनयः। २।३३

जन्मका लागि स्थानको आवश्यकता पर्दछ र त्यो स्थानमा रहेका स्थूलशरीरका लागि योग्य पुद्गलहरूलाई कार्मण शरीरले सन्तप्त फलामले पानीका थोपालाई आफूमा समाहित गरे झैँ ग्रहण गरेर विभिन्न प्रकारले जन्मनु नै योनि हो। यस सूत्रमा ९ प्रकारका योनिहरू देखाइएको छ। १ सचित्त २ शीत ३ संवृत्त त्यस विपरीत ४ अचित्त ५ अशीत (उष्ण) ६ विवृत्त र यी दुबै मिसिएका (उभयात्मक) ७ सचित्ताचित्त ८ शीतोष्ण ९ संवृत्तविवृत्त। विशेष गरी जन्म स्थानमा भएको शरीरभेद या प्रजातिभेदलाई योनि भनिएको छ। शास्त्रहरूमा ८४ लाख योनि बताइएकोमा तिनलाई यहाँ ९ प्रकारमा समेटेर देखाइएको हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१) जुन जीव चेतन र शरीरका हिसाबले साधारण छन् ती सचित्त हुन्। वनस्पतिहरू यस वर्गमा पर्दछन्।

२) केही पृथिवी आदि स्थावरहरू शीतयोनि वर्गमा पर्दछन्।

३) केही देवनारक र पृथिवी, जल, तेज, वायु र वनस्पतिहरू संवृत्त योनिमा पर्दछन्।

४) केही देव र नारकहरूको अचित्त योनि मानिएको छ। देव र नारकहरूको जन्म हुने स्थान उपपाद पुद्गलबाहुल्य भएकोले अचित्त हुन्छ। यी बाहेक वनस्पतिदेखि इतर सम्मूर्छनबाट उत्पन्न भएका प्राणीहरू पनि अचित्तयोनिका मानिन्छन्।

५) तेजकायिक प्राणी सबै र केही पृथिवीकायिकहरू अशीत (उष्ण) योनिका हुन्।

६) द्वि, त्रि र चतुरिन्द्रियवाला प्राणीहरू विवृतयोनिका हुन्।

७) गर्भमा परेको शुक्रशोणित अचित्त र आत्मा सचित्त भएकाले गर्भजप्राणीहरू सचित्ताचित्त योनिका मानिएका छन्।

८) उपपादस्थान कतै उष्ण र कतै शीत भएकाले केही देव र नारकहरूको र केही पृथिवीकायिक प्राणीहरूको समेत शीतोष्ण योनि मानिएको छ।

९) केही गर्भज प्राणीहरू नै संवृतविवृत योनिमा पर्दछन्।

निम्न सूत्रमा उक्तयोनिका प्राणीहरूमा कसको कुन प्रकारको जन्म हुन्छ भन्ने कुराको जानकारीका लागि जन्मको विशेष प्रभेद देखाइएको छ-

-जराय्वण्डपोतजानां गर्भः। २।३४

गर्भबाट जन्मने जीव जरायुज, अण्डज र पोतज गरी ३ प्रकारका हुन्छन्। त्यसमा गर्भमा जरायु (एक प्रकारको जाली) ले बेरिएको अवस्थामा जन्मिने पशु-मनुष्य आदि जरायुज, अण्डबाट जन्मिने पंक्षी सर्प आदि अण्डज, केहीले पनि न बेरिई खुला शरीर जन्मने मुसो, विरालो, हाती आदि पोतज भनिन्छन्। यिनीहरू सबैको जन्म गर्भबाट हुनाले यी गर्भज प्राणी हुन्।

उपपाद जन्म कस्ता प्राणीहरूको हुन्छ भन्नेकुरा निम्न सूत्रमा देखाइएको छ।

-देव-नाराकाणामुपपा(तः)दः। २।३५

देव र नारकको उपपादबाट जन्म हुन्छ। देवता र नारकीय प्राणीहरूको जन्मका लागि विशेष नियत स्थानलाई उपपाद भनिन्छ। दिव्य वस्त्रले आच्छन्न शैया, दिव्य मणि-माणिक्य जडिएका भवन आदि स्थान दिव्य भवनवासी देवताहरूको उपपादक्षेत्र हो भने अन्य ग्रह आदि क्षेत्र बाहिरी देवताको उपपाद क्षेत्र हो। नारक प्राणीहरूको उपपाद क्षेत्र विविध प्रकारले निर्मित शास्त्र वर्णित नरकहरू हुन्। यी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपपाद क्षेत्रमा रहेको वैक्रिय(विभिन्न रूपमा परिणत हुने) पुद्गललाई यिनीहरूले शरीरको रूपमा ग्रहण गर्दछन्।

अन्य प्राणीहरूको जन्मका विषयमा सूत्रकार निम्न सूत्र प्रस्तुत गर्दछन्।

-शेषाणां सम्मूर्छनम्। २।३६

बाँकी अन्य जीवको सम्मूर्छनको प्रकारबाट जन्म हुन्छ। गर्भज र औपपादिक देखि भिन्न एकेन्द्रिय र विकलेन्द्रिय तिर्यक् र मनुष्य आदि सम्मूर्छन जन्य प्राणी हुन्। नियत स्थानमा रहेका पुद्गलहरू अकस्मात् शरीरको रूपमा परिणत हुनु सम्मूर्छन हो। एकेन्द्रिय, स्वेदज प्राणी एवं सिद्ध मनुष्यहरू समेतको जन्म सम्मूर्छनबाट हुन्छ।

जीवहरूले ग्रहण गर्ने शरीरको प्रकार अर्थात् शरीरहरू कति प्रकारका हुन्छन् भन्ने कुरा निम्न सूत्रमा बताइएको छ।

-औदारिक-वैक्रियिका-हारक-तैजस-कार्मणानि शरीराणि। २।३७

औदारिक, वैक्रयिक, आहारक, तैजस र कार्मण गरेर शरीरहरू ५ प्रकारका हुन्छन्।

सम्मूर्छन र गर्भबाट जन्मने छेदन, भेदन र जलाउन सकिने स्थूल शरीर औदारिक हो। उपपादबाट जन्मने, अणिमा आदि अष्टसिद्धिका योगले आवश्यकता अनुरूप छोटो- मोटो, एक-अनेक आदि जस्तो पनि हुन सक्ने विभिन्न किसिमको क्रियाका लागि समर्थ शरीर वैक्रियिक हो। वैक्रियिक शरीरधारी जीव आफ्नो मूलशरीरबाट यस्ता अनेक शरीर बनाउन सक्तछन्।

सूक्ष्मपदार्थको ज्ञानप्राप्ति एवं असंयमको परिहारका लागि निष्पाप, निष्कलङ्क, छैटौं गुणस्थानवर्ती मुनिहरूका मस्तकबाट निस्कने एक हात बराबरको सेतो आकारको पुत्ला नै आहारक शरीर हो। चौध जना पूर्ववर्ती जैन मुनिहरू यो आहारक शरीर धारण गरेर विशेष उद्देश्यपूर्तिका लागि विचरण गर्दथे भन्ने जैनशास्त्रमा प्रसिद्धि रहेको छ। त्यो पुतला जहाँ पनि जान समर्थ हुन्छ र तीर्थङ्करको शरीरलाई स्पर्श गर्ना साथ उसको कुनै पनि सन्देह दूर हुन्छ। यसरी आफ्नो उद्देश्य पूरा भए पछि फर्किएर त्यही तालुछिद्रबाट शरीरमा प्रवेश गर्दछ।

प्राणीहरूले खाए पिएका पदार्थको पाचनकारक स्थूलशरीरलाई तातो बनाइ राख्ने सबै प्रणीहरूमा हुने तेज नै तैजस शरीर हो। स्थूलशरीरले गरेका पुण्यात्मक र पापात्मक कर्महरूको समूह, अन्य शरीर धारणका लागि बीजरूप (सूक्ष्म)शरीर नै कार्मण शरीर हो। यसरी जम्मा ५ प्रकारका शरीर हुन्छन्। यी ५ शरीरमा पूर्व पूर्वका शरीरका तुलनामा उत्तरोत्तर शरीर सूक्ष्म हुन्छन्। स्थूल र सूक्ष्मको मतलब

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिथिल र सघन हो, ठूलो सानो होइन। उत्ति नै पुद्‍गल (परमाणु) भए पनि रूवाको परिमाण फलामको परिमाण भन्दा ठूलो हुन्छ। औदारिक शरीर अपेक्षाकृत रूपमा अन्य शरीरभन्दा शिथिल हुन्छ, अत एव स्थूल हुन्छ। यही कुरा अघिल्लो सूत्रले स्पष्ट बताएको छ-

-परं परं सूक्ष्मम्। २।३८

पूर्व पूर्व भन्दा उत्तर उत्तर शरीर सूक्ष्म हुन्छन्। सूक्ष्म शरीर बढी सघन हुने भएकाले त्यसमा परमाणुपुञ्ज (स्कन्ध) असंख्यात रूपले ज्यादा हुन्छन्। पूर्वका ३ शरीरमा अर्थात् तैजस शरीर भन्दा पूर्वका शरीरमा यो अवस्था हुन्छ। यो कुरा निम्न सूत्रले स्पष्ट पारेको छ-

प्रदेशतोऽसंख्येयगुणं प्राक् तैजसात्। २।३९

तैजसशरीर भन्दा पूर्वका ३ शरीर औदारिक, वैक्रियिक र आहारक प्रदेश (अवयव या स्कन्ध) का दृष्टिले असंख्यात गुणा विशाल हुन्छन्। यहाँ प्रदेश शब्दको अर्थ शरीरारंभक परमाणु हो। झन् अन्तिमका तैजस र कार्मण शरीरमा पूर्वशरीरका अपेक्षामा अनन्त गुणा आरम्भक परमाणु भएकाले अत्यन्त सघन हुन्छन्। यो कुरा अघिल्लो सूत्रद्वारा स्पष्ट पारिएको छ-

-अनन्तगुणे परे। २।४०

परे भन्नाले अघिल्ला तैजस र कार्मण शरीर आरम्भक परमाणुका दृष्टिले पूर्वशरीरभन्दा अनन्त गुणा सघन हुन्छन्।

-अप्रतिघाते। २।४१

तैजस र कार्मण शरीर अप्रतिघाती हुँन्छन्। उनलाई वज्र झैँ कडा वस्तुले पनि रोक्न-छेक्न सक्तैन। यद्यपि एक मूर्त वस्तुले अर्को मूर्त वस्तुलाई प्रतिघात गर्ने नियम छ। त्यो स्थूल वस्तुको नियम हो। सूक्ष्ममा यो नियम लागु हुँदैन। जस्तै लौह पिण्डमा अग्निकण सर्वत्र छिर्न सक्छ।

-अनादि सम्बन्धे च। २।४२

तैजस र कार्मण शरीरको आत्मा सँग अनादि सम्वन्ध हुन्छ। औदारिक आदि ३ शरीर निश्चित काल सम्म मात्र रहने भएकाले आत्मा सँग अस्थायी सम्वन्ध हुन्छ भने तैजस र कार्मण शरीरको प्रवाहगत रूपमा आत्मा सँग अनादि सम्वन्ध रहि रहेको हुन्छ।

-सर्वस्य। २।४३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तैजस र कार्मण शरीर सबै जीवको हुन्छ तर औदारिक आदि शरीर सबै जीवहरू धारण गर्न योग्य या समर्थ हुँदैनन्। यी दुई शरीरका बीचमा अन्तर यो छ कि- कार्मण शरीर सबै जीवको मूल कारण हो भने तैजस शरीर सबै जीवको मूल कारण होइन, बरू अन्य शरीरले खाए पिएको पचाउने काम गर्ने अनादि शरीर हो।

कुनै जीवले एकै पटक कतिवटा सम्म शरीर धारण गर्न सक्छ, निम्न सूत्रले स्पष्ट पारेको छ-

-तदादीनि भाज्यानि युगपदेकस्याचतुर्भ्यः। २।४४

एक साथ एक जीवका तैजस र कार्मण शरीर सहित ४ शरीर सम्म हुन सक्छन्। जीवको संसारकाल रहे सम्म तैजस र कार्मण शरीर नित्य रहन्छन् भने ती दुई मात्र अन्तराल गतिकालमा हुन्छन्। ३ शरीर हुंदा मनुष्य र तिर्यञ्चका तैजस, कार्मण र औदारिक शरीर हुन्छन् भने देव नारकको तैजस, कार्मण र वैक्रियिक हुन्छन्। कुनै जीवका चार शरीर हुँदा कुनै कुनै मनुष्य र तिर्यञ्चको वैक्रियलब्धि प्रयोगका बेला तैजस, कार्मण, औदारिक र वैक्रयिक हुन्छन् भने जैनका पूर्ववर्ती चतुर्दश मुनिहरूको आहारकलब्धिको प्रयोगका समय तैजस, कार्मण, औदारिक र आहारक शरीर हुन्छन्। वैक्रियलब्धि र आहारकलब्धिको आविर्भाव एक साथ न हुने भएकाले ५ शरीर कसैको पनि हुँदैन ता पनि शक्ति हुँदा ५ शरीर पनि असम्भव भने होइन।

कसैको मतमा तेजस र कार्मण शरीर नित्य अनादि भएकाले १ मात्र शरीर कसैको पनि हुँदैन भने कुनै आचार्यको तैजस शरीर लब्धिजन्य नै हुन्छ। अत तैजस शरीर पनि यावत्संसारभावी न भएकाले अन्तराल गतिकालमा १ मात्र कार्मण शरीर हुने कुरा मान्दछन्।

-सुख दु:खको अनुभव नै शरीरको प्रयोजन हो र यसलाई उपभोग भनिन्छ। ५ शरीर मध्ये कुन शरीर उपभोगका लागि सक्षम हुन्छन्, निम्न सूत्रमा हेरौं-

-निरूपभोगमन्त्यम्। २।४५

अन्तिमको शरीर भन्नाले कार्मण शरीर उपभोग रहित हुन्छ। इन्द्रिय भएको शरीरद्वारा उपभोग हुन्छ। श्रोत्र आदि इन्द्रियहरूबाट शब्दादि विषयको ग्रहण गरी सुख-दु:खको अनुभव गर्नु, करचरण आदिबाट दान-हिसा आदि शुभाशुभ कर्म-बन्ध गर्ने र कर्मविवाक अनुसारको फल भोग्ने, पवित्र अनुष्ठानद्वारा कर्मको निर्जरा (क्षय) गर्ने आदि क्रियाकलाप पनि उपभोग नै हुन्। यी कार्य अन्य चार शरीरबाट हुन्छ भने अन्त्यको कार्मण शरीरबाट हुँदैन। यद्यपि तैजस शरीर पनि कार्मण झैँ सेन्द्रिय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र करपादादियुक्त सावयव शरीर होइन, तथापि अन्नपानादिको पाचनकर्मबाट सुख-दुःखको उपभोग त्यसबाट पनि सिद्ध भएकाले त्यो पनि उपभोगयुक्त मानिएको हो। तैजस शरीरको यस प्रकारले सबैले सदुपयोग गर्छन् भने विशिष्ट तपस्वी सिद्धहरू कुपित भएर यही तैजस शरीरले कोपभाजनलाई जलाउन पनि सक्छन् र प्रसन्न भएर अनुग्रह पात्रलाई शान्ति प्रदान गर्न पनि सक्छन्। यसरी तैजस शरीर शाप र अनुग्रहमा पनि उपयोग हुन्छ। कार्मण शरीर एक्लै कुनै किसिमको कर्म गर्न असमर्थ भएकाले उसलाई निरूपभोग या उपभोगका लागि असमर्थ भनिएको हो।

यसरी ५ प्रकारका शरीर वताइयो, तर कुन कुन शरीर कुन प्रकारवाट जन्म लिन्छन् भन्ने कुरा निम्न ४ सूत्रमा स्पष्ट पारिएको छ।

-गर्भसम्मूर्छनजमाद्यम्। २।४६

आद्यम् भन्नाले पहिलो औदारिक शरीर गर्भ र सम्मूर्छनबाट हुन्छन्। तैजस र कार्मण शरीर न त जन्मसिद्ध हुन् न त कृत्रिम नै हुन्। यी दुवै अनादिसिद्ध यावत्संसारभावी हुन्। औदारिक शरीर गर्भ र सम्मूर्छनबाट जन्मिने भएकाले जन्मसिद्ध हुन्, जुन शरीर मनुष्य र तिर्यञ्चको हुन्छ।

-वैक्रियमौपपातिकम्। २।४७

-लब्धिप्रत्ययञ्च। २।४८

वैक्रिय शरीर उपपाद र लब्धिजन्य हुन्छ। आशय यो हो कि वैक्रिय शरीर जन्मसिद्ध र कृत्रिम दुवै प्रकारको हुन्छ। देव र नारकको उपपादवाट जन्य जन्मसिद्ध वैक्रिय शरीर हो भने कृत्रिम वैक्रिय शरीर लब्धिजन्य हुन्छ। लब्धि एक प्रकारको शक्ति हो जो मनुष्यमा योग या तपस्यावाट सिद्ध हुन्छ भने कतिपय वायुकायिक सर्प आदि तिर्यञ्चमा स्वाभाविक पनि हुन्छ। तसर्थ तिनले चाहेको खण्डमा यो वैक्रियशरीर पनि लिन सक्छन् या यसैलाई वैक्रिय शरीरको रूपमा परिणत गर्न सक्छन्।

यस पछि श्वेताम्बर सम्प्रदायमा तैजस शरीरवारे यो निम्न सूत्र भेटिदैन तर दिगम्बर सम्प्रदायमा त्यस सम्बन्धमा एक सूत्र छ, त्यो हो-

- तैजसमपि।२। ४८(दि.)

तैजस शरीर पनि लब्धिप्रत्यय नै हुन्छ। यो लब्धिनिमित्तक तैजस शरीर २ प्रकारको हुन्छ- निःसरणात्मक र अनिःसरणात्मक। उग्रचारित्र भएको यति क्रुद्ध भयो भने उसको बामस्कन्धबाट सजीव तैजस शरीर निस्किएर जाज्वल्यमान अग्निपुञ्जसदृश विशाल रूप लिई दाह्य वस्तुलाई भस्म बनाउँछ र फर्किंदा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफैंलाई समेत भस्म बनाउन सक्छ। यसरी बाहिर निस्किने निःसरणात्मक हो भने सबै प्राणीको शरीरमा रहेर पाचनप्रणालीमा सहयोगी अनिःसरणात्मक तैजस शरीर हो।

सूत्रकार अब निम्न सूत्रमा आहारक शरीरको स्वरूप बताउछन्-

-शुभं विशुद्धमव्याघाति चाहारकं चतुर्दश-पूर्वधरस्यैव। २।४९

आहारकशरीर शुभ (प्रशस्त पुद्गलजन्य), विशुद्ध (निष्पापकार्यकारी), र व्याघात (बाधा) रहित हुन्छ र त्यस्तो शरीर चौध पूर्ववर्ती मुनिहरूको मात्र थियो र हुन्छ।

आहारक शरीर जन्मसिद्ध हुँदैन, अपितु कृत्रिम हुन्छ र यो शरीर ग्रहण गर्ने कि न गर्ने शरीरधारीको खुसीमा निर्भर रहन्छ। यो शरीरको कारण पनि विशिष्ट लब्धि हो र त्यो मनुष्य बाहेक अरुमा हुँदैन र मनुष्यमा पनि जैन सम्प्रदायका पूर्ववर्ती चौधजना विशिष्ट मुनिहरूको मात्र हुन्छ। ती विशिष्ट मुनिहरू कुनै गम्भीर शास्त्रीय विषयमा सन्देह भएमा औदारिक शरीरबाट अर्को क्षेत्रमा जान असम्भव भएकाले आफ्नो विशिष्ट लब्धि (तपःशक्ति) प्रयोग गरी सूक्ष्म र निष्कलङ्क पुद्गलयुक्त, सुन्दर अव्याघाती आहारकशरीर धारण गरेर क्षणभरमै सर्वज्ञका सान्निध्यमा गई सन्देह निवारण गरी स्वस्थानमा फर्किन्छन्।

सम्मूर्छन र उपपातजन्य शरीरको वेद (लिङ्ग) के हुन्छ भन्ने विषयमा निम्न सूत्रमा प्रष्ट्याइएको छ-

-नारक-सम्मूर्छिनो नपुंसकानिः। २।५०

. नारक र सम्मूर्छनजन्य जीव नपुंसक हुन्छन्। चारित्रमोहकषायविशेष, नपुंसकवेद र अशुभ नामकार्म प्रकृतिको उदयबाट यी जीव न त स्त्री हुन्छन्, न त पुरुष नै हुन्छन्।

देवताहरू कुन् लिङ्गका हुन्छन् त भन्ने कुरामा निम्नसूत्र प्रस्तुत छ -

-न देवाः। २।५१

देवताहरू नपुंसकवेद हुँदैनन्।

जैन शास्त्रमा लिङ्गलाई वेद पनि भनिन्छ। पुंवेद, स्त्रीवेद र नपुंसकवेद गरी ३ वेद प्रसिद्ध छन्। तीनवटा नै वेद २।२ प्रकारका हुन्छन्- द्रव्यरूप र भावरूप। द्रव्यवेद नामकर्म उदयको फल पौद्गलित बाहिरी आकृतिरूप हो भने भाववेद मनोविकार हो। जुन चिन्हले पुरुषको पहिचान हुन्छ त्यो द्रव्यपुंवेद र स्त्रीको पहिचान हुन्छ भने द्रव्यस्त्रीवेद हो। जसमा केही स्त्रीको र केही पुरुषको चिन्ह हुन्छ त्यो द्रव्य नपुंसकवेद भनिन्छ। अनि स्त्रीसंसर्गसुखको अभिलाषा भाव पुंवेद, पुरूष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसर्गसुखको अभिलाषा भाव स्त्रीवेद र स्त्री-पुरुष दुवैको संसर्गसुखको अभिलाषा भाव नपुंसक वेद हो।

नारक र सम्मूर्छनजन्य जीव नपुंसकवेद हुन्छन् भने देवताको नपुंसकवेद हुँदैन, स्त्री र पुरुष वेद मात्र हुन्छ। बाँकी गर्भज मनुष्य तथा तिर्यञ्चमा तीन वेद कोही पुं, कोही स्त्री र कोही नपुं हुन्छन्।

वेदमा विकारको तरतमभाव पनि हुन्छ। पुरुषवेदको विकार शुष्क तृणपुञ्जको अग्नि झैं शीघ्र प्रकट हुने र शीघ्र शान्त हुने अल्प स्थायी हुन्छ भने स्त्रीवेदको विकार कोइलाको अग्नि झैं ढिलो प्रकट हुने र ढिलै शान्त हुने प्रकृतिको हुन्छ। नपुंसक वेदको विकार सन्तप्त ईटाको झैं अझै ढीलो प्रकट र शान्त हुने हुन्छ।

स्त्री कोमल हुनाले उसलाई कठोरको अपेक्षा हुन्छ, पुरुष कठोर हुनाले कोमलको अपेक्षा गर्छ र नपुंसकमा उभयभाव नै प्रमुख भएकाले उसलाई कठोर-कोमल तत्त्वकै अपेक्षा हुन्छ। द्रव्यवेद र भाववेदको साध्यसाधनभाव या पोष्य पोषकभाव सम्वन्ध हुन्छ।

यसरी देव, मानव, तिर्यक् र नारक रूपका ४ गतिमा अनेक किसिमका पुण्य र पाप कर्मको उदयबाट प्राणीहरू शरीरधारण गर्दछन्। तिनीहरू कति आयु भोग गरे पछि अर्को शरीर ग्रहण गर्दछन् या गत्यन्तरमा जान्छन् ? भन्ने कुरा निम्न सूत्रमा वताइएको छ-

-औपपातिक-चरमदेहोत्तमपुरुषाऽसंख्येयवर्षायुषोऽनपवर्त्यायुषः। २।५२

औपपातिक देव र नारकीय जीव, चरमशरीरी भनेका अब अर्को जन्म न लिने, वर्तमान शरीर पछि मोक्ष प्राप्त गर्ने मनुष्य, उत्तमपुरुष भनेका पनि तीर्थङ्कर, चक्रवर्ती, वासुदेव आदि विशिष्ट मनुष्य र असंख्यातवर्षजीवी जीवहरू भनेका कोही मनुष्य र केही तिर्यक्हरू हुन्। त्यस्ता मनुष्यहरू जैनशास्त्र अनुसार तीस अकर्मभूमि, छपन्न अन्तर्द्वीप तथा कर्मभूमिमा उत्पन्न हुन्छन् भने तिर्यक्हरू चाहीं अन्य द्वीप- समुद्रमा पनि हुन्छन्। यी चार प्रकारका प्राणीहरू अनपवर्तनीय आयुवाला हुन्छन्।

अपवर्तनीय र अनपवर्तनीय गरी आयु दुई प्रकारको हुन्छ। बन्धकालीन भोग पूर्ण नहुँदै मर्नेको आयु अपवर्तनीय या लौकिक भाषामा भन्ने हो भने अकालमृत्यु र बन्धकालीन भोग पूर्ण भएर मर्नेको आयु अनपवर्तनीय अर्थात् कालमृत्यु भनिन्छ। शस्त्रास्त्र, विषपान, भूकम्प आदि प्राकृतिक प्रकोपलाई सोपक्रम भनिन्छ। त्यस्ता निमित्तबाट भएको मृत्युलाई अकालमृत्यु भनिन्छ ता पनि यस्तो कठोर निमित्तमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि कसै कसैको मृत्यु न हुने हुनाले त्यो मृत्युलाई अकाल न भनेर जैन दर्शनमा अपवर्तनीय अर्थात् निर्धारित स्थितिकालको शीघ्र भोग गर्ने भनिएको छ र तिनीहरूको आयुको निर्धारितकाल त्यति नै भएकाले या बाँकी आयुलाई शीघ्रातिशीघ्र भोग गरेकाले तिनीहरूका लागि ती अप्रत्याशित प्राकृतिक विषम निमित्त जुट्न गएका मात्र हुन्, लोकले अकाल भने पनि उनीहरूको अकालमृत्यु होइन।

बन्धकालीन कर्मविपाक या प्रयोजन पूर्ण भए पछि हुने मृत्युलाई लौकिक भाषामा कालमृत्यु भनिन्छ र यो जैनशास्त्रीय शब्दमा अनपवर्तनीय हो। यहाँ अनपवर्तनीय भन्नाले सहज रूपले स्थितिकालको भोग समाप्त गर्ने प्रणालीलाई बुझाउन खोजिएको हो। प्रस्तुत सूत्रमा अनपवर्ती आयुवालाको विवरण दिएर इतरभेदद्वारा बाँकी जीवको पनि आयुको प्रकार बताउन खोजिएको छ।

औपपातिक जीव भनेका देव र नारकहरू, तिनीहरूको आयु अनपवर्ती हुन्छ, अर्थात् सहजरूपले आफ्नो भोग समाप्त गरेर तिनीहरूको आयु सकिन्छ। चौरासी लाख योनिमा मनुष्यदेह नै चरम र उत्तम पनि हो, तर अब उसको अर्को जन्म हुँदैन र वर्तमान स्थूलशरीर त्याग गरे पछि तुरून्तै मोक्ष पदमा पुग्न वाला छ भने त्यो मनुष्य चरम हो, त्यसको आयु पनि अनपवर्ती हो। त्यस्तै तीर्थंकर, चक्रवर्ती, वासुदेव जस्ता मनुष्य उत्तम पुरुष हुन्। तिनीहरूको आयु पनि अनपवर्तनीय हो। असंख्यातवर्षजीवी मनुष्य र तिर्यञ्चहरूको आयु पनि अनपवर्तनीय हुन्छ। यिनमा औपपातिक र असंख्यातवर्षजीवीको आयु निरूपक्रम हुन्छ। लौकिक भाषामा अकालमृत्युकारक बाढी, भूकम्प, बज्रपात आदि आकस्मिक प्राकृतिक निमित्तबाट पनि मृत्यु न हुनु अनपवर्तनीय हो। चरमदेह र उत्तम पुरुषको आयु सोपक्रम र निरूपक्रम रूप अनपवर्तनीय हुन्छ। भनाइको मतलब यो हो कि- औपपादिक र असंख्यातवर्षजीवीहरूको आकस्मिक प्रकोप जुट्दै जुट्दैन भने चरमदेह र उत्तम पुरुषको लागि त्यस्ता प्राकृतिक निमित्त जुट्न पनि सक्छन् र नजुट्न पनि सक्छन्। जुटे पनि त्यसबाट तिनीहरूको मृत्यु हुँदैन। इत्यलम् ।

द्वितीयाध्याय समाप्त

◆◆◆

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ तृतीयाध्याय

अधोलोक, मध्यलोक

दोस्रो अध्यायमा संसारी र मुक्त अनि नारक, मनुष्य, तिर्यञ्च र देव आदिको रूपमा प्राणीहरूको विभाजन गरी वताइएको थियो। यो तेस्रो अध्यायमा ती जीव मध्ये नारक, तिर्यञ्च र मनुष्यको निवासस्थान अधोलोक र मध्यलोकको विषयमा प्रष्ट पार्ने काम गरिएको छ।

प्रस्तुत सूत्रमा नारकीय जीवहरूको निवासस्थान नरकहरूका बारेमा वताइएको छ, जुन सातवटा भएकाले सात लोकहरूको नामले चिनिन्छन्। यो प्रथम सूत्रमा तिनीहरूको नाम निर्देशन गरिएको छ।

-रत्न-शर्करा-वालुका-पङ्क-धूम-तमो-माहातमः प्रभाभूमयो घनाम्बुवाताकास-प्रतिष्ठाः सप्ताधोधःपृथुतराः। ३।१

रत्नप्रभा, शर्कराप्रभा, वालुकाप्रभा, पङ्कप्रभा, धूमप्रभा, तमःप्रभा र महातमःप्रभा यी सात भूमिहरू छन्, जो घनात्मक जल, वायु र आकाशमा अवस्थित छन् र तल तलका लोकहरू अझ विस्तृत रूपमा रहेका छन्।

जैनशास्त्र अनुसार लोकहरू जम्मा तीन प्रकारका छन्- अधोलोक, मध्यलोक र ऊर्ध्वलोक। त्यसमा यी अधोलोकहरू मेरु पर्वत मुनि नौ सय योजनको गहिराइमा तलमाथि भएर तह तहको रूपमा रहेका र निम्न निम्न लोकहरू अपेक्षकृत रूपमा अझ अझ विस्तृत विशाल छन् भने मेरु पर्वतका वरिपरि नौ नौ सय योजनकै परिधिमा मध्यलोक रहेको छ। मध्यलोक देखि माथि ऊर्ध्वलोक रहेको छ जहाँ देवहरूको निवास रहेको मानिएको छ।

अधोलोकको रूपमा रहेका नरकहरू नारकीय जीवको निवास स्थान हुन्। यो कुरा निम्न सूत्रले स्पष्ट पारेको छ।

-तासु नरकाः। ३।२

ती सात भूमिमा नरकहरू छन्। तल माथिको रूपमा रहेका ती प्रत्येक लोकहरूको अन्तरमा क्रमशः महान् गम्भीर समुद्र, केही साना समुद्र, महावायु, सामान्यवायु अनि आकाश रहेका छन्। त्यस मुनि दोस्रो नरक, पुनः त्यस पछि महान् समुद्र आदि, फेरि तेस्रो नरक, एवं क्रमले सात नरक रहेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सात नरक मध्ये पहिलोमा विविध प्रकारका तीव्र तेजयुक्त रत्नहरूको प्राधान्य भएकोले त्यसको नाम रत्नप्रभा, दोस्रो कंकड (गिट्टी या भावर) प्रधान भएकाले शर्कराप्रभा, तेस्रो नरकमा बालुवै बालुवा भएकाले बालुकाप्रभा, चौथो गजगजी हिलै हिलो हुनाले पङ्कप्रभा, पाँचौमा कुहिरीमण्डल धुवाँको आधिक्य हुनाले धूमप्रभा, छैटौँ लोकमा घना अन्धकारै अन्धकार भएकाले तमःप्रभा र सातौँ भूमिमा अफ्न महान् अन्धकारको प्रचुरता भएकाले महातमःप्रभा भनेर सात नरकस्थानहरूको नाम रहेको हो।

यी नरकहरूमा ठूलो संख्यामा नरकवासीहरू रहेका छन्। प्रथम नरकलोकदेखि क्रमशः पहिलोमा ३० लाख, दोस्रामा २५ लाख, एवं क्रमले १५ लाख, १० लाख, ३ लाख, १ लाखमा पाँच कम, त्यस पछि सातौँमा केवल पाँच मात्र नरकवासीहरू रहन सक्ने क्षमता भएको र सोही अनुसार नरकवासीहरू पनि रहेका हुन्छन्।

ती नरकहरू कस्तो कस्तो स्वरूपका छन् भन्ने कुरा निम्नसूत्रमा देखाइएको छ -

-नित्याशुभतरलेश्या-परिणाम-देह-वेदना-विक्रियाः। ३।३

उक्त नरकहरू नित्य अशुभतर लेश्या (कर्मविपाक) युक्त, परिणाम, देह, वेदना र विक्रिया (वैपरीत्य)वाला छन्।

यी नरकहरू निरन्तर रूपमा पहिलोभन्दा दोस्रो, दोस्रोभन्दा तेस्रो आदि क्रमले अधिक अधिक अशुभ, अशुभतर, अशुभतम संरचनावाला छन्। त्यस्तै त्यहाँ रहेका नारकीय.जीवको लेश्या, परिणाम, शरीर, वेदना र विक्रिया पनि.उत्तरोत्तर अशुभ छन्। योग आदि दर्शनमा शुक्ल, कृष्ण, उभय, अनुभय रूपका चार प्रकारका कर्म र सोही अनुसारको परिणाम प्राप्त हुन्छ भने झैँ जैन दर्शनमा लेश्या शब्दको अलि विस्तृत अर्थ छ। यहाँ कर्मविपाक या त्यसको परिणामलाई लेश्या भनिएको छ र ती ६ प्रकारका मध्ये सुरुका ३ वटालाई उत्तरोत्तर अधिक क्लेशकारीका रूपमा मानिएको छ ती हुन्- कपोत, नील, कृष्ण। उत्तरोत्तर नरकमा यी प्रथम तीन लेश्याहरू पनि अधिक क्लेशकारी हुन्छन्। बाँकी ३ वटा लेश्या तेज (पीत), पद्म(रक्त) र शुक्ल शुभकारीको रूपमा मानिन्छन्।

त्यस्तै वर्ण, गन्ध, रस, स्पर्श, शब्द आदि अनेक प्रकारका पौद्गलिक परिणामहरू पनि उत्तरोत्तर नरकमा अशुभ, अशुभतर हुन्छन्। नारकीय प्राणीको देह (शरीर) पनि उत्तरोत्तर नरकमा अशुभ नाम-कर्मको उदयले अशुचिपूर्ण र अधिकाधिक विभत्स हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेदना (पीडा) पनि उत्तरोत्तर नरकमा अधिकाधिक तीव्र हुन्छ। वेदाना तीन प्रकारको हुन्छ- १) क्षेत्रस्वभावजन्य- क्षेत्र या स्थान नै दुःखदायक हुन्छ। २) परस्परजन्य- आपसमा लड भिड र चिथोरा चिथोरबाट हुने दुःख र ३)अधर्मजन्य -अत्यन्त क्रूर स्वभावका अधार्मिक असुरहरूद्वारा हुने पीडा। त्यसमा क्षेत्रस्वभावजन्य वेदना चार प्रकारको हुन्छ :- शीत, उष्ण, उष्णशीत र शीतोष्ण। त्यहाँ यति कडा शीत र उष्णको वेदना हन्छ कि -यदि नारकीय जीव पृथ्वीको अत्यन्त गर्मी र अत्यन्त ठण्डी क्षेत्रमा आउने हो भने उनीहरूलाई आनन्दको अनुभूति हुन्छ।

त्यहाँ विक्रिया (विपरीत लाभ) पनि उत्तरोत्तर कठोर हुन्छ। दुःखबाट छुट्कारा पाउन नारक जीव जति छट्पटिन्छन्, प्रयत्न गर्छन्, तर त्यसको विपरीत उनीहरूलाई झन् बढी दुःख मिल्दछ।

यी लेश्या आदि अशुभ कुरा नारकलाई त्यहाँ रहे सम्म नित्य नै आइ परि रहन्छन्, एक छिन पनि शुभ, शान्ति र सुख हुँदैन।

सूत्रकार प्रथम क्षेत्रस्वभावजन्य वेदनालाई नरकको नामबाटै स्पष्ट हुने भएकाले त्यसलाई उपेक्षा गरी दोस्रो वेदनाको स्वरूप बताउँछन्-

-परस्परोदीरितदुःखाः। ३।४

नरकमा नरकवासीले नै परस्पर एकले अर्कालाई दुःख दिइ रहेका हुन्छन्। क्षेत्रगत उष्ण शीतको पीडा बाहेक नरकमा भोक-प्यासजनित दुःख, अनि नारकीय जीवबाटै जन्मजात शत्रुताका कारण परस्पर विद्वेषजन्य दुःख र भोक प्यासको पीडाका कारण हुने दुःख अत्यन्त तीव्र हुन्छ। नारकीय जीवहरू आपसमै मारपीट र लुछालुछ गरी लडि रहेका हुन्छन्। यो परस्पर जनित दुःख हो।

तेस्रो अधर्मजनित दुःखका बारे निम्न सूत्रमा प्रस्तुत गरिएको छ-

-संक्लिष्टासुरोदीरितदुःखाश्च प्राक् चतुर्थ्याः। ३।५

चौथो भूमिभन्दा पहिलेका अर्थात् तेस्रो लोक सम्मका नारकीय जीवहरू संक्लिष्ट असुरहरूद्वारा दिइएको दुःखबाट पीडित हुन्छन्।

अधोलोकका प्रथम, द्वितीय र तृतीय भूमिमा परम अधार्मिक, क्रूर स्वभाववाला, पापरत, निर्दय, कुतूहली, अम्ब- अम्बरीष आदि १५ जातिका असुरहरू रहेका हुन्छन्। अन्य एस, आराम र सुखभोगका लागि श्रीसम्पति-ऐश्वर्यमा कुनै कमी छैन र पनि नारकीय प्राणीहरूलाई अनेक प्रकारका दुःख दिन, प्रहार गर्न, आपसमा लडाउन र मारपीट गर्न लगाउदा यिनीहरूलाई बहुत आनन्द लाग्छ। विचरा नारकीय जीवहरू असुरजन्य दुःख कर्मवश, असहाय, बेशरण भएर भोग्दछन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनपवर्तनीय (कर्मभोग नसकी नमरिने) आयुका कारण उनीहरूको जीवन छिटै समाप्त पनि हुँदैन।

निम्न सूत्रमा नरकमा नारकीय जीवको स्थिति कति समय सम्म हुन्छ भन्ने कुरा देखाइएको छ-

-तेष्वेक-त्रि-सप्त-दश-सप्तदश-द्वाविंशति-त्रयस्त्रिंशत् सागरोपमाः सत्वानां परास्थिति। ३।६

नरकहरूमा जीवहरूको उत्कृष्ट स्थिति प्रथम नरकभूमिदेखि क्रमशः एक, तीन, सात, दश, सत्र, बाइस, तेतीस सागर (१० पल्योपम) वर्ष सम्म हुन्छ।

गन्तीका शब्दहरू पनि जैन साहित्यमा बेग्लै प्रकारका छन्। गणनीय भन्दा माथिका असंख्य समयलाई १ पल्य भनिन्छ र १० पल्यको १ सागर हुन्छ। ४।४ कोस लम्बाइ चौडाइ र गहिराइ भएको खाडीमा नवजात शिशुका केशहरूलाई असंख्य असंख्य टुका गरी भर्ने र प्रति वर्ष केशका १।१ टुक्रा निकाल्दै जाँदा खाडी जति समयमा खाली हुन्छ त्यो समय १ पल्य हो। त्यस्ता १० पल्यको १ सागर हुन्छ।

प्रत्येक गतिका जीवहरूको आयुमर्यदा जघन्य (न्यूनतम) र उत्कृष्ट (अधिकतम) गरी दुई प्रकारको हुन्छ। जस भन्दा कम हुँदैन त्यो जघन्य हो भने जस भन्दा वढी हुँदैन त्यो उत्कृष्ट हो। नारकको स्थिति उत्कृष्ट हुन्छ। प्रथम नरकमा अवस्थित जीवहरूको एक सागर आयु हुन्छ। अर्थात् प्रथम रत्नप्रभाका नारक जीवहरू त्यसमा एक सागर वर्ष सम्म रहनु पर्ने हुन्छ। त्यस्तै दोस्रोमा तीन, तेस्रोमा सात सागर, चौथोमा दश सागर, पाँचौमा सत्र सागर, छैटौंमा वाइस सागर र सातौं महातमः प्रभा नरकमा तेत्तीस सागर बरावरको उत्कृष्ट आयुस्थिति हुन्छ।

देवताहरू स्वकर्मवश नरकमा जाँदैनन्। नारक जीव पनि नरकभोग गरि सके पछि मरेर पुनः नरकमा जाँदैनन्। नरकमा जाने भनेका तिर्यञ्च र मनुष्य मात्र हुन्।

नरकभोग पश्चात् जीव शुद्ध स्थितिमा आउँछ र उनीहरू उत्कृष्ट स्थिति प्राप्त गर्न पनि सफल र समर्थ हुन्छन्। यसमा प्रथम तीन भूमिका नारकीय जीव मनुष्ययोनिमा जन्मिएर तीर्थङ्करको पद प्राप्त गर्न समेत सक्तछन् भने चौथो सम्मको नरक भोगि सकेका जीव मनुष्ययोनिमा आएर निर्वाण (मोक्ष) प्राप्त गर्न सक्तछन्। पाँच भूमि सम्मको नरक भोग गरेका जीव मनुष्ययोनिमा आई गतिसंयम गर्न सक्तछन्। छ नरकबाट निक्लेका जीव मनुष्यको रूपमा जन्म लिएर देशविरति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्त गर्न सक्तछन् र सात नरक भोग गरी निस्केका जीवहरू सम्यक्त्व नै प्राप्त गर्न सक्ने हुन्छन्।

मध्यलोक

अधोलोकका बारे जैन शास्त्रमा विस्तृत विवरण पाइन्छ, तर यहाँ ग्रन्थविस्तारको भयले ती विवरणलाई केही सार संक्षेपले प्रस्तुत गरिएको हो। अब मध्यलोकका विषयमा विवरण प्रस्तुत गरिन्छ। मनुष्य र तिर्यञ्चहरूले वसोवास गर्ने मध्यलोकको स्वरूप के कस्तो रहेको छ भन्ने कुरामा सूत्रकार निम्न सूत्रमा भन्दछन् -

-जम्बूद्वीपलवणादयः शुभनामानो द्वीपसमुद्राः।३।७

मध्यलोकमा जम्बूद्वीप आदि र लवणोदधि आदि शुभ नामवाला द्वीप समुद्रहरू छन्।

-द्विर्द्विर्विष्कम्भाः पूर्वपूर्वपरिक्षेपिणो वलयाकृतयः ३।८

ती द्वीप र समुद्रहरू चुरा (वृत्त) आकारका पूर्वपूर्वका द्वीप र समुद्रहरू परस्पर समुद्र र द्वीपलाई वेष्टित गर्ने र दुई दुई गुणा विस्तारवाला छन्।

-तन्मध्ये मेरुनाभिर्वृतो योजनसतसहस्रविष्कम्भो जम्बूद्वीपः। ३।९

ती द्वीप मध्ये बिचमा मेरु पर्वत रहेको, एक लाख योजन विस्तीर्ण जम्बूद्वीप छ।

मध्यलोक (पृथ्वीलोक) मा द्वीप र समुद्रहरू असंख्य नै छन्। तर प्रमुख रूपमा जम्बू, धातकी खण्ड, पुष्करवर (पुष्करार्ध) वारूणीवर, क्षीरवर, घृतवर, इक्षुवर, नन्दीश्वरवर, अरुणवर, स्वयम्भूरमण आदि द्वीपहरू उल्लेखनीय छन् भने समुद्रहरू पनि लवणोद, कालोद, प्रथम र द्वितीय पछिका द्वीपकै नामका समुद्रहरू पुष्करवर, वारूणीवर, क्षीरवर, घृतवर, इक्षुवर, नन्दीश्वरवर, अरुणवर र स्वयम्भूरमण एवं यस्ता अन्य अनेक द्वीप र समुद्रहरू रहेका छन्। यी द्वीप र समुद्र आपसमा एकले अर्कालाई वेष्टित गरेर रहेका छन्।

यी द्वीपको मध्यभागमा जम्बू द्वीप छ। यसको पूर्व-पश्चिम-उत्तर-दक्षिणको विस्तार एक एक लाख योजन छ भने लवणोदधि त्यो भन्दा दुई गुणा ठूलो छ। बिचमा मेरु पर्वत छ र यसको उचाइ एक लाख योजन छ। मेरु पर्वतको सुरूका तीन भाग ढुङ्गा-माटाले बनेको र त्यस पछिको उच्चाइमा चाँदी, त्यस पछि स्वर्णमय रूप रहेको छ।

जम्बूद्वीपमा जम्मा सात क्षेत्र छन्। तीनलाई वर्ष, वंश वा वास्य समेत भनिन्छ, उक्त कुरा निम्न सूत्रमा प्रस्तुत छ-

-तत्र भरत-हैमवत-हरि-विदेह-रम्यक-हैरण्यवतै-रावतवर्षाः क्षेत्राणि। ३।१०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जम्बूद्वीपमा भरत, हैमवत, हरि, विदेह, रम्यक, हैरण्यवत र ऐरावत नाम गरेका सात वर्षहरू छन्। त्यसमा सबभन्दा दक्षिणमा भरत वर्ष, त्यसको उत्तरमा हैमवत, त्यस देखि उत्तर हरि आदिका क्रमले सबभन्दा उत्तरमा ऐरावत वर्ष रहेको छ। सूर्योदय र अस्तका आधारमा व्यवहारसिद्ध दिशाका दृष्टिले मेरु पर्वत यी सबै क्षेत्रका लागि उत्तरमा रहेको छ।

ती सातवटा क्षेत्रहरूलाई विभाजित गर्ने विभिन्न पर्वतहरू छन्, ती पर्वत बारे निम्न सूत्रमा बताइएको छ-

-तद्विभाजिनः पूर्वापरायत्ता हिमवन्- महाहिमवन्- निषध- नील- रुक्मि- शिखरिणो वर्षधरपर्वताः। ३।११

ती सात वर्ष क्षेत्रहरूलाई छुट्याउने पूर्व-पश्चिम फैलिएका हिमवान्, महाहिमवान्, निषध, नील, रुक्मी र शिखरी नामका ६ वटा वर्षधर पर्वतहरू छन्। भरत र हैमवतवर्षको सीमा हिमवान् पर्वतले छुट्याएको छ भने हैमवत र हरि वर्षको बिचमा महाहिमवान् पर्वत छ। हरिवर्ष र विदेहवर्षको विभाजक निषध नामक पर्वत छ। त्यस्तै विदेह र रम्यकवर्षको विभाजक नील पर्वत हो भने रम्यक् र हैरण्यवतको विभाजक रुक्मी अनि हैरण्यवत र ऐरावतको विभाजक शिखरी पर्वत हो।

जम्बू द्वीपका यी सात क्षेत्र पूर्व पश्चिममा विस्तृत रूपले फैलिएका छन्। जम्बूको विचमा विदेहवर्ष अवस्थित छ र मेरु पर्वत पनि यसै क्षेत्रको मध्यमा रहेको छ। विदेहक्षेत्रकै उत्तर तिरको मेरु र नीलपर्वतका बिचको अर्धचन्द्राकार भागलाई उत्तरकुरु भनिन्छ भने मेरु र निषध पर्वत बिचको दक्षिण तिरको भाग देवकुरू भनिन्छ।

प्रस्तुत सूत्र पछि दिगम्वर सूत्रावलीमा अन्य केही बढी सूत्रहरू पाइन्छन्, जुन श्वेताम्वर सूत्रावलीमा पाइदैनन्। सूत्र र तिनको सामान्य अर्थ उल्लेख गर्न उपयुक्त ठानी यहाँ प्रस्तुत गरिएका छन् र जो यस प्रकार छन्। यो निम्नसूत्रमा ती पर्वतहरू कस्ता कस्ता वर्णका थिए भन्ने कुरा देखाइएको छ -

- हेमार्जुन-तपनीय-वैदुर्य-रजत-हेममयाः। क

ती ६ वटा पर्वतहरूको वर्ण क्रमशः सुवर्ण, रजत, तप्तसुवर्ण, वैदुर्य मणि र रजतको जस्तो रहेको छ।

पर्वतको आकार कस्तो छ भन्ने कुरा निम्न सूत्रमा बताउँछन् -

-मणिविचित्रपाश्र्वा उपरि मूले च तुल्यविस्ताराः। ख

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती पर्वतहरूको पार्श्वभाग विभिन्न मणि-माणिक्यले शोभायमान छ। पर्वतको शिरदेखि फेदसम्मकै भाग समान विस्तारको छ।

पर्वतमा विभिन्न तलाउहरू रहेका छन्। ती हुन् -

-पद्म-महापद्म- तिगिञ्छ-केशरी-महापुण्डरीक-पुण्डरीका ह्रदास्तेषामुपरि। ग

ती प्रत्येक पर्वतमा पद्म, महापद्म, तिगिञ्छ, केशरी, महापुण्डरीक र पुण्डरीक नामका सरोवरहरू छन्।

-प्रथमो योजनसहस्रायामस्तदर्धविष्कम्भो ह्रदः। घ

हिमवान् पर्वतमा रहेको प्रथम सरोवर एक हजार योजन लम्बाइ र पाँच सय योजन चौडाइको छ।

-दशयोजनावगाहः। ङ

प्रथम पद्म नामक सरोवर दश योजन गहिरो छ।

-तन्मध्ये योजनं पुष्करम्। च

त्यो तलाउको बिचमा एक योजन विस्तारवाला कमल छ।

-तद्द्विगुणद्विगुणा ह्रदाः पुष्कराणि च।छ

अन्य पोखरी र कमलहरूमा उत्तरोत्तरको विस्तार पहिलो पोखरीको भन्दा दुई दुई गुना बढी रहेको छ।

-तन्निवासिन्यो देव्यः श्री-ह्री-धृति-कीर्ति-बुद्धि-लक्ष्म्यः पल्योपमस्थितयः ससामानिकपरिषत्काः। ज

ती पद्म आदि प्रत्येक सरोवरका कमलमा क्रमशः श्री, ह्री, धृति, कीर्ति, बुद्धि र लक्ष्मी नामका देवीहरू सामानिक र परिषत्का साथ निवास गरेका हुन्छन् र तिनको स्थिति त्यहाँ एक पल्य सम्म हुन्छ।

-गरा-सिन्धु-रोहित्-रोहितास्या-हरित्-हरिकान्ता-सीता-सीतोदा-नारी-नरकान्ता-सुवर्णरूप्यकूला-रक्ता-रक्तोदा-सरितस्तन्मध्यगाः। झ

भरत आदि उक्त सात क्षेत्रमा गरा, सिन्धु, रोहित्, रोहितास्या, हरित्, हरिकान्ता, सीता, सीतोदा, नारी, नरकान्ता, सुवर्णकूला, रुप्यकूला, रक्ता र रक्तोदा नामका नदीहरू बगदछन्।

-द्वयोर्द्वयोः पूर्वगाः। ञ

-शेषास्त्वपरगाः। ट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उक्त नदीहरूमा प्रथमदेखि क्रमशः दुई दुईको जोडीमा पहिलो पहिलो पूर्व समुद्रमा र दोस्रो दोस्रो पश्चिम समुद्रमा मिल्दछन्।

-चतुर्दशनदीसहस्रपरिवृता गङ्गासिन्ध्वादिनद्यः। ठ

गङ्गा, सिन्धु आदि नदीहरूमा अन्य चौध हजार शाखा नदीहरू मिलेका छन्।

-भरतः षड्विंशतिपञ्चयोजनशतविस्तारः षट्चैकोनविंशतिभागाः योजनस्य। ड

भरत क्षेत्रको विस्तार पाँच सय छब्बीस योजन लम्बाइ र एक योजनको १९ भागमा ६ भाग चौडाइ रहेको छ।

-तद्द्विगुणद्विगुणविस्तारा वर्षवर्षधरवर्षा विदेहान्ताः। ढ

त्यस पछिका विदेह सम्मका क्षेत्र र पर्वतहरूको विस्तार भरत क्षेत्रको विस्तार भन्दा दुई दुई गुनाले बढी छ।

-उत्तरा दक्षिणतुल्याः। ण

उत्तरका क्षेत्र र पर्वतहरू दक्षिणका क्षेत्र र पर्वत समान छन्।

-भरतैरावतयोर्वृद्धिह्रासौ षट् समयाभ्यामुत्सर्पिण्यवसर्पिणीभ्याम्। त

भरत र ऐरावत क्षेत्रमा उत्सर्पिणी र अवसर्पिणी कालको ६ समयद्वारा जीवहरूको आयु, काय, सुख आदिको वृद्धि र हानि हुन्छ, तर क्षेत्रको वृद्धि र हानि हुँदैन।

दश दश कोडा कोडी सागर काललाई उत्सर्पिणी र अवसर्पिणी काल भनिन्छ। यी दुवै उत्सर्पिणी र अवसर्पिणी काल भनेको एक कल्प हो। उक्त भरत र ऐरावत क्षेत्रमा उत्सर्पिणी कालमा मनुष्य आदिको आयु, काय, उपभोग आदिमा वृद्धि हुन्छ भने अवसर्पिणी कालमा ह्रास हुन्छ। त्यस्तै भोग·अदिको वृद्धिमा अनुकूल समय उत्सर्पिणी काल हो भने भोग आदिको ह्रासमा अनुकूल समय अवसर्पिणी काल हो। यी दुबै कल्पका ६।६ विभाग गरिएका छन्। उत्सर्पिणी कालका ६ भेदमा -१. सुषम-सुषमा जो सृष्टिको सुरु सर्वप्राचीन काल हो। त्यस पछि सभ्यताको विकास हुँदै जाँदा क्रमशः २.सुषमा ३. सुषमदुषमा ४. दुषमसुषमा ५. दुषमा ६. दुषमदुषमा। उत्सर्पिणी कालका यी ६ पर्व बिति सके पछि सभ्यता तथा शक्तिको ह्रासकालको अवस्था अवसर्पिणी काल आरम्भ हुन्छ। यसका ६ पर्वहरू -१. दुषमदुषमा २. दुषमा ३. दुषमसुषमा ४. सुषमदुषमा ५. सुषमा ६. सुषमसुषमा। यसरी अवसर्पिणी कालको अन्तिम अवस्था हुँदा सर्वप्राचीन कालको समान सभ्यता र शक्तिको अवस्था हुन्छ। यही विशाल समयको अन्तरालमा उक्त दुई क्षेत्र भरत र ऐपरावतका मनुष्य आदि प्राणीको भोग, स्वरूप आदि प्रकृतिमा वृद्धि र ह्रास हुँदै उत्पत्ति र विनाश चलि रहन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-ताभ्यामपरा भूमयोऽवस्थिताः। थ

भरत र ऐरावत क्षेत्रलाई छोडेर अन्य भूमिहरू सर्वदा एकै नासले अवस्थित रहन्छन्, उनीहरूमा काल लगायत अन्य कुरा परीवर्तन हुँदैन।

-एकद्वित्रिपल्योपमस्थितयो हैमवतक-हारिवर्षक-दैवकुरवकाः। द

-तथोत्तराः। ध

हैमवत, हरिक्षेत्र र देवकुरुमा विद्यमान प्राणीहरूको आयु क्रमशः एक पल्य, दुई पल्य र तीन पल्य हुन्छ। उत्तरी क्षेत्रका निवासीको आयु पनि दक्षिण क्षेत्रका निवासीको समान नै हुन्छ।

-विदेहेषु संख्येयकालाः। न

विदेह क्षेत्रमा निवास गर्ने प्राणीको आयु संख्यात वर्ष हुन्छ।

-भरतस्य विष्कम्भो जम्बूद्वीपस्य नवतिशतभागः। प

भरत क्षेत्रको विस्तार जम्बूद्वीपको १९० औँ भागको एक भाग छ।

अब दोस्रो घातकी द्वीपबारे सूत्रकार भन्छन्-

-द्विर्धातकी खण्डे। ३।१२

धातकी खण्ड द्वीपमा पर्वत र क्षेत्रको संख्या जम्बूमा भन्दा दुई गुणा वढी छ।

-पुष्करार्धे च। ३।१३

पुष्कर द्वीपमा पनि धातकी द्वीपकै बरावर पर्वत र क्षेत्रहरू छन्।

यी दुई सूत्रवाट यो स्पष्ट हुन्छ कि धातकी खण्ड र पुष्करार्ध द्वीपमा दुई दुई वटा मेरु चौद चौद वर्ष र बाह्र बाह्र वर्षधर पर्वत छन्। धातकी खण्ड पुस्करार्ध द्वीपको विचमा उत्तर-दक्षिण फैलिएको एक पर्वत रहेकोले यो द्वीप पूर्वार्द्ध र पशिचमार्धको रूपमा अवस्थित छ। पुष्करवर द्वीपको बिचमा एक मानुषोत्तर नामक पर्वत अवस्थित छ र यसले पुष्करवर द्वीपलाई पनि आधा आधा गरी २ भाग बनाएको छ। यही जम्बू, धातकी र पुष्करको आधा भाग गरी अढाइ द्वीपमा नै मनुष्यहरू रहेका छन्। जो निम्न सूत्रले प्रस्ट्याएको छ।

-प्राङ् मानुषोत्तरान् मनुष्याः। ३।१४

मानुषोत्तर पर्वतभन्दा पूर्व मात्र मनुष्यहरू रहेका छन्। यी क्षेत्र भित्र जम्मा ३५ क्षेत्र (वर्ष) र ५६ अन्तर्द्वीप (ससाना टापुहरू) रहेका छन्, तिनको वातावरण मिल्ने क्षेत्रमा मनुष्यहरूको वसोवास रहेको छ। तपःसिद्ध पुरुषहरू जुनसुकै क्षेत्रमा पनि रहन सक्छन्। यस क्षेत्र भित्रका मनुष्यहरूमा जन्म-मरण चक्र चल्दछ। यस भित्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहने सिद्धहरूमा पनि जन्म-मरण त हुन्छ तर यो क्षेत्र बाहिर रहन सक्ने सिद्धहरूको भने जन्म-मरण प्रक्रिया हुँदैन।

यस क्षेत्रमा रहने मनुष्यहरू दुई प्रकारका हुन्छन्-

-आर्या म्लेच्छाश्च। ३।१५

यी ३५ वर्ष र ५६ टापुमा बसोबास गर्ने मनुष्यहरू आर्य र म्लेच्छ कहलाइन्छन्। जो गुणवान् सभ्य छन् र गुणवान्हरू जसको सेवा गर्दछन् तिनलाई आर्य भनिन्छ र जो असभ्य र निर्लज्ज हुन्छन् ती म्लेच्छ हुन्।

दिगम्बर या श्वेताम्बर जैन साहित्यहरूमा मनुष्यहरूको व्यापक भेद प्रभेद देखाइएको छ। निमित्तभेदका दृष्टिले यहाँ संक्षेपले भेद देखाइएको हो। जस अनुसार आर्य ६ प्रकारका हुन्छन्- क्षेत्रगत, जातिगत, कुलगत, कर्मगत, शिल्पगत र भाषागत। आर्यक्षेत्रमा उत्पन्न आर्य क्षेत्रगत हुन् भने इक्ष्वाकु, विदेह, हरि, ज्ञात, कुरु आदि वंशमा भएका वंशगत आर्य हुन्। कुलकर, चक्रवर्ती, बलदेव, वासुदेव आदि विशुद्ध कुलमा उत्पन्न भएका कुलगत आर्य हुन् भने यजन-याजन, पठन-पाठन, कृषि-उद्योग-वाणिज्य आदिद्वारा आजीविका चलाउने कर्मगत आर्य हुन्। शिल्पगत आर्य भनेका सुसँस्कृत तथा मान्य भाषा शिष्ट र सुगम रीतले बोल्ने शिष्ट एवं सभ्य मनुष्य हुन्।

यस विपरीत शक, यवन, काम्बोज, शबर, पुलिन्द आदि म्लेच्छ हुन्। उनीहरू पनि अन्तर्द्वीपज र कर्मभूमिज गरी दुई प्रकारका हुन्छन् जुन् निम्न सूत्रको विवरणबाट स्पष्ट हुन्छ।

मनुष्यहरूको कर्मभूमिका सम्बन्धमा निम्न सूत्र हेरौँ-

-भरतैरावतविदेहाः कर्मभूमयोऽन्यत्र देवकुरूत्तरकुरुभ्यः। ३।१६

देवकुरु र उत्तर कुरुलाई छोडेर भरत, ऐरावत तथा विदेह क्षेत्रहरू कर्मभूमि हुन्। जहाँ मोक्षमार्गका ज्ञाता र उपदेष्टा रहन्छन् त्यो क्षेत्र कर्मभूमि हो। यस क्षेत्रका म्लेच्छहरू कर्मभूमिज हुन् भने अन्यत्रका अन्तर्द्वीपज हुन्। उपर्युक्त ५६ द्वीपहरूमा केही क्षेत्र मात्र कर्मभूमि हुन्, बाँकी सवै भोगभूमि हुन्।

आयुमर्यादाको जघन्य र उत्कृष्ट स्थितिको परिमाण कति हो भन्ने कुरा निम्न सूत्रद्वयमा देखाइएको छ-

-नृस्थिती परापरे त्रिपल्योपमान्तर्मुहूर्ते। ३।१७

मनुष्यको स्थिति (आयु) परिणाम उत्कृष्टको त्रिपल्योपम र जघन्यको अन्तर्मुहूर्त हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-तिर्यग् योनीनाञ्च। ३।१८

तिर्यग् योनिहरूको स्थितिकाल पनि मनुष्यकै जस्तो हुन्छ।

स्थिति २ प्रकारको हुन्छ- भवस्थिति र कायस्थिति। कुनै पनि प्राणी जन्मिएर जघन्य (न्यूनतम) र उत्कृष्ट (अधिकतम) कति जीवित हुन्छन् त्यो भवस्थिति र कुनै अर्को जातिमा जन्म ग्रहण नगरेर एउटै जातिमा बार बार उत्पन्न हुनु कायस्थिति हो। उपर्युक्त सूत्रले देखाएको स्थिति भवस्थिति हो। मनुष्य तथा तिर्यञ्चको जघन्य कायस्थिति अन्तर्मुहूर्त नै हुन्छ। २ घडी बराबर १ मुहूर्त हुन्छ र एक घडीमा २४ मिनेट हुनाले मनुष्य तथा तिर्यक्हरूको जघन्य स्थिति ४८ मिनेट बराबर हुने भयो। मनुष्यको उत्कृष्ट कायस्थिति ७ या ८ भवग्रहण (जन्म) हो। अर्थात् कुनै पनि मनुष्यले लगातार ७ या ८ जन्म ग्रहण गरिसके पछि उसले पुन मनुष्यको जन्म लिन पाँउदैन, मनुष्यचोला नै सदाका लागि छोड्नु पर्ने हुन्छ।

सबै तिर्यञ्चको कायस्थिति भने मनुष्यको झैँ एक रूप नै मानिएको छ। मध्यम स्थिति भने एक रूपको हुँदैन। इत्यलम्।

तृतीय अध्याय समाप्त

◆◆◆

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्थ अध्याय

देवलोक

तृतीय अध्यायमा नारक मनुष्य र तिर्यञ्चहरूको स्थिति र निवासस्थान आदि बारे स्पष्ट पारियो। अब चतुर्थ अध्यायमा देवताहरू, उनीहरूको निवासस्थान एवं विशेषता आदिबारे स्पष्ट पारिने छ। प्रस्तुत प्रथम सूत्रमा देवताहरू के कति प्रकारका हुन्छन् भन्ने कुरा बताइएको छ-

-देवाश्चतुर्निकायाः। ४।१

देवताहरू ४ प्रकारका हुन्छन्। ती चार प्रकार हुन्- भवनपति, व्यन्तर, ज्योतिष्क र वैमानिक। देवताहरू अनेक हुन्छन् ता पनि तिनीहरूलाई यहाँ यी ४ समूहमा विभाजन गरिएको हो। समूहगत रूपमा कुन देवताको कस्तो स्वरूप हुन्छ निम्न रूपमा देखाइएको छ।

तिनीहरू मध्ये तेस्रो देवसमूहको स्वरूप कस्तो हुन्छ -दोस्रो सूत्र हेरौं-

-तृतीयः पीतलेश्यः। ४।२ आदितस्त्रिषु पीतान्तलेश्याः। (दिगम्बर)

तेस्रो देवनिकाय ज्योतिष्कको पीतलेश्या हुन्छ। दिगम्वर संप्रदाय अनुसार पहिलो भवनपति र दोस्रो व्यन्तर निकायमा पनि पीतलेश्या हुन्छ, जो उपर्युक्त सूत्रमा बताइएको छ।

द्रव्य लेश्या र भावलेश्या गरेर लेश्या २ प्रकारको हुन्छ। दुवै प्रकारका लेश्याका ६/६ भेद हुन्छन्। कृष्ण, नील, कापोत(खैरो), तेज(पीत), पद्म(रक्त) र शुक्ल। यहाँ लेश्या भन्नाले द्रव्य लेश्या अर्थात् शारीरिक वर्णविशेषलाई भनिएको हो। त्यसैले ३ प्रकारका देवहरू भवनपति, व्यन्तर र ज्योतिष्कको कृष्ण, नील, कापोत र पीत लेश्याका हुन्छन्। प्राणीहरूको विशेष गरी मनुष्यहरूको मनमा खानपान तथा बाहिरी वातावरणको गहिरो प्रभाव पर्दछ। त्यसैले-जस्तो अन्न त्यस्तै मन, भन्ने भनाइ प्रचलित पनि छ। अतः जुन लेश्या वाला द्रव्यको ग्रहण गरिन्छ जीवात्मामा त्यही लेश्याको परिणाम देखा पर्दछ। यसर्थमा द्रव्यलेश्या (पौद्गलिक विचार) को भावलेश्या (चेतसिक विचार)का साथ गहिरो सम्वन्ध रहेको हुन्छ। आत्मामा पर्ने सत्प्रभाव र असत्प्रभावको मूल कारण मोह र मोहको अभाव हो। त्यसमा यी लेश्याहरू सहकारी कारण हुन्छन्। अन्य दर्शनमा पनि सत्त्व, रज र तम गुणलाई शुक्ल, रक्त र कृष्ण वर्णबाट जनाइन्छ र प्राणी लगायत सम्पूर्ण चिजबीजमा यी तीन गुणहरू कुनै न कुनै मात्रामा रहेका हुन्छन्। पातञ्जल योगमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मलाई कृष्ण, शुक्ल, कृष्णशुक्ल र अकृष्ण अशुक्ल गरेर चार प्रकारको मानिएको छ। त्यस्तै जैन दर्शनमा पनि यसै अनुरूप प्राणी मात्रमा निहित स्वभाव या कर्मलाई भावलेश्या र चिजबीजको गुणधर्मलाई द्रव्यलेश्या भनिएको हो।

कुन् समूहका देवताहरू कति प्रकारका हुन्छन् भन्ने कुराको बोधका लागि प्रत्येक देवताहरूको अन्तर्भेद निम्न सूत्रमा बताइएको छ-

-दशाष्ट-पञ्च-द्वादशविकल्पाः कल्पोपपन्नपर्यन्ताः। ४।३

४ निकायका देवताहरूमा प्रथम भवनपतिको दश भेद हुन्छन्- असुरकुमार, नागकुमार, विद्युत्कुमार, सुर्वणकुमार, अग्निकुमार, वातकुमार, स्तनितकुमार, उदधिकुमार, द्वीपकुमार र दिक्कुमार। व्यन्तर समूहका देवताहरूको आठ भेद हुन्छ- किन्नर, किंपुरुष, महोरग, गन्धर्व, यक्ष, राक्षस, भूत र पिशाच। ज्योतिष्कका सूर्य, चन्द्र, ग्रह, नक्षत्र र तारा गरेर ५ भेद हुन्छन्। एवं सौधर्मदेखि अच्युत सम्म १२ वटा स्वर्गमा निवास गर्ने भएका कारण कल्पोपपन्न अर्थात् वैमानिक देवसमूहका १२ भेद छन् -जो विशेषतः सूत्र ४।२०मा बताइएको छ। कल्प शव्दको अर्थ देवको निवास स्थान स्वर्ग हो। कुनै जैनाचार्यहरू १२ कल्प मान्दछन् भने कसैले १६ कल्प पनि मानिएको पाइन्छ। ती कल्प अर्थात् स्वर्गमा उत्पन्न भएका या निवास गर्ने देवलाई यहाँ कल्पोपपन्न भनिएको हो।

प्रत्येक देवसमूहमा १०। १० प्रकारको विभाग अनुसारका देवताहरू हुन्छन्। तिनीहरूको विशेष परिज्ञानका लागि निम्न सूत्र दिइएको छ-

-इन्द्र-सामानिक-त्रायस्त्रिंश-पारिषद्या-त्मरक्ष-लोकपाला-नीक-प्रकीर्णका-भियोग्य-किल्विषिका श्चैकशः।४।४

देवताहरूका चार निकायमा दश दश प्रकारका देवताहरू हुन्छन्। उदाहरणका लागि- भवनपति निकायमा असुरकुमार आदि दश देवताहरू प्रत्येक इन्द्र, सामानिक आदि दश भागमै विभाजित छन्। त्यसमा सामानिक आदि सवै देवताहरूका स्वामी इन्द्र हुन् भने इन्द्रकै समान पद-प्रतिष्ठा भएका गुरु समान पूज्य देव सामानिक, मन्त्री-पुरोहित आदिको काम गर्ने त्रायस्त्रिंस, मित्र-सभासद आदि भैँ काम गर्ने पारिषद्य, अन्य देवको रक्षका लागि प्रहरी भैँ शस्त्रधारण गरेर रहने आत्मरक्षक तथा सीमाका रक्षक लोकपाल, सैनिक सेनापति आदि काम गर्ने अनीक, नगरवासी या देशवासी भैँ यत्र तत्र छरिएर रहने प्रकीर्णक, सेवकको काम गर्ने आभियोग्य र अन्त्यज समानका देवहरू किल्विषिक भनिन्छन्। १२ या १६ कल्प मै यी दश प्रकारका देवताहरू हुन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो चारौँ सूत्रको कुरामा निम्न सूत्रले अपवाद देखाएको छ-

-त्रायस्त्रिंसलोकपालवर्ज्या व्यन्तरज्योतिष्काः। ४।५

व्यन्तर र ज्योतिष्क देवनिकायमा त्रायस्त्रिंस र लोकपालहरू हुँदैनन्। बाकी ८ भाव मात्र हुन्छन्। इन्द्रको संख्या पनि कुनै निकायमा १ र कुनै मा २ हुन्छन्, जो निम्न सूत्रले प्रस्तुत गरेको छ-

-पूर्वयोर्द्विन्द्राः। ४।६

पहिलेका २ देव निकायमा २/२ इन्द्रहरू हुन्छन्। भवनपति देवनिकायका १० भेद र व्यन्तर देव निकायका ८ भेदमा प्रत्येकका २/२ इन्द्र हुँदा भवनपतिका २० इन्द्र र व्यन्तरका १६ इन्द्र हुन्छन्। यस सूत्रको भनाइबाट भवनपति र व्यन्तर देवनिकायदेखि वाहेक अरु देवनिकायमा २/२ इन्द्र हुँदैनन्। यसको मतलब अन्य देवनिकायमा १।१ मात्र इन्द्र हुन्छन् भन्ने कुरा बुझ्नु पर्ने हुन्छ। यी दुई देव निकायमा लेश्या चाँहि के कस्तो हुन्छ भन्ने कुरा निम्न सूत्रमा वताइएको छ -

-पीतान्तलेश्याः ४।७

उक्त प्रथमका २ देवनिकाय भवनपति र व्यन्तरमा सुरुदेखि पीत सम्मका लेश्याहरू हुन्छन्। भनाइको मतलब भवनपतिका १० र व्यन्तर समूहका ८ प्रकारका देवहरूमा कोही कृष्ण, कोही नील, कोही कापोत (परेवाको जस्तो वर्ण) र कोही पीत(तेज) वर्णका हुन्छन्।

देवताहरू कस्तो प्रकारको सुख-सुविधा र एस-आराममा रहेका हुन्छन् भन्ने कुरा निम्न सूत्रमा स्प्रष्ट्याइएको छ-

-कायप्रवीचारा आ-ऐशानात्। ४।८

ऐशानकल्प सम्मका देवताहरू कायप्रवीचार अर्थात् शरीरबाटै सुख भोग्ने हुन्छन्। ऐशानकल्प सम्मका भन्नाले पहिलेका तीन देवनिकायहरू भवनवासी, व्यन्तर र ज्योतिस्क सबै नै देवहरू मनुष्यकै समान सर्वाङ्गीण शारीरिक अरुद्वारा कामसुखको भोग गर्दछन्। त्यस्तै १२ प्रकारका वैमानिक देवनिकायमा सुरुका २ स्वर्ग सौधर्म्य र ऐशानका निवासी वैमानिक देवहरूको भोग विलासको प्रक्रिया पनि मनुष्यका झैँ शरीरकै माध्यमद्वारा हुन्छ। यी बाहेक अन्य देवताहरूको देवीहरूका साथ कामसुख भोग्ने प्रणाली भिन्न प्रकारको हुन्छ।

अरु देवताहरूको सुखभोग गर्ने प्रणाली कस्तो हुन्छ ? निम्न सूत्र हेरौँ-

-शेषाः स्पर्शरूप-शब्द-मनःप्रवीचारा द्वयो र्द्वयोः। ४।९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाँकी २/२ कल्पका देवहरू क्रमश: स्पर्श, रूप, शब्द र मन:संकल्पबाट नै विषय भोग गर्दछन्। भनाइको मतलव १२ कल्पमा तेस्रो र चौथो कल्प सानत्कुमार र माहेन्द्रका देवहरू देवीहरूको स्पर्शबाट मात्रै कामवासनातृप्ति गर्दछन्। त्यस पछिका पाँचौ र छैटौं कल्प ब्रह्मलोक र लान्तकका निवासी देवहरू केवल देवीहरूको आभूषणहरूले सुसज्जित सुन्दर रूप देखेर नै विषयसुखबाट तृप्त हुन्छन्। सातौं र आठौं कल्प महाशुक्र र सहस्त्रारका देवहरूको विषयसुख देवीहरूको सुमधुर वाणी सुनेर नै पूरा हुन्छ। नवौं, दशौं, एघारौं र बाह्रौं कल्प आनत, प्रणत, आरण र अच्युतमा निवास गर्ने देवताहरूको कामतृप्ति देवीहरूको स्मरण-चिन्तनबाट नै पूरा हुन्छ। यी बाहेक अन्य देवहरूलाई विषयसुखको आवश्यकता पर्दैन, ती स्वत: तृप्तात्म हुन्छन्। उक्त कुरा निम्न सूत्रले व्यक्त गरेको छ-

-परेऽप्रवीचारा:। ४।१०

अन्य सब देवहरू प्रवीचार रहित अर्थात् विषयसुखबाट मुक्त हुन्छन्।

यी उपर्युक्त ३ सूत्रहरूको आशय यो हो कि सुरूदेखि द्रोस्रो कल्प सम्मका देवहरू रमणीहरूका साथमा सुरत सेवन आदि कर्मको सुखानुभूति मनुष्यहरूकै तुल्य सबै इन्द्रियहरूको माध्यमद्वारा गर्दछन् भने तेस्रो कल्प देखि पछिका सबै देवताहरूलाई मनुष्यको समान कामसुख भोगका लागि सर्वाङ्गीण शरीरस्पर्शको आवश्यकता पर्दैन। उनीहरूमा पहिला-पहिला कल्पका देवहरू रमणीको स्पर्श मात्रले, पछिका देवहरू रूप देख्नाले मात्रै, त्यस पछिका देवहरू रमणीहरूको सुमधुर शब्द सुन्नाले मात्रै सुखानुभूति गर्दछन् भने अन्तिम ९औं देखि १२औं सम्मकै स्वर्गका देवताहरू देवीहरूको केवल मानसिक चिन्तनले नै सन्तुष्ट हुन्छन्।

१२ कल्प भन्दा माथिका देवताहरूलाई देवीको स्पर्श, रूप, शब्द र चिन्तन आदिबाट उत्पन्न सुख भोगको आवश्यकता पर्दैन। तथापि अन्य देवभन्दा उनीहरू अझ सुखी र सन्तुष्ट हुन्छन्। उत्तरोत्तर देवताहरूमा चित्तसंक्लेश कम हुनाका कारण नै यो अवस्था भएको हो।

चार निकायका देवसमूहको १०, ८, ५ र १२ प्रकारका भनेर पूर्व सूत्र (४।३) द्वारा सूचित भेद अन्तर्गतका देवहरू के के हुन् ? सूत्रकार उमास्वामी अगाडि प्रस्तुत सूत्रहरूबाट यो कुरा देखाउछन् -

-भवनवासिनोऽसुर-नाग-विद्युत्-सुपर्णाग्नि-वात-स्तनितोदधि-द्वीप-दिक्कुमारा: ।४।११

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भवनवासी देवहरूका असुरकुमार, नागकुमार, विद्युत्कुमार, सुपर्णकुमार, अग्निकुमार, वातकुमार, स्तनितकुमार, उदधिकुमार, द्वीपकुमार र दिक्कुमार गरी दश भेद हुन्छन्। यी सबै देवताहरू मेरु पर्वतका वरिपरि जम्बुद्वीपको विशाल क्षेत्रमा रहेका हुन्छन्। यिनीहरू द्विव्यरत्नप्रभाले युक्त सुन्दर भवनमा द्विव्य सुख भोगका साथ बस्ने भएकाले भवनवासी भनिन्छ। यी सबै सुन्दर कुमारसदृश स्वरूपका हुनाले कुमार भनिएका हुन् र उनीहरूको चिन्ह भने अलग अलग हुन्छ।

व्यन्तर देवसमूहका आठ भेद निम्न सूत्रमा बताइन्छ-

-व्यन्तराः किन्नर-किंपुरुष-महोरग-गन्धर्व-यक्ष-राक्षस-भूत-पिशाचाः। ४।१२

व्यन्तर देवका आठ भेद भनेर संख्या मात्र बताइएको थियो। ती आठ प्रकारका देवहरू हुन्- किन्नर, किंपुरुष, महोरग, गन्धर्व, यक्ष, राक्षस, भूत र पिशाच। यी देवहरू विविध पहाड, पर्वत, कन्दरा, वन आदिमा बस्ने र तीन लोकमै स्वेच्छा पूर्वक घुम्ने भएकाले व्यन्तर भनिएका हुन्। खुसी रहदा यिनीहरू मनुष्यका सेवकको रूपमा पनि रहन्छन्। यी व्यन्तर देवहरूका निम्नानुसार विभिन्न अवान्तर भेदहरू पनि हुन्छन्-

किन्नर- किन्नर, किंपुरुष, किपुरुषोत्तम, किन्नरोत्तम, हृदयंगम, रूपशाली, अनिन्दित, मनोरम, रतिप्रिय, रतिश्रेष्ठ गरी १० प्रकारका।

किंपुरुष- पुरुष, सत्पुरुष, महापुरुष, पुरुषवृषम, पुरुषोत्तम, अतिपुरुष, मरूदेव, मरुत, मेरुप्रभ र यशस्वान् गरी दश प्रकार।

महोरग-.भुजङ्ग, भोगशाली, महाकाय, अतिकाय, स्कन्धशाली, मनोरम, महावेग, महेष्वक्ष, मेरुकान्त र भास्वान् गरी दशै भेद।

गन्धर्व- हाहा, हुहु, तुम्बुरव, नारद, ऋषिवादिक, भूतवादिक, कादम्ब, महाकादम्ब, रैवत, विश्वावसु, गीतरति र गीतयश समेत गरी १२ प्रकार।

यक्ष- पूर्णभद्र, मणिभद्र, श्वेतभद्र, हरिभद्र, सुमनोभद्र, व्यतिपातिकभद्र, सुभद्र, सर्वतोभद्र, मनुष्ययक्ष, वनाधिपति, वनाहार, रूपयक्ष, यक्षोत्तम गरी १३ प्रकार।

राक्षस- भीम, महाभीम, विघ्न, विनायक, जलराक्षस, राक्षस, ब्रह्मराक्षस, गरी ७ प्रकार।

भूत- सुरूप, प्रतिरूप, अतिरूप, भूतोत्तम, स्कान्दिक, महास्कान्दिक, महावेग, प्रतिच्छन्न, आकाशग गरी ९ प्रकार।

पिशाच- कुष्माण्ड, पटक, जोष, आन्हक, काल, महाकाल, चौक्ष, अचौक्ष, तालपिंशाच, मुखर पिशाच, अधस्तारक, देह, महाविदेह, तूष्णीक र वनपिशाच गरी १५ प्रकार।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निम्नसूत्रमा उमास्वामी ज्योतिष्क समूहका देवताहरूको नाम बताउछन्-

-ज्योतिष्काः सूर्याश्चन्द्रमसो ग्रहनक्षत्र-प्रकीर्णतारकाश्च। ४।१३

ज्योतिष्क निकायका देवहरूमा सूर्य, चन्द्रमा, ग्रह, नक्षत्र र ताराहरू पर्दछन्।

जैन दर्शनमा पृथ्वीदेखि ७९० योजनको उचाइको आकाशमा ज्योतिष्क देवताहरूको क्षेत्र पर्दछ। यिनीहरू प्रकाशमान भएकाले ज्योतिष्क भनिएको हो।

ज्योतिष्क देवसमूह कहाँ भ्रमण गर्दछन् ? निम्न सूत्र हेरौं-

-मेरुप्रदक्षिणा नित्यगतयो नृलोके। ४।१४

ज्योतिष्क देवगण नित्य गतिशील रहेर मनुष्य लोकमा मेरुको प्रदक्षिणा गरि रहेका हुन्छन्। यी नै ज्योतिष्कका आधारमा मनुष्य लोकमा क्षण, मुहूर्त, अहोरात्र, दिन, पक्ष, मास आदि समयको मापन, गणना आदि व्यवहार हुन्छ।

ज्योतिष्क देवगणलाई जैन साहित्यमा चर ज्योतिष्क र स्थिर ज्योतिष्क गरी दुई भागमा विभाजित गरिएको छ। जो नित्य गतिशील हुन्छन् तिनलाई चर ज्योतिष्क भनिन्छ भने पृथिवीबाट हेर्दा सदा एकै स्थानमा देखिने धुव्रतारा जस्ता ज्योतिष्कलाई स्थिर ज्योतिष्क भनिन्छ। विशेष गरी स्थिर ज्योतिष्क अझ माथिका अर्थात् टाढा रहेका अन्य लोकहरूमा विद्यमान छन्।

मनुष्य लोकको काल विभाजन प्रक्रिया र स्थानका बारे निम्न सूत्रमा सूत्रकारले स्पष्ट पारेका छन्-

-तत्कृतः कालविभागः। ४।१५

ज्योतिष्कवाट नै मनुष्यालोकमा क्षण, मिनेट, घण्टा, दिन, महिना आदि काल विभाग हुन्छ।

-बहिरवस्थिताः। ४।१६

ज्योतिष्क देवगण मनुष्यलोकदेखि बाहिर अत्यन्त दूर स्थिर रूपमा अवस्थित हुन्छन्। मनुष्यलोक बाहिर स्थिर हुन्छन् भन्दा मनुष्यलोकमा रहेका काल-गणनाका कारक ज्योतिर्गणहरू चाँहि गतिशील हुन्छन् भन्ने स्वतः सिद्ध हुन्छ।

वैमानिक देवगणका बारे सूत्रकार उमास्वामी निम्न सूत्रमा विवरण प्रस्तुत गर्दछन् -

-वैमानिकाः। ४।१७

देवताहरूको चौथो निकाय वैमानिक देवगण हो। वैमानिक शब्दको व्युत्पत्तिगत अर्थ विमानमा रहने भन्ने हुन्छ ता पनि यहाँ यो शब्द रुढ अर्थमा प्रयुक्त छ। किन कि अन्य गणका देवताहरू पनि विमानमा नै रहने हुन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैमानिक देवहरूको स्वरूप कस्तो हुन्छ ? यसको उत्तर निम्न सूत्रमा प्रस्तुत छ -

-कल्पोपपन्नाः कल्पातीताश्च।४।१८

वैमानिक देवहरू कल्प(स्वर्ग)मा रहने र कल्पभन्दा माथि रहने गरी दुई प्रकारका हुन्छन्। यी देवहरू तल-माथिको स्थानमा अधिष्ठित हुन्छन्, एकै ठाँउ या वरपर तेर्सो अधिष्ठानले रहेका हुँदैनन्। उक्त कुरा निम्न सूत्रले बताएको छ -

-उपर्युपरि। ४।१९

वैमानिक देवहरू पृथ्वीदेखि माथि माथि रहेका छन्।

यी वैमानिक देवहरूको विशेष भेद देखाउनका लागि सूत्रकार निम्न सूत्रबाट ती देवहरूको निवासस्थान स्वर्ग अथवा स्वर्गभन्दा माथिका लोकहरूको नाम निर्देश गर्दै स्पष्ट पार्दछन्-

-सौधर्मैशान-सानत्कुमार-माहेन्द्र-ब्रह्मलोक-लान्तक-महाशुक्र-सहस्रारेष्वानत-प्राणतयोरारणाच्युतयो र्नवसु ग्रैवेयकेषु विजय-वैजयन्त-जयन्तापराजितेषु सर्वार्थसिद्धे च।४।२०

वैमानिकहरू सौधर्म, ऐशान, सानत्कुमार, माहेन्द्र, ब्रह्मलोक, लान्तक, महाशुक्र, सहस्रार, आनत, प्राणत, आरण,अच्युत यी १२ कल्प र ग्रैवेयक, विजय, वैजयन्त, जयन्त, अपराजित एवं सर्वार्थसिद्ध नामक लोकमा निवास गर्दछन्।

सौधर्म, ऐशान, सानत्कुमार, माहेन्द्र, ब्रह्मलोक, लान्तक, महाशुक्र, सहस्रार, आनत, प्राणत, आरण, अच्युत यी १२ वटा कल्प(स्वर्ग) र नौवटा ग्रैवेयक तथा विजय, वैजयन्त, जयन्त, अपराजित एवं सर्वार्थसिद्ध यी वैमानिक देवताहरूका निवासस्थान हुन्।

यी लोक मध्ये १२ वटा कल्पमा रहने कल्पोपपन्न र कल्पभन्दा माथिका लोकमा निवास गर्ने कल्पातीत वैमानिक भनिन्छन्। कल्पभन्दा माथि नौवटा सारस्वत, आदित्य, वह्नि, अरुण आदि(४।२६) ग्रैवेयक नामका लोकहरू रहेका छन्। त्यस माथि विजय, वैजयन्त, जयन्त, अपराजित र सर्वार्थसिद्ध नामका लोकहरू अवस्थित छन्। दिगम्बर सम्प्रदायमा १६ वटा कल्प मानिएका छन् भने यहाँ उल्लिखित सूत्रमा भने १२ वटा स्वर्गहरूको मात्र नाम प्रस्तुत गरिएको छ। त्यहाँ रहने इन्द्रको नामका आधारमा उक्त लोकहरूको नाम राखिएको हो। जसको विवरण निम्नानुसार छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.सुधर्मा नामको देवसभा रहेको कल्प (स्वर्ग) सौधर्म र यहाँ रहने इन्द्रको नाम पनि सौधर्म, २. ईशान नामक इन्द्रको निवासस्वर्ग ऐशान, ३. सनत्कुमार रहने स्वर्गलोक सानत्कुमार, ४. मघवान् नामक इन्द्रको निवास माहेन्द्र, ५. ब्रह्म नामक इन्द्रको निवास स्थान ब्रह्म या ब्रह्मलोक, ६. लान्त या लान्तव नामक इन्द्रको निवास लान्तव, ७. महाशुक्रको निवास स्थान महाशुक्र, ८. सहस्रारको निवास लोक सहस्रार, ९. आनत नामका इन्द्र रहने स्वर्ग आनत, १०. प्राणतको लोक प्राणत, ११. आरण नामक इन्द्रको निवास आरण र १२. अच्युत नामक इन्द्रको निवासस्थान अच्युत नै मानिएको छ। दिगम्बर सम्प्रदायमा यहाँ उल्लिखितदेखि बाहेक अन्य ४ स्वर्गहरू समेत गरेर १६वटा स्वर्ग मानिएका छन्। ती थप ४ वटा हुन्- ब्रह्म, कापिष्ठ, शुक्र र शतार।

उत्तरोत्तर लोकमा रहने देवगणमा के कस्ता विषयहरू कुन् मात्रामा रहेका हुन्छन् भन्ने कुरा निम्न सूत्र हेरौं-

-स्थिति-प्रभाव-सुख-द्युति-लेश्या विशुद्धीन्द्रियावधि-विषयतोऽधिकाः। ४।२१

स्थिति, प्रभाव, सुख, कान्ति, लेश्या (शरीरवर्ण) विशुद्धि, इन्द्रियशक्ति, अवधिज्ञान इत्यादि विषयमा निम्न निम्नका भन्दा उत्तरोत्तरका देवहरू अधिक सम्पन्न हुन्छन्। उत्तरोत्तरका देवहरूको निवासस्थान ,त्यहाँ रहने वस्ने काल निम्नलोकका देवको भन्दा विशिष्ट हुन्छ। निग्रह-अनुग्रह गर्ने र अष्टसिद्धिको सामर्थ्य नै प्रभाव हो र त्यो सामर्थ्य उत्तरोत्तरका देवमा अधिक हुन्छ। इन्द्रियहरूद्वारा ग्राह्यविषयको अनुभव गर्नु सुख हो। यसर्थमा उत्तरोत्तर लोकका देवहरू अधिक सुखी हुन्छन्। शरीर, वस्त्र, आभूषण आदिको सम्पन्नता एवं चाकचक्यता द्युति हो। द्युति पनि माथि माथिका देवहरूको उत्कृष्ट हुन्छ। माथि माथिका देवमा उत्तरोत्तर गुणमा वृद्धि र संक्लेश परिणाममा न्यूनताका कारण लेश्या अथवा शारीरिक वर्ण या तेजमा अधिक विशुद्धि हुन्छ। टाढा टाढाबाट इष्टविषयको ग्रहण गर्नमा उपल्ला देवमा अधिक सामर्थ्य हुन्छ। त्यस्तै अवधिज्ञानका मात्रा या सामर्थ्य पनि उन्नतलोकका देवताहरूमा बढी हुन्छ।

उपल्ला लोकका देवमा उक्त विषयवस्तु बढी रहन्छन् भने निम्नलोकका देवको तुलनामा उनीहरूमा केही विषयहरू कम पनि हुन्छन्। के कुरामा कमी हुन्छ? निम्नसूत्र हेरौं-

-गति-शरीर-परिग्रहाभिमानतो हीनाः। ४।२२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गति, शरीर, विमानको परिग्रह (संख्या), अभिमान आदि विषयहरू निम्न निम्न लोकका भन्दा उत्तरोत्तर लोकका देवमा कम हुन्छन्।

माथि माथिका लोकमा निवास गर्ने देवगणमा अन्यत्र हिड्ने घुम्ने गतिसामर्थ्य एवं गमनमा अभिरुचि निम्न देवगणमा भन्दा कम हुन्छ। गतिमा सामर्थ्य भए पनि अन्यत्र भ्रमण गर्नमा रूचि राख्तैनन्। देवताहरूको शरीर पनि जति माथि माथिका लोकमा गयो त्यति सानो हुन्छ। शरीर प्रथम र दोस्रो स्वर्गमा सातहात बराबरको हुन्छ भने तेस्रो र चौथो स्वर्गमा ६ हात, पाँचौ र छैटौं स्वर्गमा ५ हातका क्रमले ९ देखि १२ सम्मका स्वर्गमा ३ हातको एवं नौ ग्रैवेयकमा र त्यस माथिका अनुत्तर विमान (लोक)मा रहेका देवहरूको शरीर १ हातको हुन्छ। एवं विमानको संख्यामा पनि क्रमश कम हुन्छ। जस्तै पहिलो स्वर्गमा ३२ लाख विमान हुन्छन् भने सबभन्दा माथि अनुत्तर लोकमा केवल पाँच विमान हुन्छन्। त्यस्तै स्थान, शक्ति आदि विषयमा उत्कृष्टता भएर पनि उत्तरोत्तर देवगणमा अभिमान हुँदैन।

यस बाहेक पनि देवताहरूमा अन्य केही भावहरू हुन्छन्। जस्तै कम उमेरका देवतामा केही कम उछ्वास र बढी उमेरका देवमा छिटो उछ्वास हुन्छ। उमेर जति बढ्दै जान्छ त्यति देवताहरूको आहार ढिलो ढिलो हुँदै जान्छ। प्राय देवगणमा वेदना (सुख दु:खको अनुभव) मा पनि केवल सुखवेदनाको अनुभव हुन्छ र यदि दु:ख वेदना भयो भने पनि अन्तर्मुहूर्त मात्र हुन्छ। जैन साहित्यमा सुखानुभवलाई साता र दु:खानुभवलाई असाता भनिन्छ। माथिका लोकमा निवासगर्ने देवहरूमा उपपात (स्थान योग्यता) मा पनि भिन्नता हुन्छ। विशिष्ट देवता वा पूर्वधारी मुनि माथि माथिका स्वर्गमा उत्पन्न हुने, जुन लोकमा उत्पन्न भएको हो त्यसै लोकमा रहनु पर्ने र अन्य माथिल्ला स्वर्गमा जान न सक्ने स्थिति हुन्छ। देवताहरूको आधार सिद्धशिला या विमानहरू लोकस्वभाव या जगद्धर्मका आधारमा निराधार रहेका हुन्छन्। अरिहन्त भगवान्को जन्माभिषेक आदि विविध उत्सवका वेला देवको आसन लोकस्वभावका कारण नै कम्पित हुन्छ। यस अवसरमा केही देव त्यहीं आएर, केही आफ्नै निवासस्थानमा रही अवधिज्ञानका माध्यमले तीर्थङ्करको महत्त्व बुझी स्तुति, प्रार्थना आदि गर्दछन्। यस प्रक्रियालाई पनि लोकानुभावको कार्य भनिन्छ।

वैमानिक देवताहरूमा क-कसमा कस्तो लेश्या हुन्छ निम्न सूत्रमा प्रस्तुत छ-

-पीत-पद्म-शुक्ललेश्या द्वित्रिशेषेषु। ४।२३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुरुदेखि दुई तीन अनि बाँकी अन्य स्वर्गमा क्रमशः पीत, पद्म र शुक्ल लेश्या (वर्ण) हुन्छ। आशय यो हो कि- प्रथम दुई स्वर्ग अर्थात् सौधर्म र ऐशान लोकका देवमा पीत (तेज) लेश्या (वर्ण) हुन्छ भने तेस्रो, चौथो, पाँचौ अर्थात् सानत्कुमार, माहेन्द्र, ब्रह्मलोकमा पद्म (कमल झैं रक्त वर्ण) लेश्या हुन्छ। ब्रह्मलोक आदि स्वर्गमा शुक्ल लेश्या (सेतो वर्ण) हुन्छ।

कल्पहरूको स्थान निर्देश निम्न सूत्रमा गरिएको छ-

-प्राग्ग्रैवेयकेभ्यः कल्पाः। ४।२४

सौधर्म आदि कल्प (स्वर्ग)हरू ग्रैवेयक भन्दा तल छन्। इन्द्र, सामानिक, त्रायस्त्रिंश आदि विभाग गरिएका देवगणको निवासलाई कल्प भनिन्छ जो जैनको श्वेताम्वर संप्रदायमा १२ वटा र दिगम्बर सम्प्रदायमा १६ वटा मानिन्छन्। यी स्वर्गहरू ग्रैवेयकलोकभन्दा तल रहेका हुन्छन्। ग्रैवेयक भनेका कल्पातीत लोकहरू हुन् जहाँ सौधर्म आदि भन्दा प्रभावशाली देवहरू निवास गर्दछन्। ग्रैवेयक लोकका देवहरू सबै समान रूप, गुण र प्रभावका अहमिन्द्र हुन्छन्।

लोकान्तिक देवहरू कुन लोकमा निवास गर्दछन् भन्ने कुरा निम्न सूत्रमा प्रस्तुत छ-

-ब्रह्मलोकालया लोकान्तिकाः।४।२५

ब्रह्मलोक नै लोकान्तिक देवहरूको आलय (निवासस्थान) हो। विषयासक्तिदेखि रहित देवहरू लोकान्तिक देवर्षिको नामले परिचित हुन्छन्। तीर्थङ्करको गृहत्याग (निष्क्रमण) का समय त्यहाँ उपस्थित भई आचारको पाऌन गर्ने गराउने काम उनीहरू नै गर्दछन्। उनीहरू ब्रह्मलोकमा मात्र रहन्छन् र पुण्य समाप्त भए पछि मनुष्यलोकमा आएर पुनः मोक्षानुकूल चरित्रको अवलम्बनद्वारा मोक्ष प्राप्त गर्दछन्। ब्रह्मलोकको विभिन्न दिशा विदिशामा रहने भएकाले त्यही आधारमा उनीहरूलाई विभिन्न नामले पुकारिन्छ। उक्त कुरा निम्न सूत्रमा प्रष्ट पारिएको छ-

-सारस्वतादित्य-वह्न्यरुण-गर्दतोय-तुषिताव्याबाध-मरुतोऽरिष्टाश्च। ४।२६

सारस्वत, आदित्य, वह्नि, अरुण, गर्दतोय, तुषित, अव्याबाध, मरुत र अरिष्ट यी नौ प्रकार लोकान्तिकका हुन्छन्। यी देवहरू निवास गर्ने भएकाले ती ती देवका स्थानलाई पनि देवताकै नामले पुकारिने गरिन्छ र ती स्थानलाई नव ग्रैवेयक भनिन्छ। दिगम्बरी ग्रन्थमा दिइएको सूत्रमा मरुतको नाम नदिएकोले त्यहाँ आठ देवको नाम मात्र उल्लेख छ। प्रत्येक दिशा, विदिशा र मध्यभागमा निवास गर्ने हुँदा यिनीहरूको नौ जाति मानिन्छ। जस्तै ईशानमा सारस्वत, पूर्वमा आदित्य, आग्नेयमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वह्नि आदि क्रमले आठवटा आठ दिशा विदिशामा रहन्छन् भने अन्तिमका अरिष्टदेव मध्यभागमा रहन्छन्।

ग्रैवेयकदेखि माथिका अनुत्तर देवका बारेमा निम्न सूत्रमा प्रष्ट्याइएको छ-

-विजयादिषु द्विचरमाः।४।२७

विजय आदि देव द्विचरम अर्थात् दुई पटक मनुष्य जन्म धारण गर्छन्। पाँच वटा अनुत्तर विमान (लोक) मा रहेका पाँच अनुत्तर देवहरूमा चार देवहरू पुण्य समाप्त भए पछि मनुष्यलोकमा जन्म लिई पुनः अनुत्तर लोकमा जाने, पुनः मनुष्यको रूपमा जन्म ग्रहण गर्ने, यसरी दुई पटक मनुष्य भई मोक्ष प्राप्त गर्दछन् भने अन्तिमका सर्वार्थसिद्ध विमानवासी देव एक पटक मात्र मनुष्य जन्म ग्रहण गरी मोक्ष प्राप्त गर्दछन्। अन्य देवको केही नियम हुँदैन।

यहाँ सम्म देव र देवलोकका बारेमा स्पष्ट पार्ने काम भयो। अब सूत्रकार तिर्यक्हरूको वारेमा निम्न सूत्रमा बताउछन्-

-औपपातिकमनुष्येभ्यः शेषास्तिर्यग्योनयः।४।२८

औपपादिक र मनुष्यदेखि बाहेक अरु जीवहरू तिर्यक् योनिवाला हुन्। उत्पत्तिस्थानमा रहेका पुद्गलहरूलाई शरीरका रूपमा परिणत गरेर जन्मनु उपपाद हो। उपपाद प्रणालीबाट जन्म हुने प्राणी देव र नारक हुन् र यिनलाई औपपादिक या औपपातिक भनिन्छ। त्यस पछिका जीव मनुष्य हुन्। यी सबै पाँच इन्द्रियबाला हुन्छन् र यी देव तथा मनुष्यहरूको निवासस्थान निश्चित हुन्छ, अर्थात् यी देव तथा मनुष्यहरू आ-आफ्ना निश्चित ठाउमा रहन्छन्। यी बाहेक अरु जीव भनेका तिर्यक् हुन्, जो एक इन्द्रिय देखि ५ इन्द्रिय सम्मका हुन्छन् र निवास स्थान पनि निश्चित हुँदैन, अर्थात् अनियन्त्रित रूपमा यत्र तत्र बसोबास गर्ने स्वभावका हुन्छन्।

देव र नारकको आयु बताउने उपक्रम निम्न सूत्रवाट गरिएको छ। विवरण श्वेताम्वर दिगम्बर दुवैका सूत्र ग्रन्थमा समान भए पनि सूत्रको स्वरूप भने मिल्दैन। विशेष गरी यहाँ श्वेताम्वर संप्रदायको सूत्रग्रन्थलाई प्राथमिकता दिइएको छ -

-स्थितिः ४।२९

सूत्रकार भन्दछन् कि- अब यस पछि स्थिति (आयु)को वर्णन गरिन्छ। मनुष्य र तिर्यञ्चको आयु पहिले बताइयो। अव देवहरूको आयु बताइन्छ। आयु जघन्य (

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न्यूनतम) र उत्कृष्ट (अधिकतम) गरी दुई प्रकारको हुन्छ। त्यसमा भवनपति निकायका देवहरूको उत्कृष्ट स्थिति निम्न सूत्रमा बताइएको छ -

- भवनेषु दक्षिणार्धाधिपतीनां पल्योपममध्यर्धम्।४।३०

- शेषाणां पादोने। ४।३१

भवनवासी देवतामा दक्षिणार्धका अधिपतिहरूको आयु डेढ पल्योपम हुन्छ। अरुको पौने पल्योपम हुन्छ।

भवनपति निकायमा कुमार नामका असुर, नाग, विद्युत, सुपर्ण, अग्नि, वात, स्तनित, उदधि, द्वीप र दिक् गरी दश भेद र जहाँ पूर्वार्ध र दक्षिणार्धका गरेर दुई दुई अधिपति इन्द्रहरू हुन्छन्। त्यसमा प्रथम असुरेन्द्रलाई छोडेर बाँकी नाग कुमार आदिका दक्षिणाधिपति इन्द्रहरूको डेढ पल्योपम र उत्तरार्धका अधिपतिको भने पादोन (पौने) पल्योपम आयु हुन्छ।

प्रथम असुरकुमारका इन्द्रहरूको आयु निम्न सूत्रमा बताइएको छ-

-असुरेन्द्रयोः सागरोपममधिकञ्च।४।३२

असुरकुमारका दक्षिणार्धाधिपति इन्द्रको सागरोपम र उत्तराधिपतिको एक सागरोपम र केही बढी आयु हुन्छ।

उपर्युक्त आयुविवरणलाई दिगम्वर ग्रन्थमा निम्न एकै सूत्रमा प्रस्तुत गरिएको छ-

-स्थितिरसुर-नाग-सुपर्ण-द्वीप-शेषाणां सागरोपम-त्रिपल्योपमार्द्धहीनमिताः४।२८(दिगं.)

यसको भनाइ यो हो कि- असुरकुमारको एक सागरोपम, नागकुमारको त्रिपल्योपम, सुवर्णकुमारको अढाइ पल्योपम र द्वीपकुमारको २ पल्योपम र बाँकी अरु सबैको डेढ डेढ पल्योपम आयु हुन्छ।

वैमानिक देवमा सौधर्म्म र ऐशान देवको २/२ सागरोपम आयु हुन्छ। ऐशानमा २ सागर भन्दा केही अधिक हुन्छ। यस कुरालाई श्वेताम्वर ग्रन्थमा ३ सूत्रमा यसरी बताइएको छ -

-सौधर्मादिषु यथाक्रमम्।४।३३

-सागरोपमे।४।३४

-अधिके च।४।३५

-सप्त सानत्कुमारे।४।३६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनाइको तात्पर्य यो हो कि- सौधर्म आदि लोकका वैमानिक देवको आयुका सम्बन्धमा यो क्रमको उत्कृष्टस्थिति रहेको छ। जसमा सौधर्मका देवको दुई सागरोपम र दोस्रो वैमानिक देव ऐशानका देवको दुई सागरोपमदेखि केही बढी हुन्छ। सानत्कुमारमा सात सागरोपम उत्कृष्ट स्थिति हुन्छ।

-विशेष-त्रि-सप्त-दशै-कादश-त्रयोदश-पञ्चदशभिरधिकानि च।४।३७

माहेन्द्रलोकका देवहरूमा क्रमश सात सागर भन्दा केही विशेष (बढी) आयु हुन्छ। पाँचौ कल्प ब्रह्मलोकमा ७ मा ३ अधिक अर्थात् १० सागरोपम, छैटौं लान्तवमा ७ मा ७ थपी १४ सागरोपम, सातौँ महाशुक्रमा १० र ७ अर्थात् १७ सागरोपम, आठौँ सहस्त्रारमा ७+११=१८ सागरोपम, नवौँ आनत र दशौँ प्राणतमा ७+१३=२० सागरोपम, एघारौँ आरण र बाह्रौँ अच्युत नामक स्वर्गमा ७+१५=२२ सागरोपम उत्कृष्ट आयुःस्थिति हुन्छ।

ग्रैवेयक आदि लोकका निवासी देवहरूको आयु निम्न सूत्रमा बताइएको छ -

-आरणाच्युतादूर्ध्वमेकैकेन नवसु ग्रैवेयकेषु विजयादिषु सर्वार्थसिध्दे च।४।३८

आरण र अच्युत कल्पदेखि माथिका ग्रैवेयक पटलमा निवास गर्ने नौ ग्रैवेयक देवहरू, विजय आदि चार अनुत्तर देवहरू र सर्वार्थसिद्ध देवमा स्थितिको अनुक्रममा अन्तिम कल्पको २२ सागरोपम स्थितिमा क्रमशः एक एक सागरोपम अधिक अधिक आयु हुन्छ। तात्पर्य यो हो कि- आवरण र अच्युतको २२ सागरोपम आयुमा क्रमश १।१ सागरोपम बढी आयु ग्रैवेयक आदिमा हुन्छ। यसलाई निम्नरूपमा देखाइएको छ-

ग्रैवेयकमा		अनुत्तर देवमा
१.सुदर्शन-२३	६.सुविशाल-२८	१.विजय-३२
२.अमोघ-२४	७.सुमनस-२९	२.वैजयन्त-३३
३.सुप्रबुध्द-२५	८.सौमनस-३०	३.जयन्त- ३४
४.यशोधर-२६	९.प्रीतिङ्कर-३१	४.अपराणित-३५
५.सुभद्र-२७		५.सर्वार्थसिद्धि-३६

यसप्रकारले उत्कृष्ट स्थिति वताए पछि अब वैमानिक देवको जघन्य स्थिति निम्नसूत्रमा बताइएको छ-

- अपरा पल्योपममधिकञ्च। ४।३९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रथम र द्वितीय वैमानिक देवताको अपरा (जघन्य) स्थिति क्रमशः एक पल्योपम र त्यसमा केही अधिक हुन्छ। अर्थात् प्रथम वैमानिक देवमा १ पल्योपम र दोस्रा देवमा एक पल्योपमभन्दा केही अधिक जघन्य आयु हुन्छ।

-सागरोपमे ४।४०

-अधिके च ४।४१

तेस्रो र चौथो वैमानिक मध्ये तेस्रोमा २ सागरोपम र चौथोमा २ सागरोपममा केही बढी जघन्य आयु हुन्छ।

-परतःपरतः पूर्वा पूर्वा/नन्तरा। ४।४२

पूर्व-पूर्व देवको उत्कृष्ट स्थिति नै उत्तरोत्तर देवको जघन्य स्थिति हुन्छ। अर्थात् चौथो वैमानिकको सात सागरोपम भन्दा केही अधिक उत्कृष्ट स्थिति नै पाँचौको जघन्य स्थिति र पाँचौको उत्कृष्ट आयु नै छैटौंको जघन्य आयु हुन्छ। यही क्रम अन्यत्र पनि लागु हुन्छ।

अब निम्न सूत्रमा सूत्रकार उमास्वामी नारक जीवको जघन्य स्थिति बताउछन्-

-नारकाणाञ्च द्वितीयादिषु।४।४३

नारक जीवहरूको पनि पूर्व सूत्रमा बताए अनुसार दोस्रो भूमिदेखि पूर्व पूर्वको उत्कृष्ट स्थिति उत्तर उत्तरको नरकमा निवास गर्ने जीवहरूको जघन्य स्थिति हुन्छ। यही क्रम सातौं नरक भूभि सम्मको हुन्छ।

प्रथम नरक भूमिमा चाँहि जघन्य स्थिति कति हुन्छ ? निम्न सूत्र हेरौं-

-दशवर्षसहस्राणि प्रथमायाम्। ४।४४

प्रथम नरक भूमिमा १० हजार वर्ष जघन्य स्थिति हुन्छ। अर्थात् पहिलो नरक भूमिका जीवहरू न्यूनतम दश हजार वर्ष सम्म नरक भूमिमा रहन्छन्।

चार समूहका देवहरूमा पहिले अन्तिम वैमानिक देवहरूको स्थिति बताइयो। अब निम्न सूत्रमा सूत्रकार उमास्वामी यो सूत्रमा बताए अनुसार प्रथम नरकवासीको दश हजार वर्षको प्रसरबाट समानताको आधारमा भवनपति देवहरूको जघन्य स्थिति पनि बताउछन्-

-भवनेषु च।४।४५

भवनवासीहरूको जघन्य स्थिति पनि दश हजार वर्ष नै हुन्छ।

दोस्रो व्यन्तर देवगणको जघन्य स्थिति बताउछन् सूत्रकार-

-व्यन्तराणाञ्च।४।४६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यन्तरगणका देवताहरूको जघन्य स्थिति पनि पूर्व सूत्रमा भने झैं दश हजार वर्ष नै हुन्छ।

-परा पल्योपमम्।४।४७

व्यन्तरदेवको परा अर्थात् उत्कृष्ट स्थिति भने एक पल्योपम हुन्छ।

निम्न सूत्रहरूमा सूत्रकार ज्योतिष्क देवहरूको दुबै स्थिति बताउछन्-

-ज्योतिष्काणामधिकम्।४।४८

ज्योतिष्क अर्थात् चन्द्र र सूर्यको उत्कृष्ट स्थिति एक पल्योपमभन्दा केही अधिक हुन्छ।

-ग्रहाणामेकम्।४।४९

ग्रहहरूको उत्कृष्ट स्थिति एक पल्योपम हुन्छ।

नक्षत्राणामर्धम्।४।५०

नक्षत्रहरूको उत्कृष्ट स्थिति अर्ध पल्योपम हुन्छ।

-ताराकाणां चतुर्भागः।४।५१

ताराहरूको उत्कृष्ट स्थिति एक पल्योपमको चतुर्थांश(१/४) हुन्छ।

-जघन्या त्वष्टभागः।४।५२

नक्षत्र र प्रकीर्ण तारका आदिको जघन्य स्थिति १ पल्योपमको आठौँ अंश(१/८) हुन्छ।

-चतुर्भागः शेषाणाम्।४।५३

बाँकी सूर्य, चन्द्र र ग्रहहरूको जघन्य स्थिति एक पल्योपमको चतुर्थांश(१/४) हुन्छ।

चतुर्थाध्याय समाप्त

♦♦♦

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चम अध्याय

अजीव

तत्त्वार्थ सूत्रको विगतका अध्यायमा जीवतत्त्वको विषयमा विवरण प्रस्तुत गरियो। तत्त्व निर्देशक सूत्र **-जीवाजीवास्रवबन्धसंवरनिर्जरामोक्षास्तत्त्वम्,** अनुसार अब जीव पछि अजीवको विवरण प्रस्तुत गर्ने क्रम आएकोले यस अध्यायमा अजीव (जड) तत्त्व के हो भन्ने विषय प्रस्तुत गरिने छ। प्रस्तुत प्रथम सूत्रमा अजीव तत्त्वका भेदहरू देखाइएको छ-

-अजीवकाया धर्माधर्माकाशपुद्गलाः। ५।१

धर्मास्तिकाय, अधर्मास्तिकाय, आकाशास्तिकाय र पुद्गलास्तिकाय गरी अजीव तत्त्व ४ प्रकारका छन्। जसमा बोध (ज्ञान) रूप व्यापार (उपयोग) हुन्छ, जसमा चेतन हुन्छ त्यो जीव हो भने जसमा ज्ञानव्यापारको अभाव हुन्छ, अर्थात् जो जड हुन्छ त्यो अजीव हो।

यी चार प्रकारका अजीव तत्त्वहरू एक प्रदेशात्मक वा एकावयवात्मक न भएर वहु प्रदेशात्मक या बहु अवयवात्मक अर्थात् प्रचय-समूह रूपका हुन्छन्। अतः प्रदेशप्रचय र अवयवप्रचय गरी अजीव तत्त्व २ प्रकारका हुन्छन्। जसको भागशः जोडिने या छुट्टिने अवस्था हुन्छ त्यो अवयव रूप वा अवयवप्रचय हो र यस्तो अजीव तत्त्व पुद्गलास्तिकाय हो भने जो जडिने र छुट्टिने अवयवरूपको हुँदैन र प्रदेशरूप हुन्छ, त्यो प्रदेशप्रचय हो। जो प्रथम ३ तत्त्व धर्म, अधर्म र आकाश प्रदेशप्रचय हुन्। अन्य दर्शनले मानेको प्रकृतिको परिणाम या परमाणुको समूह पुद्गल हो भने धर्म अधर्म जो वैशेषिकले मानेका गुण र आकाशद्रव्य नै यहाँका अजीव तत्त्व हुन्। यहाँ यिनको नाममा अस्तिकाय शव्द जोड्नुको तात्पर्य यी तत्त्व प्रचयरूप छन् भन्ने वुझाउनु हो।

वैशेषिक दर्शनमा पृथिवी आदि नौवटालाई द्रव्य भनिन्छ भने जैन दर्शनमा केलाई द्रव्य भनिन्छ ? यस सम्बन्धमा सूत्रकार जैन दर्शनका मूल द्रव्यहरूलाई निम्न सूत्रमा देखाउछन्-

-द्रव्याणि जीवाश्च।५।२

पूर्वोक्त धर्म, अधर्म, आकाश र पुद्गल नामका चार अजीव तत्त्व र देव, नारक, मनुष्य र तिर्यक् रूपका जीवहरूलाई द्रव्य भनिन्छ। जैन दर्शन अनुसार यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जगत् पर्याय (परिवर्तनशील) तथा अनादि-निधन छ र यस जगतमा मूल अस्तिकाय भनेका यी पाँचवटा द्रव्यहरू नै हुन्।

निम्न सूत्रहरूमा उक्त द्रव्यहरूको साधर्म्य (समानता) एवं वैधर्म्य (भिन्नता) बताइएको छ -

-नित्यावस्थितान्यरूपाणि।५।३

उक्त ५ द्रव्यहरू नित्य छन्, स्थिर छन् र पुद्गल बाहेक अरु अरुपी (अमूर्त) छन्।

धर्मास्तिकाय आदि पाँचै प्रकारका द्रव्य नित्य छन् र आफ्नो सामान्य तथा विशेष स्वरूपबाट कदापि परिवर्तित हुँदैनन्। उक्त पाँचै द्रव्य स्थिर पनि छन्। उनीहरूको संख्यामा न्यूनाधिकता हुँदैन। तर अरुपी चाँहि धर्मास्तिकाय, अधर्मास्तिकाय, आकाशास्तिकाय र जीवास्तिकाय मात्र हुन्, पुद्गल चाँहि अरुपी होइन।

पुद्गल भनेको के हो ? निम्न सूत्र हेरौं-

-रूपिणः पुद्गलाः।५।४

पुद्गलहरू चाँहि रूपी (मूर्त) द्रव्य हुन्। यहाँ रूपको अर्थ मूर्ति हो। रूप आदि संस्थानपरिणामलाई अर्थात् रूप, रस, गन्ध र स्पर्शका समुदायलाई मूर्ति भनिन्छ। धर्मास्तिकाय आदि चार तत्त्वमा रूपादि गुणको अभाव हुन्छ र यिनीहरूलाई अरुपी भनिएको हो। रूपी द्रव्यको अर्को विशेषता हो इन्द्रियग्राह्यता। धर्मास्तिकाय आदि अरुपी द्रव्य इन्द्रियग्राह्य हुँदैनन् भने पुद्गलहरू इन्द्रियग्राह्य हुन्छन्। जसलाई विज्ञानमा मेटर र न्यायवैशेषिक दर्शनमा भौतिक तत्त्व भनिन्छ त्यही नै जैन दर्शनमा पुद्गल हो।

धर्म, अधर्म र आकाश द्रव्यहरूको स्वरूप कस्तो हुन्छ ?

-आऽऽकाशादेकद्रव्याणि। ५।५

उक्त ५ द्रव्यमा धर्मास्तिकाय, अधर्मास्तिकाय र आकाशास्तिकाय यी तीन द्रव्यहरू एक एक मात्र छन्। यिनीहरूको काल्पनिक प्रदेशदेखि बाहेक अदयवरूपले कुनै पनि प्रकारको विभाग हुँदैन।

-निष्क्रियाणि च। ५।६

धर्म, अधर्म र आकाश द्रव्य निष्क्रिय पनि छन्।

यहाँ द्रव्यहरूलाई नित्य र अवस्थित भन्नुको तात्पर्य-उनीहरू आफ्नो सामान्य या विशेष रूपबाट च्युत हुँदैनन् र अर्को स्वरूपमा पनि जाँदैनन्। यस्तो प्रकारको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रव्यको नित्यत्व नै जगत्‌को नित्यत्व हो। त्यसैले द्रव्य या जगत् परिवर्तनशील भए पनि यिनीहरूले आफ्नो जात छोडेर अन्य रूप ग्रहण गर्दैनन्।

यहाँ अरुपी र रूपी भन्नुको तात्पर्य मूर्ति हुनु र नहुनु हो। रूप, रस, गन्ध र स्पर्शको आश्रयता वा समुदायको जसमा अभाव हुन्छ त्यो अमूर्त अरुपी र जसमा हुन्छ त्यो मूर्त वा रूपी हो। अरुपी ज्ञानसामग्रीयुक्त इन्द्रियद्वारा पनि अग्राह्य हुन्छ भने रूपी ग्राह्य हुन्छ। पुद्‌गल परमाणुहरू सूक्ष्म हुनाले मात्र इन्द्रियग्राह्य न भएका हुन् तर स्थूल परिमाणरूप अवस्था विशेषमा उनीहरूमा पनि इन्द्रियद्वारा ग्राह्य हुने योग्यता हुन्छ नै। त्यस्तै निष्क्रियको मतलव गतिक्रिया रहित अर्थात् जो चलायमान हुँदैनन् ती निष्क्रिय भनिन्छन्। उत्पादव्यय रूप पर्यायपरिणमन चाँहि यी द्रव्यको पनि हुन्छ। भनाइको मतलब धर्म र अधर्म उत्पन्न पनि हुन्छन् र नाश पनि हुन्छन्।

उक्त द्रव्यहरूलाई पहिले(५।१) प्रदेशप्रचय रूप भनिएको थियो। अतः उनीहरूमा प्रदेशभागको स्वरूप के कस्तो हुन्छ ? त्यो कुरा निम्न सूत्रहरूमा प्रस्तुत छ-

-असंख्येयाः प्रदेशा धर्माधर्मयोः। ५।७

धर्मास्तिकाय र अधर्मास्तिकायका प्रदेशहरू असंख्येय हुन्छन्।

-जीवस्य।५।८

जीव(आत्मा)को प्रदेश पनि असंख्येय हुन्छन्।

यहाँ अखण्ड, अविभाज्य अंशलाई प्रदेश र सखण्ड र विभाज्य अंशलाई अवयव भनिएको छ। धर्म, अधर्म जगत्‌मा एक एक मात्र छन्। त्यसैले यिनका केवल्न बुध्दिद्वारा कल्प्य, अविभाज्य प्रदेश असंख्यात सूक्ष्म अंश हुन्छन्। यो जगत्‌मा जीवहरूको संख्या अनन्त हुन्छ। प्रत्येक जीवका प्रदेश (अविभाज्य अंश) पनि असंख्यात नै हुन्छन्। प्रदेशप्रचय रूप नै भएको आकाशको कति प्रदेश हुन्छन् त भन्ने कुरा निम्न सूत्रमा हेरौँ -

-आकाशस्यानन्ताः।५।९

आकाशका प्रदेशहरू अनन्त छन्।

आकाशद्रव्य चाँहि अन्य द्रव्यभन्दा व्यापक या अनन्त स्वरूप भएकाले यसका प्रदेश पनि अनन्त छन्।

-संख्येयाऽसंख्येयाश्च पुद्‌गलानाम्। ५।१०

पुद्‌गल द्रव्यका प्रदेश संख्यात र असंख्यात हुन्छन्। यहाँ प्रयुक्त च शब्दले अनन्त प्रदेशको सङ्केत पनि गरिएको छ। पुद्‌गलस्कन्ध जो परमाणुको योगबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्मित भएर कुनै सङ्ख्यात (गणनीय) प्रदेशवाला हुन्छ। जस्तै द्व्यणुकका २ परमाणु अवयव भए। कुनै पुद्गलस्कन्धका असङ्ख्यात (अगणनीय) प्रदेश हुन्छन्। जस्तै घट पट आदिका प्रदेश। कुनै पुद्गलका भने अनन्त प्रदेश पनि हुन्छन् -जस्तै पृथिवी आदिका।

-नाणोः ५।११

अणुका कुनै प्रदेश हुँदैनन्। परमाणु अविभाज्य पुद्गल हो। यसको द्रव्यरूप प्रदेश हुँदैन तर भावरूप वर्ण, रस, गन्ध, स्पर्श आदि अनेक पर्यायहरू हुन्छन्। यी सब उसका भावरूप अंश नै हुन्। अतः एक परमाणुका पनि अनेक भाव परमाणुहरू हुन सक्छन् तर द्रव्यरूप अंश हुँदैन।

यो जगत्मा उक्त ५ द्रव्यहरू कुनै अन्य वस्तुमा आधारित हुन्छन् कि एक आपसमा नै आधारित हुन्छन् या तिनीहरूको कुनै आधार नै छैन ? यसको समाधान निम्न सूत्रमा देखाइएको छ-

-लोकाकाशेऽवगाहः। ५।१२

उक्त द्रव्यहरूको लोकाकाशमा अवगाह(प्रवेश) हुन्छ। आकाश सर्वव्यापक छ त्यसैले ऊ आधेय (आश्रित) होइन भने अन्य सबै द्रव्य लोकाकाशमा आश्रित हुन्छन्। धर्म, अधर्म आदि लोकव्यवहारका आधारद्रव्यहरू आकाशको जे जति प्रदेशमा रहेका हुन्छन् त्यो आकाशलाई लोकाकाश र त्यस वाहिरको आकाशप्रदेशलाई अलोकाकाश भनिन्छ। धर्म,अधर्मको व्यापकता देव, नारक र मनुष्यलोक पर्यन्त हुन्छ भने पुद्गलमा परमाणुहरू अविभाज्य, सूक्ष्म हुनाले ती आकाशको एक प्रदेशव्यापी र द्व्यणुक आदि अनेक प्रदेशव्यापी हुन्छन्। जैन शास्त्रमा जीवको स्वरूप अणु पनि होइन र व्यापक पनि होइन, अपि तु शरीरावच्छिन्न अर्थात् मध्यम परिमाण मानिएको छ। एउटै जीवात्माले पुनर्जन्म ग्रहण गर्दै ठूलो सानो आदि विभिन्न प्रकारको शरीर ग्रहण गर्ने भएकाले जीवात्मा सङ्कोच र विकासशाली हुन्छ। यी सबै कामहरू हुने ठाँउ आकाश नै हो। त्यसैले यी सबै अस्तिकायको आधार लोकाकाश हुन्छ।

-धर्माधर्मयोः कृत्स्ने। ५।१३

समग्र लोकाकाश धर्म र अधर्मको आधार हुन्छ, किनकि धर्म र अधर्म आस्तिकाय लोकाकाश भरि व्याप्त छन्।

-एकप्रदेशादिषु भाज्यः पुद्गलानाम्।५।१४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुद्‌गलद्रव्यको लोकाकाशमा अनिश्चित प्रदेशलाई व्याप्त गरी अवगाह हुन्छ। अणु र स्थूल रूप पुद्‌गलमा अणु लोकाकाशको एक एकाइ (एक प्रदेश) मात्र ओगटेर रहेको हुन्छ भने द्वयणुकले २ प्रदेश एवं स्थूल पुद्‌गल अनेक प्रदेशमा पनि आधारित हुन्छन् र पुद्‌गल गतिशील भएकाले यिनको आधार आकाशको जुन प्रदेश पनि हुन सक्छ, अर्थात् समयभेदले अनिश्चित आकाशप्रदेश पुद्‌गलको आधार हो। जीवहरूको अवस्थिति कस्तो हुन्छ ? निम्न सूत्रमा समाधान हेरौँ-

-असंख्येयभागादिषु जीवानाम्।५।१५

जीवको स्थिति लोकाकाशको असंख्य भागदेखि पूरै लोकाकाशमा पनि हुन्छ। जीवको संकोच-विकासशाली स्वभाव हुने भएकाले एक सूक्ष्म जीवले लोकाकाशको असंख्य भागमा एक भाग या अत्यन्त सूक्ष्म भागलाई आधारक्षेत्र बनाएको हुन्छ भने जन्मान्तरमा त्यही जीवले वा जीवान्तरले बढ्दै बढ्दै त्यसको द्विगुणा, त्रिगुणा, चौगुणा लोकाकाशको क्षेत्रलाई आधार बनाएको हुन्छ र सम्पूर्ण लोकाकाश पनि त्यसको आधार क्षेत्र हुन सक्छ। सकल नै लोकाकाश एक जीवको आधार क्षेत्र हुनका लागि त्यो जीव केवली समुद्‌घातको स्थितिमा अर्थात् मुक्तावस्थामा हुनु पर्दछ। अनन्त जीवको अपेक्षामा भन्ने हो भने त सम्पूर्ण लोकाकाश जीवै जीवले ढाकिएको जीवहरूको आधारक्षेत्र हुँदै हो।

लोकाकाशको सम्पूर्ण क्षेत्रलाई व्याप्त गरेर एउटै जीव कसरी आकाशको असंख्येय भागमा रहन सक्छ ? भन्ने प्रश्नमा उमास्वामी निम्न सूत्र प्रस्तुत ग़र्दछन् -

-प्रदेशसंहारविसर्गाभ्यां प्रदीपवत् ।५।१६

जीवको प्रदेशको संकुचन र विकासशील स्वभाव भएकाले प्रदीपको प्रकाश झैं आकाशको असंख्य भागको एक भागमा पनि रहन सक्छ, व्याप्त गरेर पनि रहन सक्छ, यो उसको शरीरको आधारमा हुने कुरा हो।

अनन्तानन्त र मूर्त पुद्‌गलद्रव्यमा सूक्ष्म रूपमा परिणत हुने शक्ति हुनाले नै लोकाकाशमा एक अर्कालाई बाधा न गरी अटेका हुन्छन्। यदि ती स्थूल रूपमा परिणत हुने हो भने रूवाको थुप्रो झैं एक अर्कालाई बाधा न गरी रहन सक्तैनन्। जसरी एउटा कोठामा १० प्रदीप बाले पनि सबैको प्रकाश त्यहाँ रहेको हुन्छ। त्यस्तै जीव पनि सूक्ष्म र बादर (व्यापक) २ प्रकारका हुन्छन् र सूक्ष्म जीवहरू लोकाकाशको असंख्यांशको एक अंशमा आपसमा बाधा नगरी रहेका हुन्छन्। बादर जीवको पनि परस्परमा सम्बन्ध भए पनि प्रदीपप्रकाश झैं परस्पर बाधा भने हुँदैन। त्यस्तै धर्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र अधर्म पनि लोकाकाशमा व्याप्त भएर एकै स्थानमा रँहदा पनि उनीहरूले आफ्नो स्वभाव र गति दिने कार्य छोडेका हुँदैनन्।

धर्माधर्मको विशेष जानकारीका लागि निम्न सूत्रमा ती दुबैको स्वभाव बताउछन्-

-गतिस्थित्युपग्रहो धर्माधर्मयोरुपकारः।५।१७

जीव र पुद्‌गलको गति र स्थितिका लागि निमित्त कारण बन्नु धर्म र अधर्मको कार्य हो। धर्म र अधर्म अमूर्त भएकाले इन्द्रियगम्य हुँदैनन् ता पनि आगम प्रमाणबाट यिनको अस्तित्व बोध हुन्छ, तर पनि त्यसको सिद्धिका लागि केही युक्तिहरू पनि छन्। गतिशील र गतिपूर्वक स्थितिशील पदार्थ जीव र पुद्‌गल मात्रै हुन्। उनीहरूको गति र स्थिति रूप कार्यको उपादान कारण स्वयं जीव र पुद्‌गल हुन् भने निमित्त कारण धर्म र अधर्म हुन्। त्यसमा पनि जीव र पुद्‌गलको गतिको निमित्त कारण धर्मास्तिकाय हो भने स्थितिको निमित्त कारण अधर्मास्तिकाय हो र यी दुबै नै द्रव्य रूप हुन्।

आकाशको लक्षण निम्न सूत्रमा गरिएको छ-

-आकाशस्यावग्रहः।५।१८

अन्य द्रव्यहरूलाई अवग्रह (स्थान) प्रदान गर्नु आकाशको कार्य हो। धर्म, अधर्म, जीव र पुद्‌गल कहीँ न कहीँ अवस्थित छन्, जहाँ अवस्थित छन् त्यही आकाश हो। आकाश सर्वव्यापक भएकाले त्यो पराधारित न भएर स्वयं अवस्थित छ। अव्यापक र पराश्रित मान्ने हो भने त्यसको आश्रय अर्को त्यसको आश्रय अर्को यसरी अनन्त आश्रय मान्नु पर्ने हुनाले अनवस्था दोष आइ पर्छ। त्यसैले आकाश भन्दा अर्को जगत्‌को आधार छैन र आकाशको पनि कुनै आधार छैन।

प्रस्तुत सूत्रमा पुद्‌गलको लक्षण या कार्य देखाइएको छ-

-शरीर-वाङ्-मनः-प्राणापानाः पुद्‌गलानाम्।५।१९

शरीर, वाणी, मन र श्वास-प्रश्वास पुद्‌गलका कार्य हुन्।

-सुख-दुःख-जीवित-मरणोपग्रहाश्च।५।२०

सुख, दुःख, जीवन र मरण पनि पुद्‌गलकै कार्य हुन्। औदारिक आदि पूर्व (२।३७) निरूपित शरीर पुद्‌गलनिर्मित नै हुन्छन्। औदारिक आदि शरीरको मूल कारण कार्मण शरीर अतीन्द्रिय तर पुद्‌गलित नै हो,त्यसले औदारिक आदि मूर्तद्रव्यको सम्बन्धबाट सुख-दुःखादि विपाक दिन्छ।

वाङ् भनेको भाषा हो। भावभाषा र द्रव्यभाषा गरी भाषा २ प्रकारको हुन्छ र वीर्यान्तराय, मति र श्रुतज्ञानावरणको क्षयोपशम तथा नाम कर्मको उदयबाट प्राप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुने आत्मिक भाषिकशक्ति भावभाषा हो, जसको प्रेरणाबाट नै वचन रूपमा परिणत हुने स्कन्ध द्रव्यभाषा हो। यी दुबै पुद्गलजन्य नै हुन्।

मन पनि भाव र द्रव्य रूपकै हुन्छ र जो खरानी भित्रको आगो झैं अन्तरात्मामा विवेचन-स्मरणशक्तिको रूपमा सन्निहित छ, त्यो भावमन पुद्गलिक हो र विविध क्षयोपशम तथा नाम कर्मको उदयबाट प्राप्त मनोस्कन्ध जसले गुण- दोष विवेचन तथा स्मरण आदि कार्यमा आत्मालाई प्रेरित गर्दछ, त्यो द्रव्यमन हो र त्यो पनि पुद्गलिक हो।

जीवले उदरबाट बाहिर फाल्ने उच्छ्वास र भित्र तान्ने नि:श्वास जसले जीवन संरक्षण गरेर आत्माको अनुग्रह गरेको हुन्छ र प्राण अपान आदि वायु त्यो पनि पुद्गलिक हो।

त्यस्तै प्रीतिको परिणाम सुख र परितापरूप दु:ख क्रमश सातावेदनीय र असातावेदनीय कर्मरूप अन्तरङ्ग कारण र द्रव्य, क्षेत्र आदि बाह्य कारणबाट उत्पन्न हुन्छन्। त्यसैले पुद्गल जन्य हुन्।

आयु-कर्मको उदयबाट प्राण आदिको सञ्चालन भै रहनु जीवन र समाप्तिबाट प्राणादिको उच्छेद हुनु मरण हो। यो सब पुद्गलिक हो। यहाँ पुद्गलका यी प्रमुख कार्य मात्र देखाइएको हो।

पहिले स्वरूपगत लक्षण गरे ता पनि प्रसङ्गवश सूत्रकार यहाँ जीवको कर्तव्यमूलक लक्षण गर्दछन्-

-परस्परोपग्रहो जीवानाम्।५।२१ .

आपसमा एक अर्काका कार्यमा उपग्रह (सहयोगी) बन्नु जीवको कार्य हो। एक जीवले अर्को जीवको हितको प्राप्ति र अहितको परित्यागका लागि उपदेशद्वारा या अन्य सहयोगद्वारा एक अर्कालाई अनुगृहीत गर्नु या अनुकूल प्राप्ति र प्रतिकूल निवारणकालागि स्वयं प्रवृत्त भई अरुलाई प्रवृत्त गराउनु जीवको लक्षण हो। तर यो सर्वसामान्य जीवको स्वरूप होइन। विशेषत: स्वतस्फुर्त रूपमा यो मनुष्यजीव र त्यसमा पनि श्रमण, साधु, तीर्थङ्कर जस्ता विशिष्ट व्यक्तिहरूको लक्षण हो।

काल(समय)लाई वैशेषिक दर्शनमा अतिरिक्त द्रव्य मानिएको छ र जैनमा पनि कतिपयले अतिरिक्त द्रव्य नै मान्दछन्। यहाँ द्रव्यको उद्देश सूत्रमा कालको पृथक् उल्लेख नगरे पनि यहाँ लक्षण भने देखाइएको छ-

-वर्तना-परिणाम: क्रिया परत्वापरत्वे च कालस्य।५।२२

वर्तना, परिणाम, क्रिया अनि परत्व र अपरत्व यी कालका कार्य हुन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वस्तुहरूको पर्याय (परिवर्तित रूप) उत्पत्तिका लागि प्रवृत्त धर्म, अधर्म आदिलाई प्रेरित गर्ने निमित्तलाई वर्तना भनिन्छ। त्यो प्रेरक तत्त्व क्षणरूप काल हो। जस्तै भातका लागि चामल पाक्ता क्षण-क्षणमा नया पर्यायको उत्पाद हुँदै आखिरमा भात तयार हुन्छ। यो क्षण या क्षणसमूह नै काल हो। परिणाम पनि द्रव्यको स्वजातिको त्याग नगरी हुने नवपर्याय प्राप्ति हो। त्यसमा पनि क्षण क्षणको निमित्तता रहेको हुन्छ। गति, गमन या परिस्पन्द नै क्रिया हो र त्यसमा पनि क्षणरूप कालको कारणता रहेको हुन्छ। परत्व भनेको ज्येष्ठत्व अर्थात् पुरातनत्व, र अपरत्व भनेको कनिष्ठत्व वा नवीनत्व हो। यी सब वर्तना आदि कार्यका निमित्त धर्म, अधर्म आदिको प्रेरक तत्त्व नै काल हो।

पुद्‌गल द्रव्यका अन्य पर्याय (स्वरूपहरू) सूत्रकार निम्न सूत्रमा देखाउछन्-

-स्पर्श-रस-गन्ध-वर्णवन्तः पुद्‌गलाः। ५।२३

पुद्‌गलद्रव्य स्पर्श, रस, गन्ध र वर्णवाला हुन्छन्। यहाँ अन्य केही दर्शनको मतमा आफ्नो अरुचि देखाउदै सूत्रकारले यो भन्न खोजेका छन् कि- बुद्ध दर्शनमा जीव अर्थमा पुद्‌गल शब्द प्रयोग गरे ता पनि जैनदर्शनमा पुद्‌गल शब्दले अजीवलाई बुझाउँछ । वैशेषिकले अजीव (जड) पृथ्वी, जल, तेज, वायुमा रूप, रस, गन्ध र स्पर्श गुणहरू क्रमश पृथ्वीमा ४, जलमा ३, तेजमा २, र वायुमा १ गुण मानिएको छ भने जैन मतमा यी सबै भूतमा सबै रूप आदि गुणहरू रहेका हुन्छन्। वैशेषिक मतमा मनमा रूप आदि गुणहरू हुँदैनन्, तर जैनदर्शनका अभिमतमा त्यो पनि पुद्‌गल भएकाले रूप, रस, गन्ध र स्पर्श यी चारवटै गुणहरू सूक्ष्मरूपमा रहेका हुन्छन्।

गुणहरूको अवान्तर भेदमा पनि अन्य दर्शनको भन्दा जैन दर्शनको विशेष दृष्टिकोण छ। जसमा- स्पर्श गुण -कठिन, मृदु, गुरु, लघु, शीत, उष्ण, स्निग्ध, रुक्ष आठ प्रकारका हुन्छन्।

रस- तितो, अमिलो, पिरो, गुलियो, टर्रो ५ प्रकार। यहाँ नुनिलो रसलाई छाडिएको छ।

गन्ध- सुगन्ध, दुर्गन्ध २ प्रकार।

वर्ण- कालो, नीलो (हरियो), रातो, पहेलो, सेतो ५ प्रकार। यहाँ खैरो वर्णलाई छोडिएको छ।

जैन मतमा शब्द गुण होइन, केवल भाषा वर्गणा पुद्‌गलको एक विशिष्ट परिणाम हो। हेरौं निम्न सूत्र-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-शब्द-बन्ध-सौक्ष्म्य-स्थौल्य-सँस्थानभेदतमश्छायाऽऽतपोद्योतवन्तश्च। ५।२४

शब्द, बन्ध, सूक्ष्मत्व, स्थूलत्व, सँस्थान, भेद, अन्धकार, छाया, आतप र उद्योत पनि पुद्गलकै पर्याय हुन्।

शब्द पुद्गलकै एक रूप हो। आत्मप्रयत्नबाट निस्कने शब्दलाई प्रयोगज र अन्य प्रकृति विशेषको शब्द वैस्रसिक भनिन्छ। प्रयोगज शब्द ६ प्रकारको हुन्छ। १) मानिश, पशु, पक्षी आदि प्राणी जन्य। २) तत-वीणा आदि वाद्य विशेषको शब्द। ३) वितत अन्य तारजन्य शब्द। ४) घन-घण्ट आदिको शब्द, ५) शुषिर- फुकेर निकालिएको वासुरी, शंख आदिको शब्द। ६) संघर्ष-वाद्यविशेषदेखि भिन्न काठ दाउरा आदिको घर्षणजन्य शब्द।

वैस्रसिक शब्द मेघ गर्जन, चट्याङ, आँधी आदि प्रकृतिजन्य शब्द हो।

बन्ध-बन्धन, सम्वन्ध, आश्लेश। यो पनि प्रयत्नजन्य प्रायोगिक र तद्भिन्न वैस्रसिक नै मानिन्छ। जीव-शरीर सम्वन्ध, हात-लट्ठी सम्बन्ध प्रथम प्रायोगिक बन्ध हो भने प्रयत्ननिरपेक्ष विजुली, मेघ आदिको सम्वन्ध दोस्रो अर्थात् वैस्रसिक वन्ध हो।

सौक्ष्म्य-स्थौल्य-सूक्ष्मता र स्थूलता। यी पनि अन्त्य र आपेक्षिक गरी २/२ प्रकारका हुन्छन्। त्यसमा कुनै एउटा वस्तु अन्य कुनै वस्तुको अपेक्षामा सूक्ष्म र स्थूल हुँदैन भने त्यो अन्त्य र हुन्छ भने त्यो आपेक्षिक सूक्ष्मता र स्थूलता हो। परमाणुको सूक्ष्मत्व र जगद्व्यापी महास्कन्धको स्थूलत्व अन्त्य हो। अन्य कुनै पुद्गलको अपेक्षा परमाणुमा स्थूलत्व र महास्कन्धमा सूक्ष्मत्व हुँदैन। द्व्यणुक (दुई परमाणु मिली बनेको स्कन्ध डल्लो) आदि मध्यम परिमाणका पुद्गलहरूको सूक्ष्मत्व र स्थूलत्व अपेक्षाकृत हुन्छ। जो परमाणुको अपेक्षामा स्थूल र त्रसरेणुको अपेक्षामा सूक्ष्म हुन्छ, त्यो आपेक्षिक स्थूलता र सूक्ष्मता हो।

संस्थान- रचना, आकार- यो पनि इत्थंत्व र अनित्थंत्व गरी २ प्रकारको हुन्छ। जुन पुद्गलको एक रूपको आकार हुन्छ त्यो इत्थंत्व। जस्तै बयर, बाँस, पहाड आदि। जो एक रूपको हुँदैन त्यो अनित्थंत्व, जस्तो बादल। जसको सस्थान अनियत हुनाले यस्तै हुन्छ, भन्न सकिन्न।

भेद- पिण्डको विभाग नै भेद हो र यो ५ प्रकारको मानिन्छ- १) औत्कारिक- चिरेर। २) चौर्णिक- पिसेर। ३) खण्ड-टुक्र्याएर। ४) प्रतर-तह पत्र निकालेर। ५) **अनुतट-** वोक्रा निकालेर भएको विभाग।

तम- अन्धकार। प्रकाश विरोधी।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छाया- प्रकाशको आवरणजन्य छाया २ प्रकारको हुन्छ- बिम्ब र आवृत। ऐनामा या चिल्लो पदार्थमा देखिने छाया बिम्ब र वृक्षको छाया आवृत।

उद्योत- प्रकाश-सूर्य, चन्द्र, मणि आदिको प्रकाश।

उपर्युक्त पर्यायहरू पुद्गल द्रव्यका नै हुन्छन्। ५।२३ सूत्रमा प्रस्तुत स्पर्श आदि पर्याय अणु र स्कन्ध दुवैमा हुन्छन् भने ५।२४ सूत्रमा देखाइएका शब्द, बन्ध आदि पर्याय केवल स्कन्धमा मात्र हुन्छन् अणुमा हुँदैनन्।

अणु र स्कन्ध भनेको के हो ? त्यो निम्नसूत्रमा बताइन्छ -

अणवः स्कन्धाश्च।५।२५

पुद्गल अणु र स्कन्ध गरी २ प्रकारको हुन्छ। मात्र कारण रूप, सूक्ष्म, नित्य, कुनै एक रस, गन्ध र रूपले युक्त अनि स्पर्श चाहिँ कुनै दुइटाले युक्त, इन्द्रियको अगोचर, शास्त्र र अनुमानबाट गम्य, अन्त्य द्रव्य नै अणु या परमाणु हो।

पुद्गलसमुदाय या दुई वा दुईभन्दा बढी परमाणुको संयोगबाट निर्मित स्कन्ध अपेक्षाकृत रूपमा कारण, कार्य र अवयवी रूपका हुन्छन्। स्कन्ध उत्पत्तिको प्रकार निम्न सूत्रमा बताइएको छ-

-संघात-भेदेभ्य उत्पद्यन्ते। ५।२६

स्कन्धको उत्पत्ति संघात, भेद र उभय (संघातभेद) वाट हुन्छ।

स्कन्ध द्रव्यको उत्पत्ति तीन प्रकारबाट हुन्छ- १-संघात, भेद र संघात-भेद (उभय)बाट। दुई या दुईभन्दा अधिक अर्थात् द्वि, त्रि, चार, संख्यात, असंख्यात, अनन्त, अनन्तानन्त संख्यामा परमाणु मिलेर बनेका द्वि, त्रि, चार आदि प्रदेशात्मक स्कन्ध जो द्वयणुकदेखि ब्रह्माण्ड (महास्कन्ध) सम्मका स्कन्धहरू संघात (समूह) जन्य हुन्। कुनै ठूला स्कन्ध टुक्रिएर फुटेर भएका साना टुक्रा भेदजन्य हुन् र यी पनि द्विप्रदेशदेखि अनन्तानन्त प्रदेशवाला हुन्छन्। केही फुटेर बनेका टुक्रामा अन्य केही टुक्रा मिल्न गई बनेका स्कन्ध संघात र भेद उभयजन्य हुन् र यी पनि द्वि देखि अनन्तानन्त प्रदेशवाला हुन्छन्।

अणुको अस्तित्व चाँहि कसरी हुन्छ ? भन्ने कुरा निम्न सूत्रबाट स्पष्ट पारिएको छ-

भेदादणुः। ५।२७

भेदबाट अणुको उत्पत्ति (अस्तित्व) हुन्छ। अणु कुनै चिज मिलेर बन्ने पुद्गल द्रव्य होइन, यो नित्य हो। त्यसैले यस सूत्रमा द्रव्य रूपले अणुको उत्पत्ति बताइएको होइन, तर पनि पर्याय (अवस्था) भेदका दृष्टिले मात्र प्रस्तुत गरिएको हो। अणु २

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्यायको रूपमा रहेको हुन्छ- शकलित (अवयवरूप) र विशकलित (पृथक् पृथक्)। सुन्तला अणुबाटै बनेको हुन्छ र सुन्तला या त्यसका टुक्रा रहे सम्म त्यसमा भएका अणुहरू त्यही टुक्राका शकल (अवयव) रूपमा रहेका हुन्छन् भने ती सुन्तलाका टुक्राबाट एक एक अणुहरूलाई छुट्याइयो भने ती विशकलित (केहीका पनि अवयव न रहेको) अवस्थामा परिणत भएका अणु हुन्। कुनै वस्तु यसरी टुक्रिदै जानु भनेको भेद हो र त्यही भेदप्रक्रियाको अन्त्यबाट अणुको स्वतन्त्र अस्तित्व हुन्छ, उत्पत्ति होइन।

आँखाले न देखिने स्कन्ध पनि कुनै निमित्तबाट देखिने (चाक्षुष) बन्दछन्। कसरी बन्दछन्, निम्न सूत्र हेरौं -

-भेद-संघाताभ्यां चाक्षुषाः। ५।२८

भेद, संघात र उभयबाट अचाक्षुष स्कन्ध पनि चाक्षुष बन्दछन्। दृष्टिका अपेक्षामा पुद्गलहरू १.चाक्षुष २.अचाक्षुष ३.पहिले अचाक्षुष पछि चाक्षुष रूप गरेर ३ प्रकारका हुन्छन्। १-कुनै वस्तु चाक्षुष (आँखाले देखिने) हुनका लागि ऊ अणुरूप अवयवको संघातबाट जन्य स्कन्ध हुनु पर्दछ। त्यसैले धर्म, अधर्म, आकाश अचाक्षुष (अतीन्द्रिय) हुन्छन् र घट,पट आदि पुद्गल चाक्षुष हुन्छन्। २-अणुहरू सूक्ष्म भएकै कारणले अचाक्षुष हुन्छन्। ३- अणुहरू मिली स्थूल भएका पुद्गलबाट केही अणुहरू छुट्टिई केही नयाँ अणुहरू मिलेर जुन स्कन्ध बन्दछ त्यो भेद-संघातजन्य स्कन्ध पनि प्रत्यक्ष हुन्छ। अचाक्षुष अणु नै संघातबाट स्कन्ध रूप भए पछि ती चाक्षुष हुन्छन्। यो पहिले अचाक्षुष पछि चाक्षुष हो।

यस सूत्रले आँखाले देखिने पुद्गलको मात्र नियम बताएको न भई समस्त इन्द्रियबाट ग्राह्य अग्राह्यकै नियम बताइएको हो। यहाँ भेदबाट पुद्गल चाक्षुष बन्छ भन्नुको आशय- कुनै पुद्गलका केही अंश छुट्टिएर जाँदा त्यो प्रत्यक्ष बन्छ, भनिएको होइन। अपितु केही अचाक्षुष टुक्रा गएर केही चाक्षुष टुक्रा मिले पछि त्यो चाक्षुष बन्दछ, भनिएको हो।

यहाँ श्वेताम्बर सूत्रावलीमा नभएको तर दिगम्बर सूत्रग्रन्थमा दिइएको यो सूत्र उल्लेख गर्नु उपयुक्त छ, जसले द्रव्यको विशेषता बुझाएको छ -

-सद् द्रव्यलक्षणम्। ५।२९दि.

सत् नै द्रव्यको लक्षण हो। अर्थात् जो सत् हो त्यही द्रव्य हो, जो सत् होइन त्यो द्रव्य होइन। सत् भनेको के हो ?

-उत्पाद-व्यय-ध्रौव्ययुक्तं सत्। ५।२९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो उत्पाद, व्यय र ध्रौव्यले युक्त छ त्यो नै सत् हो। प्रत्येक समयमा भिन्न भिन्न परिमाण रूपले उत्पन्न र नष्ट हुनु उत्पाद र व्यय हो भने स्वजातिलाई नछोड्नु ध्रौव्य हो। शाङ्कर वेदान्तको सद्वस्तु ब्रह्म केवल ध्रुव (नित्य) हुन्छ भने बुद्धको सत् क्षणिक हुन्छ। सांख्य-योगको सत् पुरुष कूटस्थ र नित्य छ भने प्रकृति नित्यानित्य छ। न्याय-वैशेषिकका सत् पदार्थ भनेका परमाणु, आकाश, काल, दिक्, आत्मा र मन कूटस्थ र नित्य छन् भने पृथिवी, जल आदि स्थूल भौतिक तत्त्व अनित्य छन्।

तर जैनमतमा चेतन, जड, मूर्त, अमूर्त, सूक्ष्म, स्थूल आदि सम्पूर्ण सद् वस्तुमा सूत्रोक्त तीन धर्म (अवस्था) उत्पाद, व्यय र ध्रौव्य हुन्छन्। वस्तुको विवेचन गर्दा त्यसको कुनै एक अंश मात्र हेरेर होइन, उत्पाद, व्यय र ध्रौव्यरूप सर्वांशबाट विवेचन गर्नु पर्ने हुन्छ। सूत्रबाट निर्दिष्ट ३ धर्महरू त्यही आशयबाट उपदिष्ट छन्।

यी तीन धर्म या परिणामी नित्यत्वको विशेष स्वरूप निम्न सूत्रहरूमा देखाइन्छ-

-तद्भावाव्ययं नित्यम्।५।३०

जो आफ्नो भाव या जातिबाट व्यय(च्युत) हुँदैन त्यो नित्य हो। जो एकांशमा स्थिर र अन्यांशमा अस्थिर होइन, स्थिर हो भने सर्वांशमा स्थिर र अस्थिर हो भने सर्वांशमै अस्थिर हुनु पर्छ तर उसले स्वजाति या स्वधर्म छोडेको हुनु हुँदैन। स्वजातिलाई स्थिर राखेर कुनै निमत्तबाट रूपान्तर हुन्छ भने त्यो नित्य हो र त्यसलाई परिणामी नित्य भनिन्छ। तसर्थ सद्वस्तु स्वजातिका अपेक्षाले ध्रौव्य (स्थिर) र निमित्त या परिणामका अपेक्षाले उत्पाद (नयाँ रूप) र व्यय (नयाँ रूपको त्याग) भए पनि त्यो नित्य नै हो। जति सुकै सूक्ष्म दृष्टिले हेरे पनि कुनै वस्तु यस्तो देखिदैन जो सधै परिणामी या अपरिणामी छ। त्यसैले त्यो परिणामी नित्य भनिन्छ। जैनमतमा जीव समेत परिणामी नित्य हो।

परिणामबाट रूप परिवर्तन गरे पनि नित्य, नगरे पनि नित्य हो भने त जगत्मा अनित्य वस्तु नै नहुने हो कि ? अथवा एउटै वस्तु नित्य पनि र अनित्य पनि हो कि ? भन्ने शंकाको समाधानमा यो निम्न सूत्र प्रस्तुत छ-

-अर्पितानर्पितसिध्देः। ५।३१

अर्पित र अनर्पितबाट एउटै वस्तु नित्य र अनित्य नै सिद्ध हुन्छ। यहाँ एक अपेक्षा भएकालाई अर्पित र अर्को अपेक्षा या अपेक्षान्तर हुनेलाई अनर्पित भनिएको हो। अपेक्षाभेदले एउटै वस्तु सत् र असत् या नित्य, अनित्य, स्थिर र चर दुई परस्पर विरूद्ध धर्मवाला सिद्ध हुन्छ। यसरी सधैं क्षण-क्षणमा परिवर्तित रूपका भएकाले पनि वस्तु अनेक धर्मात्मक छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा सत् हो, यो प्रतीतिका आधारमा आत्मामा सत् रूपको भान पर्दछ, त्यो केवल चैतन्यबान्का अपेक्षाले मात्र सत्ताको भान भएको हो सर्वापेक्षया होइन। यदि घट-पट आदि सकलापेक्षया आत्मामा सत्को भान हुन्छ भन्ने हो भने आत्मामा चैतन्य भासित भए झैँ घटत्व आदि पनि भासित हुने आपत्ति आउछ। अत चैतन्यापेक्षया आत्मा सत् हो र त्यसमा चैतन्यको भान हुन्छ, घटत्वापेक्षया घटत्वको भान हुदैन। त्यसैले चैतन्यापेक्षया आत्मा सत् हो घटत्वापेक्षया असत् हो। त्यस्तै आत्मा द्रव्यदृष्टिले नित्य र पर्याय (विशेष अवस्था) ले अनित्य हो। किनकि आत्माले द्रव्यलाई कहिल्यै त्यागेको हुँदैन तर स्थौल्य, सौक्ष्म्य आदि पर्यायविशेष सधैं हुँदैनन्। त्यस्तै चेतनत्वेन आत्मा एक छ पुरुषत्वेन (व्यक्तित्वेन) अनेक छ। यसरी अपेक्षाभेदले गर्दा एउटै वस्तु विरुद्धधर्मी भए पनि ती कालभेदले एक कालमा एक धर्म प्रधान अर्को गौण र अर्को कालमा अर्कै धर्म प्रधान पूर्वको गौण हुने भएकाले ती दुई धर्म बिच विरोध हुँदैन।

यसरी जैन दर्शनमा सत्लाई परिणामी, नित्य र त्यो प्रत्येक सद् वस्तु अनन्तधर्मात्मक हुन्छ। यस्तो अनन्तधर्मात्मक सद्वस्तुतत्त्वको भ्रान्तिविहीन प्रतिपादन कुनै एक शब्दबाट सम्भव हुँदैन। त्यस कारण यसको सुनिश्चित प्रतिपादनका लागि अनेकान्त ज्ञान दृष्टिको आवश्यकता पर्दछ जसलाई जैन दर्शनमा स्याद्वाद या अनेकान्तवाद भनिन्छ। यो स्यात् शब्द एक अव्यय शब्द हो। यसको अर्थ सायद वा सम्भावना न भै सुनिश्चित भन्ने नै अर्थ हो। सर्वसाधारण व्यक्ति कालविशेष तथा देशविशेषका दृष्टिबाट नै वस्तुसत्ताको अनुभव गर्दछ, जो त्रैकालिक सत्य नभएर सापेक्षिक रूपमा मात्र सत्य हो। सापेक्षलाई समेट्न नै वस्तुविशेषलाई स्यात् पदविशिष्ट बनाउनु पर्ने हुन्छ। अनन्तधर्मात्मक वस्तुका समस्त धर्मको यथार्थज्ञान केवलज्ञानीलाई मात्र हुन सक्तछ। तसर्थ मनुष्यका लागि वस्तुको ज्ञान केवल आंशिक या सापेक्ष मात्र हुन्छ। यही अनन्त धर्मात्मक वस्तुको एक धर्म या अंशको ज्ञान नै नय हो। स्याद्वाद अनुसार यही नयका आधारमा वस्तुको विश्लेषण गरिन्छ, जसमा अनन्तधर्मात्मक वस्तुको कुनै एक धर्मविशेषका विवक्षाका दृष्टिले त्यो एक धर्मलाई मुख्य र अन्य धर्मलाई गौण मानेर वस्तुसत्तालाई बुझ्ने गरिन्छ। जैन न्यायमा यो वस्तुसत्ताको सापेक्षरूपलाई अङ्गीकार गर्न परामर्शको रूपलाई सात प्रकारमा विभाजित गरिएको छ र यसलाई सप्तभङ्गी नय भनिन्छ जो निम्नानुसार छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१. स्यादस्ति- निश्चय नै वस्तु काल, देश तथा रूप विशेषले सम्वद्ध छ या सत्तावान् छ।
२. स्यान्नास्ति- कुनै पनि वस्तु काल तथा देश बाहिर छैन नै।
३. स्यादस्ति च नास्ति च- वस्तु काल तथा देशविशेषमा विद्यमान तथा काल-देश वाहिर अविद्यमान छ।
४. स्याद्वक्तव्यम्- एकत्र विरोधात्मक नाना धर्मको सत्ताका कारण वस्तुको वास्तविक रूप अनिर्वचनीय छ।
५. स्यादस्ति च अवक्तव्यञ्च - वस्तु काल तथा देश विशेषमा विद्यमान छ र उसको वास्तविक रूप अनिर्वचनीय छ।
६. स्यान्नास्ति च अवक्तव्यञ्च - वस्तु काल तथा देशविशेषदेखि बाहिर अविद्यमान छ र उसको वास्तविक रूप अनिर्वचनीय छ।
७. स्यादस्ति च नास्ति च अवक्तव्यञ्च - वस्तु काल तथा देशविशेषमा विद्यमान र काल-देश बाहिर अविद्यमान छ र उसको वास्तविक रूप अनिर्वचनीय छ।

स्कन्धको उत्पत्तिका लागि परमाणुहरूको वन्ध (संयोग) हुनु आवश्यक छ, तर संयोग नै कसरी के कारणले हुन्छ ? भन्ने प्रश्नको समाधान निम्न सूत्रमा गरिएको छ-

-स्निग्धरुक्षत्वाद् बन्धः।५।३२

स्निग्धत्व (चिल्लोपना) र रुक्षत्व (खस्रोपना) का कारण परमाणु-परमाणुमा बन्ध (संयोग) हुन्छ। पौद्गलिक स्कन्धको उत्पत्तिका लागि परमाणुको संयोग कारण हुन्छ। तर परमाणु परमाणुको संयोगमा चाहि के कारण हुन्छ भने परमाणुमा रहेका स्निग्धत्व र रुक्षत्व गुण नै कारण हुन्छन्। यी दुई कारणबाट परमाणुहरू आपसमा बन्धनमा पर्दछन्, अर्थात् जोडिन्छन् र द्व्यणुक आदि नवीन स्कन्धको उत्पत्ति हुन्छ।

स्निग्ध र रुक्षगुणका अनेक भेद हुन्छन्। जस्तै - जल, बाखाको दुध, बाखाको घिउ, गाईको दुध, गाईको घिउ, भैंसीको दुध, भैंसीकै घिउ, ऊँटको दुध, ऊँटको घिउ यी वस्तुहरूमा उत्तरोत्तरमा अधिक अधिक स्निग्ध हुन्छ। त्यस्तै धूलो, कण, पत्थर, वज्र आदिमा उत्तरोत्तर रुक्ष गुणको अधिकता हुन्छ। यसै गरी परमाणुहरूमा पनि यी गुणहरूको प्रकर्ष र अप्रकर्ष पाइन्छ।

परमाणुहरूको बन्ध या श्लेष २ प्रकारको हुन्छ, सदृश र विसदृश। स्निग्ध स्निग्धले अथवा रुक्ष रुक्षले भएको बन्ध सदृश र स्निग्ध र रुक्षका बिच भएको बन्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विसदृश हो। बन्ध पनि अणुमा भएको स्निग्धत्व र रुक्षत्वको मात्रा अनुसार हुने र न हुने हुन्छ। के भए बन्ध हुन्छ र के भए हुँदैन ? निम्न सूत्रहरूमा हेरौं-

-न जघन्यगुणानाम्। ५।३३

जघन्य गुण या न्यूनांशवाला स्निग्ध र रुक्ष अवयवहरूको बन्ध हुँदैन। अणुमा स्निग्धता र रुक्षताको मात्रा केही बढी मात्रामा छ भने बन्ध हुन्छ, अत्यन्त न्यून छ भने त्यस्ता परमाणुहरू परस्पर जोडिदैनन् या बन्ध हुँदैन।

-गुणसाम्ये सदृशानाम्।५।३४

समान गुण भएका सदृश अणु या स्निग्ध स्निग्ध र रुक्ष रुक्षको पनि बन्ध हुँदैन। यसको तात्पर्य समान अंशवाला स्निग्ध स्निग्ध र रुक्ष रुक्ष अवयवबाट स्कन्ध बन्दैन। त्यसका लागि विसदृश अणु अवयवको आवश्यकता पर्दछ।

-द्वयधिकादिगुणानां तु। ५।३५

दुई देखि बढी अंश गुण भएका अवयवबाट चाँहि बन्ध हुन्छ। अर्थात् एक अणुमा एक अंश स्निग्धत्व या रुक्षत्व छ, अर्को अणुमा त्यसको दुई अंश बढी अर्थात् ३,४,५ अंश छ भने त्यस विषम अवस्थामा सदृश विसदृश दुवैबाट बन्ध हुन्छ र स्कन्धको उत्पत्ति हुन्छ।

विषम गुण भएका अणुबाट बनेको स्कन्धमा कस्तो गुणको परिणमन या स्वरूप हुन्छ, यो निम्न सूत्रमा हेरौं-

-बन्धे समाधिकौ पारिणामिकौ । ५।३६

- वन्ध कार्यमा सम र अधिक गुणले सम र न्यून गुणलाई स्वरूपमा वदल्छ।

समान अंश भएका अवयवमा विसदृश बन्ध मात्र हुन्छ र न्यूनाधिक गुणवाला अणुमा सदृश विसदृश दुबै प्रकारको बन्ध हुन्छ। यसरी बनेका स्कन्धहरूमा अणुका गुणहरू नै द्रव्य, क्षेत्र, काल र भाव अनुसार स्निग्ध र रुक्ष रूपमा परिणत भएका हुन्छन्। परिणाम हुँदा गुणको न्यूनाधिक्यले परिणाममा न्यूनाधिक्य हुन्छ। अर्थात् कतै अधिक स्निग्धले कम रुक्षलाई स्निग्ध नै वनाउने र अधिक रुक्षले कम स्निग्धलाई रुक्षमा परिणत गरि दिने हुन्छ। जस्तै ५ अंश स्निग्धत्व र रुक्षत्वले ३ अंश रुक्षत्व र स्निग्धत्वलाई स्निग्धत्व र रुक्षत्वमा वदल्छ। यसरी आफ्नो भन्दा कम गुणलाई वढी गुणवालाले आफ्नो रूपको बनाउछन्। जस्तै सातु र पानीमा सातु वढी भएमा सातुकै र पानी बढी भएमा पानीकै, जुन बढी भयो त्यसैको गुण आउछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्‌को लक्षणमा द्रव्यको पनि लक्षण गरिएता पनि पुनः अन्य तत्त्वभन्दा भिन्न रूपले द्रव्यको विशेषता देखाउन यहाँ सूत्रकार पुन द्रव्यको लक्षण गर्दछन्।

-गुण-पर्यायवद् द्रव्यम्। ५।३७

गुण र पर्यायवाला तत्त्व नै द्रव्य हो। अथवा विभिन्न गुणको अखण्ड समुदाय नै द्रव्य हो। प्रत्येक द्रव्यमा विभिन्न समयमा विभिन्न रूपमा परिणाम हुने स्वभाव हुन्छ र यसै स्वभावका कारणले विभिन्न रूपमा परिणत भैरहेको हुन्छ। यसरी अनेक रूपमा परिणत गराउने स्वभाव या द्रव्यको परिणामी शक्ति नै गुण हो। यस्तो शक्तिरूप गुण द्रव्यमा अनन्त हुन्छ र गुण द्रव्यबाट कहिल्यै अलग हुँदैन। यही गुणशक्तिका कारण समय-समयमा द्रव्यहरू अनन्त पर्यायको रूपमा परिणत हुन्छन्। यी शक्तिहरू रूपशक्ति, रसशक्ति आदि प्रमुख रूपमा हुन्छन्। आँप, सुन्तला, काठ, पात आदि सबै द्रव्यकै पर्यायहरू हुन्।

आत्मा अर्को पुद्‌गलद्रव्य हो, जैनमतमा आत्मामा चैतन्यका साथै रूपादि गुणहरू पनि हुन्छन्। तिनको आधारमा आत्मामा ज्ञान, दर्शन आदि बोधव्यापार (उपयोग) का साथै नील, पीत आदि अनन्त पर्यायहरू हुन्छन्। भनाइको मतलब आत्मगत चैतन्यशक्ति तथा अन्य शक्तिहरू आत्माबाट भिन्न हुन सक्तैनन्। तसर्थ आत्मा चेतनाशक्तिद्वारा भिन्न भिन्न उपयोग रूपमा र अन्य पुद्‌गल रूपशक्तिद्वारा भिन्न भिन्न नील, पीत आदि रूपमा परिणत हुन्छ। त्यसैले आत्मा आदि गुण र पर्यायवाला वस्तु नै द्रव्य हुन्। द्रव्यका विकारलाई नै पर्याय भनिएको हो।

काल द्रव्य हो कि होइन ? भन्ने सम्बन्धमा सूत्रकार भन्दछन्-

-कालश्चेत्येके। ५।३८

कुनै कुनै आचार्यहरू काल (समय) लाई पनि द्रव्य मान्दछन्।

काल क्षण-होरा-अहोरात्र पक्ष-मास-वर्ष आदि अनेक पर्याय र त्यस अनुकूल अनेक गुण पनि भएको हुनाले द्रव्यको लक्षण यसमा पनि घट्छ। त्यसैले काल पनि द्रव्य हो भनेर कुनै आचार्यहरू भन्दछन्। जस्तै वैशेषिकले काललाई अतिरिक्त द्रव्य नै मानेको छ। जैन मतमा भने काल द्रव्य त हो, तर अतिरिक्त द्रव्य होइन।

-सोऽनन्त समयः। ५।३९

काल अनन्त समय (पर्याय) वाला छ। क्षण, घण्टा, मास, सम्बत्सर आदि र भूत, भविष्य, वर्तमान, पल्य, सागर, असंख्यात, अनन्त आदिका भेदले काल अनन्त प्रकारको हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रव्यको लक्षण गरिसके पछि अब गुण भनेका के हुन् र तिनको स्वरूप के हो? यस सम्बन्धमा निम्न सूत्र हेरौं-

-द्रव्याश्रया निर्गुणा गुणाः। ५।४०

द्रव्यमा आश्रित हुने तर गुण रहित नै गुण हुन्। द्रव्यमा सधैं आश्रित हुने नै गुण हुन्। गुणलाई नै शक्ति पनि भनिन्छ। गुण या शक्तिमा अर्को गुण या शक्ति रहदैन, तर त्यही शक्तिरूप गुण नै पर्यायको जनक हो। पर्याय पनि द्रव्याश्रित र गुण पनि द्रव्याश्रित नै हुँदा तिनीहरूमा फरक के हुन्छ त भन्दा पर्यायहरू उत्पाद-व्यय रूप हुनाले सधैं हुँदैनन् भने गुण-शक्ति सधैं हुन्छ। पर्याय र शक्तिमा यही फरक छ। आत्माका गुण- चेतना, सम्यक्त्व, चारित्र, आनन्द, वीर्य आदि हुन् भने अन्य पुद्गलका रूप, रस, गन्ध आदि गुण हुन्।

द्रव्यहरूको परिणाम हुन्छ भनियो। वास्तवमा परिणाम भनेको के हो ? यसको उत्तरमा प्रस्तुत छ निम्न सूत्र-

-तद्भावः परिणामः। ५।४१

त्यही भाव (रूप) मा आउनु या स्वरूपमै रहेर उत्पन्न र विनाश हुनु परिणाम हो। कुनै द्रव्य अथवा गुण अविकृत (अपरिवर्तित) हुँदैन, विकृत या अवस्थान्तर भएर पनि त्यसले आफ्नो स्वभाव या जातिलाई छोडेको हुँदैन। यसरी द्रव्य या गुण आ-आफ्नो जातिको त्याग नगरी क्षण-क्षणमा निमित्तद्वारा भिन्न भिन्न अवस्थामा पुग्दछन् या परिणत हुन्छन्, यही प्रक्रिया नै परिणाम हो।

निम्न सूत्रहरूमा सूत्रकार प्ररिणामको भेद र भेदको आश्रय वताउछन्-

-अनादिरादिमाँश्च। ५।४२

परिणाम अनादि र आदिमान् गरी २ प्रकारको हुन्छ। जुन परिणामको सुरु भएको काल अज्ञात या अनिर्वचनीय छ त्यो परिणाम अनादि र जसको सुरुवात विवेच्य छ त्यो आदिमान् परिणाम हो।

आदिमान् परिणाम केमा हुन्छ ? निम्न सूत्र हेरौं

-रूपिस्वादिमान्। ५।४२

रूपी अर्थात् पुद्गलहरूमा आदिमान् परिणाम हुन्छ। जस्तै अणु तथा बीज, तृण, अन्न, जल आदि पुद्गलहरूमा अंकुर, वृक्ष, फल आदि पर्यायपरिणाम सादि हो। अनादिमान् पर्यायपरिणाम कहाँ हुन्छ ?

-योगोपयोगौ जीवेषु। ५।४३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवमा भएका योग र उपयोग अनादिमान् परिणाम हुन्। शरीर, वचन र मनका माध्यमबाट भएको आत्मप्रदेशको क्रियालाई योग भनिन्छ भने ज्ञानव्यापार नै उपयोग हो। जीव अर्थात् आत्मामा यी दुवै पर्यायको परिणाम सामान्यतया अनादि हो। धर्म र अधर्मका पर्याय गति र स्थिति अनादि परिणाम हुन्। कहिलेदेखि यस प्रक्रियाको सुरु भयो यसको किटान असम्भव छ, तर अनादि परिणाम सामान्यापेक्षाबाट मात्र हुन्छ। विशेषापेक्षाबाट सबै सादि परिणाम नै हुन्छन्।

पञ्चम अध्याय समाप्त

◆◆◆

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षष्ठ अध्याय

आस्रव

जैनदर्शनद्वारा अभिमत जीव आदि सात तत्त्व मध्ये जीव र अजीवको निरूपण पूर्व अध्यायमा गरियो। अब यस अध्यायमा तेस्रो तत्त्व आस्रवको निरूपण गरिने छ।

आस्रवलाई अर्को शव्दमा योग भनिन्छ। योग या आस्रवको विशेष स्वरूप प्रस्तुत सूत्रमा देखाइएको छ-

-काय-वाङ्-मनःकर्म योगः। ६।१

शरीर, वचन र मनको क्रिया नै योग हो।

-स आस्रवः। ६।२

त्यो योग नै आस्रव हो। आस्रवति आगच्छति आत्मप्रदेशसमीपस्थोऽपि पुद्गलपरमाणुसमूहः कर्मत्वेन परिणमतीत्यास्रवः।(दि.वृत्तिः) अर्थात् आस्रव शव्दको अर्थ आउनु या परिणत हुनु हो। आत्मप्रदेश नजिकका पुद्गल परमाणुहरू कर्मको रूपमा परिणामी हुनु नै आस्रव हो। छोटो शव्दमा भन्ने हो भने शुभ-अशुभ कर्मको समूह कर्माशय नै आस्रव हो, जसवाट जीवलाई वन्ध अर्थात् संसार प्राप्त हुन्छ। आत्मा र कर्मको सम्बन्ध गराउने तत्त्व आस्रव या योग हो। यसलाई बन्धहेतु भनिन्छ। वीर्यान्तरायको क्षयोपशम एवं पुद्गलका सम्वन्धवाट हुने आत्मप्रदेशको स्पन्दन (क्रिया, व्यापार) नै योग या आस्रव हो। काययोग वचनयोग र मनोयोग गरी योगका तीन पर्याय(स्वरूप) हुन्छन्। त्यसमा औदारिक आदि शारीरिक पुद्गलको आलम्वन (माध्यम)वाट भएको आत्मप्रदेशको क्रिया काय योग हो। मतिज्ञानावरण तथा अक्षर श्रुतावरण आदि कर्मको क्षयोपशमवाट उत्पन्न वाग्लब्धि (वाणी) वाट भाषा वर्गणाको आलम्वनले भाषापरिणाममा अभिमुख आत्मप्रदेशको परिस्पन्द वाग्योग हो। नोइन्द्रिय या अनिन्द्रिय (मन) को मतिज्ञानावरणको क्षयोपशमवाट उत्पन्न मनोलब्धिका माध्यमले मनोवर्गणाको आलम्वनद्वारा मनःपरिणाममा अभिमुख आत्मप्रदेशको कम्पन नै मनोयोग हो। अर्थात् शरीरले गरिएको कर्म काय योग, वचनले गरिएको कर्म वाग्योग र मनद्वारा गरिएको कर्म मनोयोग हो। यी नै योगद्वारा आत्मामा कर्मवर्गणाको आस्रवण (सम्वन्ध) जलाशयमा नालाहरूद्वारा पानी स्रावित (प्रवाहित) गरे झैँ गराउछ।

योग अथवा कर्मका भेदहरू निम्न सूत्रमा देखाइएको छ-

-शुभः पुण्यस्य। ६।३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभयोग पुण्यको आस्रव हुन्छ।

-अशुभः पापस्य। ६।४

अशुभ योग पापको आस्रव हुन्छ।

योग (कर्म या आस्रव) शुभ र अशुभ २ किसिमको हुन्छ। कर्मको शुभत्व र अशुभत्वको मूल आधार भनेको भावनाको शुभता र अशुभता हो। त्यसमा दया, दान, ब्रह्मचर्य-पालन आदि शुभ काययोग हो। अनिन्द्रा, सत्य, कोमल या प्रिय र सभ्य शिष्ट भाषण शुभ वाग्योग हो। अरुको भलाइको चिन्तन, कल्याणको कामना, प्रसन्नता आदि शुभ मनोयोग हुन्। हिंसा, चोरी, व्यभिचार आदि अशुभ काय योग हो। निन्दनीय, मिथ्या र कठोर भाषण अशुभ वाग्योग हो। अरुको कुभलो, द्वेष र अप्रसन्नता आदि अशुभ मनोयोग हुन्। शुभयोगको कार्य पुण्य प्रकृतिको र अशुभ योग पाप प्रकृतिको बन्धका लागि हुन्छ।

जीवको प्रकृति अनुसार योगको फलमा भिन्नता आउने कुरा निम्न सूत्रमा प्रष्ट्याइएको छ-

-कषायाकषाययोः साम्परायिकेर्यापथयोः। ६।५

कषाय सहित आत्माको योग साम्परायिक कर्मवन्धको हेतु हुन्छ र कषाय रहित आत्माको योग ईर्यापथ कर्मको बन्ध हेतु हुन्छ।

जसमा क्रोध, लोभ आदि कषाय (दोष) हुन्छन् त्यो कषाययुक्त आत्मा र जसमा यी अवगुण हुँदैनन् त्यो कषाय रहित आत्मा हो।

. ज्यादा लिप्त भएर आत्मालाई दृढबन्धमा पुऱ्याउने कर्म सम्परायिक कर्म हो। जस्तै भिजेको कपडामा परेको धूलो दृढ भई टासिन्छ। सुखा कपडामा लागेको धूलो झैं उडी हाल्ने शिथिल बन्धको हेतु ईर्यापथ कर्म भनिन्छ।

त्रिविध योग अनुसारको कर्म यदि कषाययुक्त आत्मा सँग सम्बद्ध छ भने त्यो साम्परायिक स्थितिको र कषायमुक्त आत्मसम्बद्ध भए ईर्यापथ स्थितिको हुन्छ। ईर्यापथ वाला कर्म केवल एक पटकका लागि मात्र हुन्छ, त्यस पछि त्यो जीव मुक्त हुन्छ। त्यसकारण कषाय नै संसारको मूल जरो हो।

निम्न सूत्रमा सांपरायिक कर्मास्रवको भेद बताउछन्-

-अव्रतकषायेन्द्रियक्रियाः पञ्च-चतुः-पञ्च-पञ्चविंशतिसंख्याः पूर्वस्य भेदाः। ६।६

पहिलो अर्थात् साम्परायिक कर्मको अव्रत, कषाय, इन्द्रिय र क्रिया गरी ४ भेद छन् र त्यसमा अव्रत पाँच प्रकारको, कषाय चार प्रकारको, इन्द्रिय पाँच प्रकारको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र क्रिया पच्चीस प्रकारको हुन्छ। जस्तै- अव्रत- हिंसा, असत्य, चोरी, अब्रह्मचर्य र परिग्रह ५ प्रकार। त्यस्तै कषायका क्रोध, अभिमान, माया र लोभ ४ प्रकार । स्पर्शन आदि पाँच ज्ञानेन्द्रियको राग-द्वेषयुक्त प्रवृत्तिका ५ प्रकार।

साम्परायिक क्रियाको २५ भेद

१) देव, गुरु, शास्त्र आदिको पूजनरूप सम्यक्त्वक्रिया। २) मोहनीय या आभिचारिक उद्देश्यले गरिएका पूजनादि कर्म मिथ्यात्वक्रिया। ३) शरीर आदि द्वारा गरिएको कषाययुक्त प्रवृत्ति प्रयोगक्रिया। ४)त्यागी भएर पनि भोगवृत्ति प्रतिको प्रवृत्ति-समादान। ५)एक समयको कर्मबन्धको कारणभूत क्रिया ईर्यापथ। ६)दुष्ट भावले कर्म गर्नु कायिकी क्रिया। ७)आधिकारणिकी क्रिया-हिंसाकारी साधनहरूको ग्रहण गर्नु। ८) प्रादोषिकी-क्रोधावेशमा गरिने कर्म। ९)पारितापिनी-प्राणीहरूलाई सताउने कर्म। १०) प्राणातिपातिकी-प्राणवियोग (हत्या) गर्ने गराउने कर्म। ११) दर्शन-रागवश रमणीय रूप हेर्ने क्रिया। १२)स्पर्शन-प्रमादवश मनोहर स्पर्श गर्नु। १३)प्रात्ययिकी-नयाँ (विरुद्ध) शास्त्र निर्माण। १४) समन्तानुपातन-सार्वजनिक क्षेत्रमा मलमूत्र गर्नु। १५)अनायोग-फोहोर ठाउँमा वस्नु। १६) स्वहस्त क्रिया-अर्काले गर्नु पर्ने काम आफैं गर्नु। १७) निसर्ग-अरुलाई पापकर्ममा अभिप्रेरित गर्न आज्ञा दिनु। १८) विदार-अरुले गरेको पापकर्मको चर्चा। १९) आज्ञाव्यापादिकी-शास्त्रको आज्ञा उल्लङ्घन गर्नु। २०) अनयाकांक्ष-शास्त्रको अनादर गर्नु। २१) आरम्भ- हत्या हिंसामा रत हुनु र अरुले गरेमा पनि प्रसन्न हुनु। २२) पारिग्राहिकी- संग्रह गर्ने क्रिया। २३) माया-ज्ञान, दर्शन आदि विषयमा ठग्नु। २४) मिथ्यादर्शन-मिथ्यादृष्टि राख्नु र मिथ्यादृष्टिमा अन्यलाई प्रेरणा दिनु। २५)अप्रत्याख्यान-इन्द्रियका वशीभूत भई पापव्यापार न छोड्नु। यी सबै कर्महरू कषाय प्रेरित भएका कारण साम्परायिक कर्म हुन् र वन्धका कारण समेत हुन्।

सूत्रकार कर्मबन्धका कारणहरू सबै समान भए पनि परिणाम भेदले हुने भेद निम्न सूत्रमा बताउछन्-

-तीव्र-मन्द-ज्ञाता-ज्ञात-वीर्याधिकरण-विशेषेभ्यस्तद्विशेषः। ६।७

सम्पूर्ण क्रियाहरू समान भए पनि ती बाट उत्पन्न कर्मबन्धमा तीव्र, मन्द, ज्ञात, अज्ञात, वीर्य, अधिकरण आदिबाट फरक हुन्छ। २५ प्रकारका क्रियाहरू या अवृत आदि साम्परायिक बाह्य कर्महरू समान भए पनि आन्तरिक भावहरूका कारण कर्मबन्धमा भिन्नता हुन्छ। त्यसमा तीव्र आसक्तिवाला व्यक्तिको कर्मले तीव्रबन्ध नै गर्छ र मन्द आसक्ति वालाको कर्म मन्द बन्धकै लागि हुन्छ। इच्छा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वक कर्ममा प्रवृत्त हुनु ज्ञातभाव र नजानी या विना इच्छा प्रवृत्त हुनु अज्ञातभाव हो। जानी जानी गरिएको कर्म तीव्रवन्धको लागि हुन्छ भने नजानी गरिएको कर्म मन्द बन्धकालागि हुन्छ। वीर्य (शक्ति विशेष) पनि कर्मवन्धको विचित्रताको कारण हुन्छ। शक्तिशाली पुरुष शुभ-अशुभ जस्तो कर्म गरे पनि उत्साहका साथ गर्दछ र दुर्वल व्यक्ति कठिनाइका साथ क्रिया सम्पन्न गर्छ। तसर्थ बलवान्का अपेक्षामा दुर्वलको शुभाशुभ कर्मवन्ध शिथिल हुन्छ। अधिकरण अर्थात् जीव अजीवका भेदले पनि कर्मवन्धमा भेद हुन्छ। साधनसम्पन्न जीव सहजता, साहसपूर्ण र आवेशले कर्म गर्दछ भने अकिञ्चन व्यक्ति कठिनाइ पूर्वक क्रिया सम्पन्न गर्दछ। तसर्थ उनीहरूको कर्मबन्ध पनि दृढ र शिथिल हुन्छ।

कर्मबन्धका विशेषक मध्ये एक विशेषक अधिकरण पनि हो र त्यो अधिकरण भनेको के हो ?

-अधिकरणं जीवाऽजीवाः। ६।८

कर्मवन्धको अधिकरण भनेको जीव र अजीव हुन्छन्।

शुभ अशुभ कर्मबन्धको अधिकरण जीव र अजीव संयुक्त रूपमै हुन्छन्। जीव एक्लै र अजीव एक्लै ती कर्म गर्न सक्षम हुँदैनन्। तसर्थ दुवै नै कर्मबन्धको साधन, आधार आदि हुन्छन्। कर्मबन्धको अधिकरण पनि २ रूपको हुन्छ- द्रव्य र भाव। जीव र अजीव द्रव्य रूप अधिकरण हुन् भने कषाय आदि आन्तरिक शक्ति र बाह्य साधनको कार्य गर्ने तीक्ष्णता आदि बाह्य शक्ति भाव रूप अधिकरण हुन्।

संसारी जीव कर्ममा प्रवृत्त हुँदा कमसे कम १०८ अवस्था मध्ये कुनै न कुनै अवस्थामा रहेको हुन्छ। ती अवस्था सूत्रकार निम्न सूत्रहरूमा देखाउछन्-

-आद्यं संरम्भ-समारम्भारम्भ-योग-कृत-कारिता-नुमत-कषायविशेषै स्त्रिस्त्रिस्त्रि-श्चतु श्चैकशः।६।९

आद्य अर्थात् जीवरूप अधिकरण क्रमश संरम्भ, समारम्भ, आरम्भका रूपमा ३ प्रकारको, योगका रूपमा ३ प्रकारको, कृत, कारित, अनुमतरूपमा पनि ३ प्रकारको, र कषाय रूपमा ४ प्रकारको हुन्छ। हिंसादि कार्यका लागि प्रवृत्त जीवको प्रयत्न या आदेशलाई संरम्भ भनिन्छ। साधन जुटाउनु समारम्भ हो। कार्य गर्न सोच्नु आँट्नु या थाल्नु आरम्भ हो। कार्य वाक् र मनबाट गरिने पूर्वनिरूपित कर्म योग हुन्। स्वयं कार्य गर्ने कृत, अर्कोलाई गराउने कारित, अनुमति दिने अनुमत भए। क्रोध, मान, माया, लोभ यी कषाय भए। यी निम्न प्रकारले १०८ हुन्छन् र सबै भावाधिकरण हुन् -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.क्रोधकृत कायसंरम्भ	२.मानकृत कायसंरम्भ	३.मयाकृत कायसंरम्भ
४.लोभकृत ,,	५.क्रोधकारित ,	६.मानकारित ,,
७.मायाकारित ,,	८.लोभकारित ,,	९.क्रोधानुमत ,,
१०.मानानुमत ,,	११.मायानुमत ,,	१२.लोभानुमत ,,
१३.क्रोधकृत वचन संरम्भ	१४.मानकृत वचन ,,	१५.मयाकृत वचन ,,
१६.लोभकृत ,,	१७.क्रोधकारित ,,	१८.मानकारित ,,
१९.मायाकारित ,,	२०.लोभकारित ,,	२१.क्रोधानुमत ,,
२२.मानानुमत ,,	२३.मायानुमत ,,	२४.लोभानुमत ,,
२५.क्रोधकृत मनसंरम्भ	२६.मानकृत मन ,,	२७.मयाकृत मन ,,
२८.लोभकृत ,,	२९.क्रोधकारित ,,	३०.मानकारित ,,
३१.मायाकारित ,,	३२.लोभकारित ,,	३३.क्रोधानुमत ,,
३४.मानानुमत ,,	३५.मायानुमत ,,	३६.लोभानुमत ,,

एवं प्रकारले संरम्भका स्थानमा समारम्भ जोड्नाले ३६ संख्या र आरम्भ जोड्नाले ३६ गरी जम्मा १०८ प्रकारका भावाधिकरण हुन्छन्। जीवले ती मध्ये कुनै न कुनै अवस्थामा काम गरेको हुन्छ।

निम्नसूत्रमा सूत्रकार कर्मबन्धको अजीवरूप अर्को अधिकरणको भेद बताउँछन्-

-निर्वर्तना-निक्षेप-संयोग-निसर्गा द्वि-चतु-र्द्वि-त्रिभेदाः परम्। ६।१०

पर अर्थात् अजीवाधिकरण निर्वर्तना, निक्षेप, संयोग र निसर्गका अनुक्रमले दुई, चार, दुई र तीन भेदको हुन्छ। परमाणु आदि मूर्त वस्तुहरू द्रव्यरूप अजीवाधिकरण हुन् भने जीवको शुभाशुभ प्रवृत्तिमा उपयोगी मूर्तद्रव्यहरू जुन अवस्थामा विद्यमान थिए ती भावरूप अजीवाधिकरण हुन्।

यहाँ अजीवाधिकरणका प्रमुख ४ भेद र तिनका उपभेद बताइएको छ - निर्वर्तना भन्नाले रचना हो र जो दुई प्रकारको - १. मूलगुण निर्वर्तना, जो जीवको शुभाशुभ कर्मका लागि शरीर रचनामा आन्तरिक साधनको रूपमा उपयोगी हो। २. उत्तरगुण निर्वर्तना, लट्ठी, शस्त्र अस्त्र आदि बाहिरी साधन।

निक्षेप भनेको राख्नु हो र यसका ४ भेद बताइएको छ १.अप्रत्यवेक्षित- कुनै वस्तुलाई राम्रोसँग नहेरी कतै राख्नु। २. दुष्प्रमार्जित निक्षेप- राम्रो सँग साफ नगरी वस्तु राख्नु। ३. सहसा निक्षेप- विचार नगरी हतारमा कुनै वस्तु राख्नु। ४.अनाभोग निक्षेप- विना उपयोगको वस्तु राख्नु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संयोग भनेको मिल्नु हो र यसको दुई प्रकार बताइएको छ। १. भुक्तपान संयोग- जो अन्न जल आदिको संयोजन। २. उपकरण संयोग-कपडा, भाँडा-कुँडा आदि साधनको संयोजन।

निसर्ग भनेको लागि पर्नु हो र यसका ३ प्रकार बताइएको छ -१. कायनिसर्ग, शरीरद्वारा प्रवर्तन। २. वचन निसर्ग- वचनले प्रवृत्त हुनु र ३. मनो निसर्ग, मानसिक प्रवर्तन। सामान्यरूपले योग र कषाय नै सर्वकर्म प्रवृत्तिको बन्धहेतु हो। तथापि विशेष रूपले कुन कुन प्रवृत्ति कुन कुन कर्महेतुको बन्ध हुन्छ भन्ने कुरा निम्नसूत्रमा देखाइएको छ -

-तत्प्रदोष-निह्नव-मात्सर्यान्तरायासाधनोपघाता ज्ञानदर्शनावरणयोः। ६।११

तत्प्रदोष, निह्नव, मात्सर्य, अन्तराय, आसादन, उपघात यी ज्ञानावरण र दर्शनावरण कर्मका बन्धहेतु(आस्रव) हुन्। ज्ञान या तत्त्वज्ञान, ज्ञानी, ज्ञानसाधन आदिको अनादर गर्नुलाई तत्प्रदोष या ज्ञानप्रद्वेष भनिन्छ। भएको ज्ञान लुकाउनु ज्ञाननिह्नव हो। भएको ज्ञान अरुलाई नदिनु ज्ञानमात्सर्य हो भने कसैलाई ज्ञानप्राप्तिमा बाधा पुऱ्याउनु ज्ञानान्तराय हो। ज्ञानदानमा बाधा दिनु ज्ञान आसादन हो भने सही ज्ञान दिनेलाई उल्टो दोष दिनु उपघात हो। यी क्रियाहरू कषायद्वारा अभिप्रेरित भई गरिएका हुन्छन्, जो दर्शनावरणीय कर्म र ज्ञानावरणीय कर्म(तत्त्वको जिज्ञासा र ज्ञानमा बाधक कर्म)को बन्धहेतु हुन्छन्। त्यस्तै तत्प्रदोष आदिलाई दर्शन (सामान्य ज्ञान) शब्दमा जोडेर बन्ने दर्शनप्रदोष ,दर्शननिह्नव आदि कर्म पनि ज्ञान र दर्शनावरणीय कर्मका आस्रव हुन्।

निम्नसूत्रमा सूत्रकार असातावेदनीय(दुःखानुभवकारी) कर्मको बन्धहेतु (आस्रव) प्रस्तुत गर्दछन् -

-दुःख-शोक-तापाऽक्रन्दन-वध-परिदेवनान्यात्मपरोभयस्थान्यसद्वेद्यस्य। ६।१२

दुःख, शोक, ताप, आक्रन्दन, वध, परिदेवन यी आफ्नो आत्मामा, पर आत्मामा या दुवै आत्मामा रहेका भावहरू असद्वेद्य(असातावेदनीय)कर्मका आस्रव हुन्छन् ।

बाहिरी या आन्तरिक निमित्तबाट जन्य पीडा, दुःख अनि वियोगजन्य दुःख, शोक एवं अपमानजन्य दुःख, ताप अलाप-विलाप आक्रन्दन, हत्या वध र वियुक्तको स्मृतिबाट जन्य पीडा या रोदन आदि भावहरू स्वयं आफैं या अरुमा या दुवैमा ताडन-तर्जन आदि अनेक निमित्तबाट उत्पन्न गरिन्छ भने त्यो असाता(दुःख) वेदनीय कर्मको बन्धहेतु हुन्छ। अर्थात् यी पीडाजनक कर्माशय हुन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सातावेदनीय (सुखानुभव) कर्मका बन्धहेतुहरू चाहिँ के के हुन् भन्ने कुरा सूत्रकार निम्नसूत्रमा देखाउछन् -

-भूतव्रत्यनुकम्पा दानं सरागसंयमादियोगः क्षान्तिः शौचमिति सद्वेद्यस्य। ६।१२

भूत (प्राणी)मा अनुकम्पा, व्रतीमा अनुकम्पा, दान, सरागसंयम आदि योग, क्षान्ति र शौच यी सातावेदनीय कर्मका बन्धहेतु हुन्।

समस्त प्राणीमा दया गर्नु भूतानुकम्पा हो। गृहस्थी तथा त्यागी व्रतीहरूमा दया गर्नु व्रत्यनुकम्पा हो। आफ्नो वस्तु व्यवहारका लागि या पुण्यका लागि अरुलाई दिनु दान हो। संयम ४ प्रकारको हुन्छ- १.सरागसंयम- संयम स्वीकार गरे पनि क्षीणरूपमा राग रहनु, २. संयमासंयम- आंशिक संयम स्वीकार्नु, ३. अकामनिर्जरा- स्वेच्छाले होइन, करले भोग त्याग्नु, ४. बालतप- तत्त्वज्ञानशून्य या मिथ्यादृष्टिवाला व्यक्तिले विभिन्न किसिमको व्रत लिनु। एवं क्षान्ति - सहनशीलता। शौच- पवित्रता, लोभ आदि अन्य दोषहरूको निवृत्ति। यस्ता कर्महरू सातावेदनीय कर्मका आस्रव हुन्।

अव निम्नसूत्रमा दर्शनमोहनीय (सामान्य ज्ञानमा वाधक) कर्मका आस्रवहरू प्रस्तुत छन् -

-केवलि-श्रुत-संघ-धर्म-देवावर्णवादो दर्शनमोहस्य। ६।१४

केवलज्ञानी, श्रुत, संघ, धर्म एवं देवको अवर्णवाद(निन्दा) दर्शनमोहनीय कर्मका आस्रव हुन्। केवलज्ञानीको अवर्णवाद भनेको केवलज्ञानीको ज्ञानप्रति विश्वास नगर्नु हो। श्रुतअवर्णवादको मतलब शास्त्रमा दोष देखाउनु वा निन्दा गर्नु। संघको अवर्णवादको तात्पर्य साधु, साध्वी, श्रावक, श्राविका आदि संघको मिथ्या दोष देखाउनु। देवको अवर्णवाद भनेको देवताको निन्दा गर्नु। यी सब दर्शनमोहनीयकर्मका आस्रव हुन्।

निम्नसूत्रमा सूत्रकार चारित्रमोहनीय कर्मका आस्रव देखाउछन् -

-कषायोदयात्तीव्रपरिणामश्चारित्रमोहस्य। ६।१५

कषायको उदयबाट हुने तीव्र आत्मपरिणाम नै चारित्रमोहनीय कर्मको आस्रव हो। १) आफू कषायप्रेरित भई अरुलाई सताउनु या अरुलाई समेत उक्साउनु आदि कषायमोहनीय कर्मका बन्धहेतु हुन्। २) सत्यधर्म तथा दीन-दुःखीको हँसी-मजाक गर्नु हास्यमोहनीय कर्मको बन्धहेतु हुन्। ३) विविध क्रीडामा रत रहनु, व्रत-धर्मका नियममा ध्यान नदिनु आदि रतिमोहनीय कर्मका बन्धहेतु हुन्। ४)अरुलाई दुःख

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिनु, शान्तिभङ्ग एवं कुसङ्गत गर्नु आदि अरतिमोहनीय कर्मका आस्रव हुन्। ५) स्वयं शोकातुर रहनु र अरुलाई पनि शोककर्ममा उत्तेजित गर्नु शोकमोहनीय कर्मका आस्रव हुन्। ६) स्वयं वा अन्यलाई भयान्वित गर्नु वा गराउनु भयमोहनीय कर्मका आस्रव हुन्। ७) हितकर कर्मको निन्दा गर्नु मोहनीय कर्मको आस्रव हो। ८) भिन्न वेदवालाले पुरुष, स्त्री र नपुंसकवेदको सँस्कारको अनुकरण गर्नु क्रमशः पुरुष वेद, स्त्रीवेद र नपुंसकवेदका बन्धहेतु हुन्। यी सब चारित्रमोहनीय कर्म भित्र पर्दछन्।

आयुष्कर्म ४ प्रकारका हुन्छन्- नारकायु, तिर्यगायु, मनुष्यायु र देवायु। कस्तो प्रकारका कर्म गर्दा कस्तो गतिमा जन्म लिई कति आयु भोग गर्नु पर्दछ ? त्यो तत्तत्कर्मका आस्रव अनुसार हुन्छ। निम्नसूत्रमा उक्त चार गतिका आयुष्कर्मका आस्रवहरू क्रमशः देखाइएको छ। सर्वप्रथम सूत्रकार नरक आयुष्कर्मका आस्रवहरू देखाउँछन् -

-बह्वारम्भपरिग्रहत्वञ्च नारकस्यायुषः। ६।१६

बहु आरम्भ र वहु परिग्रह नरकायुका बन्धहेतु हुन्। आरम्भ भनेको कषायप्रेरित भै अरुलाई दुःख लाग्ने काम गर्नु हो र परिग्रह भनेको मेरो मेरोको भावनाले अधिक वस्तुहरूको संग्रह गर्नु हो। यी दुवै भावहरू तीव्र भई हिंसा आदि क्रूर कर्ममा लाग्नु, अन्याय पूर्वक अरुको धन अपहरण गरी भोगमा आसक्ति हुनु यी नारकायुका बन्धहेतु हुन्।

निम्नसूत्रमा तिर्यगायुकर्मका वन्धहेतुहरू देखाइएको छ-

-माया तैर्यग्योनस्य। ६।१७

तिर्यगायुको आस्रव भनेको माया हो। छलकपटपूर्ण कर्म गर्नु, कुटिलभाव राख्नु, धर्मका नाममा गलत कुरा प्रचार गर्नु, शीलता, संयमिता आदिबाट दूर हुनु आदि सव कर्महरू नै माया हुन्। यस्ता कर्म गर्नाले तिर्यक् (पशु-पक्षी)को योनि प्राप्त हुन्छ। त्यसैले यी तिर्यक् आयुका आस्रव हुन्।

अव निम्नसूत्रमा मनुष्य योनिको कर्मवन्ध देखाइएको छ-

-अल्पारम्भपरिग्रहत्वं स्वभावमार्दवार्जवञ्च मानुषस्य। ६।१८

अल्प आरम्भ, अल्प परिग्रह, स्वभावमा मृदुता या नम्रता र सरलता यी सवै मनुष्ययोनिका वन्धहेतु हुन्। आरम्भ र परिग्रह कम गर्नु, बोली र व्यवहारमा नम्रभाव राख्नु र कुटिल व्यवहार न गरेर सवै सँग सरल व्यवहार गर्नु यी मनुष्य योनिका आस्रव हुन्।

निम्नसूत्रमा नारक, तिर्यक् र मनुष्य योनिकै कर्मका सामान्य बन्धहेतु देखाइएको छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-निःशीलव्रतत्वञ्च सर्वेषाम्। ६।१९

शीलरहित हुनु, व्रतरहित हुनु र पूर्वोक्त आरम्भ र परिग्रहमा न्यूनता हुनु आदि उपर्युक्त ३ किसिमकै प्राणीयोनिका बन्धहेतु हुन्।

प्रस्तुत सूत्रमा देवयोनि कर्मका आस्रव बताइएको छ-

-सरागसंयम-संयमासंयमा-काम-निर्जरा-बालतपांसि दैवस्य। ६।२०

देवयोनिका लागि- सरागसंयम, संयमासंयम,अकामनिर्जरा र बालतप यी सब बन्धहेतु हुन्छन्। अल्पांश राग सहितको संयम सरागसंयम हो भने अल्पांशमा हिंसादिविरति सहितको संयम संयमासंयम हो। अहितकर प्रवृतिको करकापमा परेर गरिएको त्याग नै अकाम निर्जरा हो। विना विवेक कठिन व्रतपालनबाट भएको शरीरदमन नै बालतप हो। यी सबै देवायुकर्मका आस्रव हुन्।

निम्नसूत्रमा अशुभ नाम कर्मको वन्धहेतु देखाइएको छ -

-योगवक्रता विसंवादनं चाशुभस्य नाम्नः। ६।२१

तिन प्रकारको योगमा कुटिलता र विसंवाद यी दुई अशुभ नाम कर्मका बन्धहेतु हुन्। बदनाम या दुष्कर्म सहितको प्रवृत्तिलाई अशुभ नामकर्म भनिन्छ। तीन प्रकारको योग भन्नाले शरीर, वचन र मनद्वारा गरिएको कर्म। सोच्ने अर्कै कुरा, वोल्ने अर्कै र गर्ने अर्कै काम यो योगमा कुटिलता हो। दुई मित्र विच वा परिवार सदस्यमा परस्परमा फुट पार्नु विसंवादन हो। यी दुई प्रकारका कर्मले मनुष्यलाई नीच नामकर्मको योनिमा पुऱ्याउँछ।

-विपरीतं शुभस्य। ६।२२

यसको विपरीत कर्म अर्थात् योगऋजुता या मन, वचन, शरीरमा एकरूपता र सुसंवादन या परस्परमा मेलमिलाप-मित्रता गराउनु शुभनामकर्मका आस्रव हुन्।

निम्नसूत्रमा तीर्थङ्कर नामकर्मको वन्धहेतु देखाइएको छ-

-दर्शनविशुद्धि-र्विनयसंपन्नता शीलव्रतेष्वनतिचारोऽभीक्ष्णं ज्ञानोपयोगसंवेगौ शक्तित स्त्यागतपसी संधसाधुसमाधिवैयावृत्यकरणमर्हदाचार्य बहुश्रुतप्रवचन-भक्तिरावश्यकापरिहाणि मार्गप्रभावना प्रवचनवत्सलत्वमिति तीर्थकृत्वस्य। ६।२३

दर्शनविशुद्धि, विनयसंपन्नता, शील र व्रतमा अप्रमाद, निरन्तर ज्ञानमा उपयोग र संवेग, यथाशक्ति त्याग र तपस्या, संघ-साधुको समाधि र वैयावृत्य(सज्जनको संरक्षण) अर्हन्त, आचार्य, बहुश्रुत लगायत तिनीहरूको प्रवचनमा भक्ति, आवश्यक कर्मको अवलम्बन, मोक्षमार्ग प्रति अग्रसरता, प्रवचनमा आस्था इत्यादि तीर्थङ्कर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नामकर्मका बन्धहेतु हुन्, अर्थात् उपर्युक्त प्रकारका कर्म गर्ने व्यक्ति तीर्थङ्कर बन्दछ।

यहाँ प्रायः स्पष्ट नै छ ता पनि कुनै कुनै विषयलाई अझै स्पष्ट पार्नु उपयुक्त ठान्दछु। यहाँ दर्शनविशुद्धि भन्नाले तत्त्वज्ञानमा अभिरुचि राख्नु हो भने ज्ञानमा उपयोग भन्नुको तात्पर्य तत्त्वज्ञानका लागि जागरूकता र संवेगको मतलब सांसारिक सुखभोगमा लिप्त नहुनु हो। संघ र साधुको समाधिको तात्पर्य चार संघ र विशेष गरी साधुहरूको स्वास्थ्य-सुरक्षाको व्यवस्था गर्नु हो। वैयावृत्य शब्दको तात्पर्य अन्य साधु सज्जन व्यक्तिहरूको स्वास्थ्य र सुरक्षामा मद्दत गर्नु हो। प्रवचनमा भक्ति भन्नुको तात्पर्य सन्तहरूको प्रवचन तथा सहधर्मी प्रति आस्था-भक्ति राख्नु हो। बाँकी अन्य सबै स्पष्ट छन्।

निम्नसूत्रमा नीचगोत्रकर्मको बन्धहेतु देखाइएको छ-

-परात्मनिन्दाप्रशंसे सदसद्गुणाच्छादनोद्भावने च नीचै गोत्रस्य। ६।२४

परनिन्दा, आत्मप्रशंसा, अरुको सद्गुण लुकाउनु, असद्गुण देखाउनु यी नीच गोत्रकर्मका बन्धहेतु हुन्। अर्थात् यस्ता कर्मले नीच कुलमा जन्म लिनु पर्ने हुन्छ।

निम्नसूत्रमा उच्च गोत्र कर्मको बन्धहेतु देखाइएको छ-

-तद्विपर्ययो नीचै र्वृत्यनुत्सेकौ चोत्तरस्य । ६।२५

पूर्वसूत्र भन्दा विपरीत अथवा परप्रशंसा, आत्मनिन्दा, अरुको सद्गुणको प्रकाशन र असद्गुणको आच्छादन तथा नम्रवृत्ति र अनुत्सेक (निरभिमान) यी कर्महरू उच्च गोत्रकर्मका बन्धहेतु हुन्छन्। अर्थात् जीवलाई यस्ता कर्मले उच्च कुलमा जन्म गराउँछन्।

यस अध्यायको अन्तिम निम्न सूत्रमा अन्तराय कर्मको बन्धहेतु देखाइएको छ-

-विघ्नकरणमन्तरायस्य। ६।२६

कसैको पनि सत्कर्ममा विघ्न गर्नु अन्तराय (विघ्न) कर्मको आस्रव हो। अरुले गरेको दान, लाभ, भोग, उपभोग र वीर्य-पराक्रममा विघ्न पार्नु अन्तरायको आस्रव हो। जैनदर्शन अनुसार दानको निन्दा गर्नु, देवतालाई अर्पण गरेको नैवेद्य भक्षण गर्नु, अरुको वीर्य(शक्ति)को अपहरण, धर्मको उच्छेद, अधर्मको आचरण, अरुलाई रोक्ने, छेक्ने, बाँध्ने, अङ्गभङ्ग गर्ने आदि अन्तरायकर्मका आस्रव हुन्। अर्थात् यस प्रकारका कर्म गर्ने व्यक्तिलाई उसका सत्कर्ममा सधैं विघ्न पर्दछन्।

षष्ठ अध्याय समाप्त

◆◆◆

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सप्तम अध्याय

व्रत आदि शुभकर्म

छैटौं अध्यायमा आस्रव या शुभ अशुभ कर्म कर्माशयहरूको भेद तथा अवान्तर भेद आदिको निरूपण गरियो। शुभकर्मको अझै विशेष परिज्ञानका लागि यो सातौं अध्याय समर्पित छ। शुभकर्म भनेको जैनदर्शनको भाषामा सातावेदनीय कर्म हो, जसको अनुष्ठानबाट मानवजीवनको कल्याण तथा सार्थकता हुने हुनाले मानवहरू प्रतिको अनुकम्पावाट प्रेरित भै सूत्रकार उमास्वामी विस्तृत रूपमा शुभकर्महरूको प्रतिपादन गर्दछन्। पूर्व अध्यायमा सातावेदनीय कर्मनिरूपणका प्रसङ्गमा व्रतीहरूमा अनुकम्पा गर्नु पनि एक प्रमुख कर्म वताइएको थियो। वास्तविक व्रत के हो भन्ने कुरा नबुझी व्रती पनि नचिनिने भएकाले यस अध्यायको प्रथमसूत्रमा व्रतको निरूपण गरिएको छ कि व्रत कस्ता कस्ता हुन्छन् ?

-हिंसाऽनृत-स्तेयाऽबह्म-परिग्रहेभ्यो विरति र्व्रतम्। ७।१

हिंसा, असत्य, चोरी, मैथुन र परिग्रह(संग्रह)बाट मन, वचन र शरीरले नै निवृत्त हुनु व्रत हो। व्रतका २ पाटा हुन्छन्- निवृत्ति र प्रवृत्ति। असत् कर्म नगर्नु निवृत्ति हो भने सत्कर्ममा लाग्नु प्रवृत्ति हो। त्यस्तै दोषबाट मुक्त हुनु निवृत्ति हो भने गुणकर्मको ग्रहण गर्नु प्रवृत्ति हो। प्रस्तुत सूत्रमा निवृत्तिमुखेन व्रतहरूको निरूपण गरिएको छ। सूत्रमा बताइएका हिंसा आदि कर्महरू दुष्टकर्म हुन्। तिनीहरूबाट निवृत्त हुनु व्रत हो।

जैनसंप्रदायमा -रात्रिभोजनविरमण, अर्थात् रात्रिमा भोजन नगर्ने नियम प्रसिद्ध छ। तर यो व्रत प्रस्तुत सूत्रमा बताइएन। किन ? यो व्रत अहिंसाव्रत सिद्धिका लागि गरिने सहायक व्रत मात्र भएकाले यहाँ न बताइएको हो। रात्रिमा विद्यमान जीवहरू नदेखिने भएकाले बत्ती, भोजन र अन्य सहयोगी क्रियाहरूबाट जीवहिंसा हुने भएकाले विशेष गरेर त्यागी व्रतीहरूका लागि रात्रिभोजनको निषेध गरिएको हो। जैनसंप्रदायमा संघ, साधु एवं श्रमण समुदायमा मुखपट्टी लगाइ रहने र बाटो वढार्दै पाइला टेक्ने हिड्ने नियम कतिपय जैनीहरू पालन गरि रहेका छन्। त्यसैले अहिंसा, सत्य, अचौर्य, ब्रह्मचर्य र अपरिग्रह यी प्रवृत्तिगत व्रत हुन् र अन्य कतिपय व्रतहरू तिनका सहायक रूपका छन्।

व्रत विभिन्न प्रकारका हुन्छन् र तिनीहरूको भेद निम्नसूत्रमा बताइएको छ-

-देशसर्वतोऽणुमहती। ७।२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रत दुई प्रकारका हुन्छन्- अणु व्रत र महद् व्रत। हिंसा आदि कर्मबाट अल्प अंशमा विरत हुनु अणुव्रत र सर्वांशमा विरत हुनु महद् व्रत हो।

उक्त अहिंसा आदि व्रतको स्थिरताका लागि ५।५ भावना हुन्छन्, त्यो निम्न सूत्रमा निर्देश गरिएको छ -

-तत् स्थैर्यार्थं भावना पञ्च पञ्च। ७।३

अणुव्रत र महद्व्रतको स्थिरताका लागि प्रत्येकका ५।५ भावना अर्थात् नियमहरू हुन्छन्। यद्यपि ती भावनाहरू के हुन् भन्ने कुरा सूत्रमा निर्देश गरिएको छैन, तथापि अन्य व्याख्याहरूबाट यी कुरा प्राप्त गर्न सकिन्छ। कुनै पनि कर्म दृढताका साथ गरिएको छ भने त्यसको सँस्कार पनि दृढ हुन्छ र त्यसैबाट त्यस कर्मको स्थिरता पनि हुन्छ। ती दृढ प्रवृत्तिलाई नै यहाँ भावना भनिएको छ। भावनाहरू निम्न प्रकारका छन् -

क) १.ईर्यासमिति- कसैलाई क्लेश नदिई हिड्नु। २. मनोगुप्ति- मनमा आउने अशुभ सङ्कल्प हटाई शुभ सङ्कल्प लिनु। ३.एषणासमिति- प्रयोग गरिने वस्तुहरूको गवेषण, ग्रहण र उपयोगमा दोषी प्रक्रिया नहुनु। ४.आदाननिक्षेपणसमिति - वस्तुहरू उठाउँदा र राख्दा दोष नहोस् भनेर ध्यान दिनु र ५. आलोकित पानभोजन -राम्रो हेरेर खान पान गर्ने। यी अहिंसा व्रतका ५ भावना हुन्।

ख) १. अनुवीचिभाषण- स्पष्ट बोल्नु। २. क्रोधप्रत्याख्यान- नरिसाई बोल्नु। ३. लोभप्रत्याख्यान- लोभ नगर्नु। ४.निर्भयता- भय त्याग गर्नु। ५. हास्यप्रत्याख्यान- हास्य त्याग गर्नु। यी सत्यव्रतका ५ भावना हुन्।

ग) १. अनुवीचि अवग्रहयाचन- राम्रो विचार गरी वस्तुहरू राख्ने स्थानको माग(व्यवस्था) गर्नु। २. अभीक्ष्ण अवग्रहयाचन- कुनै वस्तु माग्दा दिनेलाई क्लेश हुने गरी बार बार नमाग्नु। ३. अवग्रहावधारण- निश्चित मात्रामा माग्नु। ४. सधर्मिकावग्रह याचन- सहधर्मीबाट आवश्यक वस्तु माग्नु। ५. अनुज्ञापित पानभोजन- मान्यजनको आज्ञा पाएर मात्र भोजन गर्नु। यी अचौर्यव्रतका ५ भावनाहरू हुन्।

घ) १. स्त्री, पशु, नपुंसक आदि बसे सुतेको स्थानमा नजानु । २. रागपूर्वक स्त्री-पुरुषचर्चा नगर्नु। ३. रागपूर्वक स्त्री-पुरुषको अङ्ग अवलोकन नगर्नु। ४. रतिविलासको स्मरण र करणबाट दूर रहनु। ५. प्रणीत रसभोजन अर्थात् कामोद्दीपक रसयुक्त खानपानको त्याग गर्नु। यी ब्रह्मचर्य व्रतका ५ भावना हुन्।

ङ) १. शुभ या अशुभ रूप, रस, गन्ध, स्पर्श र शब्द जस्ता ५ विषयमा समान दृष्टि राख्नु या कुनै पनि विषयमा आसक्त नहुनु। यी अपरिग्रहका ५ भावना हुन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसको विपरीत हिंसा आदि दोषका सम्बन्धमा पनि भावनाहरू हुन्छन्, जसको अवलम्बनले हिंसा आदि दोषबाट टाढा रहन सकिन्छ। उक्त कुरा निम्नसूत्रमा देखाइएको छ -

-हिंसादिष्विहामुत्र चापायावद्यदर्शनम्। ७।४

हिंसा आदि ५ प्रकारका दोषहरूमा अपाय (यस लोकमा पनि आपत्ति) र आपद्य (पर लोकमा पनि आपत्ति)को भावना गर्नु दोषबाट बच्ने उपायहरू हुन्। हिंसा आदि दुष्कर्महरूलाई ऐहिक तथा पारलौकिक रूपमा दोष दृष्टिले हेर्नु नै दोषबाट बच्ने सरल उपाय हो।

हिंसादि दोषबाट बच्ने अर्को उपाय पनि सूत्रकार निम्न सूत्रमा बताउँछन् -

-दुःखमेव वा। ७।५

हिंसा आदि दुष्कर्मवाट बच्ने अर्को उपाय यो हो कि हिंसा आदि कर्मबाट दुःख मात्रै हुने भावना गर्नु पर्दछ। दोषपूर्ण कार्यवाट समाजमा नकारात्मक प्रभाव पर्ने भएकाले यस्ता कर्मवाट मनुष्यले दुःखको भागी हुनु पर्दछ। सांसारिक रागबाट मनलाई नियन्त्रण गरी संसार तथा शरीरको अस्थिरता तथा निःसारताको चिन्तन गर्नु र आसक्तिवाट टाढा रहनु दोषमुक्ति र वैराग्यका कारण हुन्।

अहिंसा आदि भावनाको अभिवृद्धिका लागि उपायहरू निम्नसूत्रमा देखाइएका छन्-

-मैत्री-प्रमोद-कारुण्य-माध्यस्थ्यानि सत्त्व-गुणाधिक-क्लिश्यमानाविनेयेषु। ७।६

सत्त्व, गुणाधिक, क्लिश्यमान र अविनेय (जिनधर्म वाहिरका) व्यक्तिहरूमा क्रमशः मैत्री, प्रमोद, कारुण्य र मध्यस्थ व्यवहार गर्नु पर्दछ। प्राणीमात्रमा मित्रता, गुणी जनहरू प्रति प्रसन्नता, दुःखीजनहरू प्रति करुणाभाव तथा सँस्कारहीन अयोग्य तथा जैनधर्म बाहिरका व्यक्ति या वस्तु प्रति तटस्थताको भावना राख्नु पर्दछ। यस्ता प्रकारका भावनाले अहिंसा अदि व्रत पूर्ण गर्न सहयोग हुन्छ।

उक्त व्रतहरूमा अझै दृढ र कटिवद्ध रहन संवेग र वैराग्यको आवश्यकता पर्ने कुरा निम्नसूत्रमा वताइएको छ-

-जगत्कायस्वभावौ च संवेगवैराग्यार्थम्। ७।७

संवेग(अनासक्ति) र वैराग्यका लागि जगत् र शरीरको अस्थिर स्वभावको चिन्तन गर्नु पर्दछ। हरेक प्राणीलाई हरेक दुःख र पीडाले सताइ रहेको हुन्छ। हाम्रा प्रिय वस्तु परिवारजन लगायत आफ्नो शरीर या सारा संसार नै विनश्वर छ। यस प्रकारको चिन्तनवाट सांसारिक मोह, आसक्ति आदि दोषहरूमा कमी हुनाका साथै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रमशः पूर्ण रूपले हट्न पनि सक्छन् र वैराग्य उत्पन्न हुने क्रम सुरू हुन्छ। यसबाट दुष्कर्म प्रति निवृत्ति र सुकर्म प्रति प्रवृत्ति बढ्न जान्छ।

निम्नसूत्रहरूमा सूत्रकार हिंसा आदि ५ दोषका स्वरूप बताउँछन्, जसमा सर्वप्रथम हिंसाको स्वरूप निर्दिष्ट छ-

-प्रमत्तयोगात् प्राणव्यपरोपणं हिंसा। ७।८

उन्मादले गरिने प्राणवध नै हिंसा हो। हिंसा पनि ठूलो, सानो, जानेर गरिएको, नजानी गरिएको, आवश्यक, अनावश्यक, दृश्य, अदृश्य आदि हरेक प्रकारका हुन्छन्। जैनदर्शन अनुसार जुनसुकै प्रकारले गरिएको भएता पनि त्यो हिंसा हो र त्यसवाट आस्रवको उत्पत्ति हुन्छ नै। तथापि अज्ञानबाट, आवश्यकताबाट र अदृश्यताका कारण भएको हिंसाको आस्रव मन्द हुने र ज्ञात, अनावश्यक र दृश्य हिंसाको आस्रव तीव्र हुन्छ।

असत्यको स्वरूप के हो भन्ने कुरा निम्नसूत्रमा हेरौं-

-असदभिधानमनृतम्। ७।९

असत् (नभएको कुरा) बोल्नु असत्य हो। पूर्वसूत्रको- प्रमत्तयोगात्, भन्ने शब्दावली यहाँ पनि अध्याहार हुने भएकाले -प्रमत्तयोगादसदभिधानम्, यो अर्थ गर्नु पर्ने हुन्छ। वस्तुगत र भावगत गरी असत् दुई प्रकारको हुन्छ। नभएको वस्तुलाई भएको भन्नु र भएकालाई अन्यथा प्रस्तुत गर्नु दुबै वस्तुगत असत्य हुन्। यथार्थत सही भए पनि दुर्भावले अरुलाई पीडा पुग्ने कुरा गर्नु भावगत असत्य हो।

चोरी भनेको के हो ? निम्नसूत्र हेरौं-

-अदत्तादानं स्तेयम्। ७।१०

दाताले नदिई उसको कुनै वस्तु लिनु चोरी हो। जसको वस्तु हो उसको आज्ञा अनुमति विना त्यो वस्तु चौर्यबुद्धिले ग्रहण गर्नु चोरी हो। तसर्थ लोभ, लालचलाई त्याग गर्नु पर्दछ भन्नु नै यसको तात्पर्य हो।

अब्रह्म अथवा अब्रह्मचर्य केलाई भन्दछन् ?

-मैथुनमब्रह्म। ७।११

मैथुन प्रवृत्ति नै अब्रह्म हो। अब्रह्मको मतलब हो अब्रह्मचर्य। मिथुनशब्दको तात्पर्य जोडी हो र यही मिथुनको भाव या कर्मलाई मैथुन भनिन्छ, जुन काम रागले गरिन्छ। मिथुन चाहे पुरुष-पुरुष वा स्त्री-स्त्री बिचको सजातीय होस् कि वा स्त्री-पुरुष या मनुष्य-पशु बिच भएको विजातीय किसिमको होस्, त्यसमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम-रागद्वारा गरिने रतिकर्म नै मैथुन हो। यस्तो प्रवृत्तिको मनबाट सङ्कल्प गर्नु पनि अब्रह्म रूप दोष नै मानिन्छ।

निम्नसूत्रमा परिग्रहको स्वरूप बताइएको छ-

-मूर्च्छा परिग्रहः। ७।१२

मूर्च्छा शब्दको अर्थ हो आसक्ति। अतः आसक्ति नै परिग्रह हो। वस्तु ठूलो, सानो, बाह्य, आन्तरिक जस्तो सुकै होस् त्यसमा विवेकशून्य रूपले रागले प्ररित भई आसक्त हुनु परिग्रह हो। अथवा अनावश्यक रूपले वस्तुको संग्रह गर्नु परिग्रह हो।

यहाँ हिंसा आदि ५ प्रकारका प्रवृत्तिहरू बताइयो। वास्तवमा यिनीहरूको मूल कारण भनेकै राग, द्वेष र मोह हुन्। यी राग, द्वेष र मोहबाट मुक्त हुनु नै मनुष्यको मुख्य उद्देश्य हो र त्यस्ता सुकर्ममा संलग्न मनुष्यहरूलाई मुक्त गराउनु चाहिँ शास्त्रहरूको उद्देश्य हो। यही उद्देश्य परिपूर्तिका लागि नै दोषजन्य फल हिंसा आदि दुष्प्रवृत्तिको जानकारी दिइएको हो। हिंसा आदि कार्यबाट उत्पन्न हुने अनिष्टबाट वच्न वचाउन जिज्ञासु पुरुष तिनका मूलकारण राग, द्वेष र मोहबाट दूर रहन्छ , भन्ने नै उपदेशक सूत्रकारको मूल आशय हो।

अगाडि प्रस्तुत सूत्रमा व्रतीजनमा हुनु पर्ने योग्यताका बारेमा प्रस्ट्याइएको छ-

-निशल्यो व्रती। ७।१३

शल्य रहित व्यक्ति नै व्रती हो। कुनै व्यक्तिमा यदि शल्य छन् भने त्यो व्यक्ति व्रत वस्न सक्तैन। शल्य भनेको मानसिक दोष हो तर यसले शरीरलाई समेत उराल्ने र बराल्ने काम गर्दछ। त्यसैले व्रतीलाई बिगार्ने शल्यतत्त्वका बारेमा जानकारी हुनु आवश्यक छ। के हो शल्य र त्यो कति प्रकारको हुन्छ ?

शल्य तीन प्रकारका हुन्छन्- दम्भ, निदान र मिथ्या दर्शन। छल-कपट, आडम्बर तथा ठग प्रवृत्ति नै दम्भ हो। भोगमा लोभ-लाल्चा गर्नु निदान हो। सत्यमा अश्रद्धा र असत्यमा आग्रह मिथ्यादर्शन हो। यी दोषबाट मुक्त भएर मन निर्दुष्ट भए पछि अहिंसा आदि व्रतमा सफलता प्राप्त हुन्छ।

व्रती कति प्रकारका हुन्छन् भन्ने कुराको जानकारीका लागि निम्न प्रस्तुत सूत्र हेरौं-

-अगार्यनगारश्च। ७।१४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अगारी र अनगार गरी व्रती २ प्रकारका हुन्छन्। अगारीको अर्थ गृहस्थी र अनगारको अर्थ त्यागी हो। जसको घर सँग सम्बन्ध छ त्यो अगारी र जसको घर सँग सम्बन्ध छैन त्यो अनागर हो, तर यी दुई व्रतीको भेद घर सँग भन्दा पनि विषयतृष्णा सँग सम्बन्धित छ। कोही व्रती विषयतृष्णा सँग सम्बन्धित छैन भने त्यो अनागर हो र जो गृहस्थी छैन भने पनि विषयतृष्णाले युक्त छ भने त्यो अगारी हो। यस्तो व्यक्ति विषयतृष्णाले युक्त भए पनि स्थूलदृष्टिले भने व्रती नै भन्न सकिन्छ, किन कि सर्वांशमा नभए पनि अल्पांशमा त्यो व्रतनिष्ठ रहन सक्छ।

निम्नसूत्रहरू मार्फत सूत्रकार यी दुई व्रतीका बारेमा विशेष जानकारी दिन्छन्-

-अणुव्रतोऽगारी। ७।१५

अणुव्रत धारण गर्ने व्यक्ति अगारी हो। जो गृहस्थी अहिंसा आदि व्रतहरू सर्वांशमा पालन गर्न सक्तैन, तर पनि त्यागी छ भने त्यो अगारी अणुव्रती हो।

अणुव्रत आदिको परिपोषणका लागि गृहस्थीहरू अरु केही व्रत पनि लिन्छन्, ती व्रतलाई उत्तरव्रत भनिन्छ जो निम्नसूत्रमा प्रस्तुत छन् -

-दिग्देशानर्थदण्डविरति-सामायिक-पौषधोपवासोपभोग-परिभोगपरिमाणाऽतिथिसंविभाग- व्रतसम्पन्नश्च। ७।१६

अणुव्रती व्यक्ति दिग्विरति, देशविरति, अनर्थदण्डविरति, सामयिक, पौषधोपवास, उपभोगपरिभोगपरिमाण र अतिथिसंविभाग जस्ता व्रतहरूले पनि सम्पन्न हुन्छ, अर्थात् यी व्रतहरू पनि गर्दछन्।

पूर्व-पश्चिम आदि निश्चित ४ दिशाको निर्धारित सीमा बाहिर अधर्मवृत्ति त्यागनु दिग्विरति हो। निश्चित गरिएको दिशा भित्र पनि प्रयोजनवश केही समयका लागि केही क्षेत्रको परिधि बाहिर अधर्मकार्यबाट निवृत्त हुनु देशविरति हो। आवश्यक भोगदेखि अतिरिक्त अधर्मव्यापार नगर्नु अनर्थदण्ड विरति हो। यी तीन नियमलाई पनि अणुव्रत नै भनिन्छ।

निश्चित समयको सीमा भित्र अधर्मप्रवृत्ति त्यागी धर्ममा स्थिर हुने अभ्यास सामयिक व्रत हो भने निश्चित तिथि निर्धारण गरी ती तिथिमा उपवास आदि व्रत धर्ममा तत्पर रहनु पौषधोपवास व्रत हो। आवश्यकता पर्दा पनि अधिक अधर्मकारक वस्तु तथा व्यवहार त्यागी कम अधर्मकारक वस्तुहरू मर्यादा बाँधेर प्रयोग गर्नु व्यवहार गर्नु उपभोगपरिभोगपरिणाम व्रत हो। न्यायोपार्जित वस्तु लिने दिने दुबै पक्षको हित हुने गरी दान गर्नु अतिथिसंविभाग व्रत हो। यी ४ व्रतलाई शिक्षाव्रत भनिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गृहस्थीले मरणान्तिक समयमा गर्ने एक व्रत छ, त्यो के हो ? निम्नसूत्रमा प्रस्तुत छ-

-मरणान्तिकीं संलेखनां जोषिता। ७।१७

अणुव्रती मरणान्तिक अवस्थामा गरिने संलेखना नामक व्रतको पनि उपासक हुन्छ। कषायका कारणहरूलाई कम गरेर कषायमा कम गर्नु संलेखना हो। जीवनको कुनै पनि अवस्था उमेरमा कषाय कम गर्ने यो व्रत गृहस्थी या त्यागीले गर्न सक्छन् र गरेका पनि छन्, ता पनि विशेष गरेर मरणासन्न अवस्थामा यो व्रत धारण गरिन्छ। विशेष गरी यस व्रतका सिलसिलामा -अनशन व्रत, गरी साधक आफ्नो शरीर त्याग गर्दछ। यसरी शरीर त्याग गर्दा आत्महत्या भएन र ? भन्ने प्रश्न पनि आउँछ, तर त्यो आत्महत्या होइन या दोष होइन। दोष त त्यो हो जो राग, द्वेष र मोहको वशमा परेर गरिन्छ। संलेखना व्रतमा यी तीनवटै राग आदि दोषका कारण हुँदैनन्।

निम्न प्रस्तुत सूत्रमा सम्यग्दर्शनका अतिचारका (विघ्न या विघ्नलाई न्यूनीकरण गर्ने) हेतुहरू देखाइएको छ -

-शङ्का-कांक्षा-विचिकित्साऽन्यदृष्टिप्रशंसासंस्तवाः सम्यग्दृष्टे रतिचाराः। ७।१८

शङ्का, कांक्षा, विचिकित्सा, अन्यदृष्टिप्रशंसा, अन्यदृष्टिसंस्तव यी सम्यग्दृष्टिका अतिचार हुन्। अर्थात् यी प्रवृत्तिले सम्यग्दृष्टिलाई कम गर्दै लगेर आखिरमा सम्यग्दृष्टिलाई नै नष्ट गर्न पनि सक्तछन्।

चारित्रधर्मक्रो मूल आधार नै सम्यक्त्व हो र यसको शुद्धिवाटै चारित्रधर्ममा शुद्धता आउछ। त्यसैले सम्यक्त्वका विघ्नहरूलाई चिनेर हटाउनु जरूरी छ। यी त्यही विघ्नहरू हुन् जो- शङ्कातिचार, कांक्षातिचार आदि माथि देखाइएका हेतुहरूमा अतिचार शब्द जोडेर हेर्नु पर्ने हुन्छ। त्यसमा प्रत्येकको सामान्यपरिचय दिइन्छ।

१.शङ्कातिचार- प्रवचन, शास्त्र आदिमा पढे सुनेका गम्भीर विषयका कुराहरूमा शङ्का-उपशङ्का गर्नु। जसले साधकको सम्यक् मार्ग प्रति रूचि जगाउदैन या अभिरुचि कम गर्छ। २. कांक्षातिचार- ऐहिक तथा पारलौकिक विषयहरूको अभिलाषा गर्नु। यस्तो चाहना भए पछि साधक ती विषयहरूको लोभमा परेर आफ्नो सिद्धान्त छोड्न सक्छ। ३. विचिकित्सातिचार- बुद्धिमा अस्थिरता आउनु। कुनै मतभेद भएका कुरामा यही चाहिँ ठिक हो भन्न नसकेर यो पनि ठिक हो ऊ पनि ठिक हो या के हो के हो भनेर धर्मराउनाले कुन मार्ग तिर लाग्ने हो साधक ठम्याउन सक्तैन। ४. मिथ्यादृष्टिप्रशंसा- जसको दृष्टि मिथ्या छ, भ्रान्त छ, उसको प्रशंसा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नु। यस्ता भ्रान्त व्यक्तिहरूमा भएका केही राम्रा पक्षहरूको प्रभावमा परेर उसको सङ्गत बढे पछि उसको भ्रान्त विचारले मूल सिद्धान्त छोड्न सक्तछ। ५. मिथ्यादृष्टिसंस्तव- भ्रान्तविचारको स्तुति गर्नु, पक्ष लिनु। यसबाट पनि साधक आफ्नो सिद्धान्त त्याग गर्न सक्तछ। यी पाँचै प्रकारका अतिचार सबै साधक व्रतीले बुझ्नु आवश्यक छ, किन कि सम्यक्त्व सबैका लागि आवश्यक तत्त्व हो।

सम्यक्त्वका अतिचार पछि सूत्रकार व्रत र शीलका अतिचार बताउँछन्-

-व्रतशीलेषु पञ्च पञ्च यथाक्रमम्। ७।१९

व्रत र शीलका ५।५ अतिचारहरू हुन्छन्। अहिंसा आदि ५ व्रत र दिग्विरति आदि ७ वटा शीलका उक्त छुट्टा छुट्टै ५। ५ अतिचारहरू सूत्रकारले नै प्रमुखताका आधारमा निम्नसूत्रहरूमा देखाएका छन्। त्यसमा सर्वप्रथम अहिंसाका ५ अतिचार निम्नसूत्रमा-

-बन्ध-वध-च्छविच्छेदातिभारारोपणान्नपाननिरोधाः। ७।२०

बन्ध, वध, छविच्छेद, अतिभारारोपण, अन्नपाननिरोध यी ५ अहिंसा नामक अणुव्रतका अतिचार हुन्। यसमा बन्धको तात्पर्य कुनै प्राणीलाई आफ्नो अभीष्ट स्थानमा जानबाट रोक्नु अथवा बाँध्नु। वध= प्रहार गर्नु, मार्नु। छविच्छेद= प्राणीको अङ्ग काट्नु या निकाल्नु। अतिभारारोपण= मनुष्य या पशुलाई सामर्थ्यभन्दा वढी भार बोकाउनु। अन्नपाननिरोध= कसैलाई खान-पान नदिई भोकै राख्नु। कुनै पनि अहिंसाव्रतीले यी कार्य गर्नु हुँदैन। केही कुरा गर्न आवश्यक पर्‍यो भने पनि कोमलभावले उचित ढङ्गबाट गर्नु उपयुक्त हुन्छ।

सत्यधर्मका अतिचार निम्नसूत्रमा हेरौं-

-मिथ्योपदेश-रहस्याभ्याख्यान-कूटलेखक्रिया-न्यासापहार-साकारमन्त्रभेदाः। ७।२१

मिथ्या उपदेश, रहस्यको अभ्याख्यान, कूटलेखक्रिया, न्यासको अपहार, साकार मन्त्रभेद यी सत्यव्रतका अतिचार हुन्। त्यसमा मिथ्योपदेशको तात्पर्य विपरीत मार्गको उपदेश गर्नु हो भने रहस्यको अभ्याख्यान भनेको पोल लगाई अरुलाई फुट पार्नु हो। कूटलेखक्रिया भन्नाले कीर्ते काम गर्नु हो। न्यासको अपहार भन्नाले धरौटी पचाउने काम गर्नु हो भने साकार मन्त्रभेदको तात्पर्य हो चुक्ली लगाएर मित्र-मित्र या परिवारजनमा आपसी फुट गराउनु। यी सत्यव्रतका विघ्नहरू हुन्। यी कर्महरू गर्दा सत्यव्रतमा बाधा हुन्छ।

अचौर्य अणुव्रतका अतिचारहरू -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-स्तेनप्रयोग-तदाहृतादान-विरुद्धराज्यातिक्रम-हीनाधिकमनोन्मान-प्रतिरूपकव्यवहाराः। ७।२२

स्तेनप्रयोग, स्तेनाहृतादान, विरुद्ध राज्यातिक्रम, हीनाधिक मनोन्मान, प्रतिरूपकव्यवहार यी अचौर्य व्रतका अतिचार हुन्।

स्तेनप्रयोग भन्नुको तात्पर्य चोरी गर्न अरुलाई प्रेरित गर्नु या सहमत हुनु। स्तेनाहृतादानको मतलब कसैले चोरी गरेर ल्याएको चिज लिनु। विरुद्धराज्यातिक्रम भन्नाले राज्यको नीतिनियमलाई मिचेर छलेर लाभ लिनु। हीनाधिकमनोन्मानको तात्पर्य नाप-जोखमा ठगी गर्नु हो भने प्रतिरूपकव्यवहार भन्नुको तात्पर्य नक्कली वस्तुको व्यापार गर्नु या चलाउनु हो। यी दुष्टकर्महरूले अचौर्य व्रतमा हानि हुन्छ।

ब्रह्मचर्य व्रतका विघ्नहरू निम्न सूत्रमा देखाइएको छ-

-परविवाहकरणेत्वरपरिगृहीतापरिगृहीतागमनाऽनरक्रीडा-तीव्रकामाभिनिवेशाः। ७।२३

परविवाहकरण, इत्वरपरिगृहीतागमन, अपरिगृहीतागमन, अनरक्रीडा र तीव्रकामाभिनिवेश यी ब्रह्मचर्य व्रतका विघ्नहरू हुन्। परविवाहकरण भन्नाले कन्यादानको फलको इच्छा या अन्य कुनै पनि स्वार्थमा परी अरुका सन्तानको विवाह गर्नु हो भने इत्वरपरिगृहीता गमनको मतलव हो अरुले स्वीकार गरेकी या व्यभिचारिणी स्त्रीको भोग गर्नु र अपरिगृहीता गमन भनेको विवाह वा स्वीकार गर्न अयोग्य या अनाथ एक्ली स्त्रीमा गमन गर्नु हो। अनरक्रीडा अप्राकृतिक कामक्रीडा गर्नु र तीव्रकामाभिनिवेशको तात्पर्य हो अति उत्तेजनाले विभिन्न प्रकारको कामक्रीडा गर्नु। यी सबै ब्रह्मचर्य व्रतलाई हानि पुऱ्याउने अतिचारहरू हुन्।

निम्नसूत्रमा अपरिग्रह व्रतका विघ्नहरू बताइएका छन् -

-क्षेत्रवास्तु-हिरण्यसुवर्ण-धनधान्य-दासीदास-कुप्यप्रमाणातिक्रमाः। ७।२४

क्षेत्र र वास्तु प्रमाणको अतिक्रम, हिरण्य र सुवर्ण प्रमाणको अतिक्रम, धन र धान्य प्रमाणको अतिक्रम, दासी र दास प्रमाणको अतिक्रम र कुप्य प्रमाणको अतिक्रम यी अपरिग्रह व्रतका अतिचार हुन्।

क्षेत्र र वास्तुको अतिक्रम भन्नाले खेती तथा घरेडी जमिनको सीमा अतिक्रम गर्नु हो भने हिरण्य सुवर्ण प्रमाणको अतिक्रम भनेको सुन-चाँदी आदि सम्पत्तिको सरकारद्वारा स्वीकृत प्रमाणको अतिक्रम गर्नु हो। एवं धन धान्य प्रमाणको अतिक्रम भनेको पशुधन तथा अन्नबालीहरू स्वीकृत प्रमाणभन्दा अधिक संग्रह गर्नु हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै आवश्यकभन्दा वढी नोकर चाकरहरू राख्नु दासदासीको प्रमाण अतिक्रम हो भने कुप्य प्रमाणको अतिक्रम भनेको भाँडाकुडा तथा लत्ता कपडा आदिको अनावश्यक संग्रह गर्नु हो। यी अपरिग्रह या अलोभ व्रतका विघ्नहरू हुन्।

अणुव्रतका विघ्नहरूको निरूपण गरि सके पछि सूत्रकार अव अणुव्रतका परिपोषक शीलव्रतका विघ्नहरूको निरूपण गर्ने क्रममा प्रथम शीलव्रत दिग्विरतिका अतिचारहरू देखाउँछन् -

-ऊर्ध्वाधस्तिर्यग्व्यतिक्रमक्षेत्रवृद्धिस्मृत्यन्तर्धानानि। ७।२५

ऊर्ध्वव्यतिक्रम, अधोव्यतिक्रम, तिर्यग्व्यतिक्रम, क्षेत्रवृद्धि र स्मृत्यन्तर्धान यी पाँच अतिचारहरू दिग्विरति व्रतका हुन्। वृक्ष, पर्वत आदि ऊर्ध्व दिक् तिर नचढ्ने सर्तको उल्लङ्घन ऊर्ध्वव्यतिक्रम हो भने तल नजाने सर्तको उल्लङघन अधोव्यतिक्रम अनि वरपर नजाने सर्तको उल्लङघन तिर्यग् व्यतिक्रम हो। त्यस्तै कुनै दिशाको निर्धारित सीमा क्षेत्रको मोहवश उल्लङघन गर्नु क्षेत्रवृद्धि र प्रमादवश दिग् विरति सम्वन्धी नियमहरू भूलवश उल्लङ्घन गर्नु स्मृत्यन्तर्धान हो। यी दिग्विरतिका अतिचार हुन्।

देशविरतिका अतिचारहरू निम्न प्रकारका छन्-

-आनयनप्रेष्यप्रयोग-शब्दरूपानुपात-पुद्गलक्षेपाः। ७।२६

आनयनप्रयोग, प्रेष्यप्रयोग, शव्दानुपात, रूपानुपात र पुद्गलक्षेप यी देशविरतिका अतिचार हुन्। आफैंले ल्याउनु पर्नेमा अरु मार्फत अभीष्ट चिज ल्याउनु आनयनप्रयोग हो भने आफैं जानु पर्ने कममा अरुलाई पठाउनु प्रेष्य प्रयोग हो। निन्दित शव्द (गाली) गरेर क्षेत्र बाहिरका नोकर आदिद्वारा इष्टसिद्धि गर्नु शव्दानुपात र क्रोधावेशमा आफ्नो विकृत रूप देखाई क्षेत्रबाहिरको कार्यसाधन गर्नुरूपानुपात हो। ढुङ्गा, डल्ला अदि प्रहार गरी क्षेत्रबाहिरका व्यक्तिलाई नजिक बोलायनु पुदगलक्षेप हो। यी कुनै पनि काम गरेर आफ्नो मर्यादित क्षेत्र वाहिरका कामहरू गर्नु गराउनु देशविरति शीलका विघ्नहरू हुन्।

अनर्थदण्ड विरतिका अतिचार निम्नसूत्रमा हेरौं-

-कन्दर्प-कौत्कुच्य-मौखर्यासमीक्षाधिकरणोपभोगाधिकत्वानि। ७।२७

कन्दर्प, कौत्कुच्य, मौखर्य, असमीक्षाधिकरण र उपभोगमा आधिक्य यी अनर्थदण्डविरतिका विघ्नहरू हुन्। अधर्म भए पनि गार्हस्थ्यकार्यका लागि नगरि नहुने कर्म चाहिँ गरेर ती बाहेक अन्य अनर्थकर्म नगर्ने नियम अनर्थदण्ड विरति हो र यसका अतिचारमा कन्दर्पको तात्पर्य रागद्वेषवश असभ्य भाषण तथा परिहास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नु हो र शारीरिक रूपले नै विविध कुचेष्टा गर्नु कौत्कुच्य हो। ज्यादा वकवाद गर्नु मौखर्य हो भने विचार नगरी जथाभावी अनर्थकर्म गर्नु असमीक्षाधिकरण हो र उपभोगमा आवश्यक भन्दा बढी चिजको संग्रह गर्नु उपभोगाधिक्य हो।

सामयिकव्रतका विघ्नहरू निम्न सूत्रमा हेरौं-

-योगदुष्प्रणिधानानादर-स्मृत्यनुपस्थापनानि। ७।२८

योगदुष्प्रणिधान, अनादर, स्मृतिको अनुपस्थापन यी निश्चित तिथि मिति भित्र लिइने व्रत सामयिक व्रतका अतिचार हुन्। यहाँ योगदुष्प्रणिधान भन्नाले कायदुष्प्रणिधान, वाग्दुष्प्रणिधान र मनोदुष्प्रणिधानलाई बताइएको हो र त्यसमा कायदुष्प्रणिधान भनेको हात, गोडा आदि शारीरिक अङ्गहरूलाई व्यर्थरूपले चलाउनु हो भने असँस्कृत, असभ्य दुर्वचन वोल्नु वाग्दुष्प्रणिधान र काम, क्रोध र लोभका वशमा परेर विषयको चिन्तन गर्नु मनोदुष्प्रणिधान हो। सामयिक व्रतमा लापर्बाही या बेवास्ता गर्नु अनादर र व्रत भुल्नु या एकाग्रताको अभाव स्मृत्यनुपस्थापन हो।

अष्टमी, चतुर्दशी, पूर्णिमा आदि प्रमुख तिथि तथा वारमा उपवास गरेर सव प्रकारको श्रृङ्गार समेत त्याग गरी धर्मजागरणमा तत्पर रहने पौषधोपवास व्रतका अतिचारहरू निम्नानुसार छन् -

- अप्रत्यवेक्षिताप्रमार्जितोत्सर्गा ऽ दाननिक्षेप - सँस्तारोपक्रमणानादर - स्मृत्यनुपस्थापनानि। ७।२९

अप्रत्यवेक्षित र अप्रमार्जित उत्सर्ग, अप्रत्यवेक्षित र अप्रमार्जित आदान-निक्षेप, अप्रत्यवेक्षित र अप्रमार्जितमा सँस्तारको उपक्रम, अनादर र स्मृतिमा अनुपस्थापन यी पौषधोपवास व्रतका अतिचार हुन्। जीवहरूको हत्या होला कि भनेर राम्रो नहेरी नवढारी पाइला राख्नु या मल-मूत्र उत्सर्ग गर्नु अप्रत्यवेक्षित अप्रमार्जित उत्सर्ग हो। नहेरी नवढारी कुनै चिज निकाल्नु अप्रत्यवेक्षित अप्रमार्जित आदान र राख्नु निक्षेप हो। नहेरी नवढारी विछ्यौना ओछ्याउनु मिलाउनु सँस्तारोपक्रमण, अनि व्रतका नियमको पालन आदर नगर्नु अनादर हो भने व्रत छ भन्ने कुरा बिर्सनु स्मृत्यनुपस्थापन हो।

गृहस्थीले नगरि नहुने हो भने कम अधर्मकारक वस्तुको प्रयोग गर्नु पर्ने हुन्छ। यस्तो नियमलाई भोगोपभोग व्रत भनिन्छ र त्यसका अतिचारहरू निम्नसूत्रमा देखाइएका छन् -

-सचित्त-सम्बद्ध-सम्मिश्राभिषव-दुष्पक्वाहाराः। ७।३०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सचित्त आहार, सचित्तसम्वद्ध आहार, सचित्तसम्मिश्र आहार, अभिषव आहार, दुष्पक्व आहार यिनीहरू भोगोपभोग परिणाम व्रतका अतिचार हुन्। सजीवमा सागपात आदि वनस्पतिहरूको आहार गर्नु सचित्त आहार, कडा वीज या दाना हुने आँप आदि फलफूल जस्ता सजीव वस्तु खानु सचित्त सम्बद्ध आहार, सजीव र निर्जीव मिलाइएको तिलसक्खरमिश्रित लड्डु जस्ता वस्तुको आहार गर्नु सचित्तमिश्रित आहार, मद्य आदि तामसी चिजको आहार गर्नु अभिषव आहार र राम्रो नपाकेको खाना खानु दुष्पक्व आहार हो।

निम्नसूत्रमा अतिथिसम्विभाग व्रतका अतिचारहरू देखाइएको छ-

-सचित्तनिक्षेपपिधान-परव्यपदेश-मात्सर्य-कालातिक्रमाः। ७।३१

सचित्तनिक्षेप, सचित्तपिधान, परव्यपदेश, मात्सर्य र कालातिक्रम यी अतिथि सम्विभागका विघ्नहरू हुन्। सचित्तनिक्षेप भन्नाले खाद्यवस्तुलाई जीव भएका स्थानमा राख्नु, सचित्तपिधान भनेको सजीव वस्तुले खाद्य छोप्नु, परव्यपदेश भन्नाले अरुलाई दिने वस्तुको प्रचार गर्नु एवं अनादरले या अरुको सेखी झार्न दान दिनु मात्सर्य र कसैलाई भिक्षा आदि दान दिनु नपरोस् भन्ने आशयले समय अगावै भोजन गर्नु कालातिक्रम हो। यी कर्महरूले अतिथिसेवा व्रतमा हानि हुन्छ।

गृहस्थी र त्यागीले समान रूपले गर्न सक्ने संलेखना (अनशन)व्रतका विघ्नहरू निम्नसूत्रमा देखाइएका छन्-

-जीवितमरणाशंसा-मित्रानुराग-सुखानुबन्ध-निदानकरणानि। ७।३२

जीविताशंसा, मरणाशंसा, मित्रानुराग, सुखानुबन्ध र निदानकरण यी संलेखना व्रतका विघ्नहरू हुन्। लालचवश बाँच्न पाए हुन्थ्यो भन्ने आशा जीविताशंसा, दुःख, उद्वेग या क्रोधका कारण मर्ने चाहना मरणाशंसा, मित्र तथा परिवार प्रति स्नेहबन्धन राख्नु मित्रानुराग, अनुभूत विषयको स्मरणले सुखको चाहना गर्नु सुखानुबन्ध र त्याग-तपस्यामा नभएर भोगमै चाहना बढ्नु निदानकरण हो।

माथि देखाइएका विभिन्न व्रतका उपर्युक्त विघ्न बाधाहरू यदि असावधानी, विस्मृति, काम, क्रोध, लालच आदिका कारण या अनावश्यक रूपले अनुसरण गरियो भने ती अतिचार या अनाचार हुन्छन्। तसर्थ दृढ व्रतीले यी अनाचारहरूलाई रोक्ने प्रयत्न गर्नु पर्दछ।

तीर्थङ्करत्व कर्मास्रव निरूपणका प्रसङ्गमा दान अर्थमा त्याग शब्द आएको छ। त्यस्तै सप्तशील निरूपणमा दान अर्थमै अतिथिसंविभाग शब्द प्रयोग भएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वास्तवमा दान भनेको के हो ? यो बुझ्नु आवश्यक भएकाले दानको परिभाषा तथा विशेषता बारे निम्न सूत्रहरूमा प्रस्तुत गरिएको छ-

-अनुग्रहार्थं स्वस्यातिसर्गो दानम्। ७।३३

अरुको अनुग्रहका लागि आफ्नो स्वामित्वको वस्तु त्याग(हस्तान्तरण) गर्नु दान हो। दान-धर्म नै समस्त सद्धर्म तथा सद्गुणको मूल हो र यसको पारमार्थिक तथा व्यावहारिक दुवै किसिमको महत्त्व छ। त्यसैले दान के हो भन्ने बुझ्नु जरुरी छ। त्यसैले न्यायपूर्वक प्राप्त आफ्नो धन अन्य व्यक्तिलाई अर्पण गर्नु दान हो। यस प्रकारको कर्मले दिने तथा लिने दुवैको उपकार गर्दछ। दिनेलाई आत्मसन्तोष, समभाव तथा अनुग्रहभावको विकास हुन्छ र लिनेलाई जीवनयात्रामा मद्दत मिल्ने तथा साद्गुण्यको विकास हुन्छ।

दानका के कस्ता विशेषताहरू हुन्छन् भन्ने कुरा निम्न सूत्रमा प्रस्तुत छ-

-विधि-द्रव्य-दातृ-पात्रविशेषात्तद्विशेषः।७।३४

दान गर्ने विधि, दान गर्ने वस्तु, दाता, दान लिने व्यक्ति यिनीहरूका विशेषताले दानमा विशेषता हुन्छ।

सामान्य रूपले दान भन्दा दिनु भन्ने अर्थ बुझिन्छ र पनि सूत्रमा वताइएका उक्त चार अङ्गका विशेषताहरूले गर्दा दानको फलमा तर-तमभाव हुन्छ। यसमा दानका विधि भित्र दानको कस्तो ठाँउ, कुन समय, दानको औचित्य एवं लिने व्यक्ति त्यसको दोष लाग्ने नलाग्ने आदि कुराहरू पर्दछन् भने दानको द्रव्य अन्तर्गत दान गरिने वस्तुको गुणस्तर तथा महत्त्वका कुराहरू आउँछन्। गुणस्तर भन्नाले त्यो देयवस्तु न्यायमार्गबाट अर्जित हुनु पर्ने, लिने व्यक्तिको प्रयोगमा आएर उसको जीवनयात्रामा मद्दत पुऱ्याउने र सद् गुणको विकास गर्नु पर्ने हुनु पर्दछ। दाताका विशेषतामा दान लिने पात्र प्रति श्रद्धा भाव हुनु, आत्मप्रशंसा नहुनु, दान दिएर पश्चात्ताप नहुनु आदि पर्दछन् भने पात्रका विशेषतामा चाँहि पुरुषार्थमा जागरुक एवं सावधान हुने, नियम-निष्ठामा विश्वस्त रहेर काम गर्ने तथा प्राप्तवस्तुको दुरुपयोग नगर्ने व्यक्ति हुनु पर्दछ। यी विशेषताहरूले युक्त भएको दान नै वास्तविक दान हो। इत्यलम्।

सप्तम अध्याय समाप्त

◆◆◆

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अष्ठम अध्याय

बन्ध

जैन दर्शनमा स्वीकार गरिएका जीव आदि सात पदार्थ मध्ये तीनवटा पदार्थ जीव, अजीव र शुभाशुभ कर्मांशय रूप आस्रव पनि बताइयो। अब यस अध्यायमा वन्ध तत्त्वका बारेमा विवेचना गरिन्छ।

बन्ध भनेको के हो ? यस सम्वन्धमा दिगम्वर सम्प्रदायको सूत्रवृत्तिमा भनिएको छ- आत्मनः कर्मणश्च परस्परप्रदेशानुप्रवेशस्वभावो बन्धः(१।४)। अर्थात् आत्मा र कर्मका प्रदेश (भाग)हरूमा परस्पर प्रवेश अर्थात् सम्वन्ध हुने स्वभाव या प्रक्रिया नै बन्ध हो। छोटो शव्दमा भन्दा-जीवको संसारप्राप्ति या संसार नै बन्ध हो!। संसारप्राप्तिको पनि कारण हुन्छ र त्यो कारण हो- शुभाशुभ कर्म या आस्रव। छैटौं अध्यायमा आस्रव निरूपणका प्रसङ्गमा तथा सातौं अध्यायमा पनि शुभाशुभ कर्म या वन्धका हेतुहरूको निरूपण गरियो। यस अध्यायमा निष्कर्ष रूपमा वन्धका हेतु (आस्रव), तिनका स्वरूप र भेदहरू देखाइएको छ। प्रस्तुत प्रथम सूत्रमा वन्धका प्रमुख हेतुहरू देखाइएका छन्-

-मिथ्यादर्शनाविरति-प्रमाद-कषाय-योगा बन्धहेतवः। ८।१

मिथ्यादर्शन, अविरति, प्रमाद, कषाय र योग बन्धका हेतुहरू हुन्। जैन परम्परामा कोही कषाय र योगलाई मात्र, कोही मिथ्यात्व, अविरति, कषाय र योग गरी ४ वटा र कोही यिनमा प्रमादलाई थपेर ५ बन्धहेतु प्रमुखरूपले मान्ने गर्दछन्। सवैको अभिमतलाई समेटेर यहाँ सूत्रकारले पाँचै वटा बन्धहेतुहरूलाई देखाएका छन्।

त्यसमा प्रायः सबै बन्धहेतुहरूको व्याख्या पूर्व अध्यायहरूमा नै भैसकेको छ। जीव, अजीव आदि तत्त्वहरूको ज्ञान गर्नमा श्रद्धा नगर्नु मिथ्यादर्शन हो। उक्त कुरा तत्त्वार्थश्रद्धानं सम्यग् दर्शनम् (१।२) सूत्रमा देखाइएको सम्यग्दर्शनको व्याख्यावाट त्यसको विपरीतमुखेन र साम्परायिक कर्मासवको भेद देखाउने क्रममा अव्रतकषायेन्द्रियक्रियाः ...(६। ६) सूत्रनिरूपणका प्रसङ्गमा २५ प्रकारका क्रिया मध्ये २४ औं नम्वरमा पनि मिथ्यादर्शनको निरूपण भएको छ।

अविरति भनेको के हो भन्ने सम्वन्धमा पनि- हिंसानृतस्तेयाब्रह्मपरिग्रहेभ्यो विरति र्व्रतम् (७।१) भन्ने सूत्रले निर्दिष्ट गरेको विरतिरूप व्रतको विपरीत अविरति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि बताइयो। पुण्यकर्ममा अनादर रूप प्रमाद पनि विभिन्न प्रसङ्गमा आइ सकेको छ। तथापि यिनीहरूका बारेमा केही अवशिष्ट कुरा यहाँ प्रस्तुत गरिने छ।

१. **मिथ्यादर्शन-** सम्यग्दर्शनको विपरीतरूप मिथ्यादर्शन भनेको तत्त्वविषयक श्रद्धानको अभाव अश्रद्धा हो र यो २ प्रकारको हुन्छ। अनभिगृहीत वस्तुविषयक यथार्थश्रद्धानको अभाव र अभिगृहीत वस्तुको अयथार्थ श्रद्धान। यस मध्ये पहिलोमा तत्त्वविषयमा विचार नै हुँदैन र केवल मूढभाव मात्र हुन्छ। अनादि आवरणका कारण तत्त्व या अतत्त्व कुनै पनि विषयमा श्रद्धान नै हुँदैन। पशु-पक्षी आदिमा हुने यो मिथ्यादर्शन उपदेशनिरपेक्ष हुनाले अनभिगृहीत भनिन्छ। दोस्रो मिथ्यादर्शनमा विचार चाहिँ हुन्छ तर तत्त्वका विपरीत अतत्त्वविषयमा विचार हुन्छ। यो उपदेश सापेक्ष हुनाले अभिगृहीत भनिन्छ। विचारशक्ति हुँदा पनि विपरीत बुद्धिका कारण अतत्त्वविषयक श्रद्धान हुनाले त्यो मिथ्यादर्शन हो र त्यो विकसित प्राणीको रूपमा मानिएको मनुष्य जातिमा हुन्छ।

२. **अविरति-** हिंसा आदि दोषवाट अलग नहुनु या हिंसा आदिमै प्रवृत्त रहनु अविरति हो।

३. **प्रमाद-** कुनै पनि शुभकार्यमा अनादर या बेवास्ता गर्नु, कर्तव्याकर्तव्यमा विवेकहीन हुनु प्रमाद हो।

४. **कषाय-** क्रोध, मान, माया, लोभलाई कषाय भनिन्छ र यस विषयमा पहिले(८।१०) नै विषेश व्याख्या भै सकेको छ।

५. शरीर, वाणी र मनद्वारा गरिने शुभ या अशुभ सम्पूर्ण कर्म या संसारी क्रियाकलापमा प्रवृत्त रहनु योग हो। यी कर्महरूको अवलम्वनले नै जीवहरू यो संसारमा विविध योनिमा जन्मग्रहण गर्दछन्।

बन्ध भनेको के हो ? अझै यसलाई स्पष्टतया वोध गराउन सूत्रकार निम्न दुई वटा सूत्रद्वारा बन्धको स्वरूप देखाउँछन्-

-सकषायत्वाज्जीवः कर्मणो योग्यान् पुद्गलानादत्ते। ८।२

कषायले युक्त भएको हुनाले जीव कर्मका योग्य पुदगलहरूलाई गहण गर्दछ। जैन दर्शन अनुसार कर्मका पनि पुद्गलहरू हुन्छन्। कर्मरूप परिणाममा प्राप्त हुन गएका पुद्गलहरूलाई जीवले ग्रहण गरेर आत्मप्रदेशका साथ जोड्दछ। यही प्रक्रिया नै आत्माको कर्मसम्बद्धता हो। यसरी जीव अनादिकालदेखि नै कर्मसम्वद्ध हुन्छ र काषायिक विकारले युक्त पुद्गलहरूलाई ग्रहण गरेर स्वरूपतः अमूर्त भए पनि मूर्तवत् हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-स बन्धः।८।३

त्यही नै बन्ध हो। अर्थात् आत्मप्रदेशका साथ कर्मरूप पुद्गलहरूको उक्त प्रकारको सम्बन्ध नै बन्ध हो। हुन त बन्धका लागि प्रथम सूत्रले बताएका सबै विषयहरू कारण हुन्छन् तथापि अन्य हेतुको अपेक्षामा प्रमुख भएकाले सूत्रकारले -सकषायत्वात्, भनेर कषायलाई मात्र यस सूत्रमा ग्रहण गरेका हुन्।

बन्ध कति प्रकारका हुन्छन् ? त्यो निम्न सूत्रमा देखाइएको छ-

-प्रकृति-स्थित्यनुभाव-पदेशास्तद्‌विधयः। ८।४

प्रकृति, स्थिति, अनुभाव र प्रदेश गरी बन्ध चार प्रकारका हुन्छन्। जीवले ग्रहण गरेका कर्मरूप परिणाममा प्राप्त भएका पुद्गलहरू चार स्वरूपमा परिणत हुन्छन्। यही चार अंश नै बन्धको प्रकार हो। त्यसमा-

कुनै प्रकारका कर्मपुद्गलमा ज्ञानलाई आवृत्त गर्ने, सम्यग् दर्शनलाई रोक्ने, सुख-दुखको साधन वन्ने आदि स्वभावको निर्माण हुन्छ। यस प्रकारको स्वभावको निर्माण नै प्रकृतिबन्ध हो। निर्माण भएको स्वभाव जुन कालमर्यादा सम्म रहने हुन्छ त्यो कालावधि नै स्वभावको स्थितिबन्ध हो। स्वभाव निर्माण भए पछि त्यसमा फलको अनुभूति गराउने काममा पनि तीव्रता र मन्दता रूप विशेषता हुन्छ। यस प्रकारको स्वभावलाई अनुभाव बन्ध भनिन्छ। आत्मप्रदेशले ग्रहण गरेका कर्मपुद्गल यसरी अनेक परिणाममा विभक्त हुनु प्रदेशबन्ध हो।

यी चार बन्धमा आदि र अन्त्यका अर्थात् प्रकृति र प्रदेश बन्ध योगको तरतम भावमा निर्धारित हुनाले विशेषतः योग आश्रित हुन्छन् भने दोस्रो र तेस्रो बन्ध अर्थात् स्थिति र अनुभाव बन्ध कषाय सँग सम्वन्धित हुन्छन् र कषायको तारतम्यमा नै तिनीहरूको तरतमभाव हुन्छ।

उक्त ४ बन्धहरूका प्रभेदहरू अनगिन्ती रूपका हुन्छन्, तर पमुख रूपमा समेटेर सूत्रकारले तिनका उपभेदहरू देखाएका छन् जो निम्नप्रकारका छन्। प्रस्तुत सूत्रमा पहिलो प्रकृतिबन्धको स्वरूप देखाइएको छ।

-आद्यो ज्ञानदर्शनावरण-वेदनीय-मोहनीयायुष्क-नाम-गोत्रान्तरायाः। ८।५

पहिलो प्रकृतिबन्ध ज्ञानावरण, दर्शनावरण, वेदनीय, मोहनीय, आयुष्क, नाम, गोत्र र अन्तराय स्वरूपको हुन्छ।

आत्मप्रदेशले ग्रहण गरेका कर्मपुद्गलसमूह अनेक अदृश्य स्वभावमा परिणत हुन्छन् ता पनि तिनको कार्यप्रकृति हेरेर स्वभावगत अन्तरबाट स्वरूपमा भेद बुझ्ने गरिन्छ। बन्धका त्यस्ता स्वरूप असंख्यात हुन्छन् ता पनि प्रमुखताका आधारमा यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भेद देखाइएको हो। त्यसै अनुरूप प्रकृतिका आठ भेद देखाइएको छ, जसको विशेष व्याख्या निम्नानुसार छ-

१. जुन कर्मपुद्गल परिणामद्वारा ज्ञान(विशेष बोध) लाई आवृत्त गर्दछ त्यो ज्ञानावरण हो।

२. जुन स्वभावले दर्शन(सामान्य बोध) लाई आवृत्त गर्दछ त्यो दर्शनावरण हो।

३. जुन परिणामले सुख-दुःखको अनुभव गराउँछ त्यो वेदनीय प्रकृति हो।

४. जुन स्वभावले गर्दा आत्मा मोह युक्त हुन्छ त्यो मोहनीय पकृति हो।

५. जुन स्वभावले नर, नारक आदि गतिमा पुऱ्याउछ त्यो आयुष्कप्रकृति हो।

६. जसबाट विशिष्ट गति, जाति प्राप्त हुन्छ त्यो नामप्रकृति हो।

७. जसबाट कुलको उच्च-नीचता प्राप्त हुन्छ त्यो गोत्र प्रकृति हो।

८. जसबाट भोग आदि व्यवहारमा बाधा-व्यवधान हुन्छ त्यो अन्तराय प्रकृति हो।

यहाँ संक्षेपले प्रकृतिबन्धलाई ८ प्रकारमा देखाइएको हो। मध्यम मार्गको अवलम्बनबाट यी ८ प्रकृति बन्धका पनि उपभेद गणना गरी वर्णन गरिएको छ र त्यसलाई उत्तर प्रकृतिभेद भनिन्छ। यस किसिमले प्रकृतिबन्धकै ९७ उपभेद हुन्छन् त्यो निम्नसूत्रमा देखाइएको छ।

-पञ्च-नव-द्व्यष्टाविंशति-चतुर्द्विचत्वारिंशत्-द्वि-पञ्चभेदा यथाक्रमम्। ८।६

आठ प्रकृतिहरू मध्ये प्रथम ज्ञानावरण पाँच प्रकारको, दोस्रो दर्शनावरण नौ प्रकारको, तेस्रो वेदनीय दुई प्रकारको, चौथो मोहनीय प्रकृति अट्ठाइस प्रकारको, पाँचौ आयुष्क प्रकृति चार प्रकारको, छैटौं नाम प्रकृति बयालीस प्रकारको, सातौं गोत्रप्रकृति दुई किसिमको र आठौं अन्तराय पाँच प्रकारको गरी जम्मा प्रकृतिबन्ध ९७ प्रकारको हुन्छ।

तलका सूत्रहरूमा प्रकृतिबन्धका प्रत्येक उपभेदहरूको नाम देखाउने क्रममा ज्ञानावरण प्रकृतिका पाँच भेद अघिल्लो सूत्रमा बताइएको छ -

-मत्यादीनाम्। ८।७

मति आदि पाँच प्रकारका ज्ञानहरूको आवरण नै पाँच ज्ञानावरण हुन्। मति, श्रुत, अवधि, मनःपर्याय र केवल यी पाँच प्रकारका ज्ञान हुन्। मतिज्ञानावरण, श्रुतज्ञानावरण आदि क्रमले यी पाँच ज्ञानावरण हुन्छन्।

प्रकृतिबन्धको दोस्रो भेद हो दर्शनावरण, जसका नौ भेदका नाम निम्नसूत्रमा प्रस्तुत छन् -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-चक्षुरचक्षुरवधिकेवलानां निद्रा-निद्रानिद्रा-प्रचला-प्रचलाप्रचला-स्त्यान-गृद्धिवेदनीयानि च। ८।८

चक्षुर्दर्शनावरण, अचक्षुर्दर्शनावरण, अवधिदर्शनावरण, केवलदर्शनावरण, निद्रावेदनीय दर्शनावरण, निद्रा अनिद्रा वेदनीय दर्शनावरण, प्रचला वेदनीय दर्शनावरण, प्रचलाप्रचलावेदनीय दर्शनावरण, स्त्यानगृद्धि रूपका पाँच वेदनीय यी नौ वटा दर्शनावरणका प्रकारहरू हुन्। यिनीहरूको सामान्य परिचय निम्नानुसार प्रस्तुत छ।

१) **चक्षुर्दशनावरण-** जुन कर्मको उदयले चक्षु इन्द्रियवाट हुने सामान्य अवलोकन या ज्ञानलाई अवरोध गर्दछ।

२) **अचक्षुर्दर्शनावरण-** जुन कर्मको उदयले चक्षु वाहेक अन्य इन्द्रियवाट हुने सामान्य ज्ञानलाई अवरोध गर्दछ।

३) **अवधिदर्शनावरण-** जुन कर्मले अवधिदर्शन ज्ञानभन्दा पहिले हुने आधारभूत सामान्य ज्ञानलाई रोक्तछ।

४) **केवलदर्शनावरण-** जुन कर्मले केवलज्ञान पूर्वको आधारभूत सामान्यज्ञानलाई अवरोध गर्दछ।

५) **निद्रावेदनीय-दर्शनावरण-** मद, खेद र परिश्रमलाई दूर गर्नका लागि सकल इन्द्रियको विश्राम नै निद्रा हो। जुन कर्मको उदयले गाढा निद्रा लगाउँछ र सुखपूर्वक विउभिन्छ त्यो निद्रावेदनीय दर्शनावरण हो।

६). **निद्रा-अनिद्रावेदनीय-दर्शनावरण-** निद्रावाट जाग्न कठिन भै निदाउँदै विउभिदै गर्नु निद्रा अनिद्रा हो। जुन कर्मको उदयले यस्तो निद्रा लगाउँछ त्यो निद्रा अनिद्रा वेदनीय दर्शनावरण हो।

७) **प्रचलावेदनीय-दर्शनावरण-** शरीर चलायमान हुनु प्रचला हो र यो शोक, श्रम, खेद आदिबाट उत्पन्न भै नेत्र तथा शरीरकै विभिन्न विकारबाट सूचित हुन्छ। जुन कर्मले बस्ता बस्तै, हिँड्दा हिँड्दै या उभिदा उभिदै निद्रा लगाउँछ वा उङाउछ त्यो प्रचलावेदनीय दर्शनावरण हो।

८) **प्रचला-अप्रचलावेदनीय-दर्शनावरण-** वार वार शरीर चलायमान हुनु प्रचला अप्रचला हो। जुन कर्मले चलायमान अवस्थामा वार वार निद्रा लगाउँछ त्यो प्रचला-अप्रचला वेदनीय दर्शनावरण हो।

९) **स्त्यानगृद्धि-दर्शनावरण-** जुनकर्मको उदयबाट जाग्रत अवस्थामा सोचेको काम निद्रा अवस्थामा गर्ने सामर्थ्य प्रकट हुन्छ त्यो स्त्त्यानगृद्धि दर्शनावरण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो। जस्तै कोही व्यक्ति निद्रामा उठेर हिड्ने, सामुन्नेमा भएका व्यक्तिलाई कुट्ने पिट्ने आदि गर्दछन्।

प्रकृतिबन्धको तेस्रो भेद हो वेदनीयावरण, जसका दुई भेद निम्न सूत्रमा देखाइएको छ-

-सदसद् वेद्ये। ८।९

सद्वेद्य र असद्वेद्य गरेर वेदनीय प्रकृति दुई प्रकारको हुन्छ। जुन् कर्मको उदयले प्राणीलाई सुखको अनुभव गराउँछ त्यो सद् (साता) वेदनीय र दुःखको अनुभव गराउँछ भने असद् (असाता) वेदनीय प्रकृति हो।

प्रकृतिको चौथो भेद मोहनीय हो र यसका २८ भेद निम्न सूत्रमा निरूपण गरिएका छन् -

-दर्शनचारित्रमोहनीय-कषायनोकषायवेदनीयाख्यास्त्रि-द्वि-षोडश-नवभेदाः सम्यक्त्व-मिथ्यात्व-तदुभयानि कषायनोकषायवनन्तानुबन्ध्यप्रत्याख्यान-प्रत्याख्यानावरण संज्वलनविकल्पा श्चैकशः क्रोधमानमायालोभा हास्यरत्यरतिशोकभयजुगुप्सा स्त्रीपुंनपुंसकवेदाः। ८।१०

दर्शनमोहका तीन भेद - सम्यक्त्व, मिथ्यात्व, तदुभयत्व (सम्यक्त्वासम्यक्त्व)। चारित्रमोहका दुई भेद- कषाय र नोकषाय। कषायवेदनीयका सोह्र भेद- क्रोध, मान, माया र लोभ यी चार कषाय अनन्तानुवन्धी, अप्रत्याख्यान, प्रत्याख्यान र संज्वलन रूपले ४। ४ प्रकारका हुँदा १६ प्रकारका। नोकषायवेदनीयका नौ भेद- हास्य, रति, अरति, शोक, भय, जुगुप्सा, स्त्रीवेद, पुरुषवेद र नपुंसकवेद। यी मोहनीय प्रकृतिका भेदहरू हुन्। यिनको सामान्य परिचय निम्नानुसार रहेको छ।

जस्तै दर्शनमोहनीयका ३ भेद-

१. **सम्यक्त्वदर्शन मोहनीय-** जुन कर्मका उदयले तत्त्वदर्शनमा रुचि भए पनि औपशमिक या क्षायिक भाववाला तत्त्वदर्शनको रुचिमा प्रतिबन्ध गर्छ।

२. **मिथ्यात्वदर्शनमोहनीय-** जुन कर्मको उदयले तत्त्वको यथार्थ स्वरूपको दर्शनमा रुचि हुँदैन।

३. **तदुभयदर्शन मोहनीय-** जुन कर्मका उदयले यथार्थ या अयथार्थ तत्त्वमा रुचि न भएर डाँवाडोलको स्थिति हुन्छ।

चारित्रमोहनीयका कषाय र नोकषाय दुई भेद मध्ये कषायका १६ भेद-

१. अनन्तानुवन्धी क्रोध, मान, माया, लोभ- जुन कर्मले क्रोध आदि ४ कषायलाई यति तीव्र वनाउछ कि जसले गर्दा जीवले अनन्तकाल सम्म जन्ममरणको चक्रमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भङ्कि रहनु पर्ने हुन्छ त्यो अनन्तानुबन्धी क्रोध, आन्तानुबन्धी मान आदि ४ प्रकारका अनन्तानुबन्धी कषाय हुन्।

२. अप्रत्याख्यान क्रोध, मान, माया, लोभ- जुन कर्मको उदयको कारण आविर्भाव भएको कषायले विरतिलाई प्रतिवन्ध गर्ने काम गर्दछ भने त्यो अप्रत्याख्यान क्रोध, अप्रत्यख्यान मान आदि हुन्छन्।

३. प्रत्याख्यान क्रोध, मान, माया, लोभ- जसले देशविरतिको मात्र प्रतिवन्ध नगरेर सर्वविरतिको प्रतिवन्ध गर्दछ त्यो प्रत्याख्यान क्रोध आदि हुन्छ।

४. संज्वलन क्रोध, मान, माया, लोभ- जुन कर्मविपाकले सर्वविरतिमा प्रतिबन्ध नगरे पनि उसमा मालिन्य या मन्दता पैदा गर्ने काम गर्दछ त्यो संज्वलन क्रोध आदि चार प्रकारका संज्वलनकषाय चारित्र मोहनीय भए।

चारित्र मोहनीय प्रकृतिको नोकषायरूपका नौ भेद निम्नानुसार छन् -

१. हास्यचारित्रमोहनीय- जुन विपाक हास्यउत्पादक प्रकृतिको छ।
२. रतिमोहनीय- प्रीति उत्पादक प्रकृतिको कर्मविपाक।
३. अरतिमोहनीय- अप्रीति उत्पादक विपाक।
४. शोक मोहनीय- शोक उत्पादक प्रकृतिको कर्म।
५. भयमोहनीय- भयजनक प्रकृतिको कर्मविपाक।
६. जुगुप्सा मोहनीय- घृणाजनक प्रकृतिको कर्म विपाक।
७. स्त्रीवेदमोहनीय- स्त्रैणभाव विकारको उत्पादक विपाक।
८. पुरुषवेद मोहनीय- पौरूषभावविकारको उत्पादक कर्मप्रकृति।
९. नपुंसकवेद- नपुंसकभावविकारको कर्मप्रकृति।

प्रकृतिवन्धको पाँचौ भेद आयुष्कका चार भेद निम्नसूत्रमा देखाइएको छ -

-नारक-तैर्यग्योन-मानुष-दैवानि। ८। ११

नारक, तिर्यक्, मानुष र दैव गरी आयुष्कप्रकृतिका चार भेद छन्। जुन कर्मको उदयले नारक योनि मिल्दछ त्यो नारक आयुष्क प्रकृति हो भने जसले तिर्यक् योनि प्राप्त हुन्छ त्यो तिर्यगायुष्य प्रकृति हो। मनुष्यको योनिमा जन्म गराउने विपाक मानुषप्रकृति र देवगतिको उत्पादक विपाक दैवप्रकृति हो।

निम्नसूत्रमा प्रकृतिको छैटौं भेद नामकर्मका ४२ भेदहरू देखाइएको छ-

-गति-जाति-शरीराङ्गोपाङ्ग-निर्माण-बन्धन-संघात-सँस्थान-संहनन-स्पर्श-रस-गन्ध-वर्णानुपूर्व्यगुरु-लघूपघात-पराघाता-तपोद्योतोच्छ्वास-विहायोगतयः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्येक-शरीर-त्रस-सुभग-सुस्वर-शुभ-सूक्ष्म-पर्याप्ति-स्थिरादेय-यशांसि सेतराणि तीर्थकृत्वञ्च। ८।१२

गति, जाति, शरीर, अरोपार, निर्माण, बन्धन, संघात, सँस्थान, संहनन, स्पर्श, रस, गन्ध, वर्ण, आनुपूर्वी, अगुरुलघु, उपघात, पराघात, आतप, उद्योत, उच्छ्वास, विहायोगति, साधारण, प्रत्येक, स्थावर, त्रस, दुर्भग, सुभग, दु:स्वर, सुस्वर, अशुभ, शुभ, वादर, सूक्ष्म, अपर्याप्त, पर्याप्त, अस्थिर, स्थिर, अनादेय, आदेय, अयश, यश, तीर्थङ्करत्व यी ४२ वटा नामकर्मका प्रकार हुन्।

देव आदि ४ प्रकारको गति प्राप्त गराउने कर्म गति हो भने एकेन्द्रियदेखि पञ्चेन्द्रिय सम्मका परिमाणको अनुभव गराउने कर्म जाति र औदारिक आदि शरीर प्राप्त गराउने कर्म शरीर हो। शारीरिक अङ्गोपाङ्गको निमित्तकर्म अङ्गोपाङ्ग, नवीन शरीर सँग सम्बन्ध गराउने कर्म वन्धन र सम्वद्ध पुद्गलहरूलाई विभिन्न शारीरिक आकार दिन जुटाउने कर्म संघात हो। शारीरिक आकृतिकारक कर्म सँस्थान, र अस्थिवन्धको विशिष्ट संरचनाकारक कर्म संहनन हो। शरीरगत स्पर्श, रस, गन्ध र वर्णको नियामक कर्म तत्तत् चार प्रकृति हो। पूर्वशरीर नाश भई अन्तराल गतिमा रहेका वेला आकाशश्रेणी अनुसार गमन गराउने कर्म आनुपूर्वी हो। जुन कर्मले अन्तराल गतिका वेला गुरूत्वले तल झार्दैन र लघुत्वले माथि लाँदैन त्यो अगुरूलघु कर्म हो। जुन कर्मको प्रभावले विभिन्न प्रकारबाट प्राणघात गर्दछ त्यो उपघात र अरुको हातबाट शस्त्रादिद्वारा मृत्यु गराउने कर्म परघात हो। जुन कर्मको प्रभावले उष्णताको अनुभव गराउछ त्यो आतप कर्म र जसले चन्द्रज्योति झैँ शीतलता प्रदान गर्दछ त्यो उद्योत हो। जसले उच्छ्वास गराउँछ त्यो उच्छ्वास नाम कर्म र जुन कर्मले आकाशगमन हुन्छ त्यो विहायोगति हो। उत्पत्ति भएको शरीर मरणपश्चात् एक जीवको भोगमा आउँछ भने प्रत्येकशरीर नामकर्म र धेरै जीवको भोगमा आउँछ भने साधारणशरीर नामकर्म हो। जुन कर्मले गर्दा द्वीन्द्रियदेखि पञ्चेन्द्रिय सम्मका योनिमा जन्म गराउँछ त्यो त्रस कर्म र एकेन्द्रियमा जन्म गराउने स्थावर नामकर्म हो। जुन कर्मको उदयले देख्दा वा सुन्दैमा कुनै जीव प्रीतिजनक हुन्छ त्यो सुभग र अप्रीतिजनक दुर्भग कर्म हो। जुन कर्मले सुन्दर स्वरको उदय हुन्छ त्यो सुस्वर नामकर्म र जसले कर्कष स्वरको उदय हुन्छ त्यो दु:स्वर नामकर्म हो। जुन कर्मको उदयले रूपवान् बनाउँछ त्यो शुभनाम र कुरूप हुन्छ भने त्यसको कारक अशुभ नाम हो। जुन कर्मको प्रभावले सूक्ष्म(सानो) शरीर प्राप्त हुन्छ त्यो सूक्ष्मनाम र जसले स्थूलशरीर प्राप्त हुन्छ त्यो बादर नामकर्म हो। जुन कर्मको प्रभावले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आहारक शरीर, अन्न, पान, भाषा, इन्द्रिय र मनरूप ६ वटा पर्याप्ति प्राप्त हुन्छ त्यो पर्याप्ति नाम र जुन कर्मले अपरिपूर्णताका कारण जीव मर्दछ त्यो अपर्याप्ति नाम हो। स्थिरस्वभावकारक कर्म स्थिर र अस्थिरस्वभाव कारक कर्म अस्थिर नाम कर्म हो। प्रभावशाली शरीरकारक कर्म आदेयनाम र प्रभावहीन शरीरकारक कर्म अनादेयनाम हो। पुण्यवान् एवं गुणकीर्तन योग्य शरीरकारक कर्म यशो नाम र पापदोष युक्त शरीरको उत्पादक कर्म अयशो नाम हो। धर्म वा तीर्थको प्रवर्तन (निर्माण) गर्ने प्रभावशाली शरीरको उत्पादक कर्म तीर्थङ्करत्व नामप्रकृति हो।

प्रकृतिबन्धको सातौं भेद गोत्रनामका भेदहरू निम्नसूत्रमा देखाइएको छ -

-उच्चै र्नीचैश्च। ८।१३

उच्च र नीच गरी गोत्रकर्मका दुई भेद हुन्छन्। प्रतिष्ठा प्राप्त गर्ने उच्चकुलमा जन्म गराउने कर्म उच्च गोत्र र शक्ति, सामर्थ्य, योग्यता आदि हुँदा पनि प्रतिष्ठा न पाइने यस्तो नीच कुलमा जन्म गराउने कर्म नीचगोत्र हो।

निम्नसूत्रमा प्रकृतिको आठौं भेद अन्तरायकर्मका भेदहरू प्रस्तुत गरिएका छन्

-दानादीनाम्।८।१४

दान आदिका ५ अन्तरायहरू छन्। दान आदि भन्नाले दान, लाभ, भोग, उपभोग र वीर्यलाई बुझ्नु पर्ने हुन्छ। जुन कर्म कसैलाई केही दिने कुरामा, कसैबाट केही लिने कुरामा, एक पटक भोग गर्ने कुरामा, बार बार भोग गर्ने कुरामा या शक्ति सामर्थ्यका कुरामा विघ्नकारक हुन्छन्, ती अन्तराय प्रकृतिका ५ प्रकार हुन् र तिनलाई क्रमशः दानान्तराय, लाभान्तराय, भोगान्तराय, उपभोगान्तराय र वीर्यान्तराय भनिन्छ।

यहाँ सम्म प्रथम बन्धप्रकृतिका भेद-उपभेदहरू निरूपण गरियो। अब कसको कर्म कति काल सम्म रहन्छ भन्ने कुराको निर्क्योलका लागि दोस्रो बन्ध स्थितिका भेद उपभेदहरू देखाइन्छन्।

-आदितस्तिसृणामन्तरायस्य च त्रिंशत्सागरोपमकोटिकोट्यः परा स्थितिः। ८।१५

सुरूबाट तीनवटा कर्मविपाक अर्थात् ज्ञानावरण, दर्शनावरण र वेदनीय एवं अन्तराय यी चार कर्मप्रकृतिको उत्कृष्टस्थिति तीस कोटि कोटि सागरोपम हुन्छ। सागर शब्दले असंख्येय अगणनीय संख्याको बोध गराउँछ र यसबारेमा विशेष कुरा पहिले नै बताइएको छ। कर्मको यो स्थिति मिथ्यादृष्टिवान् पञ्चेन्द्रियवाला जीवको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ भने यही काल परिमाण नै अन्य एकेन्द्रिय आदि विभिन्न जीवहरूको कर्मवन्धको जघन्य स्थिति हुन्छ।

-सप्ततिर्मोहनीयस्य। ८।१६

मोहनीय कर्मको उत्कृष्ट स्थिति सत्तरी कोटिकोटि सागरोपम हुन्छ।

-नामगोत्रयोर्विंशतिः। ८।१७

नामकर्म एवं गोत्रकर्मको उत्कृष्ट स्थिति बीस कोटि कोटि सागरोपम हुन्छ।

-त्रयस्त्रिंशत्सागरोपमाण्यायुष्कस्य। ८।१८

आयुष्क कर्मको उत्कृष्ट स्थिति तेत्तीस सागरोपम हुन्छ।

-अपरा द्वादशमुहूर्ता वेदनीयस्य। ८।१९

वेदनीय कर्मको जघन्य स्थिति बाह्र मुहूर्त मात्र हुन्छ।

-नामगोत्रयोरष्टौ। ८।२०

नामकर्म र गोत्रकर्मको जघन्य स्थिति आठ मुहूर्त हुन्छ।

-शेषाणामन्तर्मुहूर्तम्। ८।२१

बाँकी ५ कर्म अर्थात् ज्ञानावरण, दर्शनावरण, मोहनीय, आयुष्क र अन्तराय कर्मको जघन्य स्थिति अन्तर्मुहूर्त हुन्छ।

तेस्रो बन्ध हो अनुभाव। अनुभाव भनेको के हो ? निम्नसूत्रमा हेरौँ-

-विपाकोऽनुभावः। ८।२२

विभिन्न प्रकारको फल दिने शक्तिलाई विपाक भनिन्छ। विपाक नै अनुभाव हो। बन्धनका कारण भनेका काषायिक अध्यवसाय (प्रभाव) हो र तीव्रता र मन्दताका कारण कर्ममा पनि तीव्र या मन्दरूपले फल दिने शक्ति उत्पन्न हुन्छ। त्यस्तो शक्तिको निर्माणलाई विपरूक या अनुभाव भनिन्छ।

अनुभावले कसरी फल दिन्छ भन्ने कुरा निम्न सूत्रमा बताइएको छ-

-स यथा नाम। ८।२३

अनुभावले कर्म अनुसारको फल दिन्छ। जस्तै ज्ञानावरणकर्मको अनुभावले ज्ञानलाई नै आवृत्त गर्दछ भने दर्शनावरण कर्मको अनुभावले तत्त्वदर्शनमा आवरण गर्दछ।

कर्म विपाकको निर्जरा(निवृत्ति) कुन वेला हुन्छ भन्ने प्रश्नको समाधान निम्न सूत्रमा गरिएको छ-

-ततश्च निर्जरा। ८।२४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुभाव अनुसारको फल दिए पछि निर्जरा (कर्मको निवृत्ति) हुन्छ। अनुभाव अनुसार कर्मको तीव्र या मन्द रूपमा फल भै सके पछि त्यो कर्म आत्मप्रदेशबाट अलग भएर जान्छ। यस प्रक्रियाबाट भएको कर्मको निवृत्तिलाई निर्जरा भनिन्छ। सूत्रमा दिइएको -च, शब्दबाट कर्मनिवृत्तिको कारण फलको अनुभव मात्र होइन, अर्को पनि केही कारण छ भन्ने कुरा जनाउँछ। त्यो हो व्रत, तप आदि। त्यसैले व्रत, तप आदिको प्रभाव र फलानुभवबाट कर्मविपाक आत्मप्रदेशबाट अलग हुन्छ, अनि त्यस पछि निर्जरा प्राप्त हुन्छ। यही नै सूत्रकारको आशय हो।

आत्मप्रदेशका साथ कर्मपुद्गलको सम्वन्ध कसरी कस्तो स्वरूपमा रहेको हुन्छ ? यसको जानकारी निम्नसूत्रमा दिइएको छ-

-नामप्रत्ययाः सर्वतो योगविशेषात् सूक्ष्मैकक्षेत्रावगाढस्थिताः सर्वात्मप्रदेशेष्वनन्तानन्तप्रदेशाः। ८। २५

योग(प्रवृत्ति)विशेषका कारणले सूक्ष्म र एकक्षेत्रमा रहेका अनन्तानन्त प्रदेशवाला कर्मप्रकृतिले युक्त पुद्गलहरू सर्वतोभावेन सबै प्रकारको आत्मप्रदेशका साथ सम्वन्धित हुन्छन्

कर्मप्रकृतिवाला पुद्गलस्कन्धको आत्पप्रदेशका साथ हुने सम्वन्धलाई प्रदेशवन्ध भनिन्छ। सूत्रकारको आशय अनुसार कर्मपुद्गल स्तम्भको आत्मप्रदेशका साथ सम्वन्ध हुँदा निम्नप्रस्तुत आठवटा विशेषता या नियमहरू अनुसार हुन्छन्-

१. आत्मप्रदेशका साथ सम्वन्ध हुने पुद्गलस्तम्भमा कर्मभाव या ज्ञानावरण, दर्शनावरण आदि प्रकृतिको निर्माण हुन्छ।
२. उच्च-नीच र अरु कुनै तेस्रो दिशामा सन्निहित आत्मप्रदेशले ती कर्म पुद्गल स्तम्भहरू ग्रहण गर्दछ।
३. जीवहरूको कायिक, वाचिक र मानसिक योग समान नहुँनाले जीवहरूको कर्मवन्ध पनि समान हुँदैन। अत योगको तरतमभावका कारण प्रदेशवन्धमा पनि तरतमभाव हुन्छ।
४. कर्मपुद्गल स्कन्ध स्थूल होइन सूक्ष्म हुन्छ।
५. आत्मप्रदेशका क्षेत्र भित्र रहेका कर्मस्कन्धहरूको नै वन्ध हुन्छ, बाहिरी क्षेत्रमा रहेका कर्मस्कन्धको होइन।
६. स्थिर कर्मस्कन्धको आत्मप्रदेशद्वारा ग्रहण हुन्छ, गतिशीलको होइन।
७. प्रत्येक कर्मका अनन्त स्कन्धहरूको आत्मप्रदेशका साथ बन्ध हुन्छ।
८. आत्मप्रदेशका साथ बन्ध हुने कर्मपुद्गल स्तम्भ अनन्तानन्त परमाणुबाट वनेका हुन्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बन्धको रूपमा आत्मप्रदेश सँग सम्बन्ध हुने कर्मपुद्गलमा पुण्य तथा पाप प्रकृतिहरू हुन्छन्। उक्तकुरा निम्न सूत्रमा निरूपण गरिएको छ-

-सद्वेद्य-सम्यक्त्व-हास्य-रति-पुरुषवेद-शुभायुर्नामगोत्राणि पुण्यम्। ८।२६

सातावेदनीय, सम्यक्त्वमोहनीय, हास्य, रति, पुरुषवेद, शुभ आयु, शुभ नाम, शुभ गोत्र यी सवै पुण्यप्रकृति हुन् भने यिनका विपरीत पाप प्रकृति हुन्।

जुन कर्मको बन्ध हुन्छ त्यसको विपाक शुभ अशुभ अध्यवसायका कारण शुभ र अशुभ दुवै प्रकारको हुन्छ। शुभ अध्यवसायबाट निर्मित विपाक शुभ र अशुभ अध्यवसायद्वारा निर्मित विपाक अशुभ नै हुन्छ। त्यसमा कर्मपरिणाममा संक्लेशको मात्रा अनुसार शुभाशुभ हुन्छ। अर्थात् संक्लेशको कमीबाट शुभ र आधिक्यबाट अशुभ हुन्छ।

पुण्यका ४२ प्रकृतिहरू छन्। जो तल प्रस्तुत छन् -

१) सातावेदनीय, २) मनुष्यायुष्क, ३) देवायुष्क, ४) तिर्यगायुष्क, ५) मनुष्य गति, ६) देवगति, ७) पञ्चेन्द्रिय जाति, ८) औदारिक, वैक्रिय, आहारक, तैजस र कार्मण शरीर, १३) औदारिक अङ्गोपाङ्ग, १४) वैक्रिय अङ्गोपाङ्ग, १५) आहारक अङ्गोपाङ्ग, १६) समचतुरस्र सँस्थान, १७) वज्रर्षभनाराचसंहनन, १८) प्रशस्त वर्ण, गन्ध, रस, स्पर्श, १९) मनुष्यानुपूर्वी, २०) देवानुपूर्वी, २१) अगुरुलघु, २२) पराघात, २३) उच्छ्वास, २४) आतप, २५) उद्योत, २६) प्रशस्त विहायो गति, २७) त्रस, २८)वादर, २९) पर्याप्त, ३०) प्रत्येक, ३१) स्थिर, ३२) शुभ, ३३) शुभग, ३४) सुस्वर, ३५) आदेय, ३६) यश-कीर्ति, ३७) निर्माण नाम, ३८) तीर्थङ्कर नाम, ३९) उच्च गोत्र

पापरूपमा प्रसिद्ध प्रकृतिहरू निम्नानुसार छन्-

पाँच ज्ञानावरण, नौ दर्शनावरण, असातावेदनीय, मिथ्यात्व, सोह्र कषाय, नौ नोकषाय, नारकायुष्क, नरकगति, तिर्यग्गति, एकेन्द्रिय, द्वीन्द्रिय, त्रीन्द्रिय, चतुरिन्द्रिय, प्रथम संहनन बाहेकका अन्य पाँच संहनन, अर्ध वज्रर्षभनाराच, नाराच, अर्धनाराच, कीलिका, सेवार्त, प्रथम सँस्थान बाहेकका वाँकी ५ सँस्थान, न्यग्रोध परिमण्डल, सादि, कुब्ज, वामन, हुण्ड, अप्रशस्त वर्ण,गन्ध, रस, स्पर्श, नारकानुपूर्वी, तिर्यक् आनुपूर्वी, उपघात, अप्रशस्त विहायो गति, स्थावर, सूक्ष्म, अपर्याप्त, साधारण, अस्थिर, अशुभ, दुर्भग, दुस्वर, अनादेय, अयशकीर्ति, नीचगोत्र, पाँच अन्तराय।

उपर्युक्त पुण्यप्रकृति र पाप प्रकृतिरूपका कर्मपरिणामहरूको नै आत्मप्रदेशका साथ सम्वन्ध (वन्ध) हुन्छ।

आठौँ अध्याय समाप्त

◆◆◆

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवम अध्याय

संवर निर्जरा

आठौं अध्यायमा बन्धका विषयमा वर्णन गरियो। अव यस नवौं अध्यायमा संवर र निर्जरा तत्त्वका विषयमा निरूपण गरिने छ। जीव आदि सात तत्त्व मध्ये पाँचौं तत्त्व हो संवर र छैटौं हो निर्जरा। सर्वप्रथम संवर भनेको कस्तो तत्त्व हो ? निम्नसूत्रमा प्रस्तुत गरिएको छ-

-आस्रवनिरोधः संवरः।९।१

आस्रवको निरोध नै संवर हो। कर्मवन्धको हेतुलाई आस्रव भनिन्छ र कर्मवन्ध भन्नाले शरीर, वचन र मनद्वारा गरिने कर्म हो। यस्तो कर्मलाई योग, आस्रव या वन्ध यी कुनै पनि नामले चिन्न सकिन्छ। शरीर, वचन र मनबाट हुने कर्महरूको निरोध या प्रतिवन्ध नै आस्रव हो। पहिला अध्यायमा आस्रवका विभिन्न भेद वताइएको थियो। ती भेदहरू मध्ये जति मात्रामा आस्रवको प्रतिवन्ध हुन्छ, त्यही मात्रामा संवर हुन्छ र त्यही मात्रामा आध्यात्मिक विकास पनि हुन्छ। यसरी आध्यात्मिक विकास भन्ने कुरा संवरको अधीनमा हुन्छ। अझ भन्नुपर्दा आस्रव निरोध हुने क्रमका आधारमा नै आध्यात्मिक विकासको क्रम अघि बढ्छ, एवं जति जति आस्रवनिरोध बढ्दै जान्छ, त्यति त्यति गुणस्थान पनि बढ्दै जान्छ।

आस्रवको निरोधमा वृद्धि गरेर संवरलाई बढाउने उपायहरू पनि हुन्छन्। अतः निम्न सूत्रमा यस प्रति जिज्ञासु र सचेत जनको जानकारीका लागि आस्रवलाई प्रतिवन्ध गर्ने अथवा संवर प्राप्त गर्ने उपायहरू वताइको छ-

-स गुप्ति-समिति-धर्मानुप्रेक्षा-परिषहजय-चारित्रैः।९।२

त्यो संवर गुप्ति, समिति, धर्म, अनुप्रेक्षा, परिषहजय र चारित्रवाट संभव हुन्छ।

-तपसा निर्जरा च। ९।३

तपस्याबाट भने संवर र निर्जरा दुबै प्राप्त हुन्छ।

जैन शास्त्रमा सामान्यतः संवर तत्त्व एकै प्रकारको हुन्छ, तथापि त्यसलाई प्राप्त गर्ने उपाय स्वरूप विशेषतः उपर्युक्त सूत्रहरूले निर्देश गरेका ७ वटा निमित्तका आधारमा ७ प्रकारमा विभाजित गर्न सकिन्छ र तिनका उपभेद समेत गर्दा ६९ उपायहरू हुन सक्तछन्। ती उपायहरू सवै धार्मिक आचरण सँग सम्वन्धित छन्। ती मध्ये तपस्या चाहिँ संवर र निर्जरा दुवैको हेतु हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपस्या सकाम र निष्काम गरी दुई प्रकारको हुन्छ। त्यसमा सकाम तप अभ्युदय (लौकिक सुख) का लागि हुन्छ भने निष्काम तप निःश्रेयस (आध्यात्मिक सुख) का लागि हुन्छ।

यस पछि निम्नसूत्रहरूमा सूत्रकार उमास्वामी गुप्ति आदि संवरप्राप्तिका प्रत्येक उपायहरूको परिचय दिने क्रममा पहिलो उपाय गुप्तिको स्वरूप वताउँछन्-

-सम्यग्योगनिग्रहो गुप्तिः।९।४

योगको सम्यक्तया निग्रह गर्नु नै गुप्ति हो। कायिक, वाचिक र मानसिक व्यापारलाई योग भनिन्छ। राम्रो सँग सोचे वुझेर श्रद्धा र वुद्धि पूर्वक शरीर, वचन र मनलाई कुमार्ग तिर जानबाट रोकेर सुमार्ग तिर लगाउनु नै सम्यक्तया योगको निग्रह हो र यसप्रकारको निग्रहवाट गुप्तिरूप संवर प्राप्त हुन्छ।

यहाँ ३ प्रकारका योगको निग्रहका आधारमा गुप्तिलाई पनि ३ प्रकारको नै मान्न सकिन्छ- कायगुप्ति, वचनगुप्ति र मनोगुप्ति। त्यसमा कर्तव्याकर्तव्यको विवेकद्वारा शारीरिक व्यापारलाई नियमन गर्नु कायगुप्ति हो। यस्तै प्रकारले वचनको नियमन गर्नु वचनगुप्ति हो भने मनमा हुने दुष्ट संकल्पको त्याग गरी सही संकल्प लिनु मनो गुप्ति हो।

निम्न सूत्रमा समिति नामक उपायको भेदप्रतिपादनमुखेन परिचय दिइएको छ-

-ईर्याभाषैषणादाननिक्षेपोत्सर्गाः समितयः। ९।५

यहाँ पनि सवैमा सम्यक् शव्द जोड्नु पर्दछ। सम्यक् ईर्या, सम्यग् भाषा, सम्यग् एषणा, सम्यग् आदान-निक्षेप र सम्यग् उत्सर्ग गरी समिति ५ प्रकारको हुन्छ। यी सबै समिति विवेकपूर्ण प्रवृत्ति भएकाले संवरप्राप्तिका उपायहरू हुन्। यी पाँच समितिको स्वरूप क्रमशः निम्नानुसार छ -

१. कुनै पनि प्राणीलाई कष्ट नहुने गरी सावधानपूर्वक हिडडुल गर्नु ईर्या समिति हो।
२. सत्य, हितकर, अल्प र सन्देहरहित तरिकाले बोल्नु भाषासमिति हो।
३. जीवन निर्वाहका लागि आवश्यक निर्दुष्ट साधनहरू जुटाउन सावधानपूर्वक प्रयत्न गर्नु एषणासमिति हो।
४. आवश्यक वस्तुहरू राम्रोसँग हेरी टक्टक्याई वढारी लिनु र राख्नु आदान निक्षेप समिति हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. राम्रो सँग हेरी बुझी बढारी जीवरहित स्थानमा अनुपयोगी वस्तुहरू विसर्जन गर्नु उत्सर्ग समिति हो। यसरी गुप्तिमा असत्क्रियाको निवृत्ति हुन्छ भने समितिमा सत्क्रियाको अवलम्वनमा प्रवृत्ति बढाउने कुरा हुन्छ।

संवरप्राप्तिको तेस्रो उपाय हो धर्म। निम्नसूत्रमा धर्मको भेद देखाइएको छ-

-उत्तमः क्षमा-मार्दवार्जव-शौच-सत्य-संयम-तपस्त्यागाकिञ्चन्य-ब्रह्मचर्याणि धर्मः। ९।६

क्षमा, मार्दव, आर्जव, शौच, सत्य, संयम, तप, त्याग, आकिञ्चन्य र ब्रह्मचर्य यी दशवटा उत्तम धर्म हुन्। यी क्षमा आदि गुणहरूलाई जीवनमा उतारे पछि क्रोध आदि अवगुणहरूको अभाव हुन्छ र यी सबै संवरका प्रवर्धक बन्दछन्। प्रत्येक धर्मको विवरण निम्नानुसार रहेको छ।

क्षमा- सहनशीलता। क्रोधलाई रोकेर नम्रभाव अवलम्वन गर्नु क्रोधका विषयमा अभयदान दिनु नै क्षमा हो।

मार्दव- चित्त कोमल बनाउनु व्यवहारमा नम्रवृत्ति अपनाउनु अर्थात् ज्ञान, पूजा, कुल, जाति, बल, ऋद्धि, तप र शरीर यी आठ विषयक घमण्डलाई छोडेर अरुले आफू प्रति तिरस्कार गर्दा पनि प्रतिकार या अभिमान नगर्नु मार्दव हो।

आर्जव- चित्त शुद्धि, प्रसन्नता छलकपटको त्याग, अर्थात् मन, वोली र व्यवहारको समन्वय नै आर्जव हो।

शौच- लोभ या आशक्तिको त्याग गर्नु या मन शुद्धि नै शौच हो।

सत्य- सत्पुरुष प्रति हितकारी र यथार्थ वचन बोल्नु नै सत्य हो। भाषा समिति भनेको विवेक पूर्ण रीतले बोल्नु हो भने यथार्थ बोल्नु सत्य हो।

संयम- मन, वचन, र शरीरमा नियन्त्रण गर्दै इन्द्रियनिग्रह अव्रतको त्याग, कषायमा विजय तथा मन, वचन तथा शरीर प्रति विरति आदि नै संयम हो। संयम दुई प्रकारका हुन्छन्। १. अपहृत संयम र २.उपेक्षा संयम। अपहृत संयमका तीन भेद छन्- उत्तम, मध्यम र जघन्य। जो मुनि कुनै पनि मनुष्य बाहेककै किथ्रा, फट्याङ्ग्रा आदि जस्ता प्राणीको आगमन हुँदा पनि आफू हटेर उसको सुरक्षा गर्दछन् भने त्यो उत्तम अपहृत संयम हो। तिनीहरूलाई दुःख न होस् भन्ने हेतुले मयूरका प्वाँख जस्ता कोमल वस्तुले बढाएर हटाउछन् भने मध्यम अपहृत संयम र अन्य जुन सुकै चिजले हटाउँछन् भने जघन्य अपहृत संयम भनिन्छ। राग, द्वेष आदिको त्यागमूलक संयम उपेक्षा संयम हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तप- मलिन वृत्तिहरूलाई निर्मूल गर्नका लागि अपेक्षित शक्तिको साधनाका निमित्त गरिने आत्मदमन नै तप हो। मुनिहरू नै यो तप कर्म गर्दछन् र त्यही आधारमा चान्द्रायण आदि तप अनेक प्रकारका हुन्छन्।

त्याग- ज्ञान तथा आहार जस्ता योग्य उपयोगी वस्तु आदि अरुलाई दान दिनु नै त्याग हो।

आकिञ्चन्य- कुनै पनि वस्तुमा ममता नराख्नु आकिञ्चन्य हो।

ब्रह्मचर्य- ज्ञान आदि सद्‌गुणहरूको शिक्षण अभ्यासका लागि गुरुकुलमा वस्दै खान-पिन र व्यवहारमा आत्मसंयमी बनी महाव्रत (सू.७३)का पाँच भावनाहरूको विशेषरूपले अभ्यास गर्नु ब्रह्मचर्य हो।

यी धर्महरूको आस्था पूर्वक उत्कृष्ट रूपमा अवलम्वन गर्दा सबै नै उत्तम धर्म हुन्छन्।

अब संवरका उपाय मध्ये चौथो उपाय अनुप्रेक्षाको भेद निम्नसूत्रमा वताइएको छ-

-अनित्याशरण-संसारैकत्वान्यत्वाशुचित्वास्रव-संवर-निर्जरा-लोक-बोधि-दुर्लभ-धर्मस्वाख्यातत्वानुचिन्तनमनुप्रेक्षा। ९।७

अनित्य, अशरण, संसार, एकत्व, अन्यत्व, अशुचित्व, आस्रव, संवर, निर्जरा, लोक, वोधि, दुर्लभत्व र धर्मस्वाख्यातत्व यिनको अनुचिन्तन गर्नु अनुप्रेक्षा हो।

अनुप्रेक्षा भनेको विषयवस्तुको सम्यक् दर्शन या गहन चिन्तन एवं तात्त्विक विषयको गहन चिन्तनद्वारा विषय प्रतिको राग या द्वेषलाई रोक्नु हो। यी अनुप्रेक्षाहरू पनि संवरका उपाय हुन्। यहाँ दिइएका १२ अनुप्रेक्षा जीवनशुद्धि या चित्तशुद्धिका लागि उपयोगी छन्। तल क्रमशः यिनको परिचय दिइएको छ-

१. अनित्यानुप्रेक्षा- सांसारिक विषयवस्तु, शरीर, घरवार, परिवार, धनसम्पत्ति आदि सब कुराहरू अनित्य अस्थिर हुन् भन्ने चिन्तन गर्नु। यसबाट आसक्ति र प्रियवियोगजन्य दुःख कम गर्न सकिन्छ।

२. अशरणानुप्रेक्षा- सम्पूर्ण सांसारिक विषय प्रतिको आसक्ति एवं ममतावाट दूर रहेर एक मात्र शुद्ध धर्मको शरणमा पर्नु आधि, व्याधि र विविध उपाधिले ग्रस्त मेरो यो शाश्वत तत्त्व बाहेक अर्को शरण छैन भन्ने चिन्तन गर्नु।

३. संसारानुप्रेक्षा- सांसारिक विषयवस्तु प्रति तृष्णा नरहोस् भन्ने हेतुले यी विषय प्रति उदासीन रहनु आवश्यक हुन्छ। त्यसका लागि यो संसार हर्ष-विषाद, सुख-दुख,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवन-मरणरूप द्वन्द्वको स्थान भएकाले संसार कष्टमय छ र यस प्रतिको आसक्ति व्यर्थ छ भन्ने चिन्तन गर्नु।

४. **एकत्वानुप्रेक्षा-** स्वजन प्रतिको राग र परजन प्रतिको द्वेषबाट मुक्त भई मोक्षमार्गमा अग्रसर हुन आफूलाई एक्लो सम्झिने र म एक्लै जन्मिएँ र एक्लै मर्छु, एक्लै शुभाशुभ कर्म गर्दछु र एक्लै नै त्यसको फल पनि भोग्दछु, मेरो लागि गर्ने कोही छैन भन्ने चिन्तन गर्नु।

५. **अन्यत्वानुप्रेक्षा-** मानिस आफ्ना बाहिरी वस्तुहरूको ह्रासवृद्धिमा आफ्नो ह्रासवृद्धि सम्झन्छ। यो भ्रमको निवारणार्थ आफू र अरुमा गुण-धर्मको भिन्नताको चिन्तन गर्नु पर्दछ। शरीर भनेको जड, स्थूल, आदि र अन्त्यले सहित छ भने आत्मा चाहिँ चेतन, सूक्ष्म, अनादि र अनन्त धर्मवाला छ, भनेर बाह्य र आन्तरिक विषयमा अन्यत्व(भिन्नता)को चिन्तन गर्नु।

६. **अशुचित्वानुप्रेक्षा-** शरीर घृणास्पद छ भनेर त्यस प्रति आसक्ति हटाउन शरीरलाई अशुचिको रूपमा हेर्ने गर्नु पर्दछ। जस्तै यो शरीर अशुचि छ र अशुचिबाटै पैदा भएको, अशुचिबाटै पोषित र अशुचिकै स्थान हो भन्ने कुराको चिन्तन गर्नु।

७. **आस्रवानुप्रेक्षा-** विषयासक्तिलाई कम गर्न विषय प्रतिको रागबाट जन्य अनिष्टको चिन्तन गर्नु।

८. **संवरानुप्रेक्षा-** दुर्वृत्तिका द्वारलाई बन्द गर्न सद्वृत्तिका गुणहरूको चिन्तन गर्नु।

९. **निर्जरानुप्रेक्षा-** शुभाशुभ कर्मविपाकलाई हटाउन सुखदुःखको भोग अनिवार्य छ, भन्ने सम्झी सहज रूपले सुखदुःख, जाडो गर्मी, भोक तिर्खाको सहन गरी यथाशक्ति त्याग तपस्याबाट कल्याण प्राप्त हुन्छ भन्ने कुरा चिन्तन गर्दै सञ्चित कर्मको फल भोग्नु।

१०. **लोकानुप्रेक्षा-** तत्त्वज्ञानशुद्धिका लागि संसारको वास्तविक स्वरूपको चिन्तन गर्नु।

११. **बोधिदुर्लभत्वानुप्रेक्षा-** मोक्षमार्गको प्राप्ति दुर्लभ छ र त्यसका लागि कठिन त्याग र तपको आवश्यकता पर्दछ भन्ने मनमा दृढ भावना प्रकट गर्नका लागि यी सांसारिक जञ्जालमा यो विविध दुःखको प्रवाहमा मोह र ममताको भावनामा जीवले शुद्ध दृष्टि र शुद्ध चरित्र प्राप्त गर्न कठिन छ, भन्ने कुरा सोची सोही अनुसार जीवनलाई अग्रसर गराउन प्रयत्न गर्नु।

१२. **धर्मस्वाख्याततत्वानुप्रेक्षा-** धर्म-मार्गबाट च्युत नहुन र धार्मिक अनुष्ठानमा स्थिर रहन धर्म गर्नु ठूलो सौभाग्य हो र हाम्रो अनुग्रहका लागि नै सन्तहरूले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हामीलाई उपदेश गरेका हुन् र त्यसबाट नै प्राणीहरूको कल्याण हुन्छ भन्ने चिन्तन गर्नु।

यसरी संवर प्राप्तिको चौथो उपाय अनुप्रेक्षाको निरूपण सकेर अव सूत्रकार संवरको पाँचौ उपाय परिषह के हो ? ती जम्मा कति प्रकारका हुन्छन् अनि क-कसमा कति कति रहेका हुन्छन् भन्ने कुरा निरूपण गर्ने प्रसङ्गमा निम्न सूत्रहरू प्रस्तुत गर्दछन् -

-मार्गाऽच्यवननिर्जरार्थं परिषोढव्याः परिषहाः।९।८

आफ्नो मार्गबाट च्युत नहुन र निर्जरा (कर्मक्षय)का लागि सहन गनु पर्ने कुरा नै परिषह हो।

परिषह निम्नानुसार २२ प्रकारका हुन्छन् -

-क्षुत्पिपासा-शीतोष्ण-दंशमशक-नाग्न्यारति-स्त्री-चर्या-निषद्या-शय्याक्रोश-वध-याचनालाभ-रोगतृणस्पर्श-मल-सत्कार-पुरस्कार-प्रज्ञाज्ञानादर्शनानि। ९।९

क्षुधा, पिपासा, शीत, उष्ण, दंशमशक, नग्नत्व, अरति, स्त्री, चर्या, निषद्या, शय्या, आक्रोश, वध, याचना, अलाभ, रोग, तृणस्पर्श, मल, सत्कार, पुरस्कार, प्रज्ञा, अज्ञान र अदर्शन गरी प्रमुख रूपमा सहन गर्नु पर्ने कुरा परिषह २२ प्रकारका छन्।

संवर (कर्मबन्धको निरोध) प्राप्त गर्ने उपायहरूमा क्षुत् पिपासा (भोक प्यास) आदि परिषहहरूको सहन गर्ने अभ्यास गर्नु पर्ने हुन्छ। मानवलाई आइ पर्ने यस्ता प्रतिकूल परिस्थितिमा भोक प्यास लगायत शीत-उष्ण भन्नाले जाडो गर्मी दंश मशक, झिंगा, मच्छड आदि कीट-पतङ्गबाट हुने दुःख सहन गर्ने अभ्यास गर्नु पर्दछ।

यहाँ नग्नत्व पनि एक परिषह छ। यसै सम्वन्धका विवादले जैनधर्म श्वेताम्वर र दिगम्वरको पृथक् पृथक् परम्परामा विभाजित भयो। श्वेताम्वर संप्रदायका मतमा नग्नत्व एक सामान्य या सादा जीवन यापनका कारण अनिच्छया आइ पर्ने परिस्थिति एवं सादा सात्त्विक पोसाकको अवलम्वन गर्नु पर्ने व्यवस्था हो। कतिपय व्यक्तिहरूले यो परिस्थिति बाध्य भएर भोगि रहनु परेको पनि हुन्छ। पोसकका सम्वन्धमा साधक मुनिहरूले पनि श्वेताम्वर स्वीकार गर्नु पर्छ भन्ने भगवान पार्श्वनाथको परम्परा रहेको छ भने अन्य परम्परामा पोसाक नै नलगाउने दिगम्वर परम्परा रहेको छ।

साधना मार्गको कठिनाइका कारण आइपर्ने अरुचि या आलस्य आदि व्यवधान प्रति रति नगर्नु अरति हो भने स्त्री या पुरुष साधकले विपरीत आकर्षणबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्यमार्गमा बाधा न पार्नु स्त्रीपरिषह हो। स्वीकृत धार्मिक जीवनलाई परिपुष्ट राख्नका लागि स्थिर निवास नगरेर अनियत वास गर्नु चर्या हो भने ध्यानासनका अवस्थामा भयको कारण आइपर्दा पनि विचलित नहुनु निषद्या र कोमल, कठिन, आबड-खावड जस्तो सुकै भूमिमा पनि शयन गर्नु शय्या हो। क्रोधलाई सहनु आक्रोश, कसैद्वारा आफूप्रति भएको मारपिट सहनु वध, दरिद्रताको अनुभव विना धर्मयात्रा निर्वाहार्थ याचकवृत्ति स्वीकार गर्नु याचना र याचनाबाट केही नमिले पनि सन्तोष गर्नु अलाभ हो भने रोग सहन गर्नु रोग परिषह हो। झारपात आदिमा सुत्दा बस्दा पनि कोमल शय्याको भाव राख्नु तृणस्पर्श, शारीरिक मैला बढे पनि उद्विग्न नरही स्नान आदि संस्कार न चाहनु मल, सत्कार मिल्दा न फुल्नु र नमिल्दा खिन्न नहुनु सत्कार र पुरस्कार, प्रखर बुद्धि हुँदा पनि अभिमान नगर्नु र कम बुद्धि हुँदा पनि खेद नमान्नु प्रज्ञा हो। त्यस्तै विशिष्ट शास्त्रज्ञान हुँदा पनि अभिमान नगर्नु र नहुँदा पनि खिन्न नहुनु अज्ञान हो भने सूक्ष्म तथा अतीन्द्रिय पदार्थको दर्शन नहुँदा पनि स्वीकृत त्यागी जीवनलाई व्यर्थ न सम्झनु अदर्शन हो। परिषहहरू विभिन्न असक्ति जन्य हुनाले जति विशिष्ट साधु, व्रती या मुनिहरू हुन्छन् तिनमा त्यति कम परिषहहरू हुन्छन्। कस्ता कस्ता मुनिहरूमा के कति परिषहहरू हुन्छन् भन्ने क्रममा दशम गुणस्थान र द्वादश गुणस्थानवर्ती मुनिमा हुने परिषहहरूको निर्देश निम्न सूत्रमा गरिएको छ-

-सूक्ष्मसम्पराय-छद्मस्थवीतरागयोश्चतुर्दश। ९।१०

सूक्ष्मसम्पराय र छद्मस्थवीतराग मुनिहरूमा चौध परिषहहरू हुन्छन्। जसमा लोभरूप कषाय कम हुन्छ त्यो सूक्ष्मसम्पराय हो र त्यसलाई दशम गुणस्थानको मुनि मानिन्छ। केवलज्ञानावरण र केवलदर्शनावरणलाई छद्म भनिन्छ भने त्यसमा रहने वीतरागवाला मुनि छद्मस्थ वीतराग हो, जो केवलज्ञानको नजिक पुगि सकेको हुन्छ र यसलाई बाह्रौं स्थानको मुनि भनेर मानिन्छ। यस्ता सूक्ष्मसम्पराय र छद्मस्थवीतराग मुनिहरूमा उपर्युक्त परिषह मध्ये चौधवटा परिषहहरू हुन्छन्। ती हुन् भोक, तिर्खा, चिसो, गर्मी, दंशमशक, चर्या, प्रज्ञा, अज्ञान, अलाभ, शय्या, वध, रोग, तृणस्पर्श र मल। बाँकी ८ वटा परिषहहरू मोहजन्य भएकाले मोह नभएका मुनिहरूमा हुँदैनन्।

सर्वज्ञ जिन भगवान्मा कति परिषह हुन्छन् र ती के के हुन् भन्ने निम्न सूत्रमा प्रस्तुत गरिएको छ-

-एकादश जिने। ९।११

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जिन भगवान्मा एघार परिषहहरू हुन्छन्। १३ या १४ गुणस्थानका सर्वज्ञ जीन भगवान् घातिकर्म रहित हुनाले उनमा क्षुधा, पिपासा, शीत, उष्ण, दंशमशक, चर्या, शय्या, वध, रोग, तृणस्पर्श र मल यी एघार परिषह हुन्छन्। बाँकी अरु परिषह घातिकर्म जन्य हुनाले जिन भगवान्मा हुँदैनन्।

बढी मात्रामा कषाय हुने व्यक्तिलाई बादर सम्पराय भनिन्छ। नवौं गुणस्थान बादरसम्परायमा रहने परिषह निम्न सूत्रमा देखाइएको छ-

-बादरसम्पराये सर्वे। ९।१२

बादरसम्परायमा सबै बाइसवटै परिषहहरू हुन्छन्। जसमा सम्पराय अर्थात् कषायहरू विशेषमात्रामा हुन्छन् त्यसलाई बादर सम्पराय भनिएको हो, जसलाई नवौं गुणस्थानको मानिन्छ। त्यसमा भए जति सबै सम्परायहरू हुन्छन्। किन कि परिषहका कारण सबै कर्महरू त्यसमा हुन्छन्। यसरी नवौं गुणस्थानमा सबै परिषह भए पछि प्रथमदेखि आठौं गुणस्थान सम्म पनि सबै परिषह हुन्छन् भन्ने कुरा स्वतः बुझ्नु पर्ने हुन्छ।

निम्न सूत्रहरूमा परिषहका कारणहरू देखाइएको छ-

-ज्ञानावरणे प्रज्ञाज्ञाने। ९।१३

ज्ञानावरणबाट प्रज्ञा र अज्ञान हुन्छन्। ज्ञानावरण, अन्तराय कर्म, दर्शन मोहनीय र चारित्र मोहनीय यी चार कर्महरू परिषहका कारण हुन्। ज्ञानावरणकर्मबाट चाहिँ प्रज्ञा र अज्ञान यी दुई परिषहहरू हुन्छन्। चमत्कारिणी बुद्धिलाई प्रज्ञा भनिन्छ। जति सुकै चमत्कारिणी भए पनि त्यो सर्वविषयक. नभएर ज्ञानावरण आश्रित नै हुनाले प्रज्ञा पनि ज्ञानावरणजन्य नै हुन्छ।

-दर्शनमोहान्तराययोरदर्शनालाभौ। ९।१४

दर्शनमोह र अन्तरायबाट अदर्शन र अलाभ परिषह हुन्छन्। अर्थात् दर्शनमोहबाट अदर्शन परिषह र अन्तरायबाट अलाभ परिषह हुन्छन्।

-चारित्रमोहे नाग्न्यारति-स्त्री-निषद्याक्रोश-याचना-सत्कारपुरस्काराः। ९।१५

चारित्रमोह नग्नत्व, अरति, स्त्री, निषद्य, आक्रोश, याचना र सत्कार-पुरस्कार यी सात परिषहको कारण हुन्छ।

-वेदनीये शेषाः। ९।१६

वेदनीय कर्म बाँकी परिषहको कारण हुन्छ। बाँकी परिषह भन्नाले सर्वज्ञमा हुन सक्ने पूर्वोक्त एघार परिषहहरू जस्तै क्षुधा, पिपासा, शीत, उष्ण, दंशमशक, चर्या,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शय्या, वध, रोग, तृणस्पर्श र मल हुन्। एकै समयमा एक आत्मामा सबै परिषहहरू रहन सक्तैनन्। किन रहन सक्तैनन् निम्न सूत्र हेरौं -

-एकादयो भाज्या युगपदेकोनविंशतेः। ९।१७

एक साथ एक आत्मामा १ देखि २२ सम्मका परिषह मध्ये १९ वटा मात्र विकल्पबाट रहन सक्तछन्। कतिपय परिषहहरू यस्ता छन् जो परस्पर विरूद्ध भएकाले एक साथ रहन सम्भव हुँदैन। जस्तो शीत र उष्ण एक साथ रहन सम्भव छैन भने चर्या(अस्थिर वास) र शय्या(शयन) र निषद्या(निर्भय वास) पनि एकै साथ एक आत्मामा रँहदैनन्। यस्ता वैकल्पिक परिषह मध्ये उपऱ्युक्त दुई वा तीनमा कुनै एक एक मात्र सम्भव हुने हुँदा २२ मध्ये १९ परिषह मात्र एक आत्मामा एक साथ रहन सक्तछन्।

संवरप्राप्तिका उपायमा पाँचौ परिषहजयका बारेमा विस्तृत परिचय प्रस्तुत गरेर सूत्रकार अब अन्तिम तथा छैटौं उपाय चारित्रको भेद निम्न सूत्रमा प्रस्तुत गर्दछन्-

-सामायिक-च्छेदोपस्थाप्य-परिहारविशुद्धि-सूक्ष्मसम्पराय-यथाख्यातानि चारित्रम्। ९।१८

सामायिक, छेदोपस्थान, परिहारविशुद्धि, सूक्ष्मसम्पराय, यथाख्यात यी पाँच प्रकारका चारित्र हुन्। आत्मिकविशुद्धिको अवस्थामा स्थिर रहन प्रयत्न गर्नु चारित्र हो। चारित्रका यी भेदहरूको परिचयात्मक विवरण निम्नानुसार रहेको छ-

१. **सामायिक चारित्र-** केही समयका लागि या जीवन भरकै लागि व्रत-दीक्षा लिनु सामायिक हो भने विविध सांसारिक प्रपञ्चमा समभावमा रहनका लागि यसरी दीक्षित रहेर समस्त अशुद्ध प्रवृत्तिहरूलाई त्याग गर्नु सामायिक चारित्र हो।
२. **छेदोपस्थान चारित्र-** प्रमादका कारण अहिंसा आदि व्रतमा छेद(त्रुटि या फितलो पन) आयो भने पुनः प्रायश्चित्त गरेर कमजोरी, फितलोपन या छेद हटाई व्रतस्थापन गर्नु छेदोपस्थान चारित्र हो।
३. **परिहारविशुद्धि चारित्र-** तपःप्रधान विशिष्ट आचारहरूको अवलम्बन गर्नु परिहार विशुद्धि चारित्र हो।
४. **सूक्ष्मसम्पराय चारित्र-** जसमा क्रोध आदि कषायहरूको लेश पनि उदय छैन, तर लोभको अंश अति सूक्ष्मरूपमा रहेको छ भने त्यो सूक्ष्म सम्पराय हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. **यथाख्यात चारित्र-** जसमा कुनै पनि कषायको कति पनि उदय हुँदैन त्यसलाई यथाख्यात या वीतराग चारित्र भनिन्छ।

संवरप्राप्तिका उपायहरू बताउने क्रममा -तपसा निर्जरा च अर्थात् तपस्यावाट संवर र निर्जरा नै प्राप्त हुन्छ, भनिएको थियो। यस प्रसङ्गमा तप भनेको के हो र कति प्रकारको हुन्छ भन्ने कुरा निम्न सूत्रमा बताइएको छ -

-अनशनावमौदर्य-वृत्तिपरिसंख्यान-रसपरित्याग-विविक्तशैय्याशन-कायक्लेशा बाह्यं तपः। ९।१९

अनशन, अवमौदर्य, वृत्तिपरिसंख्यान, रसपरित्याग, विविक्तशय्याशन र कायक्लेश यी बाह्य तप हुन्। वासनाहरूलाई क्षीण गर्न तथा समुचित आध्यात्मिक शक्तिको साधनाका लागि शरीर, इन्द्रिय र मनलाई विविध उपायले दमन गर्नु नै तप हो। तपस्या बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ। जसमा शारीरिक क्रियाको प्रधानता र बाह्यद्रव्यको अपेक्षा हुन्छ, एवं सबैले देख्न सक्ने हुन्छ त्यो वाह्य तप हो भने आभ्यन्तर तपमा मानसिक क्रियाको प्रधानता हुन्छ र जसमा बाह्यद्रव्यको अपेक्षा नहुनाले अरु कसैबाट देखिने हुँदैन। बाह्य तप आभ्यन्तर तपका लागि उपयोगी हुन्छ। प्रस्तुत सूत्रमा बाह्य तपको ६ वटा प्रकार बताइएको छ, र तिनको विवरण निम्नानुसार छ-

१. **अनशन-** निश्चित अवधि सम्म या आजीवन केही तथा सब किसिमका आहार त्याग गर्नु अनशन तप हो। यो तप निष्काम रूपमा संयम, रागनाश, कर्मक्षय, ध्यानप्राप्ति, शास्त्राभ्यास आदिका लागि गरिन्छ।

२. **अवमौदर्य-** अल्पाहार गर्नु अवमौदर्य हो। यसलाई अनोदरी पनि भनिन्छ। यो तप संयममा सावधान रहन, वातपित्तादि दोषको उपशमन तथा ज्ञान-ध्यान सिद्धिका लागि गरिन्छ।

३. **वृत्तिपरिसंख्यान-** विविध वस्तुहरूको लालसा कम गर्नु, विशेष गरी भोजनको आसक्ति कम गर्नु नै वृत्तिपरिसंख्यान हो।

४. **रसपरित्याग-** मद्य, मधु, घिउ, दुध, दही आदि रसहरूको त्याग गर्नु रसपरित्याग हो। यो तप विशेष गरी इन्द्रियनिग्रह र स्वाध्यायसिद्धिका लागि गरिन्छ।

५. **विविक्तशय्यासन-** बाधारहित एकान्तस्थानमा रहनु। ब्रह्मचर्यसिद्धि तथा ज्ञानध्यान-स्वाध्यायसिद्धिका लागि प्राणीपीडारहित एकान्त, शून्य घर तथा गुफामा रहनु विविक्तशैय्यासन हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६. **कायक्लेश-** ठंडी, गर्मी या विविध प्रक्रियाद्वारा शरीरलाई कष्ट दिनु। वृक्षको फेदमै रहने जस्ता कर्मले शारीरिक सुखको इच्छा नराखी दुःखसहन गर्नु कायक्लेश हो।

यो त भयो बाह्य तप। अब आन्तरिक तप भनेको के हो भन्ने कुरा निम्नसूत्रमा बताइएको छ-

-प्रायश्चित्त-विनय-वैयावृत्य-स्वाध्याय-व्युत्सर्ग-ध्यानान्युत्तरम्। ९।२०

प्रायश्चित्त, विनय, वैयावृत्य, स्वाध्याय, व्युत्सर्ग र ध्यान यी आभ्यन्तर(भित्री) तप हुन्। आभ्यन्तर तप पनि सूत्रकारले ६ प्रकारकै बताएका छन्। प्रत्येकको परिचयात्मक विवरण तल दिइएको छ-

१. **प्रायश्चित्त-** अवलम्बन गरिएको व्रतमा प्रमादवश या अज्ञानवश केही त्रुटि या दोष आइ परेमा त्यसको निवारणबाट शरीर, आत्मा या चित्त शुद्ध गर्नु प्रायश्चित्त हो।
२. **विनय-** ज्ञान आदि सद्गुण तथा श्रेष्ठ मुनिहरूमा नम्रतापूर्वक आदरभाव राख्नु विनय हो।
३. **वैय्यावृत्य-** योग्य साधन जुटाएर वा त्यसै पनि अशक्त या विमारी रहेका साधु, सन्त या मुनिहरूको सेवा गर्नु वैय्यावृत्य हो। विशेष गरी विनय मानसिक प्रवृत्ति हो भने वैय्यावृत्य शारीरिक प्रवृत्ति हो।
४. **स्वाध्याय-** ज्ञानप्राप्तिका लागि विभिन्न शास्त्रको अध्ययन गर्नु स्वाध्याय हो।
५. **व्युत्सर्ग-** अहंता, ममता आदिको त्याग गर्नु व्युत्सर्ग हो।
६. **ध्यान-** चित्तका विक्षेपहरूको त्याग गर्दै मनको चञ्चलतालाई रोकेर लक्षित अर्थमा मन लगाउनु ध्यान हो।

यी प्रायश्चित्त आदि आन्तरिक तपका पनि अवान्तर भेदहरू हुन्छन्। ती प्रभेदहरू निम्न सूत्रमा बताइएका छन्-

-नवचतुर्दश-पञ्च-द्विभेदं यथाक्रमं प्राग्ध्यानात्। ९।२१

ध्यानभन्दा पूर्वका आन्तरिक तपहरूको क्रमशः नौ, चार, दश, पाँच र दुई भेद छन्। जस्तै प्रायश्चित्तका नौ भेद, विनयका चार, वैयावृत्यका दश, स्वाध्यायका पाँच र व्युत्सर्गका दुई भेद छन्। ध्यान बढी विस्तृत भएकाले सूत्रकारले त्यसको भेद यहाँ देखाएनन् ता पनि पछि त्यसको केही विवरण आउने छ।

अब प्रत्येक भेदहरूको नाम बताउने क्रममा पहिलो तप प्रायश्चित्तका नौवटा भेदहरू के के हुन्, त्यो निम्न सूत्रमा प्रस्तुत गरिएको छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-आलोचन-प्रतिक्रमण-तदुभय-विवेक-व्युत्सर्ग-तप-च्छेद-परिहारोपस्थानानि।९।२२

आलोचन, प्रतिक्रमण, तदुभय, विवेक, व्युत्सर्ग, तप, छेद, परिहार र उपस्थापन गरी प्रायश्चित्त नौ प्रकारका हुन्छन्। दोषशुद्धिरूप प्रायश्चित्तका यी प्रमुख न्यूनतम भेद हुन्। त्यसमा गुरू समक्ष आफ्नो भूल या दोष प्रकट गर्नु आलोचन हो। यसलाई प्रचलित शब्दमा आत्मालोचना भन्दछन्। भूलको महसुस गरी भूलबाट निवृत्त हुँदै आइन्दा गल्ती नगर्न सावधान रहनु प्रतिक्रमण हो। आलोचन र प्रतिक्रमण दुवै प्रायश्चित्तको अवलम्बन गर्नु तदुभय हो। नियमतः अभक्ष वस्तुहरू या कषायवर्धक खाद्यहरू प्राप्त भए पनि विवेकपूर्ण दृष्टिले विचार गरेर तिनलाई ग्रहण नगर्नु विवेक हो। एकाग्रता पूर्वक शरीर र वचनको कार्य व्यापार छोड्नु व्युत्सर्ग हो भने अनशन आदि व्रत गर्नु तप हो। दोष घट्दै जाँदा दोष अनुसार प्रायश्चित्तकर्म घटाउँदै लानु छेद हो र निश्चित कालसम्म दोष पूर्ण व्यक्तिबाट या संघबाट अलग रहनु परिहार हो। भङ्ग भएका व्रतहरू पुनः सुरुबाट नै दोहोर्‍याएर लानु उपस्थापन हो।

निम्नसूत्रमा आन्तरिक तपको दोस्रो भेद विनयका प्रभेदहरूको निरूपण गरिएको छ-

-ज्ञान-दर्शन-चारित्रोपचाराः। ९।२३

ज्ञान, दर्शन, चारित्र र उपचार यी विनय तपका चार प्रभेद हुन्। गुणरूपमा ता विनय एकै हो तर विषय रूपले यसका यी चार प्रभेदहरू बताइएका हुन्। यी प्रभेद मध्ये ज्ञान आर्जन गर्नु र अर्जित ज्ञान नबिर्सनका लागि अभ्यास गरि रहनु ज्ञानविनय हो भने तत्त्वको यथार्थ सामन्य ज्ञान सम्यग् दर्शनबाट विचलित नहुनु, मनमा आएका शङ्काहरूको निवारण गर्नु दर्शन विनय हो। सामायिक आदि चारित्रमा कटिबद्ध रहनु तथा चारित्र धारक पुरुषहरूको संगत या भक्ति गर्नु चारित्रविनय हो भने आफूभन्दा विशिष्ट व्यक्तिको आगमनमा देख्ने वित्तिकै खडा हुनु, संमुख जानु, वन्दना गर्नु, आसन दिनु आदि योग्य उपचार गर्नु उपचार विनय हो।

तेस्रो तप सेवा-शुश्रूषा रूप वैयावृत्यका दश भेद निम्न सूत्रमा बताइएको छ-

-आचार्योपाध्याय-तपस्वि-शैक्षक-ग्लान-गण-कुल-संघ-साधु-समनोज्ञानाम्। ९।२४

आचार्य, उपाध्याय, तपस्वी, शैक्षक (शिक्षा प्राप्त गर्ने व्यक्ति) ग्लान, गण, कुल, संघ, साधु र समनोज्ञ गरी दश प्रकारका वैयावृत्य छन्। यी दशवटा भनेका सेवा गर्न योग्य व्यक्ति हुन् र सेवायोग्य व्यक्तिका भेदले वैयावृत्यका दश भेद मानिएको हो । त्यसमा प्रमुखतः व्रत, आचार आदिमा लगाउने या सिकाउने व्यक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आचार्य हो भने शास्त्र अध्यापन गराउने व्यक्ति उपाध्याय हो। महान् तथा उग्र तपस्या गर्ने व्यक्ति तपस्वी र नवदीक्षा लिएर शिक्षा लिन चाहने अधिकारी शैक्षक हो। रोग आदिले पीडित व्यक्ति ग्लान हो भने सहपाठीको रूपमा भेला भएका विभिन्न आचार्यका शिष्यहरूको समूह गण हो र एकै दीक्षाचार्यका शिष्यहरूको समूह कुल हो। साधु, साध्वी, श्रावक र श्राविका यी चार प्रकारका धार्मिक व्यक्तिहरूको समूह संघ हो। जैन संप्रदायमा सन्यासीलाई साधु भनिन्छ। त्यस्तै ज्ञान आदि गुणमा आफू समानको व्यक्ति समनोज्ञ हो। यी दश प्रकारका व्यक्तिहरू प्रति यथायोग्य आदर, सम्मान तथा सेवाको भाव राख्नु दश प्रकारकै वैयावृत्य हो। निम्नसूत्रमा आन्तरिक तपको चौथो भेद स्वाध्यायका प्रकारहरू देखाइएका छन्-

- वाचना-प्रच्छनानुप्रेक्षाम्नाय-धर्मोपदेशाः। ९।२५

वाचना, प्रच्छना, अनुप्रेक्षा, आम्नाय र धर्मोपदेश गरी स्वाध्याय पाँच प्रकारका छन्। कुनै ग्रन्थ पढेर वा सुनेर ज्ञान प्राप्त गर्नु, सन्देह निवारण गर्नु, ज्ञानलाई परिपक्व बनाउनु, प्रचार गर्नु आदि सबै क्रियाकलाप स्वाध्यायमा पर्दछन्। यहाँ उसको अभ्यास शैलीका आधारमा ५ भेद गरिएको हो। त्यसमा शब्दार्थको पाठ लिनु वाचना हो भने शङ्का भएको विषय तद्विशेषज्ञलाई सोध्नु प्रच्छना हो। पाठ या अर्थको चिन्तन, मनन गर्नु अनुप्रेक्षा, सिकेका कुराको पुनरावर्तन गर्नु आम्नाय र जानेका वस्तुको रहस्य बताउनु, धर्मको उपदेश गर्नु धर्मोपदेश हो।

पाँचौ तप हो व्युत्सर्ग, जसका दुई भेद निम्न सूत्रमा बताइएको छ-

-बाह्याभ्यन्तरोपाध्योः। ९।२६

बाह्य र आन्तरिक उपाधिको त्याग रूप व्युत्सर्ग दुई प्रकारको हुन्छ। निरभिमान या अहंता-ममताको त्याग नै व्युत्सर्ग हो। त्याज्य वस्तुको भेदले गर्दा यो दुई प्रकारको हुन्छ- बाह्य उपाधिको त्याग र आन्तरिक उपाधिको त्याग। जसमा १) धन-धान्य, घर-खेत आदि बाह्यवस्तुको त्याग बाह्योपाधि व्युत्सर्ग हो भने शरीर तथा काषायिक विकार प्रति तन्मयताको त्याग आन्तरिकोपाधिव्युत्सर्ग हो।

प्रायश्चित्त आदि ६ वटा आन्तरिक तपमा ५ वटा तपको प्रभेद बताइ सके पछि अब सूत्रकार अन्तिम तप ध्यानको परिचयात्मक विवरण प्रस्तुत गर्ने क्रममा निम्न सूत्रमा ध्यानको परिभाषा बताउँछन् -

-उत्तमसंहननस्यैकाग्रचिन्तानिरोधो ध्यानम्। ९।२७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सामान्यत: मनलाई विषयबाट नियन्त्रण गर्न सक्ने शक्तिलाई उत्तमसंहनन भनिन्छ। यस्तो उत्तमसंहनन शक्तिवाला व्यक्तिको लक्षित विषयमा एकाग्रभावले चिन्तामग्न रहने अवस्था नै ध्यान हो।

ध्यान कति समय सम्म रहन्छ भन्ने कुरामा निम्न सूत्र हेरौं-

-आमुहूर्तात्। ९।२८

उपर्युक्त ध्यान अन्तमुहूर्त सम्म मात्र रहन्छ। ध्यानका विषयमा उपऱ्यक्त २ सूत्रमा ३ कुरा भनिएको छ -१. ध्यान के हो ? २. ध्यानको अधिकारी (योग्य व्यक्ति) को हो ? ३. ध्यान कति समय टिक्छ ?

यी ३ प्रश्नको उत्तर दिने क्रममा पहिलो प्रश्नको उत्तर यो हो कि- प्रत्येक क्षण अनेक विषय तिर प्रवृत्त हुने अस्थिर मनलाई अन्य विषय तिर प्रवृत्त हुनबाट रोकेर एक इष्ट विषयमा स्थिर राख्नु नै ध्यान हो। ध्यानको योस्वरूप असर्वज्ञ अर्थात् १२ औं गुणस्थानका व्यक्तिहरूमा लागु हुन्छ। सर्वज्ञत्व प्राप्त भए पछि या तेह्रौं चौधौं गुणस्थानमा पनि ध्यान त हुन्छ तर त्यसको स्वरूप भिन्नै हुन्छ।

दोस्रो प्रश्नको उत्तर यो हो कि- उत्तम संहनन वाला व्यक्ति नै ध्यानको अधिकारी हुन्छ। संहनन शब्दले सामान्यतया शारीरिक संघटन या बललाई बुझाउँछ ता पनि जैनदर्शनमा संहननको विशेष व्याख्या छ, जस अनुसार ६ प्रकारका संहनन मानिएको छ। त्यसमा वज्रर्षभ नाराच, अर्धवज्रर्षभ नाराच र नाराच यी तीन संहननलाई उत्तम संहनन भनिन्छ र यिनीहरूमा नै ध्यान गर्नका लागि आवश्यक शारीरिक तथा मानसिक बल हुन्छ।

अस्थिर मनलाई कुनै एक विषयमा निश्चल रूपले लगाइ रहनु कठिन कार्य हो। तसर्थ ध्यान ज्यादाभन्दा ज्यादा एक मुहूर्त मात्र रहन सक्छ। मुहूर्तको प्रवाह नै समय हो। अत: कोही व्यक्ति एक दिन, एक अहोरात्र या एक महिना ध्यनमा बस्यो भन्नुको मतलव त्यही मुहूर्तको तत्तत् समय सम्मको प्रवाहको कुरा हो। त्यसैले मुहूर्तका प्रवाहसँगै ध्यानको पनि प्रवाह हुन्छ र प्रवाहलाई शक्ति अनुसार लम्ब्याउन सकिन्छ।

अव सूत्रकार ध्यानको भेद र प्रयोजन या फल बताउने क्रममा निम्न सूत्र प्रस्तुत गर्दछन्-

-आर्त-रौद्र-धर्म-शुक्लानि। ९।२९

आर्त, रौद्र, धर्म र शुक्ल गरी ध्यान ४ किसिमका हुन्छन्। ध्यान दुई प्रकारको हुन्छ- सुध्यान र दुर्ध्यान। निम्न सूत्रमा यो कुरा प्रष्ट्याइएको छ प्रमुखत-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-परे मोक्षहेतु:। ९।३०

पछिका दुइटा अर्थात् धर्मध्यान र शुक्लध्यान मोक्षका कारण हुन्। त्यसैले ती दुई ध्यान सुध्यान हुन्। यसैबाट बाँकी दुई ध्यान अर्थात् आर्त र रौद्र दुर्ध्यान हुन् भन्ने कुरा स्पष्ट हुन्छ। यी आर्त र रौद्र ध्यान संसारका कारण भएकाले दुर्ध्यान भए र यी दुवै हेय हुन्।

उक्त चार प्रकारका ध्यानको स्वरूप बताउने क्रममा सूत्रकार निम्नसूत्रमा प्रथम आर्तध्यानको स्वरूप बताउँछन् -

-आर्तममनोज्ञानां संप्रयोगे तद्विप्रयोगाय स्मृतिसमन्वाहार:।९।३१

अप्रिय वस्तु प्राप्त हुँदा त्यसको वियोगका लागि अर्थात् त्यसलाई त्याग गर्नका लागि सतत चिन्ता गर्नु आर्तध्यान हो। आर्त भन्नाले दु:ख, पीडा या पीडित व्यक्ति हो। अत: दु:खका कारणहरूलाई निवारण गर्ने चिन्ता नै आर्तध्यान हो। दु:ख उत्पत्तिका कारण चार प्रकारका हुन्छन्- अनिष्टवस्तुको संयोग, शारीरिक या मानसिक प्रतिकूल वेदना, इष्टवस्तुको वियोग, भोगलालसा। यी चारवटा दु:खहेतुका आधारमा आर्तध्यान पनि चार प्रकारकै हुन्छन्। त्यसमा प्रथम आर्तध्यान अर्थात् अनिष्टसंयोग आर्तध्यानको परिभाषा प्रस्तुत सूत्रमै गरिएको छ। द्वितीयदेखिका आर्तध्यानको परिभाषा क्रमश: तलका सूत्रहरूमा दिइएको छ र निम्नप्रस्तुत सूत्रमा दोस्रो आर्तध्यानको लक्षण बताइएको छ-

-वेदनायाश्च। ९।३२

दु:ख हेतुको निवारणको चिन्ता दोस्रो आर्तध्यान हो। प्रतिकूल वेदना हुँदा वेदनाको कारण निवारणका लागि चिन्ता गरिन्छ, त्यसलाई रोगचिन्ता आर्तध्यान भनिन्छ।

निम्नसूत्रमा तेस्रो आर्तध्यानको लक्षण बताइएको छ-

-विपरीतं मनोज्ञानाम्। ९।३३

इष्टवस्तुको वियोगमा त्यसको प्राप्तिको चिन्ता गर्नु तेस्रो आर्तध्यान हो। यसलाई इष्टवियोग आर्तध्यान भनिन्छ।

चौथो आर्तध्यानको स्वरूप निम्नसूत्रमा बताइएको छ-

-निदानञ्च। ९।३४

अप्राप्त भोग्यवस्तुहरू प्राप्त गर्ने उत्कट चिन्ता चौथो अर्थात् निदान ध्यान या भोग चिन्ता आर्तध्यान भनिन्छ। भोगको वढी लालसा हुँदा भोग्यवस्तुको प्राप्तिका लागि प्रयत्न तथा चिन्ता गरिन्छ, यो चौथो ध्यान हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो आर्तध्यान कुन कुन गुणस्थानमा हुन्छ भन्ने कुरा निम्न सूत्रमा बताइएको छ-

-तदविरत-देशविरत-प्रमत्तसंयतानाम्। ९।३५

यो आर्तध्यान अविरत, देशविरत प्रमत्तसंयत यी गुणस्थानमा मात्र संभव हुन्छ।

आर्तध्यानको स्वरूप र भेद बताइ सकेर सूत्रकार अब निम्नसूत्रमा दोस्रो रौद्रध्यानको स्वरूप बताउँछन् -

-हिंसाऽनृतस्तेयविषयसंरक्षणेभ्यो रौद्रमविरतदेशविरतयोः। ९।३६

हिंसा, असत्य, चोरी र विषयसंरक्षणका लागि निरन्तर चिन्ता गर्नु रौद्रध्यान हो र यो ध्यान अविरत र देशविरतका प्रथम पाँच गुणस्थानमा सम्भव हुन्छ।

जसको चित्त क्रूर र कठोर हुन्छ, त्यसलाई रुद्र भन्छि। रुद्रध्यान या रुद्रव्यक्तिले गर्ने ध्यान नै रौद्रध्यान हो। हिंसा आदिकर्म गर्ने चिन्ताका कारण रौद्रध्यान पनि हिंसानुवन्धी, अनृतानुबन्धी, स्तेयानुवन्धी र विषयसंरक्षणानुवन्धी गरी चार प्रकारका नै हुन्छन्। हिंसा आदि तत्तद् विषयमा मनले सतत चिन्ता गर्नु तत्तत् प्रकारको रौद्र ध्यान हो।

निम्नसूत्रमा तेस्रो धर्मध्यानको भेद र अधिकारीको परिचय वताइएको छ-

-आज्ञापाय-विपाक-सँस्थानविचयाय धर्ममप्रमत्तसंयतस्य। ९।३७

आज्ञा, अपाय, विपाक र सँस्थानको विचारणका लागि मनोवृत्तिलाई एकाग्र गर्नु धर्मध्यान हो र जो अप्रमत्तसंयतमा संभव हुन्छ। अप्रमत्तसंयत भनेको सातौं गुणस्थानको साधक हो।

-उपशान्तक्षीणकषाययोश्च। ९।३८

यो धर्मध्यान उपशान्तकषाय र क्षीणकषाय एघारौं र बाह्रौं गुणस्थानमा पनि सम्भव हुन्छ।

यहाँ धर्मध्यानको भेदका सम्बन्धमा भनिएको छ कि- वीतराग तथा सर्वज्ञ पुरुषको आज्ञा के र कस्तो छ भनी पत्ता लगाउन मनोयोग लगाउनु आज्ञाविचय धर्मध्यान हो भने दोषहरूको स्वरूप र तिनबाट छुट्कारा पाउनका लागि मनोवृत्ति एकाग्र गर्नु अपायविचय धर्मध्यान हो। कस्तो कस्तो कर्मबाट के कस्तो विपाक हुन्छ भन्ने विचारका लागि मन लगाउनु विपाकविचय धर्मध्यान हो भने लोकहरूको स्वरूपका सम्बन्धमा विचार गर्न मन लगाउनु सँस्थानविचय धर्मध्यान हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मध्यान गर्न कस्ता व्यक्ति योग्य हुन्छन् भन्ने कुराका लागि श्वेताम्वर र दिगम्वर परम्परामा मतभेद देखिन्छ। श्वेताम्वरमा उपर्युक्त दुई सूत्रमा निर्दिष्ट सातौं अप्रमत्तसंयतदेखि क्रमशः एघारौं र बाह्रौं गुणस्थान उपशान्तमोह र क्षीणमोहमा भने पछि सातौंदेखि बाह्रौं गुणस्थानमा धर्मध्यान हुन सक्छ भन्ने अभिमत देखिन्छ भने दिगम्वर मान्यतामा चौथोदेखि सातौं सम्मका अर्थात् अविरत, देशविरत, प्रमत्तसंयत र अप्रमत्तसंयत यी चार गुणस्थानमा मात्र धर्मध्यान संभव हुन्छ।

निम्न सूत्रमा शुक्लध्यानको स्वरूप, तथा अधिकारी बताइएको छ-

-शुक्ले चाद्ये पूर्वविदः। ९।३९

शुक्लध्यान चार प्रकारका हुन्छन्, जो तल(९।४१) बताइएको छ। त्यसमा सुरूका दुइटा ध्यान पूर्वविद् अर्थात् पूर्वधर (सकल शास्त्रज्ञ)लाई संभव हुन्छ।

-परे केवलिनः। ९।४०

अन्तिम दुई प्रकारका शुक्लध्यान केवलज्ञानीलाई संभव हुन्छ।

चार प्रकारका शुक्लध्यान के के हुन् ? निम्नसूत्रमा हेरौं-

-पृथक्त्वैकत्ववितर्क-सूक्ष्मक्रिया प्रतिपाति-व्युपरतक्रियानिवृत्तीनि। ९।४१

पृथक्त्ववितर्क, एकत्ववितर्क, सूक्ष्मक्रियाप्रतिपाति र व्युपरतक्रियानिवृत्ति यी चार वटा शुक्लध्यान हुन्।

यी चार शुक्लध्यान मध्ये पहिला दुई ध्यान शास्त्रज्ञ आत्मामा हुने हुनाले दुबै नै वितर्क(श्रुतज्ञान) सहित छन्, तथापि उनीहरूमा यो भेद हुन्छ कि- पहिलोमा पृथक्त्व हुन्छ भने दोस्रोमा एकत्व हुन्छ। त्यस्तै पहिलोमा विचार हुन्छ, दोस्रोमा हुँदैन। यी चारै भेदको स्वरूप निम्न अनुसार छ-

१. पृथक्त्ववितर्कसविचार- यसमा श्रुतज्ञानी व्यक्तिबाट परमाणु आदि जड र आत्मा आदि चेतन पदार्थ मध्ये कुनै एकमा उत्पत्ति, स्थिति, नाश, मूर्तत्व, अमूर्तत्व आदि अनेक पर्यायबाट र द्रव्यास्तिक, पर्यायास्तिक आदि विविध नयद्वारा विभिन्न दृष्टिले श्रुतज्ञानका आधारमा भेदप्रधान चिन्तन गरिन्छ। यसमा विशेष गरी पदार्थहरूको भेदप्रधान विचार हुन्छ।

२. एकत्ववितर्कनिर्विचार- प्रथम शुक्लध्यानको विपरीत यसमा जब ध्यानी व्यक्तिबाट आफ्नो श्रुतज्ञानका आधारमा कुनै एक पर्यायरूप अर्थलाई लिएर मन आदि कुनै एक योगको आश्रयमा अभेदप्रधान चिन्तन गरिन्छ। यसमा पनि श्रुतज्ञानकै अवलम्वन भएता पनि प्रमुखतया पदार्थको अभेदचिन्तन गरिन्छ र अर्थ, शब्द र योग आदिको परिवर्तन नहुनाले निर्विचार भनिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. सूक्ष्मक्रिया प्रतिपाती- जव सर्वज्ञ भगवान् योगनिरोधका क्रममा स्थूल कार्ययोगको आश्रयवाट वचन र मनको स्थूल योगलाई सूक्ष्म वनाउँदै सूक्ष्मशरीरको आश्रय लिएर योगनिरोध गर्दछन्। यसमा श्वास-प्रश्वास झैँ अन्तमा सूक्ष्मक्रिया मात्र बाँकी रहेको हुन्छ।

४. व्युपरतक्रियानिवृत्ति- जव शरीरको श्वास-प्रश्वास आदि सूक्ष्म क्रिया समेत बन्द भएर केवल आत्मप्रदेश निष्प्रकम्प रहन्छ तव त्यो व्युपरत(समुच्छिन्न)क्रियानिवृत्ति ध्यान हुन्छ। यसमा स्थूल या सूक्ष्म कुनै पनि प्रकारको कायिक, वाचिक र मानसिक क्रिया हुँदैन। यसको प्रभाववाट आस्रव र वन्धको निरोध भई कर्मक्षीण भएर मोक्षप्राप्त हुन्छ।

शुक्लध्यानका अधिकारी कस्ता व्यक्ति हुन्छन् भन्ने कुरा निम्न सूत्रमा वताइएको छ-

-तत्त्र्येककाययोगायोगानाम्। ९।४२

ती चारै प्रकारका शुक्लध्यानका स्वामी या अधिकारी तीन योगवाला, कुनै पनि एक योगवाला, काययोगवाला र योगरहित व्यक्ति हुन सक्तछन्। अर्थात् मन, वचन र काय तीन नै योगवाला चार शुक्लध्यान मध्ये पहिलो पृथक्त्ववितर्क सविचारको अधिकारी हुन्छ भने तीन योग मध्ये कुनै पनि एक योगवाला व्यक्ति दोस्रो शुक्लध्यानको अधिकारी हुन्छ। काययोगवाला व्यक्ति तेस्रो शुक्ल ध्यान सूक्ष्मक्रियाप्रतिपातीको अधिकारी हुन्छ। अयोगी व्यक्ति चाहिँ चौथो शुक्लध्यान समुच्छिन्नक्रिया निवृत्तिको अधिकारी हुन्छ।

प्रथम दुई शुक्लध्यानको विशेष स्वरूप निम्नसूत्रमा वताइएको छ-

-एकाश्रये सवितर्के पूर्वे। ९।४३

प्रथम र दोस्रो शुक्ल ध्यान पूर्वज्ञानधारी एक आत्मामा आश्रित तथा वितर्क सहितको हुन्छ।

-अविचारं द्वितीयम्। ९।४४

पहिलो र दोस्रो शुक्ल ध्यानमा पहिलो विचारले सहित भएकोले सविचार र दोस्रो अविचार या निर्विचारवाला हुन्छ।

-वितर्कः श्रुतम्। ९।४५

शुक्लध्यानको भेदप्रतिपादक ९।४१ सूत्रमा प्रयुक्त वितर्क शव्दको अर्थ श्रुत हो।

-विचारोऽर्थव्यञ्जनयोगसंक्रान्ति। ९।४६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९।४४ सूत्रमा प्रयुक्त विचार शब्दले अर्थ, व्यञ्जन र योगको संक्रान्ति (परिवर्तन) लाई बुझाउन खोजेको छ।

निम्न सूत्रमा मोक्षाभिमुख गुण निर्जरा जस जसमा छ त्यस्ता व्यक्तिहरूको मोक्षमार्ग तिर लाग्ने क्रम निर्देश गरिएको छ-

-सम्यक्दृष्टि-श्रावक-विरतानन्त-वियोजक-दर्शनमोहक्षपकोपशमकोपशान्तमोह-क्षपक-क्षीणमोह-जीनाः क्रमशोऽसंख्येयगुणनिर्जराः। ९।४७

सम्यक्दृष्टि, श्रावक, विरत, अनन्तवियोजक, दर्शनमोहक्षपक, उपशमक, उपशान्तमोह, क्षपक, क्षीणमोह र जिन यी दशप्रकारका व्यक्ति क्रमशः असंख्येय गुण निर्जरावाला हुन्। सम्पूर्ण कर्मबन्धनको सर्वथा क्षय हुनु मोक्ष हो भने अंशतः क्षय हुनु निर्जरा हो। यसबाट बुझिन्छ कि निर्जरा मोक्षाभिमुख अङ्ग हो। प्रस्तुत सूत्रमा असंख्येय गुण निर्जरा भनेर दिइएका दशवटा अङ्गहरू मोक्षाभिमुख विशिष्ट महात्मा हुन् र मोक्षमार्ग तिर लाग्ने क्रम सम्यग्दृष्टिबाट सुरु हुन्छ र जिन भए पछि मोक्षपदमा पुगिन्छ। त्यसैले यहाँ दिइएका दशवटा मोक्षक्रममा पूर्वपूर्वका अपेक्षामा उत्तरोत्तर अझ विशिष्ट र विशुद्धतर छ। अतः प्रथम प्रथम अवस्थामा जति कर्म निर्जरा(कर्म क्षय) हुन्छ त्यसको अपेक्षामा पछि पछिका अवस्थामा परिणामविशुद्धिका विशेषताका कारण कर्मनिर्जरा पनि असंख्यात गुणा बढ्दै जान्छ बढ्दै जान्छ र अन्तमा जिन (सर्वज्ञ) को अवस्थामा निर्जराको मात्रा सबभन्दा अधिक हुन जान्छ। तसर्थ कर्मनिर्जराको यस तरतमभावमा मोक्षद्वारमा प्रवेश गरेका यी दश मध्ये सम्यग्दृष्टिमा सबैभन्दा कम र जिनमा सबैभन्दा बढी निर्जरा हुन्छ। यी दश अवस्थाको स्वरूप निम्नानुसार रहेको छ -

१. जुन अवस्थामा मिथ्यात्व दूर भएर सम्यक्त्वको उदय हुन्छ त्यो सम्यग्दृष्टि हो।
२. प्रत्याख्यानावरण कषायको क्षयोपशमबाट अल्पांशमा विरति प्रकट हुनु श्रावक हो।
३. प्रत्याख्यानावरण कषायको क्षयोपशमबाट सर्वांशमा विरति प्रकट हुनु विरत हो।
४. अनन्तानुबन्धी कषायको क्षयका लागि योग्य विशुद्धि प्रकट हुनु अनन्त वियोजक हो।
५. जसमा दर्शनमोहको क्षयका लागि समुचित विशुद्धि प्रकट हुन्छ त्यो दर्शनमोह क्षपक हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६. जुन अवस्थामा मोहका शेष प्रकृतिको क्षय हुन थाल्छ त्यो उपशमक हो।
७. जसमा उपशम पूर्ण हुन्छ त्यो उपशान्त मोह हो।
८. जहाँ मोहका शेष प्रकृतिको क्षय भैरहेको हुन्छ त्यो क्षपक हो।
९. जसमा पूर्ण रूपले मोहको क्षय हुन्छ त्यो क्षीणमोह हो।
१०. जसमा सर्वज्ञता प्रकट भै सकेको छ त्यो जिन हो।

जसमा रागद्वेशको ग्रन्थी विल्कुलै हुँदैन त्यसलाई निर्ग्रन्थ भनिन्छ। जुन सुकै मनुष्यले भविष्यमा निर्ग्रन्थ पदमा पुग्ने लक्ष्य राख्नु पर्ने हुन्छ। कति प्रकारको हुन्छ त त्यो निर्ग्रन्थ ? निम्न सूत्रमा हेरौं-

-पुलाक-बकुश-कुशील-निर्ग्रन्थ-स्नातका निर्ग्रन्थाः। ९।४८

निर्ग्रन्थका पुलाक, बकुश, कुशील, निर्ग्रन्थ र स्नातक गरी पाँच भेद हुन्छन्। निर्ग्रन्थ शब्दको तात्विक र व्यावहारिक अर्थ भिन्ना भिन्नै हुन्छन्। दुबै किसिमका अथलाई समेटेर यहाँ निर्ग्रन्थका पाँच भेद गरिएको छ। राग-द्वेष रहित हुनु तात्त्विक निर्ग्रन्थ हो भने व्यावहारिक व्यक्ति व्रतकर्ममा स्वयं अपूर्ण भए पनि तात्त्विक निर्ग्रन्थको अभिलाषी हुन्छन् भने त्यो व्यावहारिक निर्ग्रन्थ हो। उक्त पाँच भेदमा पहिलेका तीनवटा व्यावहारिक र बाँकी दुइटा तात्विक निर्ग्रन्थ हुन्। जसको स्वरूप निम्नानुसार रहेको छ-

१. मूलगुण र उत्तरगुणंमा परिपूर्णता प्राप्त नगरे पनि वीतरागप्रणीत आगमवाट विचलित न हुने निर्ग्रन्थ पुलाक (मलिन, अपरिपक्व तण्डुल) हो। केही दोष सहित हुनाले यस्ता मुनिलाई पनि पुलाक भनिएको हो।
२. जो मूल गुणको पालन गर्दै पनि शरीर र व्यावहारिक उपकरणको शोभा वढाउने इच्छा राख्तछन् र परिवारमा मोह एवं सिद्धि र कीर्तिमा अभिलाषा राख्तछन् त्यसलाई बकुश भनिन्छ।
३. इन्द्रियको वशवर्ती भएकाले उत्तर गुणको पूर्ण परिपालन नगर्ने मुनि प्रतिसेवना कुशील र कहिले पनि तीब्र कषायको वशमा नपरेर मन्द कषायको वशीभूत हुने कषायकुशील गरी कुशील दुई प्रकारका हुन्छन्।
४. सर्वज्ञता नभए पनि रागद्वेषबाट अत्यन्त मुक्त छ र अन्तर्मुहूर्तमै सर्वज्ञता प्रकट हुन्छ त्यो निर्ग्रन्थ हो।
५. जसमा सर्वज्ञता प्रकट हुन्छ त्यो स्नातक हो।

निम्न सूत्रमा सर्वज्ञता प्रकट हुन लागेका निर्ग्रन्थ मुनिहरूमा हुने विशेषताद्योतक आठ तत्त्वहरूको विवरण दिइएको छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

- संयम - श्रुत - प्रतिसेवना - तीर्थ - लिङ्ग - लेश्योपपात- स्थान विकल्पत: साध्या:।९।४९

संयम, श्रुत, प्रतिसेवना, तीर्थ, लिङ्ग, लेश्या, उपपात र स्थानका भेदले निर्ग्रन्थहरूको फरक फरक विशेषता सिद्ध हुन्छ।

कुन कुन निर्ग्रन्थ मुनिहरूमा के कस्ता अन्य विशेषताहरू हुन्छन् भन्ने कुरा यस सूत्रमा प्रस्ट पारिएको छ। त्यसमा पुलाक, बकुश र प्रतिसेवनाकुशील मुनिहरूमा सामायिक र छेदोपस्थापना चरित्र हुन्छन्। कषाय कुशीलमा यथाख्यात चरित्र वाहेक अन्य चार चरित्र हुन्छन्। निर्ग्रन्थ र स्नातकमा यथाख्यात चरित्र हुन्छ।

उत्कृष्टवाट पुलाक, बकुश, र प्रतिसेवना कुशील मुनि एक अक्षर पनि न्यून नभएको अभिन्नाक्षर दशपूर्वको ज्ञाता हुन्छन्। कषाय कुशील र निर्ग्रन्थ चौध पूर्वका ज्ञाता हुन्छन्। जघन्यबाट हेर्दा पुलाक पनि आचारशास्त्रको निरूपण गर्दछ भने बकुश, कुशील र निर्ग्रन्थ मुनि पाँच समिति र तीन गुप्तिका आठ प्रवचन मातृकाको निरूपण गर्दछन्। स्नातकलाई श्रुतज्ञान होइन केवलज्ञान हुन्छ।

व्रतमा दोष लाग्नु या कमी कमजोरी हुनु प्रतिसेवना (विराधना) हो। पुलाक मुनिको पाँच महाव्रत र रात्रिभोजन त्याग रूप व्रतमा विराधना हुन्छ। कसैको कर बलमा कुनै एक व्रतमा प्रतिसेवनावालाले एक व्रतको त्याग गर्छ। उपकरण र शरीर गरी दुई प्रकारका वकुशमा प्रथमले उपकरणको प्रयोग चाहन्छ भने दोस्रोले तैलाभ्यङ्ग आदि गर्दछ। यही नै वकुशको प्रतिसेवना हो। प्रतिसेवना कुशील मुनि मूल गुणको. विराधना गर्दैन तर उत्तरगुणको विराधना गर्दछ। कषाय कुशील, निर्ग्रन्थ र स्नातकको कुनै प्रतिसेवना हुँदैन।

द्रव्य लिङ्ग र भाव लिङ्ग गरेर लिङ्ग दुई प्रकारका हुन्छन्। पाँचै प्रकारका मुनिहरूमा भावलिङ्ग समान रहन्छ। द्रव्यलिङ्ग कुनैमा हुन्छ पनि हुँदैन पनि। कोही मुनि शीतकालमा कम्वल आदि वस्त्र प्रयोग गर्दछन्, तर न धुन्छन्, न फाट्दा सिउछन्। कोही लज्जाका कारण दिगम्वर पनि वस्त्रहरू ग्रहण गर्दछन्, तर त्यो अपवाद हो।

लेश्या भनेको गुण, परिणाम या शक्तिविशेष हो। पुलाकमा पीत, पद्म र शुक्ल यी तीन लेश्या हुन्छन्। बकुश र प्रतिसेवना कुशील मुनिमा छ लेश्या नै हुन्छन्।

उपपाद भनेको उत्पति हो। कुन मुनिको कहाँ उत्पत्ति हुन्छ भन्ने कुरा यसमा उल्लेख हुन्छ। उत्कृष्टवाट हेर्दा पुलाक मुनिको अठार सागरको स्थितिमा सहस्रार स्वर्गका देवको रूपमा उत्पत्ति हुन्छ भने वकुश र प्रतिसेवना कुशीलको बाईस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सागरको आयुवाला आरण र अच्युत स्वर्गका देवको रूपमा जन्म हुन्छ। कषाय कुशील र निर्ग्रन्थको तेत्तीस सागरको स्थितिवाला सर्वार्थसिद्धि नामक स्वर्गका देवताको रूपमा प्राकट्य हुन्छ। सबै मुनिको जघन्य उपपाद भने दुई सागरको स्थितिवाला सौधर्म र ऐशान स्वर्गका देवमा उत्पाद हुन्छ। स्नातकको उपपाद भने मोक्षपदमा हुन्छ।

निर्ग्रन्थमा स्थान भनेको संयमको स्थान हो र यसको असंख्यात प्रकार हुन्छ। पुलाक र कषाय कुशीलको सर्वजघन्य असंख्यात संयम स्थान हुन्छ। यी दुवै मुनि साथ साथ असंख्यात स्थानमा जान्छन् र पुलाकले साथ छोड्छ। एवं कषाय कुशील, प्रतिसेवना कुशील र बकुश एकै साथ असंख्यात अकषाय निमित्तक संयम स्थान सम्म जान्छन् र उनीहरूको पनि निवृत्ति हुन्छ। यस पछि एक संयम स्थान सम्म गएर स्नातकलाई निर्वाण प्राप्ति हुन्छ। स्नातकको संयमलब्धि अनन्त गुणा हुन्छ।

नवम अध्याय समाप्त

◆◆◆

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दशम अध्याय

मोक्ष

नवौं अध्यायमा कर्मबन्ध(आस्रव)को निरोध रूप संवर र कर्मबन्धको अंशतः क्षयरूप निर्जराको निरूपण गरियो। अब कर्मबन्धको पूर्णतः क्षयरूप मोक्षपदको निरूपण यो दसौं अध्यायमा गरिने छ। जैन दर्शनमा मोक्षको अवस्थालाई कैवल्य! पनि भनिएको छ र जुन अवस्थामा साधकलाई केवल नामक विशिष्ट ज्ञान प्राप्त हुन्छ। केवलज्ञान भए पछि कैवल्य (मोक्ष) प्राप्ति हुन्छ र साधक सदाका लागि जन्म मृत्युका चक्रवाट मुक्त हुन्छ। कैवल्य कसरी प्राप्त हुन्छ ? यस जिज्ञासाको शमनका लागि निम्न सूत्रमा कैवल्यका हेतु सम्वन्धमा स्पष्ट पारिएको छ-

-मोहक्षयाज्ज्ञानदर्शनावरणान्तरायक्षयाच्च केवलम्। १०।१

मोहको क्षय, ज्ञानावरण र दर्शनावरणको क्षय एवं अन्तरायको क्षयबाट केवलज्ञान प्रकट हुन्छ।

पहिले (८।१०) वताइएका मोहनीय कर्मका २८ प्रकार, मति, श्रुत, अवधि, मनःपर्याय र केवलज्ञानका आवरण रूप यी ज्ञानावरणका पाँच प्रकार, दर्शनावरणका नौ भेद (८।८), अन्तरायका पाँच प्रकृति, अर्थात् दान, लाभ, भोग, उपभोग र वीर्यका अन्तरायको क्षय, अनि सूत्रमा प्रयुक्त च शब्दबाट बुझिने देवायु, नरकायु र तिर्यगायुको क्षय, एवं साधारण, आतप, पाँच इन्द्रियवाला बाहेक अन्य एकेन्द्रिय, द्वीन्द्रिय, त्रीन्द्रिय र चतुरिन्द्रियवाला चार जाति, नरक गति, नरकगत्यनुपूर्वी र उद्योत यी १३ नामकर्म प्रकृति(८।१२)को क्षय यसरी जम्मा ६३ प्रकृतिका कर्मको आत्यन्तिक क्षय भए पछि केवलज्ञान उत्पन्न हुन्छ। केवलज्ञान भनेको सर्वज्ञको अवस्था हो र यो सर्वज्ञको अवस्थालाई नै मोक्षपद भनिन्छ।

कैवल्य प्राप्तिको अवस्थामा कर्मको आत्यन्तिक क्षय हुन्छ। कर्मको आत्यन्तिक क्षय कसरी कुन उपायबाट हुन्छ भन्ने कुरा निम्न सूत्रमा देखाइएको छ-

-बन्धहेत्वभावनिर्जराभ्याम्। १०।२

बन्धहेतुको अभाव र निर्जराबाट कर्मको आत्यन्तिक क्षय हुन्छ। आत्यन्तिक क्षयको मतलब अब त्यस्ता बन्धकारक कर्महरू आत्मामा कहिले पनि उत्पन्न हुँदैनन् अर्थात् त्यस्ता कर्महरूको सम्बन्ध जीवात्मामा सदाका लागि नै हुँदैन।

सम्पूर्ण कर्मको क्षय भनेको कुन् अवस्था हो ? या मोक्ष भनेको के हो ? यी दुबै प्रश्नको समाधानका लागि निम्नसूत्र हेरौं-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-कृत्स्नकर्मक्षयो मोक्षः। १०।३

सम्पूर्ण कर्मको क्षय नै मोक्ष हो। यस अवस्थामा जीव केवलज्ञानमात्र रहेको विशुद्ध अवस्थामा रहेको हुन्छ।

जैनको दिगम्बर परम्परामा उपर्युक्त दुई सूत्रलाई एउटै सूत्रको रूपमा यसरी राखिएको छ-

बन्धहेत्वभावनिर्जराभ्यां कृत्स्नकर्मविप्रमोक्षो मोक्षः।१०।२दि.

भानाइको मतलब कर्मवन्धको आत्यन्तिक क्षयबाट मोक्ष हुन्छ। आत्यन्तिक क्षय भनेको पूवकर्मबन्धनको पनि पूर्णतः नाश हुनु र नवीनकर्मले पनि बन्धनमा पार्न न सक्नु या नवीनकर्मको आर्जन नगर्नु हो। उपर्युक्त सूत्रमा कर्मवन्धनको आत्यन्तिक क्षयको कारण बताएको छ। ती कारण दुईवटा छन्- बन्धहेतुको अभाव र निर्जरा। कर्मले के कारणले बाँध्छ ? ती कारणहरू नहुने हो भने नवीन कर्मले बाँध्न सक्तैन। पूर्वकर्मबन्धनको पूर्णतः अभाव निर्जरावाट हुन्छ। मिथ्यादर्शन, अविरति, प्रमाद, कषाय र योग यी पाँचवटा वन्धहेतुहरू जो पहिले(८।१) बताइएका छन्, संवरद्वारा तिनको अभाव हुन्छ र तप, ध्यान आदिद्वारा निर्जरा पनि हुन्छ। यस प्रक्रियावाट मोक्ष प्राप्त भए पछि जन्ममरणको चक्रवाट पनि सदाका लागि मुक्त होइन्छ।

मोक्षका लागि अन्य कारणहरू पनि हुन सक्छन्। ती कारणहरू निम्न सूत्रमा देखाइएको छ-

-औपशमिकादिभव्यत्वाभावाच्चान्यत्र केवलसम्यक्त्वज्ञानदर्शनसिद्धत्वेभ्यः। १०।४

औपशमिक, औदयिक, क्षायोपशमिक र पारिणामिकमा भव्यत्व मात्र यी चार भावको क्षयबाट मोक्ष हुन्छ तर मोक्षावस्थामा केवलसम्यक्त्व, केवलज्ञान, केवलदर्शन र सिद्धत्व यी चार भावको भने क्षय हुँदैन।

कर्म पनि द्रव्यकर्म र भावकर्मका रूपमा दुई प्रकारका हुन्छन्। पौद्गलिक कर्मलाई द्रव्यकर्म भनिन्छ भने औपशमिक, औदयिक, क्षायोपशमिक र पारिणामिक रूपका आत्मिक भावलाई भावकर्म भनिन्छ। त्यसमा मोक्षका लागि भावकर्मको क्षय पनि आवश्यक छ। त्यसैले उपर्युक्त औपशमिक आदि चार भावकर्महरूको क्षय पनि मोक्षको साधन हो।

मुक्तजीव कहाँ जान्छ ? कसरी रहन्छ ? यो प्रश्नको उत्तर निम्न सूत्रमा हेरौं-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-तदनन्तरमूर्ध्वं गच्छन्त्यालोकान्तात्। १०।५

सम्पूर्ण कर्मको क्षय भए पछि मुक्त भएको जीव लोकका अन्त सम्म ऊर्ध्वगतिमा जान्छ। सम्पूर्ण कर्म र त्यसमा आश्रित औपशमिक आदि भावको नाश भए पछि तुरून्त एकै समयमा तीन कार्य हुन्छन्- १. शरीरको वियोग, २. सिध्यमान ऊर्ध्व गति र ३. लोकान्त प्राप्ति। यहाँ ऊर्ध्वगतिलाई नै सिध्यमान गति भनिएको हो।

निम्न सूत्रमा ऊर्ध्वगतिको कारण के हो भन्ने कुरा देखाइएको छ -

-पूर्वप्रयोगादसङ्गत्वाद् बन्धच्छेदात् तथागतिपरिणामाच्च तद्गतिः।१०।६

पूर्वप्रयोगबाट, सङ्गको अभावबाट, बन्धन टुटेबाट र ऊर्ध्वगमनको स्वभाव भए बाट मुक्तजीवको ऊर्ध्वगमन हुन्छ। कर्म या पौद्गलित पदार्थको सहयोग विना आर्तजीव कसरी गति गर्दछ ? ऊर्ध्वगति नै किन गर्दछ ? अधोगति किन हुँदैन ? भन्ने प्रश्नको उत्तर यस सूत्रमा दिइएको छ।

मुक्तजीवको स्वभावत नै ऊर्ध्वगति हुन्छ। जीवद्रव्य पनि अन्य पुद्गल द्रव्य झैँ गतिशील हुन्छ। ऊर्ध्व गति हुनमा जीवलाई कुनै विघ्न, बाधा हुदैन। किनकि कर्मसङ्ग छुटेको हुन्छ, कर्मबन्धन पनि टुटेको हुन्छ। यसर्थमा कुनै प्रतिबन्धक न भएको हुनाले जीव स्वभाव अनुसार ऊर्ध्वगतिमा जान्छ। यसमा केही निमित्तहरू पनि हुन्छन्। ती निमित्त नै सूत्रकारले सूत्रमा देखाएका हुन्। त्यसमा एक निमित्त पूर्वप्रयोग हो।

पूर्व प्रयोगको मतलब पूर्वबध्द कर्म टुटे पछि पनि कुमालेको चक्रभ्रमण झैँ (आवेश या सँस्कार).ले ऊ ऊर्ध्व गतिमा प्राप्त हुन्छ। अर्को कारण हो असङ्ग।. मुक्त जीव कर्मसङ्गबाट दूर भई कर्मभार रहित स्वतन्त्र जीवको स्वभावतः सिमलको भुवा झैँ ऊर्ध्वगति हुन्छ। कर्मसङ्ग तथा कर्मबन्धन टुटेकाले ऊर्ध्वगति हुनमा जीवलाई कुनै विघ्नवाधा हुँदैन। यसरी कुनै प्रतिबन्धक नभएकाले जीव स्वभाव अनुसार ऊर्ध्वगतिमा जान्छ।

अर्को निमित्त हो बन्धच्छेद। परजन्मका कारण गति, जाति आदि समस्त कर्मबन्धको नाश हुनाले पनि जीव प्रतिबन्ध रहित, स्वतन्त्र हुँदा ऊर्ध्वगति हुन्छ। तथागति परिणामले पनि मुक्तको गति ऊर्ध्व हुन्छ। शास्त्रहरूमा यत्र तत्र मुक्त जीवको गतिपरिणाम ऊर्ध्वगामी हुन्छ भन्ने कुरा बताइएको छ। यसरी मुक्तजीवको ऊर्ध्वगमनका लागि चार कारणहरू रहेका छन् र जसले गर्दा जीव निर्बाध रूपमा माथि माथिका लोक सम्म जान्छ र उसको गतिको अन्त लोकान्तमा हुन्छ। जहाँ सम्म धर्मास्तिकाय रहेको हुन्छ त्यही लोकान्त हो र त्यहाँ सम्म मात्र जीवको गति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ। त्यस बाहिर धर्मास्तिकाय नहुँनाले त्यहाँ जीवको पनि गति हुँदैन। दिगम्वर शास्त्रमा यी ऊर्ध्वगतिका चार निमित्तमा क्रमशः चार उदाहरण प्रस्तुत गरिएको पाइन्छ र जो एक सूत्रमा नै आवद्ध छन्। त्यो सूत्र निम्नानुसार छ-

आबिद्धकुलालचक्रवद् व्यपगतलेपालापवदेरण्डबीजवदग्निशिखावच्च। १०।७ दि.

घुमाएको कुमालको चक्र झैं पूर्वसँस्कारले गर्दा, लेप(गुदी) रहित तुम्बी (लौका) पानीमा उत्रिए झैं सङ्ग नभएकोले गर्दा, सुकेको एरण्ड (अडिर) वीज फुट्दा उँभो गए झैं प्रतिवन्ध नभएकोले गर्दा अनि अग्निको ज्वाला उँभो गए झैं स्वकीय स्वभावले गर्दा मुक्तजीवको ऊर्ध्वगमन हुन्छ।

यो निम्न प्रस्तुत सूत्र पनि श्वेताम्बर संप्रदायमा पाँइदैन। दिगम्वर सम्प्रदायको प्रस्तुत सूत्र मुक्तजीव लोकान्तभन्दा माथि न जानुको कारण दर्शाइएको छ-

धर्मास्तिकायाभावात्।१०।८दि.

धर्मास्तिकाय न भएकाले मुक्तजीव लोकान्तभन्दा माथि जाँदैन। गमनको कारण धर्मद्रव्य हो। धर्मद्रव्य लोकाकाश सम्म मात्र हुन्छ, अलोकाकाशमा हुदैन। अत एव जीव लोकान्तभन्दा वाहिर जादैन। लोकान्त भनेको लोक भएको ठाँउ हो। स्वभावकै कारण मुक्तजीव तिर्यग्गमन र अधोगमन नगरेर अग्निशिखा झैं ऊर्ध्वगमन नै गर्दछ।

निम्नसूत्रमा मुक्तजीवमा भेद हुनाका कारणहरू अर्थात् मुक्त मनुष्यका विशेषताहरू देखाइएको छ -

-क्षेत्र-काल-गति-लिङ्ग-तीर्थ-चारित्र- प्रत्येकबुद्धबोधित-ज्ञानावगाहनानन्तरसंख्याल्प बहुत्वतः साध्याः। १०।७

क्षेत्र, काल, गति, लिङ्ग, तीर्थ, चारित्र, प्रत्येकबुद्धवोधित, ज्ञान, अवगाहना, अन्तर, संख्या र अल्पबहुत्व यी १२ वटा अनुयोग या विशेषताले सिद्ध (मुक्त)मा पारस्परिक भेद पाउन सकिन्छ।

सिद्धजीव भन्नाले यहाँ मुक्तजीवलाई भन्न खोजिएको छ। यी सिद्ध जीवहरूको विशेष स्वरूप बुझ्नका लागि यहाँ १२ वटा विशेषताहरू देखाइएको छ। यद्यपि लोकान्तको सिद्धशिलामा पुगि सकेका सबै सिद्ध जीवमा गति, लिङ्ग आदि सांसारिक भावहरू नहुँनाले विशेष भेद भने हुँदैन, तथापि निश्चयनय र व्यवहारनय या उनीहरूको पृथिवीमा रहँदाको अवस्थाका आधारमा यो भेद देखाइएको हो। जसको केही व्याख्यात्मक विवरण तल दिइएको छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षेत्र- वर्तमान भावका दृष्टिले मुक्त हुने सबै जीवहरूको सिद्ध हुने स्थान एकै सिद्ध क्षेत्र आत्मप्रदेश या आकाश प्रदेश हो, तर भूतभावका दृष्टिले अलग अलग क्षेत्र हो। जन्म भूतकालिक भाव हो, जसका आधारमा १५ जन्मभूमिमा मुक्त मनुष्य भिन्न भिन्न जन्मभूमि र कर्मभूमिवाट सिद्ध भएका हुन्छन् भने संहरणका दृष्टिले समग्र मनुष्यक्षेत्रबाट सिद्ध भएका हुन्छन्।

काल- वर्तमान दृष्टिले सिद्ध हुने कुनै कालचक्र हुँदैन तर भूतकालिक दृष्टिले जन्मका अपेक्षा अवसर्पिणी, उत्सर्पिणी, अनवसर्पिणी र अनुत्सर्पिणी कालमा जन्मिएका जीव सिद्ध हुन्छन्। संहरणका अपेक्षामा उक्त सबैकालमा सिद्ध हुन्छन्।

गति- वर्तमान दृष्टिले सिद्ध गतिमा नै जीव सिद्ध हुन्छन्। भूतदृष्टिले अन्तिम भावमा विचार गर्ने हो भने मनुष्य गतिले र उपान्त्य भावले विचार गर्ने हो भने देव, नारक, मनुष्य, तिर्यक् चारै गतिले सिद्ध हुन्छ।

लिङ्ग- लिङ्गशब्दले वेद या चिह्नलाई बुझाउँछ। वेद अर्थलाई लिएर वर्तमान दृष्टिले अवेद नै सिद्ध हुन्छन् भने भूत दृष्टिले स्त्री, पुरुष र नपंसक तीन वेदबाट नै सिद्ध हुन्छन्। लिङ्ग शब्दले चिह्न अर्थलाई लिने हो भने वर्तमान दृष्टिले अलिङ्ग नै सिद्ध हुन्छ भने भूतदृष्टिले भावलिङ्ग अर्थात् आन्तरिक योग्यताको विचार गर्ने हो भने स्वलिङ्ग (वीतरागता), द्रव्यलिङ्गको विचार गर्ने हो भने स्वलिङ्ग र परलिङ्ग (जैन र जैनेतर लिङ्ग) अनि गृहस्थ लिङ्गबाट सिद्ध हुन्छ।

तीर्थ- कोही तीर्थङ्कर रूपमा र कोही अतीर्थङ्कर रूपमा सिद्ध हुन्छन्।

चारित्र- वर्तमान दृष्टिले सिद्ध जीव न चारित्री न त अचारित्री नै हुन्छन् तर भूतकालका दृष्टिले यदि अन्तिम समयलाई हेर्ने हो भने यथाख्यात चारित्री र पूर्व समयलाई लिने हो भने सामायिक, सूक्ष्मसंपराय र यथाख्यात यी तीन, अथवा छेदोपस्थापनीय, सूक्ष्मसंपराय र यथाख्यात यी तीन, या सामायिक, परिहार विशुद्धि, सूक्ष्मसंपराय र यथाख्यात यी चार, वा सामायिक, छेदोपस्थापनीय, परिहारविशुद्धि, सूक्ष्मसंपराय र यथाख्यात यी पाँच चारित्र हुन्छन्।

प्रत्येकबुद्धबोधित- प्रत्येकबोधित र बुद्धबोधित दुबै जीव सिद्ध हुन्छन्। कोही संसारबाट स्वयं विरक्त भएर सिद्ध हुन्छन् ती प्रत्येकबोधित र कोही अन्यको उपदेशबाट सिद्ध हुन्छन् ती बुद्धबोधित हुन्।

ज्ञान- वर्तमान दृष्टिले हेर्ने हो भने केवलज्ञानी मात्र सिद्ध हुन्छन्, तर भूतदृष्टिले मति र श्रुत दुई ज्ञानवाला, अनि मति, श्रुत र अवधि तीन ज्ञानवाला या मति, श्रुत,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनःपर्याय तीन ज्ञानवाला, अथवा मति, श्रुत, अवधि, मनःपर्याय यी चार ज्ञानवाला व्यक्ति सिद्ध हुन्छन्।

अवगाहना(उचाइ)- शरीरको उचाइलाई अवगाहना भनिन्छ। अवगाहना दुई प्रकारको हुन्छ- उत्कृष्ट र जघन्य। सिद्ध हुने जीवको उत्कृष्ट हवगाहना सवा पाँच सय धनुष र जघन्य साढे तीन हात हुन्छ। जो जीव सोह्र वर्षको उमेरमा सात हातको शरीरवाला हुन्छ र सात वर्षमा साढे तीन हात उचाइको हुन्छ त्यसको मुक्ति हुन्छ।

अन्तर(व्यवधान)- यदि जीव लगातार सिद्ध हुँदै रहे भने जघन्य दुई समय र उत्कृष्ट आठ समयको अन्तर हुन्छ या यति समय सम्म सिद्ध हुँदै रहन्छन्। यदि त्यसमा व्यवधान भयो भने जघन्य एक समय र उत्कृष्ट एक महिनाको अन्तर हुन्छ।

संख्या- एक समयमा जघन्य एक र उत्कृष्ट एक सय आठ सिद्ध हुन्छन्।

अल्पबहुत्व- क्षेत्र आदि जुन ११ भावको विचार यहाँ गरियो, यसमा संभाव्य भेदको न्यूनाधिकताका विषयमा विचार गर्नु अल्पबहुत्व हो। जस्तै क्षेत्रसिद्धमा संहरणसिद्धका अपेक्षामा जन्मसिद्ध असंख्यात गुणाधिक हुन्छन्। यस्तै काल, गति आदि विविध भावका अपेक्षामा सिद्ध भएका मुनिहरूमा पनि अपेक्षाकृत अल्पबहुत्व हुन्छ।

दशम अध्याय समाप्त

◆◆◆

तत्त्वार्थसूत्रम् समाप्तम्

सन्दर्भग्रन्थसूची-

१. तत्त्वार्थसूत्र- वाचक- उमास्वाती विरचित।
विवेचक- पं. सुखलाल संघवी, इ.२००७

२. तत्त्वार्थवृत्तिः- श्रुतसागर विरचित
संपादन-अनुवाद-प्रो. महेन्दकुमार जैन, तृतीय सं., २००२

३. जैनदर्शन और विज्ञान- समाकलन- मुनि महेन्द्रकुमार इ. २००८

४. जैनदर्शन मनन और मीमांसा- आचार्य महाप्रज्ञ, सन् २०११

५. आचार्य मल्लिषेणकृत स्याद्वादमञ्जरी-एक समीक्षात्मक अध्ययन
समीक्षक- किरणकला जैन

◆◆◆

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतं धर्मभूतये, जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये, जयतु संस्कृतं विश्वभूतये ।।

नेपालसर्वकारतः स्वीकृता सामाजिकी प्राशिकी च सर्वकारीयेतरा संस्था

जयतु संस्कृतम् संस्थायाः प्रकाशनानि

१. मङ्गलग्रहः (काव्यम्) - डा. टीकारामः पन्थी
२. कृष्णाभिसर्पणम् (काव्यम्) - महाकविः भरतराजः मन्थलीयः
३. मीमांसातर्कभाषा - डा. काशीनाथः न्यौपाने
४. चन्द्रप्रभा (काव्यम्) - डा. टीकारामः अधिकारी
५. संस्कृतकवितासङ्ग्रहः (प्रथमपुष्पम्) - संयुक्तसम्पादनम्
६. कलमाक्षरचरितकाव्यम् - प्रा. तेजः केशरी शर्मा
७. संस्कृतमा के छ ? - अनुसन्धानात्मकलेखसङ्ग्रहः
८. जयतु संस्कृतम् (मुखपत्रम्) - संयुक्तसम्पादनम्
९. प्राकृतपोखरा (संस्कृते) - अनुवादकः डा. लक्ष्मीकान्तः पन्थी
१०. लङ्कावतारसूत्रम् - अनु.डा. काशीनाथः न्यौपाने
११. चार्वाकदर्शनम् - प्रा. रेवतीरमणः खनाल
१२. गौतमन्यायसूत्रम् - अनु.प्रा. पद्मप्रसादः भट्टराई
१३. ब्रह्मसूत्रम् - अनु.प्रा.डा. दीर्घराजः घिमिरे
१४. जयतु संस्कृतम् (मुखपत्रम्) - संयुक्तसम्पादनम्
१५. संस्कृतकवितासङ्ग्रहः (द्वितीयपुष्पम्) - संयुक्तसम्पादनम्
१६. कामकलाविलास - प्रा. विद्यानाथ उपाध्याय
१७. जैन दर्शन-तत्त्वार्थ सूत्रम् - डा. चन्द्रमणि नेपाल

जयतु संस्कृतम्
केन्द्रीयकार्यालयः, काष्ठमण्डपः, नेपालः
दूरभाषः ०१-४२३०३७१

9789937858854

Jayatu Sanskritam, Kathmandu, Nepal